# धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी

कोशी प्रदेश, नेपाल

# आवधिक विकास योजना तर्जुमा

(आ.व २०८१/२०८२-२०८५/२०८६)

अन्तिम प्रतिवेदन- मंसिर २०८१

<u>पेश गर्ने</u>

इकोकोड मुनलाइट क्वेष्ट -जेभि

(ECoCoDE-Moonlight-Quest JV)

काठमाण्डौ।

## हार्दिक कृतज्ञता

बि सं २०७२ को संविधान अनुसार देश संघियतामा मार्फत तीन तहको संघीय संरचनामा गएको सन्दर्भमा स्थानीय स्तरको स्रोत साधनको पहिचान गर्दै जनचाहना अनुसारका योजना छनोट गर्ने, कार्यान्वयन गर्ने, अनुगमन तथा सुपरीवेक्षण गर्ने जिम्मेवारी स्थानीय सरकारको हुन आएको छ। संघीय तथा प्रादेशिक संरचनाहरूबाट विभिन्न नीति निर्देशिका र कार्यविधीहरू समेत तयार पारी स्थानीय सरकारलाई सशक्त बनाउनमा सहयोग भै रहेका छन् । यसै व्यवस्था अनुरूप धरान उपमहानगरपालिकाले आवधिक योजना तर्जुमाको कामलाई अगाडि बढाएको धरानको आवधिक विकास योजना तर्जुमा कार्यमा योगदान गर्ने अवसर दिनु भएकोमा परामर्षदाता संस्था इकोकोड मुनलाइट क्वेष्ट -जेभि (ECoCoDE-Moonlight-Quest JV), काठमाण्डौ धरान उपमहानगरपालिका, नगर प्रमुख हर्कराज राई, नगर उप-प्रमुख अईन्द्र विक्रम बेघा, प्रमुख प्रसाशकीय अधिकृत अम्बिका प्रसाद चौलागाईं, योजना तथा इन्जिनियरिङ्ग महाशाखा प्रमुख बरिष्ठ इन्जिनियर सुरज श्रेष्ठ लगायत सबै प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौ।

योजना तर्जुमालाई समावेशी र सहभागिता मुलक बनाउन समुदाय स्तरमा नै पुगेर तथ्य/तथ्याङ्क संकलनको काम गरिएको छ। आवधिक योजना तर्जुमा प्रक्रिया आफैमा व्यापक गतिविधि हो। यसलाई नतिजामुखि बनाउन नगर कार्यपालिका, विषयगत समिति, महाशाखा प्रमुखका सल्लाह र सुझावलाई गम्भिरतापूर्वक लिई समावेश गरिएको छ। योजना तर्जुमाको प्रक्रियामा स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८को पुर्ण परिपालना गरिएको छ।

यस प्रतिवेदनले धरान उपमहानगरपालिको दिगो समन्यायिक समावेशी विकासमा दिशा निर्देश गर्ने अपेक्षा राख्दछौ।

धन्यवाद !

अध्ययन टोली
इकोकोड मुनलाइट क्वेष्ट -जेभि

# विषय सूची


परिच्छेद-१ : परिचय ........ ११
१.१ पृष्ठभूमि ........ ११
१.२ योजना निर्माणका उद्देश्य ........ १२
१.३ योजनाका क्षेत्र ........ १२
१.४. आवधिक योजना तर्जुमाका आधारहरु ........ १३
१.५ योजना तर्जुमा प्रक्रिया ........ १५
१.७ आवधिक योजना तर्जुमाका सीमाहरु ........ १९
१.८ आवधिक योजनाको कार्य प्रवाह ........ १९
परिच्छेद-२ : धरान उपमहानगरपालिकाको वस्तुस्थिति ........ २१
२.१. गठन तथा ऐतिहासिक पृष्ठभूमि ........ २१
२.२ भौगोलिक अवस्थिती र बनावट ........ २१
२.२.१ भू-आकृति तथा माटोको बनोट ........ २२
२.३ राजनीतिक तथा प्रशासनिक अवस्थिति ........ २३
२.४ जनसङ्ख्या वितरणको अवस्था ........ २४
२.४.१. जनसङ्ख्याको वार्षिक वृद्धिदर ........ २५
२.४.२ उमेर तथा लिङ्गका आधारमा जनसङ्ख्याको विवरण ........ २५
२.४.३ भाषा तथा जनसङ्ख्या ........ २६
२.४.४ धार्मिक सम्प्रदाय तथा जनसङ्ख्या ........ २६
२.४.५ जातीयताका आधारमा जनसङ्ख्याको विवरण ........ २६
२.४.६ घरमूलीको विवरण ........ २७
२.४.७ पेसाका आधारमा जनसङ्ख्या विवरण (उमेर १८ वर्षभन्दा माथि) ........ २८
२.४.८ विकासका लागि सम्भावित जनसङ्ख्या ........ २९
२.४.९ अपाङ्गता भएकाको अवस्था ........ २९
२.४.१० बसाइँसराइसम्बन्धी विवरण ........ ३०
२.४.११ संस्थागत भवनको विवरण ........ ३०
२.५ धरान उपमहानगरपालिकाको विकास समीक्षा ........ ३०
२.५.१ गार्हस्थ्य उत्पादन ........ ३०
२.५.२ मानव विकास सूचकाङ्क ........ ३१
२.५.३ अपाङ्गता परिचयपत्रको अवस्था ........ ३१

२.५.४ व्यक्तिगत घटनासम्बन्धी विवरण ........ ३१
२.५.५ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण ........ ३१
स्रोत: स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहानगरपालिकाको प्रतिवेदन २०८० ........ ३२
२.५.७ प्राविधिक सिपयुक्त तथा विशेष दक्षतासहितको मानव संसाधन ........ ३२
२.५.८ विपन्नता स्तरीकरण विवरण ........ ३२
२.५.९ आवास संरचना विवरण ........ ३३
२.५.१० गरीबीको अवस्था ........ ३३
२.५.११ औद्योगिक कच्चा पदार्थ (काठ, खोटा, जडीबुटी) उत्पादनको अवस्था ........ ३३
२.५.१२ वर्तमान भू-उपयोग ........ ३३
२.५.१३ भू-स्वामित्व ........ ३४
२.५.१४ कृषि उत्पादन ........ ३४
२.५.१५ पशुपन्छीजन्य उत्पादनसम्बन्धी विवरण ........ ३४
२.५.१६ पशुपन्छी पालनसम्बन्धी विवरण ........ ३४
२.५.१७ सङ्कलन तथा चिस्यान केन्द्र ........ ३५
२.५.१८ कृषि तथा हाटबजारसम्बन्धी विवरण ........ ३५
२.५.१९ पर्यटकीय सेवा तथा सुविधासम्बन्धी विवरण ........ ३५
२.५.२० होमस्टे सम्बन्धी विवरण ........ ३५
२.५.२१ औद्योगिक विकास (लघु, घरेलु, साना, मझौला, ठूला उद्योग, सरकारी, पब्लिक, निजी र सहकारी) ........ ३६
२.५.२२ व्यापार र व्यवसाय ........ ३६
२.५.२३ स्थानीय बजार तथा व्यापारिक केन्द्र ........ ३७
२.५.२४ बैङ्क तथा वित्तीय संस्था ........ ३७
२.५.२५ सहकारीसम्बन्धी विवरण ........ ३७
२.६ सामाजिक अवस्था ........ ३७
२.६.१ लिङ्गअनुसार बाल विवाह (अठार वर्षमुनिका) ........ ३७
२.७ शान्ति/सुरक्षाको अवस्थ ........ ३८
२.८ वन क्षेत्र ........ ३८
२.८.१ वनजन्य उत्पादन ........ ३९
२.८.२ प्रमुख जलाधार र उपजलाधारको अवस्था ........ ३९
२.९ नदी तथा खोला ........ ३९
२.१० विपद् व्यवस्थापन पूर्वतयारी ........ ४०

२.११ आपत्कालीन यातायात साधन ........ ४१
२.१२.१ सडक पूर्वाधार ........ ४१
परिच्छेद ३ : धरान उपमहानगरपालिकाको योजना ........ ४२
३.१ पृष्ठभूमि ........ ४२
३.२ उपमहानगरपालिकाको समग्र विकासका समस्या, सवल पक्ष, चुनौति र अवसर ........ ४२
३.३.१ धरान उपमहानगरपालिका विकासका मार्ग निर्देशक सिद्धान्तहरू ........ ५४
३.३ सोहौं राष्ट्रिय योजनासँगको आवद्धता ........ ५५
३.४ प्रथम प्रादेशिक आवधिक योजनासँग आवद्धता ........ ५५
३.५. धरान उपमहानगरपालिकाको विकासका अग्रणी क्षेत्र ........ ५६
३.६. विकासका साझेदार क्षेत्र र तिनको भूमिका ........ ५८
३.७. धरान उपमहानगरपालिकाको दूरदृष्टि ........ ५९
३.७.१ दीर्घकालीन सोचको विशेषता ........ ६०
३.८. धरान उपमहानगरपालिकाको लक्ष्य ........ ६०
३.९. धरान उपमहानगरपालिकाको उद्देश्य ........ ६०
३.१०. समष्टिगत रणनीति ........ ६१
३. ११ नगर विकासका सिद्धान्तहरु ........ ६२
३.१२. धरान उपमहानगरपालिकाको सन्दर्भमा दिगो विकास लक्ष्यहरूको स्थानीयकरण, परिणामात्मक लक्ष्य र सूचकहरू .. ६३
३.१३ धरान उपमहानगरपालिकाको विकास नीति ........ ७४
३.१४ समष्टिगत आर्थिक लक्ष्य र खाका ........ ७९
३.१४.१ आर्थिक वृद्धि दर ........ ७९
३.१४.२ लगानीको आवश्यकता र स्रोत ........ ७९
३.१४.३ सार्वजनिक स्रोत व्यवस्थापन ........ ७९
३.१४.४ अन्तरसरकारी वित्त ........ ७९
३.१४.५ स्रोत/साधनको बाँडफाँट तथा परिचालनका आधार ........ ७९
३.१४.६ धरान उपममहानगरपालिकाको वजेट विनियोजनका आधार ........ ७९
३.१४.७ प्रस्तावित लगानीबाट समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव ........ ८०
परिच्छेद ४: समष्टिगत आर्थिक नीति ........ ८१
४.१ सार्वजनिक वित्त ........ ८१
४.३ सार्वजनिक, निजी र सहकारी साझेदारी ........ ८४
परिच्छेद ५ : आर्थिक क्षेत्र ........ ८८

५.१ कृषि तथा पशुपालन ........................................................................८८
५.१.१. राष्ट्रिय सन्दर्भ........................................................................८८
५.१.२ कोशी प्रदेश सन्दर्भ ........................................................................८८
५.१.३. उपमहानगरपालिकाको सन्दर्भ........................................................................८९
.५.३.१ पक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..........................................८९
५.२. सिँचाइ तथा जलस्रोत ........................................................................ ९३
५.२.१ पृष्ठभूमि........................................................................ ९३
५.२.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना .......................................... ९३
५.३ पर्यटन, सँस्कृति तथा सम्पदा........................................................................९५
५.३.१ राष्ट्रिय सन्दर्भ ........................................................................९५
५.३.२ कोशी प्रदेश सन्दर्भ ........................................................................ ९६
५.३.३ नगरपालिका सन्दर्भ........................................................................ ९६
५.३.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....................................... ९७
५.४ उद्योग, वाणिज्य तथा आपूर्ति ........................................................................ १०२
५.४.१ पृष्ठभुमि........................................................................ १०२
५.४.२ प्रदेश सन्दर्भ ........................................................................१०३
५.४.३ उपमहानगर नगरपालिकाको सन्दर्भ........................................................................१०३
५.४.४.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................१०३
५.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........................................................................१०६
५.५.१ पृष्ठभूमि........................................................................१०६
५.५.२.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................१०६
परिच्छेद ६ : सामाजिक क्षेत्र ........................................................................१०८
६.१ जनसङ्ख्या तथा बसाइँ सराइ........................................................................१०८
६.१.१ धरान उपमहानगरपालिको सन्दर्भ ........................................................................१०८
६.१.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना .......................................... १०९
६.२ शिक्षा, विज्ञान तथा प्रविधि........................................................................११०
६.२.१ पृष्ठभूमि........................................................................११०
६.२.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..........................................११०
६.२.२.३ रणनीति........................................................................११०
६.२.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................................११८

६.३. स्वास्थ्य तथा पोषण ........ ११९
६.३.१ पृष्ठभूमि ........ ११९
६.३.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२०
६.४ संस्कृति तथा सम्पदा संरक्षण ........ १२४
६.४.१. पृष्ठभूमि ........ १२४
६.४.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२४
६.५ युवा तथा खेलकुद ........ १२७
६.५.१ पृष्ठभूमि ........ १२७
६.५.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२७
६.६ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक सुरक्षा ........ १३०
६.६.१ पृष्ठभूमि ........ १३०
६.६.२ उपमहानगरपालिकाको सन्दर्भ ........ १३०
६.६.२.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३०
परिच्छेद ७ : पूर्वाधार क्षेत्र ........ १३४
७.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १३४
७.१.१ पृष्ठभूमि ........ १३४
७.१.२ समस्या तथा चुनौती ........ १३४
७.१.३ संभावना तथा अवसर ........ १३४
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३४
७.२ सडक, पुल तथा यातायात ........ १३९
७.२.१ पृष्ठभूमि ........ १३९
७.२.२ समस्या तथा चुनौती ........ १३९
.२.३ संभावना तथा अवसर ........ १३९
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४०
७.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ........ १४६
७.३.१ पृष्ठभूमि ........ १४६
७.३.२ समस्या तथा चुनौती ........ १४६
७.३.३ संभावना तथा अवसर ........ १४६
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४६
७.४ सूचना, सञ्चार तथा प्रविधि ........ १५०

७.४.१ पृष्ठभूमि ........ १५०
७.४.२ समस्या तथा चुनौती........ १५०
७.४.३ संभावना तथा अवसर ........ १५०
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५०
७.५ खानेपानी तथा सरसफाई ........ १५२
७.५.१ पृष्ठभूमि........ १५२
७.५.२ समस्या तथा चुनौती........ १५२
७.५.३ संभावना तथा अवसर ........ १५२
७.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५३
७.६ सिंचाई ........ १५६
७.६.१ पृष्ठभुमि........ १५६
७.६.२ समस्या तथा चुनौती........ १५६
७.६.३ सम्भावना तथा अवसर ........ १५६
७.६.४ सिंचाई योजना........ १५६
७.७ भू-उपयोग तथा भूमि व्यवस्थापन ........ १५९
७.७. १. पृष्ठभूमि: ........ १५९
७.७. २. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५९
७. ८ वन तथा वातावरण ........ १६१
७.८. १. पृष्ठभूमि: ........ १६१
७.८.. २. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ १६१
परिच्छेद ८ : वातावरण तथा पर्यावरणीय शुरक्षा ........ १६३
८.१ वन तथा जैविक विविधता ........ १६३
८.१.१ पृष्ठभूमि........ १६३
८.१.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६३
८.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन........ १६७
८.२.१ पृष्ठभूमि........ १६७
८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६७
८.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६७
८.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ १६८
८.३.१ पृष्ठभूमि........ १६८

८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६८
८.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ १७०
८.४.१ पृष्ठभूमि ........ १७०
८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १७०
परिच्छेद ९ : संस्थागत विकास तथा सुशासन ........ १७३
९.१ संस्थागत विकास तथा सुशासन ........ १७३
९.१.१ पृष्ठभूमि ........ १७३
९.१.२ समस्या तथा चुनौती ........ १७३
९.१.३ संभावना तथा अवसर ........ १७३
९.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १७४
परिच्छेद १० : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ........ १७८
१०.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ १७८
१०.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ १७९
१०.३ अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया ........ १७९
परिच्छेद ११ : स्रोत र साधनको लेखाजोखा ........ १८१
११.१ योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण ........ १८१
परिच्छेद १२: अनुसूची ........ १८३

# परिच्छेद-१ : परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालदेखि प्रारम्भ भएको हो । आरम्भमा केन्द्रीय सरकारको पूर्ण जिम्मेवारी रहने व्यवस्था भएको योजना प्रणाली समय समयमा भएका राजनीतिक परिवर्तन र राज्यले अबलम्बन गरेका ऐन नियमहरू मुताबिक फेरबदल हुँदै आएकोछ । खासगरी २०४६ सालको राजनीतिक परिवर्तन पश्चात सरकारले अपनाएको विकेन्द्रीकरण नीतिअनुसार केन्द्रीकृत योजना प्रणालीमा परिवर्तन भई स्थानीय योजना पद्धतिले संस्थागत हुने मौका पाएको हो । सरकारद्वारा जारी गरिएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले जिल्ला, नगर र गाँउको छुट्टाछुट्टै आवधिक योजना तर्जुमा गर्ने प्रावधान गरेको कुरा आफैंमा एक ऐतिहासिक कदमको रूपमा लिइन्छ । यस ऐनले व्यवस्था गरेबमोजिम तत्कालिन स्थानीय निकाय जस्तै जिल्ला विकास समिति, उपमहानगरपालिका तथा गाँउ विकास समितिहरू योजना तर्जुमा प्रक्रियामा जिम्मेवारीपूर्वक सक्रिय भई नेतृत्व विकास, स्रोतसाधनको परिचालन र विकासको गति अपेक्षित रूपमा अगाडि बढिरहको अवस्था थियो । तर देशमा भएको राजनीतिक अस्थिरताका कारण त्यसले निरन्तरता पाउन सकेन । पछिल्लो समयको राजनीतिक परिवर्तनपछि जारी गरिएको संविधान २०७२ अनुसार देशमा सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तहका सरकार रहेका छन् । नागरिकका विकास र समृद्धिका अपेक्षाहरू पूरा गर्न यी सरकारहरूले मूलतः सहभागितामा आधारित योजना पद्धति अपनाउन संविधान र सो अनुरूप बनाइका ऐन नियमहरूको परिधिमा रही आवश्यक कार्य गर्नुपर्ने हुन्छ । यसै क्रममा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र परिमार्जन (२०७५) को परिच्छेद ६ दफा २४ को उपदफा १ का अनुसार गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ भन्ने व्यवस्था भएबाट सबै स्थानीय तहले आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने हुन्छ ।

स्थानीय योजनाले नागरिकका विकासका तत्कालीन तथा दीर्घकालीन आवश्यकता पूर्ति गर्नुका साथै स्थानीय तहमै रोजगारी सिर्जना तथा सेवा प्रवाह भई राज्यले लिएको सुखी नेपाली समृद्ध नेपालको लक्ष्य पूरा गर्न टेवा पुऱ्याउने अपेक्षा गरिन्छ । खासमा स्थानीय योजनाले स्थानीय क्षेत्रकै मानवीय तथा भौतिक स्रोत र साधनको परिचालन गरी जनचाहना र नेतृत्वका राजनीतिक प्रतिबद्धता अनुरूप स्थानीय तथा क्षेत्रीय विकासका लक्ष्यहरू पूरा गर्ने उद्देश्य राख्दछ । चाहे योजना वार्षिक होस् या आवधिक या रणनीतिक होस्, जनसहभागिता यसको पूर्व शर्त हो । यिनको तर्जुमा स्थानीय निकायले ओगट्ने क्षेत्रका विभिन्न टोल वस्तिका बासिन्दाहरूले आपसी छलफल र परामर्शका आधारमा गर्दछन् । प्रक्रियागत रूपमा समय लाग्ने भएतापनि जनताका दैनिक तथा दीर्घकालीन आवश्यकता दिगो रूपमा पूरा गर्दै सङ्घीय सरकारले अख्तियार गर्ने विकास रणनीति र लक्ष्यसँग समेत सम्बन्ध राख्ने हुनाले स्थानीय योजनाको महत्त्व धेरै छ ।

अहिले नगरपालिका तथा गाँउपालिकजस्ता स्थानीय तहले आफै आवधिक योजना निर्माण गर्नुपर्ने हुन्छ । यस्ता योजनामा विकासका समस्या र तिनको समाधानका उपायको पनि सुक्ष्म विश्लेषणसमेत गरिन्छ । योजनाको अभावमा प्रत्येक कार्यको गलत सुरुवात हुन्छ भन्ने भनाइ छ । तसर्थ स्थानीय तहहरूको अगुवाइमा नगर र गाँउको आवधिक योजना तर्जुमा गर्ने कार्य कानुनत बाध्यात्मक र व्यवहारतः जनताका आकाङ्क्षा एवम् गाँउ, ठाँउ र बस्तीको सम्भावना तथा आवश्यकताका आधारमा विकासका विषयको पहिचान, क्रियाकलाप निर्धारण एवम्

स्रोतसाधनको विनियोजन गर्न उत्प्रेरणा जगाउने, उत्साह बढाउने, विश्वास दिलाउने र विकास-न्याय स्थापित गर्ने महत्त्वपूर्ण उपाय हो । विकास प्रदायक निकाय, सेवाग्राही, सहयोगी र पर्यवेक्षकसहित सबैसरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन्, मूल्याङ्कन, विश्लेषण, परामर्श र सहमतिका साथै सरोकारवाला सबैको पूर्ण स्वामित्वमा आवधिक योजनाको दस्तावेज तयार पारी उपमहानगरपालिका र गाँउपालिका विकास योजना तर्जुमा गरी स्थानीय क्षेत्रमा कार्यान्वयन गर्ने ब्यवस्था गरेको छ।

यहाँ उपमहानगरपालिकाको अगुवाइमा तर्जुमा हुने आवधिक विकास योजना उपमहानगरपालिकाको सोंचलाई समृद्धिमा रूपान्तरण गर्ने स्पष्ट दीर्घकालीन सोचसहितको योजना दस्तावेज हो । यसमा समस्या र समाधानका उपायको पनि सुक्षम विश्लेषण गरिएको छ। स्थानीय निकायहरूको अगुवाइमा उपमहानगरपालिकाको आवधिक योजना तर्जुमा कार्य कानुनतः बाध्यात्मक र व्यवहारतः जनताका आकाङ्क्षा एवम् गाँउ, ठाँउ र बस्तीको सम्भावना तथा आवश्यकताका आधारमा विकासका विषयको पहिचान, क्रियाकलाप निर्धारण एवम् स्रोतसाधनको विनियोजन गर्न उत्प्रेरणा जगाउने, उत्साह बढाउने, विश्वास दिलाउने र विकास-न्याय स्थापित गर्ने महत्वपूर्ण उपाय हो । विकास प्रदायक निकाय, सेवाग्राही, सहयोगी र पर्यवेक्षकसहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन्, मूल्याङ्कन, विश्लेषण, परामर्श र सहमतिमा नगर आवधिक विकास योजना तर्जुमा गरी सरोकारवाला सबैको स्वामित्वयुक्त दस्तावेज तयार गरी स्थानीय तह, उपमहानगरपालिका क्षेत्रमा सञ्चालन हुने सबै प्रकारका विकास कार्यक्रमहरू सोही योजना दस्तावेजबाट निर्देशित गर्न धरान उपमहानगरपालिकाले "धरान उपमहानगरपालिकाको आवधिक विकास योजना, २०८१" तर्जुमा गरेको छ।

## १.२ योजना निर्माणका उद्देश्य

धरान उपमहानगरपालिको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु यस आवधिक योजनाको प्रमुख उद्देश्य रहेकोछ। यस आवधिक योजनाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु।
२. स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु।
३. विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु।
४. सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु।
५. नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्ध्दन गर्नु।

## १.३ योजनाका क्षेत्र

यस आवधिक योजनाले धरान उपमहानगरपालिकाको समग्र विकासका पक्षहरूलाई निर्देशित गरेको छ। यस योजनाले तल उल्लिखित क्षेत्रका योजनाहरू समेटेको छ।

### १. पूर्वाधार क्षेत्र

यस विषयअन्तर्गत सडक, यातायात पूर्वाधार, , यातायात व्यवस्थापन, ऊर्जा, जलविद्युत्, प्रादेशिक तथा स्थानीय पूर्वाधार, विज्ञान तथा प्रविधि, शहरी विकास, ग्रामीण विकास, आवास तथा बस्ती विकास, पुनर्निर्माण जस्ता विषयगत क्षेत्रका योजना समेटिएका छन्।

**२. आर्थिक विकास क्षेत्रका योजना**

यस विषय अन्तर्गत कृषि र खाद्य सुरक्षा, सिंचाई, पशुविकास, पर्यटन, उद्योग, सहकारी तथा वित्तीय सेवा जस्ता क्षेत्र समेटिएका छन्।

**३. सामाजिक विकास क्षेत्रका योजना**

यस विषयअन्तर्गत जनसङ्ख्या व्यवस्थापन(शिक्षा, स्वास्थ्य, समाजिक समावेशीकरण, संरक्षण, खानेपानी सरसफाइ, यूवा तथा खेलकुद, कला, भाषा र सँस्कृति जस्ता योजना समेटिएका छन्।

४. सुशासन तथा संस्थागत विकास

यसअन्तर्गत नीति, कानून, कार्यविधि, मापदण्ड, तथा सुशासन, संस्थागत विकास, स्रोत परिचालन, योजना व्यवस्थापन जस्ता विषयका योजना समेटिएका छन्।

**५. वातावरण तथा विपद्व्यवस्थापन**

यस विषयअन्तर्गत वन, भूसंरक्षण, जलवायुपरिवर्तन अनुकूलन, वातावरण, फोहोरमैला तथा विपद्जोखिम न्यूनीकरण र व्यवस्थापन जस्ता विषयका योजना समेटिएका छन्।

**६. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन**

यस विषय अन्तर्गत तथ्याङ्क प्रणाली, योजना तर्जुमा, आयोजना, बैङ्क, संस्थागत तथा कार्यान्वयन व्यवस्था, तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय, जोखिम व्यवस्थापन तथा अनुगमन तथा मूल्याङ्कन विषयसँग सम्बन्धित योजनाहरू प्रस्तुत गरिएका छन्।

### १.४. आवधिक योजना  तर्जुमाका आधारहरु

**क. नेपालको संविधान, २०७२**

नेपालको संबिधान २०७२ले व्यवस्था गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, संघिय नीति तथा कानुनको आधिनमा रही स्थानीय तहको विकासको खाका तयार गनुपर्ने व्यवस्था गरेको छ। संविधानको अनुसुची ८ र ९ मा क्रमशः स्थानीय तहको एकल र साझा (संघ, प्रदेश र स्थानीय तह) अधिकारको व्यवस्था गरिएको छ। यसै अधिकारको अधिनमा रही स्थानीय तहले आवधिक योजना, वार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गनुपर्ने व्यवस्था छ। यस्ता योजना तर्जुमा तथा कार्यान्वयन गर्दा तिनै तहको सरकार बीच सह-अस्तित्व, सहकार्य तथा समन्वय गर्नु पर्ने व्यवस्था रहेको छ।

**ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

संविधान बमोजिम स्थानीय तहको अधिकार तथा दायित्व पुरा गर्नका लागि स्थानीय सरकार सञ्चालनका ऐन २०७४ जारी भएको हो। यो ऐनले स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश तथा स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वलाई प्रवर्धन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा उल्लेख गरेको छ। यस ऐनले स्थानीय सरकारलाई (नगरपालिका तथा गाँउपालिका) स्थानीय सेवाको व्यवस्थापन तथा सञ्चालनका लागि नीति तथा मापदण्ड बनाउने, योजना कार्यान्वयन र नियमन गर्ने, संगठनको विकास, जनशक्ति व्यवस्थापन तथा बृत्ति विकास गर्ने, स्थानीय सेवाको व्यवस्थापनका लागि सूचना तथा संचार प्रविधिको प्रयोग गर्न सक्ने लगायतका अधिकार प्रदान गरेको छ। ऐनले स्थानीय तहले आफ्नो अलिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन था दिर्घकालिन विकास योजना बनाई लागु गनुपर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन तथा सोको अनुगमन तथा नियमन गर्ने मुख्य जिम्मेवारी स्थानीय तहलाई दिएको छ । यस ऐनले माध्यमिक तहसम्मको शिक्षा, आधारभतु स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधाको संरक्षण, स्थानीय सडक, सिचाई, बैकल्पिक उर्जा, विपद् व्यवस्थापन भाषा तथा संस्कृतिको संरक्षण र विकास गर्ने कार्य स्थानीय सरकारको दायित्व भित्र राखेको छ । यसका साथै भूमिको व्यवस्थापनका लागी भूउपयोग नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार स्थानीय सरकारलाई रहेको छ । ऐनले लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रभावहकारी सेवा विविध विषयमा अन्य नगरपालिका वा नगरपालिकासाँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा काम गर्ने सक्ने व्यवस्था गरेको छ ।

**ग. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना) २०७८**

स्थानीय तहको योजना तर्जुमालाई दिशानिर्देश गर्न, तिनै तहका आवधिक योजनाबीच अन्तरसम्बन्ध स्पष्ट गर्न, आवधिक योजना तर्जुमा प्रक्रियामा एकरुपता ल्याउन, योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सहयोग पुर्याउन स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ जारी भएको छ । स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्रको विषयलाई समेटी स्थानीय तहको आर्थिक तथा समाजिक विकास गर्नका लागि योजना तर्जुमा गर्नुपर्ने जिम्मेवारी छ । योजना तर्जुमा गर्दा सम्बन्धीत प्रदेश तथा संघिय योजना बिचको अन्तरसम्बन्ध बारे पनि प्रष्ट पारेको छ । त्यसैगरी स्थानीय तहले आवधिक योजना संगै मध्यकालिन खर्च संरचना तथा वार्षिक कायुक्रम  तर्जुमा गर्न पर्ने तथा यिनीहरुको अन्तरसम्बन्धका बारेमा पनि प्रष्ट पारेको छ ।

स्थानीय तहले योजना तर्जुमा गर्दा स्थानीय तहको वर्तमान आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय र सुशासनको स्थिती विश्लेषण गरी गर्नपर्ने तथा प्राप्त हुने सम्भाव्य स्रोतहरुको आधारमा योजना निर्माण र प्राथमिकिकरण गर्नका लागि प्रत्येक क्षेत्रको चुनौति तथा समस्याका कारण र अवसरहरुको पहिचान गरी लक्ष्य तथा उद्देश्य निर्धारण गर्नुपर्ने र सोही आधारमा नीति तथा कार्यक्रम तय गर्नुपर्ने व्यवस्था छ । योजना तर्जुमा गर्दा वित्तिय स्रोत साधनको विश्लेषण गरी सोही अनुरुप स्रोतको व्यवस्थापन गर्नुपनेछ । साथै योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना कार्यान्वयन विधि तथा प्रक्रिया कार्यान्वयनमा गर्नुपर्ने सुधार बारे पनि स्पष्ट हुनुपर्ने कुरा यस निर्देशिका उल्लेख गरिएको छ । विभिन्न चरणमा तथ्याङ्क संलकन विश्लेषण, योजना तर्जुमा कार्यशालामा भएका छलफल र सहजीकरणका आधारमा विषयगत योजनालाई एकिकृत गरी आवधिक योजना तर्जुमा गर्नु पर्ने र योजना तर्जुमा प्रक्रिया सहभागितामुलक हुनुपर्ने दिग्दर्शन २०७८ मा उल्लेख गरिएको छ ।

**घ. अन्तर-सरकारी वित्त व्यस्थापन ऐन २०७४**

अन्तर-सरकारी वित्त व्यस्थापन ऐन २०७४ दफा १६ मा सघं, प्रदेश र स्थानीय तिनै तहका सरकारी प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्र भित्रका विषयमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गनुपर्ने र खर्चुको विवरण तयार गर्दा चालु खर्च , पुँजीगत खर्च र वित्त व्यवस्थाकालागि आवश्यक पर्ने रकम समते छुट्टाउनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा १७ मा सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तिन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचना तयार गर्नु पर्ने र दफा १८ मा प्रदेश र स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**ङ. १६ औ पञ्चवर्षिय योजना (२०८०/०८१-२०८५/०८६)**

आर्थिक वर्ष २०८१/०८२ को सुरुवातसंगै १६औ पञ्चवर्षिय योजना कार्यान्वयनमा आएको छ। यस योजनाले सघ, प्रदेश र स्थानीयतिनै तहको सन्तुलित विकासमा विशेष जोड दिएको छ। यसले भौतिक तथा सामाजिक क्षेत्रका विभिन्न विषय क्षेत्रगत विकासलाई प्राथमिकतामा राखेको छ। यस योजनले विकासको बहुआयामिक क्षेत्रको रुपमा रहेको सडक क्षेत्रको विकासलाई दिगो र वाताावरण मैत्री बनाउनेमा जोड दिएको छ। स्थानीय आवश्यताका अनुरुप ग्रामिण विकासका लागि गुरुयोजनामा आधाररित पूर्वाधारको विकास, स्थानीय स्रोत साधन र प्रविधिमा आधाररित विकास र सोको व्यवस्थापनलाई प्राथमिकता दिएको छ। योजनाले विपद्को जोखिमयुक्त स्थान तथा खेतीयोग्य जमिनमा वस्ति विस्तारलाई निरुत्साहित गरेको छ, भने विपद् व्यवस्थापनमा स्थानीय तहको क्षमता सुदृढ गर्ने कुरामा जोड दिएको छ।

यस आवधिक योजनाले कृषि क्षेत्रलाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाई कृषिमा आधारित उद्यमको विकास माफर्त रोजगारीको सृजना गर्न र कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न कृषि शिक्षा, यस क्षेत्रको अनुसन्धान तथा सिंचाईको विकास र विस्तार तथा कृषकहरुको व्यवसायिक क्षमता विकासलाई प्राथमिकता दिइएको छ। साथै स्थानीय स्रोत साधनमा आधारित उद्यमको विकासका लागि औद्योगिक ग्राम स्थापनलाई प्राथमिकता दिएको छ। योजनाले दिगो विकास, शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमका रुपमा स्विकार गरेको छ। शिक्षालाई व्यवसायिक बनाई युवा पुस्तामा उद्यमशिलताको विकास गर्न प्राविधिक शिक्षा र व्यवसायिक सीप विकासमा जोड दिएको छ। शिक्षा, स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहमा सन्तुलीत विकास गर्ने उद्देश्य लिएको छ। साथै बैकल्पिक उर्जाको उत्पादन र उपयोगमा बृद्धि गरी सबैमा स्वच्छ उर्जाको पहुँच बढाउने कुरामा समेत जोड दिएको छ।

**च. कोशी प्रदेशको प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१)**

प्रदेश भित्रका स्थानीय तहलाई पनि यस प्रदेशको समृध्दिको लागि मागर्दशर्न दिने तथा संघ, प्रदेश र स्थानीय तह बिच सहकार्य र समन्वय अभिवृध्दि गर्न ध्येयले कोशी प्रदेशले प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) निर्माण गरी कार्यान्वयन गरेको छ। यो आवधिक योजनामा यस आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य पूरा गर्न सहयोग पुग्ने गरी यसको आधारमा टेकेर यो आवधिक योजना निर्माण गरिएको छ।

## १.५ योजना तर्जुमा प्रक्रिया

सहभागितामूलक योजना पद्धति प्रक्रिया अवलम्बन गरी नगरसभाले आवधिक योजनाले विकासका नयाँ सम्भावना खोज्न सक्ने र विकास प्रक्रिया संस्थागत र सङ्गठितरूपमा अगाडि बढाउन सकिने सम्भावना बोध गरे पछि उपमहानगरपालिका प्रमुखको नेतृत्वमा रणनीति गुरुयोजना निर्माणको पहल सुरु भयो। यसै सन्दर्भमा सहभागितामूलक आधुनिक योजना तर्जुमा विधि प्रयोग गरी यो योजना तर्जुमा गरिएको छ।

यस योजना प्रक्रियामा नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका, स्थानीय आर्थिक कार्यप्रणाली, सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध तथा अनुसूची ८ र ९ ले गरेका व्यवस्थालाई ध्यान दिइएको छ। योजना तर्जुमाको प्रक्रियामा निम्नलिखित चरण अपनाइएको छ।

### क. अध्ययन टोली तयार तथा अभिमुखीकरण

धरान उपमहानगरपालिकाको आवधिक योजना तर्जुमाका लागि अध्ययन टोलीलाई अभिमुखीकरणको आयोजना गरियो। अभिमुखीकरणको मुख्य उदेश्य अध्ययन टोलिका सबै सदस्यहरुलाई योजनाको उदेश्य

तथा अध्ययन विधि तथा प्रक्रियाका बारेमा जानकारी दिनु र यो योजना तर्जुमा सम्बन्धी सबै सदस्यको साझा बुझाई र धारणा स्थापित गर्नु हो । बैठकमा सबै सदस्यको भूमिका तथा कार्य क्षेत्र पनि स्पष्ट पारियो । विशेषगरी प्राविधिक टोली र सामाजिक टोलीलाई स्थलगत कार्यका क्रममा अपनाउनुपने विधि र प्रविधिबारे अभिमुखीकरण गरियो ।

**ख. धरान उपमहानगरपालिकासँग सुरुवाती बैठक**

अध्ययन विधि तथा अध्ययन क्षेत्रबारे छलफल गर्न धरान उपमहानगरपालिकासँग सुरुवाती बैठकको आयोजना गरियो । बैठकमा नगर कार्यपालिका, उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकतृ तथा अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो । बैठकमा आवधिक योजनाको महत्व तथा आवश्यकताका बारेमा स्पष्ट पारिएको थियो । अध्ययन अवधिमा स्थलगत अध्ययन प्रक्रिया, योजना तर्जुमा प्रक्रियामा विभिन्न सामाजिक तथा आर्थिक समूहको प्रतिनिधित्व, क्षेत्रगत समस्या र सम्भावना, तथ्याङ्क सङ्कलन तथा सूचनाको गुणस्तर र विश्वसनीयता, उपमहानगरपालिकाको भूमिका र दायित्व लगायका विषयमा छलफल गरिएको थियो ।

**ग. सम्बन्धीत दस्तावेजहरुको अध्ययन**

आवधिक योजना तर्जुको काम सम्बन्धीत दस्तावेजहरुको अध्ययनबाट प्रारम्भ गरियो । योजना तर्जुमाका क्रममा आवधिक विकाससँग सम्बन्धीत नीति तथा निर्देशिकाहरु, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन दस्तावेजको अध्ययन तथा विश्लेषण गरिएको थियो । योजना तर्जुमाका क्रममा विगतका राष्ट्रिय आवधिक योजनाहरु, १६औ राष्ट्रिय आवधिक योजना, कोशी प्रदेशको पहिलो आवधिक योजनाहरुको अध्ययन गरियो । त्यसैगरी उपमहानगरपालिकाको पहिलेका पाश्ववचित्र, उपमहानगरपालिकासंग सम्बन्धीत विभिन्न अध्ययन प्रतिवेदनहरु, सान्दर्भिक प्रकाशित तथा अप्रकाशित तथ्याङ्क तथा सामाग्रीहरुको संकलन, अध्ययन तथा विश्लेषण गरियो ।

विभिन्न मौजुदा कानुनहरु जस्तै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिगदर्शन २०७८, भूउपयोग नीति २०७२, राष्ट्रिय पर्यटन नीति २०६५, वातावरण संरक्षण ऐन २०५३, वस्ति तथा बजार विकास, कृषि तथा पशुपालन क्षेत्रको विकास लगायतका सम्बन्धमा नेपाल सरकारका नीति तथा कार्यक्रमहरुमा भएका व्यवस्थाहरुको अध्ययन तथा विश्लेषण गरियो ।

**घ. रेकी सर्वेक्षण**

अध्ययन स्थलको भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारको विद्यमान अवस्थाको जानकारी प्राप्त गर्नु साथै भौगोलिक अवस्थित तथा वातावरणीय अवस्थाको बारेमा प्रारम्भिक अध्ययन गर्न अध्ययन टोलिद्वारा रेकी सर्वेक्षण गरियो । सर्वेक्षणको मुख्य उद्देश्य अध्ययन क्षेत्रकोबारेमा प्रारम्भिक आंकलन तथा नक्शांकन गर्ने र अध्ययनका अन्य चरणका लागि योजना बनाउनु रहेको थियो । सर्वेणक्षका क्रममा उपमहानगरपालिकाको महत्वपूर्ण संरचना तथा स्थानहरुको फोटोहरु पनि संकलन गरिएको थियो ।

**ङ. प्रश्नावली तथा नक्शा तयारी**

आवधिक योजना तर्जुमाका लागि आवश्यक विभिन्न बिषय क्षेत्रसंग सम्बन्धीत तथ्याङ्क तथा सूचना संकलन गर्न प्रश्नावली तयार गरियो । तथ्याङ्क संकलन कार्यलाई अझ प्रभावकारी बनाउन तथा महत्वपूर्ण

संरचना तथा स्थानको नक्शांकन गर्न साथै स्थलगत अध्ययनका लागि योजना तयार गर्ने उद्देश्यले वडागत नक्शा तयार गरियो ।

**च. नगर स्तरीय एक दिने अभिमुखीकरण बैठक**

आवधिक योजनाको बारेमा अभिमुखीकण गर्न, अध्ययन विधिका बारेमा छलफल गर्न, स्थलगत अध्ययन तालिका निर्धारण गर्न तथा उपमहानगरपालिकाका विविध विषयमा छलफल गर्न एक दिने उपमहानगरपालिका स्तरीय अभिमुखीकरण बैठकको आयोजना गरियो । बैठकमा नगरका सबै वडाका वडा अध्यक्ष तथा वडा सचिबहरु, कार्यपालिकाका सदस्य, धरान उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत, शाखा प्रमुख, प्राविधिक, तथा उपमहानगरपालिकाका अन्म कर्मचारी तथा परामर्शदाता संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**छ. तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण**

अध्ययन क्षेत्रको विद्यमान अवस्था पहिचान गर्न प्राथमिक तथा द्वितिय तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरिएको छ । मुख्यतया जनसंख्या, आवास, शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक अवस्था, भौतिक र सामाजिक पूर्वाधारको तथ्याङ्क सङ्कलन गरियो । त्यसैगरी यस क्षेत्रमा कार्यरत विभिन्न बिषयगत निकाय तथा विकास साझेदार संस्थाहरूबाट उपमहानगरपालिका भित्र प्रदान गरिने सेवा तथा कार्य प्रक्रियाको जानकारी सङ्कलन गरियो । समस्या साथै सम्भावनाहरूका बारेमा छलफल गरी तथ्यांक संकलन गरियो ।
उपमहानगरपालिकाको सम्भावना एवं आवश्यकता विश्लेषण, अन्य नगरपालिकाहरुसँगको सम्बन्ध बिश्लेषण गरी सोका आधारमा उपमहानगरपालिकाको आवधिक योजना तयार गरिएको छ । साथै विद्यमान भू-उपयोगको विश्लेषण गरी कृषि, बजार, वस्ति विकास, वन, नदी/खोला, खनिज तथा खानी, सांस्कृलिक महत्वका क्षेत्र लगायतका क्षेत्रहरुको पहिचान गरी नक्शाङकन समेत गरिएकोछ । तथ्याङ्क विश्लेषणमा भौगोलिक सूचना प्रणाली GIS तथा विभिन्न तथ्यांकीय Softwareको प्रयोग गरी भौगोलिक, आर्थिक, सामाजिक सांस्कृतिक, भौतिक तथा अन्य क्षेत्रको विश्लेषण गरिएको छ ।

**ज. स्थलगत अध्ययन**

स्थानीय स्तरसम्म (वस्ति स्तर) पुगेर उपमहानगरपालिकाको वस्तुस्थिती बुझ्न तथा तथ्याङ्क सङ्कलनका लागि स्थलगत अध्ययन गरिएको छ । यस क्रममा परामर्शदाता टोलीद्वारा आवस्यक सबै सामाजिक, आर्थिक, भौतिक, भौगोलिक, वातावरणीय तथ्याङ्क सङ्कलन गरियो । स्थानीय वनस्पति, प्राकृलिक स्रोत, कृषि तथा कृषि पकेट क्षेत्र, विद्यमान भू-उपयोग, संस्कृति र परम्परा, जातजाति, जनशक्ति, सेवा तथा सुविधा, स्थानीय बस्ती तथा स्थानीय जीवन शौली, बजार विकास लगायका विषयमा विस्तृत अध्ययन गरिएको छ ।

**झ. लगत तयारी**

स्थलगत अध्ययन तथा विभिन्न स्रोतबाट संकलन गरिएका तथ्याङ्कको विस्तृत लगत तयार गरिएको छ । जसमा उपमहानगरपालिकाको जनासांख्यिक, भौतिक, सामाजिक, आर्थिक, वातावरणीय, संस्थागत, धार्मिक तथा संस्कृतिक, पर्यटन लगायत विभिन्न विषयको विवरणको लगत राखी नक्शा समेत तयार गरिएको छ ।

**ञ. वडा स्तरीय बैठक तथा छलफल**

धरान उपमहानगरपालिकाको आवधिक योजना तर्जुमाका क्रममा उपमहानगरपालिका २०वटै वडामा छलफल/भेलाको आयोजना गरियो । बैठकमा सहभागीहरुलाई आवधिक योजनाको महत्व र उद्देश्यका

बारेमा अभिमुखीकरण गरियो । यस क्रममा वडाका भौतिक पूर्वाधारहरु जस्तै सडक, खानेपानी, सिंचाई, सामाजिक पुर्वाधारहरू जस्तै विद्यालय, स्वास्थ्य संस्थाहरुको अवलोकन तथा अध्ययन साथै उपलब्ध प्राकृतिक सोतहरुको पहिचान गरियो । साथै उपलब्ध सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, धार्मिक, संस्कृतिक तथा पर्यटकीय स्थल, कृषि क्षेत्र, बजार क्षेत्र, सार्वजनिक सेवा वितरण केन्द्र तथा वातावरण तथा प्रकोपका दृष्टिले जोखिम युक्त स्थलको Google Earthको माध्यमबाट GIS प्रविधिमा आधारित नक्शांकन गरियो । यस क्रममा स्थानीय स्तरका समस्या, सम्भावना, अवसरहरु तथा आवश्यकता सम्बन्धी घनिभूत छलफल गरियो । छलफलबाट प्राप्त कुराहरुलाई टिपोट गरियो ।

प्रतिनिधिमलुक वडा छलफल/भेलामा वडाका अध्यक्ष तथा सदस्यहरु, वडाका कर्मचारी लगात स्थानीय अगुवा व्यक्तिहरु, टोल विकास संस्था, स्थानीय व्यवसायी, कृषक, महिला/ आमा समुह, सहकारी, युवा क्लबका सामुदायक वन उपभोक्ता समिति, शिक्षक, स्वास्थ्य कर्मी, खानेपानी उपभोक्ता समिति, सिंचाई उपभोक्ता समिति, सडक निमार्ण उपभोक्ता समिति, जग्गा व्यवसायी लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

**ट. विषयगत सतितिसँग बैठक**

आवधिक योजना तर्जुमाका क्रममा विषयतग क्षेत्रसंग सम्बन्धीत विषयमा छलफल गर्न विषयगत समिति छलफल/बैठक गरियो । बैठकमा सो क्षेत्रको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती सम्बन्धी छलफल गरियो । साथै समितिमा विभिन्न विषयगत क्षेत्रसंग सम्बन्धीत द्वितीय स्रोतबाट संकलन गरिएका तथ्यांकको प्रमाणीकरण गरियो। संकलन गरिएका तथ्यांकहरु साथै संकलित तथ्यांकलाई सम्बन्धीत विषयगत समिति तथा शाखा प्रतिनिधिहरु बाट प्रमाणीकरण गरियो ।

**ठ. नगर स्तरीय कार्याशाला गोष्ठी**

आवधिक योजना तर्जुमाकाक्रममा धरान उपमहानगरपालिकाको दिर्घकालिन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति तय गर्न तथा बिषयगत योजना तर्जुमा गर्न नगर स्तरीय कार्यशाला गोष्ठीको आयोजना गरियो । यस क्रममा सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतिका आधारमा योजना तर्जुमा गरियो । साथै उपमहानगरपालिकाको दिर्घकालिन सोंच निर्धारण तथा अनुमोदन गरियो । कार्यशालामा नगरकार्यपालिका, विषयगत समिति, वडा प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, महाशाखा प्रमुखहरु, कर्मचारीहरु, विकास साझेदार संस्थाका प्रतिनिधि स्थानीय अगुवा, उद्यमी, विभिन्न समूहका प्रतिनिधि, कृषक तथा अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

**ड. मस्यौदा प्रतिवेदन पेश**

उपमहानगरपालिकाको समस्या, सम्भावना तथा अवसरका आधारमा धरान उपमहानगरपालिकाको आवधिक योजनाको मस्यौदा प्रतिवेदन-२०८१ तयार गरी नगर कार्यपालिकाको बैठकमा पेस गरिएको थियो ।

**ढ. अन्तिम मस्यौदा प्रतिवेदन**

मस्यौदा प्रतिवेदनमा कार्यपालिका, विषयगत समिती र सरोकारवालाबाट प्राप्त भएका सल्लाह तथा सुझाबलाई समेटी विज्ञ टोलीले उपमहानगरपालिकाको आवधिक विकास योजना-२०८१लाई अन्तिम रुप दिई यो अन्तिम प्रतिवेदन तयार गरिएको छ ।


## १.७ आवधिक योजना तर्जुमाका सीमाहरु

आवधिक योजना तयार गर्दा देहाय बमोजिम सिमाहरु रहेका छन।

१. स्थानीय तहले आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजना, आयोजना बैंङ्क, मध्यमकालीन खर्चसंरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। तर धरान उपमहानगरपालिकामा तर्जुमा भई नसकेको सन्दर्भमा योजनाको छनौटलाई सर्वपक्षिय ढंगबाट गर्न सकिएको छैन।
२. पुनर्गठित उपमहानगरपालिका पूर्वका स्थानीय तहको एकीकृत तथ्याङ्कको अभावमा लामो समयको प्रवृत्तिगत विश्लेषण गर्न नसकिएको।
३. वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा मात्र आवधिक योजनामा समावेश गरिएको छ।
४. स्रोत साधन र समयको सीमितताको कारणले वडाबासीहरुका सम्पूर्ण अपेक्षा र आकांक्षाहरु योजनामा समेट्न नसकेको।
५. यो आवधिक योजना धरान उपमहानगरपालिकाको प्रथम आवधिक योजना भएकोले कतिपय द्वितीय स्रोतबाट प्राप्त हुनुपर्ने तथ्याङ्कहरु पर्याप्त रुपमा उपलब्ध हुन नसकेको।
६. उपमहानगरपालिकाका विभिन्न कार्यक्रमहरु दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव हुन नसकेको।

## १.८ आवधिक योजनाको कार्य प्रवाह (Work Flow)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४(१) मा गाँउपालिका तथा नगरपालिकाले आवधिक योजना वनाई लागु गर्नुपर्ने छ भनी उल्लेख गरिएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित आवधिक जिल्ला विकास योजना तर्जुमा सम्बन्धी निर्देशिका, २०७२ ले स्थानीय तहको आवधिक योजना तर्जुमाका लागि ठूलो आधार र मार्ग निर्देशन प्रदान गरेको छ। यस नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने प्रयोजनका लागि यस निर्देशिकाबाट सहयोग प्राप्त भएको छ। यो आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा निम्न लिखित कार्य प्रवाहलाई बढीभन्दा बढी प्रयोगमा ल्याउने प्रयास गरिएको छ।



(१) पूर्व तयारी
- निर्णय/प्रतिवद्धता
- समन्वय समिति
- योजना टोली गठन
- कार्यशाला
(२) तथ्यांक संकलन तथा विश्लेषण
- सामाजिक तथा आर्थिक
- वातावरणीय
- संस्थागत
- भौतिक (स्रोत नक्सा)
- वित्तीय
कार्यशाला गोष्ठी (योजना टोली/ समन्वय समिति)
(४) दीर्घकालीन सोच निर्धारण
वडास्तरीय भेला (योजना टोली )
(५) अग्रणी क्षेत्रहरुको पहिचान
नगरस्तरीय भेला (समन्वय समिति)
(६) समस्या, सम्भावना, चुनौती तथा अवसर पहिचान तथा विश्लेषण
(३) नगर प्रोफाइल
योजना टोली
(७) तर्कबद्ध प्रणाली (Log Framework) मा आधारित प्रारम्भिक योजना तथा कार्यक्रमको पहिचान
- भौतिक पूर्वाधार विकास योजना
- वातावरणीय व्यवस्थापन योजना
- सामाजिक विकास योजना
- आर्थिक विकास योजना
- संस्थागत विकास योजना
- वित्त विकास योजना
बजेट तर्जुमा
- विकास बजेट निर्धारण
- विकास बजेट बाँडफाँट(नगर स्तरीय, वडास्तरीय तथा दैवीप्रकोप र अन्य आकस्मिक कार्यहरु)
(८) सहभागितात्मक योजना कार्यशाला
(९) संभाव्य योजना /कार्यक्रमहरुको छनौट तथा लागत अनुमान
(१०) आवधिक योजना तथा कार्यक्रमहरुको मस्यौदा तयारी
भौतिक विकास योजना
- शहरी विस्तार क्षेत्र
- भूउपयोग क्षेत्र
- जग्गा विकास योजना
(११) सहभागितात्मक अन्तिम कार्यशाला
( १२) आवधिक योजनाको दस्तावेज तयारी
(१३) आवधिक योजनाको स्वीकृति
(१४) आवधिक योजनाको कार्यान्वयन (वार्षिक योजना तर्जुमा)
(१५) मध्यावधि मूल्यांकन

# परिच्छेद-२ : धरान उपमहानगरपालिकाको वस्तुस्थिति

## २.१. गठन तथा ऐतिहासिक पृष्ठभूमि

धरान उममहानगरपालिकाको मुख्य शहर रहेको क्षेत्र सुरुमा घना जङ्गल रहेको र सो जङ्गल फँडानीका क्रममा काठ चिर्ने आरावालाहरुले तयार गर्ने गरेको धरान (धराप) बाट नै आजको धरान शहरको नामाकरण भएको भन्ने भनाई छ।

वि.स. १९५० तिर घना जङ्गल फँडानी गरेर सानो बस्तीबाट सुरुवात भएको धरान, वि.स. १९५९ मा तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरले चन्द्रनगर (हाल पुरानो बजार) र वि.स. १९९० तिर श्री ३ जुद्ध शमशेरले जुद्ध नगर (हालको नयाँबजार) बसालेको इतिहासमा पाइन्छ। वि.स. २०१० सालमा पूर्वाञ्चलको लागि ब्रिटिस गोर्खा भर्ती केन्द्र धरानमा स्थापना भए पछि मुख्य रुपमा धरानमा बसोबास तथा चहलपहल बढेको पाइन्छ। वि.स. २०१७ सालमा धरान नगरपालिका घोषित भएको धरान, वि.स. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा कोशी अञ्चलको सदरमुकाम समेत घोषित भएको थियो।

शुरुमा ११ वडाहरू मात्र रहेको धरानलाई वि.सं. २०३५ सालमा पूर्वतर्फ रहेको बाँझगरा गाँउ पञ्चायत र पश्चिम तर्फ रहेको घोपा गाँउ पञ्चायतको केही क्षेत्रलाई गाभेर क्षेत्र विस्तार गरी १९ वडामा विभाजन गरिएकोमा २०७१ वैशाख २५ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार पाँचकन्या गा.वि.स.लाई गाभी धरान उपमहानगरपालिकामा २३ वडा कायम गरीयो। २०७१ मंसिर १६ गते नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णय अनुसार विष्णुपादुका गा।वि।स।लाई धरान उपमहानगरपालिकामा गाभेर २७ वडा कायम गरी धरान उपमहापालिकाको पुनर्संरचना गरिएको हो। संघीय पुनर्संरचना आयोगको निर्णयानुसार वर्तमान धरान उपमहापालिका हाल २० वटा वडामा पुनर्संरचित भएको छ।

## २.२ भौगोलिक अवस्थिती र बनावट

सुनसरी जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित धरान उपमहानगरपालिका समुन्द्री सतहवाट ३०५ मीटरदेखि ७०० मिटरको उचाईमा अवस्थित छ। पहाड र तराईको संगम स्थल अर्थात् भाबर प्रदेश रहेको यस उपमहानगरपालिकाको जमिन भिरालो प्रकारको रहेको छ। उपमहानगरपालिकाको उत्तरी क्षेत्रमा चुरे पर्वत श्रृङखला र त्यस अन्तर्गतको भावर प्रदेश रहेको छ भने त्यसभन्दा दक्षिणी भागमा समथर तराइ क्षेत्र रहेको छ।

भौगोलिक हिसाबले ८७०१२’०४” देखी ८७०२१’२५” पूर्वी देशान्तर र २६०४२’३५” देखि २६०५२’४१” उत्तरी अक्षांश बीचमा रहेको धरान कोशी प्रदेशको एउटा प्रमुख पर्यटकीय, व्यापारिक र शहरी क्षेत्र हो। यस पालिकाको पुर्वमा मोरङ जिल्लाको केरावारी नगरपालिका, उत्तरमा धनकुटा जिल्लाको साँगुरीगढी गाँउपालिका, पश्चिममा सुनसरी जिल्लाकै वराहक्षेत्र नगरपालिका र दक्षिणमा रामधुनी नगरपालिका र इटहरी उपमहानगरपालिका रहेको छ।

धरान उपमहानगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृतिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृति भूबनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छः

१°-५° स्लोप :- (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रो गरी हुने कान्ला बनाई खेती गर्न सकिने) यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

५°-३०° डिग्री स्लोप :- (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)
५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी.सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृतिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृतिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुर्याउन सक्दछ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाई गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाई प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। अलिकति पनि बढी सिंचाई भएको खण्डमा भू-क्षयीकरणको प्रवृति तुरुन्त शुरु हुन सक्दछ।

### २.२.१ भू-आकृति तथा माटोको बनोट

पहाड र तराईको संगम स्थल अर्थात् भाबर प्रदेश रहेको यस उप-महानगरपालिकाको जमिन भिरालो प्रकारको छ। उपमहानगरपालिकाको उत्तरी क्षेत्रमा चुरे पर्वत श्रृङखला र त्यसअन्तर्गतको भावर प्रदेश रहेको छ भने त्यसभन्दा दक्षिणी भागमा समथर तराइ क्षेत्र रहेको छ। भू-आकृतिमा भएको यस फरक अनुसार यस तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ :

(क) उत्तरी चुरे क्षेत्र

भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ । यस क्षेत्रमा पाइने चट्टानहरूमा ढुङ्गा, बलौटे चट्टान, बालुवा, खस्रो बालुवा, सिल्ट र सेल लगायत Sand, Stone र Conglomerates को बाहुल्यता रहेको छ ।

(ख) मध्य भावर क्षेत्र

चुरे पर्वत श्रृङखलाको दक्षिणी फेदमा यो क्षेत्र रहेको छ । यस क्षेत्रमा ग्राभेल, वालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाईन्छ । यस क्षेत्रको माटो Sandy, Loam, Cobbles र Pebbles को आधिक्यता रहेको छ ।

(ग) दक्षिणी तराइ क्षेत्र

उप-महानगरपालिकाको दक्षिणी भूभागमा अवस्थित यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ ।

## २.३ राजनीतिक तथा प्रशासनिक अवस्थिति

२०७१ मंसिर १६ गते नेपाल सरकार मन्त्रीपरिषदको निर्णय अनुसार विष्णुपादुका गा.वि.स.लाईसमेत धरान उपमहानगरपालिकामा समायोजन गरी २७ वडा कायम गरेर धरान नगरपालिकालाई उपमहानगरपालिका घोषित गरिएको हो । सो पश्चात राज्य पुनर्संरचना आयोगको निर्णयानुसार केही वडाहरुलाई एक अर्कामा समायोजन गरी वर्तमान धरान उपमहानगरपालिका (२० वटा वडा सहितको) बनेको छ ।

तालिका-१: उपमहानगरपालिकाको प्रशासनिक विभाजन

| वडा नम्वर | समावेश गाविस / नगरपालिका | वडाको क्षेत्रफल | वडाको केन्द्र |
|---|---|---|---|
| १ | धरान(१,४) | ०.४९वर्ग कि.मी. | पृथ्वी लाइन |
| २ | धरान(२,६) | ०.१७ वर्ग कि.मी. | देशी लाइन |
| ३ | धरान(३) | ०.१३ वर्ग कि.मी. | चिनिया चोक |
| ४ | धरान (२०,२१) | २३.०५वर्ग कि.मी. | खैरेनीटार |
| ५ | धरान(२२) | १०.६४ वर्ग कि.मी. | ठिङ्गावारी |
| ६ | धरान (२३) | ५.६ वर्ग कि.मी. | लक्ष्मी मार्ग, पानबारी |
| ७ | धरान (७) | ०.१९ वर्ग कि.मी. | पानबारी बस स्टेसन |
| ८ | धरान(८) | १९.६२ वर्ग कि.मी. | कविर टोल |
| ९ | धरान (९) | ०.२१ वर्ग कि.मी. | देवकोटा पथ |
| १० | धरान (१०) | ०.२२ वर्ग कि.मी. | एलम्वर मार्ग |
| ११ | धरान (११) | १.३५ वर्ग कि.मी. | मंगलबार चोक |
| १२ | धरान (५,१२) | ०.२८ वर्ग कि.मी. | चतरा लाईन |
| १३ | धरान (१३) | ३.४ वर्ग कि.मी. | अमरहाट |

| | | | |
|---|---|---|---|
| १४ | धरान (१४) | २.४७ वर्ग कि.मी. | बुढासुब्बा पथ |
| १५ | धरान (१५) | २५.५४ वर्ग कि.मी. | पाथिभरा लाइन |
| १६ | धरान (१६) | १.४३ वर्ग कि.मी. | कार्की पथ |
| १७ | धरान (१७,२७) | १४.५९ वर्ग कि.मी. | रेल्वे चोक |
| १८ | धरान (१८) | ७.२१ वर्ग कि.मी. | देविथान मार्ग |
| १९ | धरान (१९) | २८.३ वर्ग कि.मी. | दिपेन्द्र चोक |
| २० | धरान (२४-२६) | ४८.७२ वर्ग कि.मी. | माछामारा |

## २.४ जनसङ्ख्या वितरणको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार धरान उपमहानगरपालिकाको १,६६,५३१ रहेको छ, जसमध्ये पुरूषको संख्या ७८,४१० (४७.१प्रतिशत) र महिलाको संख्या ८८,१२१ (५२.९ प्रतिशत) रहेको छ । जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरूषको संख्या ८८.९८ रहेको छ । वडातग रुपमा हेर्दा धरान उपमहानगरपालिकाको वडा नं. १५ मा सबैभन्दा बढी २७,४११ (१६.४५ प्रतिशत) रहेको छ । सबैभन्दा कम जनसंख्या वडा नं. २ मा २,२७५ (१.३६ प्रतिशत) रहेको छ ।

तालिका-२ : वडा अनुसार जनसङ्ख्याको विवरण

| वडा नम्वर | घरधुरी संख्या | जनसंख्या | | | औसत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| १ | १२४७ | २५४९ | २४१३ | ४९२६ | ३.९८ | ९४.६६ |
| २ | ५१४ | ११५१ | ११२४ | २२७५ | ४.४३ | ९७.६५ |
| ३ | ११०१ | २३५८ | २३०४ | ४६६२ | ४.२३ | ९७.९१ |
| ४ | ९९२ | १९६१ | १८२२ | ३७८३ | ३.८१ | ९२.९१ |
| ५ | ३४४१ | ७१७२ | ६३८० | १३५५२ | ३.९७ | ८७.७५ |
| ६ | २१४ | ४४७२ | ३९८३ | ८४५५ | ३.९५ | ८९.०७ |
| ७ | ७६८ | १४८७ | १४८० | २९६७ | ३.८६ | ९९.५३ |
| ८ | ३०९० | ६२९७ | ५८२९ | १२१२६ | ३९२ | ९२.५७ |
| ९ | ८७३ | १८३७ | १७२७ | ३५६४ | ४.०८ | ९४.०१ |
| १० | १२६९ | २४६८ | २१४४ | ४६१४ | ३.६३ | ८६.८७ |
| ११ | ४२८८ | ९२६४ | ७९०४ | १७१६८ | ४.०० | ८५.३२ |
| १२ | ७५६ | १५६१ | १४६८ | ३०२९ | ४.०१ | ९४.०४ |
| १३ | २३१३ | ४९७ | ४१६७ | ९१३८ | ३.९५ | ८३.८३ |
| १४ | १२४१ | २५१७ | २२८६ | ४८०३ | ३.८७ | ९०.८२ |
| १५ | ७०१५ | १४५९६ | १२८४५ | २७४११ | ३.९१ | ८८.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | ३८२८ | ७८३० | ६८३५ | १४६६५ | ३.८३ | ८७.२९ |
| १७ | ३९४२ | ८४०३ | ७५०९ | १५९१२ | ४.०४ | ८९.३६ |
| १८ | १३४२ | २५०७ | २०७२ | ४५७९ | ३.४१ | ८२.६५ |
| १९ | १३४७ | २८९८ | ४१५ | ५३१३ | ३.९४ | ८३.३३ |
| २० | ८८७ | १७२३ | १७०३ | ३४२६ | ३.८६ | ९८.८४ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

### २.४.१. जनसङ्ख्याको वार्षिक वृद्धिदर

राष्ट्रिय जनगणना २०७८ अनुसार धरान उपमहानगरपालिकाको जनगणना अवधिको वार्षिक औषत जनसंख्या वृद्धिदर (Average Annual population Growth Rate) १.८१ प्रतिशत रहेको छ। विगत वर्षहरुको तथ्याङ्कलाई हेर्दा यस उपमहानगरपालिकको पछिल्लो १० वर्षको जनसंख्याको बार्षिक वृध्दिदर घटेको देखिन्छ। पछिल्ला ३ जनगणनाले देखाएको यस पालिकाको वृध्दिदर यस प्रकार रहेको छ।

तालिका-३ : पछिल्ला ३ जनगणनाले देखाएको वृध्दिदरको विवरण

| क्र.सं. | विवरण | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|
| १ | जनसंख्या वृद्धिदर | २.९६ | ३.६१ | १.८२ |

### २.४.२ उमेर तथा लिङ्गका आधारमा जनसङ्ख्याको विवरण

लिङ्गको आधारमा धरान उपमानगर पालिकाको जनसंख्यालाई विश्लेषण ०-४ वर्ष, ०५-०९ वर्ष, १०-१४ वर्ष र ८०-८४ उमेर समुहमा महिलाको भन्दा पुरुषको जनसंख्या बढी रहेको छ।

तालिका-४: उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण

| क्र.सं. | उमेर समुह | जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | ०-४ वर्ष | ४८२९ | ५२६० | १००८९ |
| २ | ०५-०९ वर्ष | ६४७१ | ७१०२ | १३५७३ |
| ३ | १०-१४ वर्ष | ६६०० | ७०१३ | १३६१३ |
| ४ | १५-१९ वर्ष | ७९९५ | ७९७८ | १५९७३ |
| ५ | २०-२४ वर्ष | ८३६६ | ७२२७ | १५५९३ |
| ६ | २५-२९ वर्ष | ८६७९ | ६३९६ | १५०७५ |
| ७ | ३०-३४ वर्ष | ८३९४ | ६३४४ | १४७३८ |
| ८ | ३५-३९ वर्ष | ७६३५ | ५९२४ | १३५५९ |

| | | | | |
|---|---|---|---|---|
| ९ | ४०-४४ वर्ष | ६५२८ | ५५२२ | १२०५० |
| १० | ४५-४९ वर्ष | ४९४८ | ४४२९ | ९३७७ |
| ११ | ५०-५४ वर्ष | ४७१५ | ४२६४ | ८९७९ |
| १२ | ५५-५९ वर्ष | ३३५६ | ३०४३ | ६३९९ |
| १३ | ६०-६४ वर्ष | ३१०५ | २७८४ | ५८८९ |
| १४ | ६५-६९ वर्ष | २२९९ | १९२४ | ४२२३ |
| १५ | ७०-७४ वर्ष | १८३५ | १४०७ | ३२४२ |
| १६ | ७५-७९ वर्ष | १२३३ | ९१९ | २१५२ |
| १७ | ८०-८४ वर्ष | ६५० | ४९६ | ११४६ |
| १८ | ८५-८९ वर्ष | ३२७ | २६० | ५८७ |
| १९ | ९०-९५ वर्ष | १०५ | ८७ | १९२ |
| २० | ९४+ वर्ष | ५१ | ३१ | ८२ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

### २.४.३ भाषा तथा जनसङ्ख्या

यस उपमहानगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस उपमहानगरपालिकामा सबैभन्दा बढी राई जातिहरुको बसोबास रहेता पनि राष्ट्रिय भाषा नेपाली नै बोल्नेहरुको संख्या बढी रहेको पाइन्छ। यस पालिकामा लिम्बु, राई, नेवार, बान्तवा, चाम्लिङ, सम्पाङ, मैथिली, मगर, गुरुङ लगायतका भाषिक सामूदायिक रहेका छन।

### २.४.४ धार्मिक सम्प्रदाय तथा जनसङ्ख्या

धार्मिक दृष्टिकोणले हेर्दा यस उप-महानगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। यस पालिकामा हिन्दु, किराँत, बौद्ध, क्रिश्चियन, इस्लाम, प्रकृति, जैन, शिख र बहाई धर्मावलम्बीहरु रहेको पाईन्छ। माथिको तालिकामा धरान उपमहानगरपालिकाको धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधतायुक्त रहेको देखिन्छ।

### २.४.५ जातीयताका आधारमा जनसङ्ख्याको विवरण

जातजातिगत आधारमा हेर्दा धरान उपमहानगरपालिका भित्र ९० जात जाति (थर समेत) को बसोवास रहेको छ। सबैभन्दा उच्च राई ३४०५८ (२०.४५ प्रतिशत) र सबैभन्दा न्यून नुनिया, ताजपुरिया, लेप्चा १०/१० जना मात्र रहेको देखिन्छ। उपमाहानगरपालिकाको जातिगत जनसंख्यालाई बाहुल्यका आधारमा २०वटा जात-जातिको अवस्थालाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

तालिका-५: जात-जातिगत आधारमा जनसंख्याको विवरण

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | राई | १५४२८ | १८६३० | ३४०५८ |
| २ | याक्थुङ/लिम्वु | ९५२४ | ११६८५ | २१२०९ |

| | | | | |
|---|---|---|---|---|
| ३ | क्षेत्री | ८२२१ | ९१११ | १७३३२ |
| ४ | नेवा:नेवार | ७६६७ | ८६५३ | १६३२० |
| ५ | विश्वकर्मा | ५७९७ | ६४४२ | १२२३९ |
| ६ | तामाङ | ५६७७ | ६३२३ | १२००० |
| ७ | ब्राम्हण-पहाडे | ४५९२ | ४७८३ | ९३७५ |
| ८ | मगर | ३३१२ | ३७९१ | ७१०३ |
| ९ | परियार | १५७३ | १७९२ | ३३६५ |
| १० | गुरुङ | १४०८ | १७४१ | ३१४९ |
| ११ | वान्तवा | ११२२ | १३४५ | २४६७ |
| १२ | मिजार | ९४६ | १०९८ | २०४४ |
| १३ | भुजेल/घर्ति | ९७२ | १०३५ | २००७ |
| १४ | मुसलमान | १००५ | ८०२ | १८०७ |
| १५ | चाम्लिङ | ७६५ | ८०८ | १५७३ |
| १६ | कुलुङ | ७३७ | ८०८ | १५४५ |
| १७ | थारु | ७५६ | ७६२ | १५१८ |
| १८ | मारवाडी | ७३१ | ६७९ | १४१० |
| १९ | सेर्पा | ६३४ | ६९० | १३२४ |
| २० | विदेशी | ७९३ | ४७४ | १२६७ |
| जम्मा | | ७८४१० | ८८२१२ | १६६५३१ |

### २.४.६ घरमूलीको विवरण

लैगिंकताका आधारमा घरमुलीको स्थिति हेर्दा कूल ४२३९६ घरपरिवार मध्ये सबैभन्दा बढि पुरुष घरमुली हुने घरपरिवार संख्या २३६६९ र महिला घरमुली हुने परिवार १८७३२ मात्र रहेको छ । उमेर समुह र लिंगका आधारमा घरमुलीको विवरण देहाय बमोजिम रहेको छ ।

तालिका-६ : लैगिंकताका आधारमा घरमुलीको विवरण

| क्र.सं. | उमेर समुह | पुरुष | महिला |
|---|---|---|---|
| १ | ७० माथि | १८२० | ११२२ |
| २ | ६०-६९ | ३३१६ | १८२७ |
| ३ | ५०-५९ | ५०७८ | २८१८ |
| ४ | ४०-४९ | ५८८८ | ४१६४ |
| ५ | ३०-३९ | ५१३२ | ५६०२ |
| ६ | २०-२९ | २२१७ | २९७० |
| ७ | १५-१९ | २०४ | २१२ |
| ८ | १४ मुनि | १४ | १७ |

| | जम्मा | २३६६९ | १८७३२ |
|---|---|---|---|

## २.४.७ पेसाका आधारमा जनसङ्ख्या विवरण (उमेर १८ वर्षभन्दा माथि)

पेशाका आधारमा हेर्दा यस पालिकाका अत्यावसेक सेवा बाहेक सबैभन्दा बढी जनसंख्या सेवा तथा वितरणको क्षेत्रमा आवध्द देखिन्छ । यसै गरी दोस्रो ठुलो जनसख्या कृषि, वन तथा माछा पालनमा काममा आवध्दता रहेको छ । तेस्रो ठूलो जनसंख्या सिल्प कलासँग सम्बन्धित काममा आवध्द छ ।

तालिका-७ : पेशाका आधारमा जनसंख्याको विवरण

| क्र.सं. | पेसा | रोजगारीको अवस्था | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | कर्मचारी | रोजगारदाता | स्वरोजगार | परिवारलाई सहयोग गर्ने | नखुलेको | |
| १ | सशस्त्र बल | २१९ | ० | ० | ० | ० | २१९ |
| २ | व्यवस्थापक | १३८९ | १०१४ | ४७४७ | ० | ८ | ७१५८ |
| ३ | जागिर (प्रोफेन) | ३८१४ | २१२ | ४७४ | २४ | ३ | ४४३६ |
| ४ | प्राविधिक तथा सहायक | २३२३ | ७८ | ४५५ | २४ | १ | २८८१ |
| ५ | कार्यालय सहयोगी | १२६८ | ३५ | १६८ | ४० | ० | १५११ |
| ६ | सेवा तथा वितरक (मार्केटिङ) | ३६४५ | २९१ | ४३८० | ७०४ | ७ | ९०२७ |
| ७ | कृषि, वन तथा माछा पालनमा काम गर्ने | ३२६ | ४४ | ७६२७ | ८३५ | ० | ८८३२ |
| ८ | सिल्प कलासँग सम्बन्धित | ५६८२ | २१७ | २१०१ | ६० | ० | ८०६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कामदार | | | | | | |
| ९ | प्लान्ट मेसिन जडान गर्ने | २३०६ | ५३ | १४६१ | ७ | २ | ३८२९ |
| १० | अत्यावसेक सेवा | ११०५३ | ६६ | ५६३५ | ८३३१ | २ | २५०८७ |
| ११ | पेशा एकिन नभएको | ३४ | १ | १३ | १० | ० | ५८ |

### २.४.८ विकासका लागि सम्भावित जनसङ्ख्या

विकासका दृष्टिकोणले जनशक्ति सबै भन्दा महत्वपूर्ण स्रोत हो। यस जनगणनाबाट धरानमा आर्थिक रूपले सक्रिय जनसङ्ख्या १ लाख ११ हजार ७ सय ४३ रहेको छ। यो सङ्ख्या कुल जनसङ्ख्याको ६७.१५ हुन आउँछ। यसरी उपमहानगरपालिकाको दुईतिहाइ जनसङ्ख्या आर्थिक रूपले सक्रिय हुनु यस उपमहानगरपालिकाको जनसाङ्ख्यिक लाभको अवस्था हो। उत्पादक जनसङ्ख्याको स्रोतका रूपमा रहेको ० देखि १४ वर्ष उमेर समूहको जनसङ्ख्या २२.३८ प्रतिशत हुनुले पालिकाको उत्पादक जनशक्ति सन्तुलित रहने आधार प्रदान गरेको छ। १०.५२ प्रतिशत जनसङ्ख्या भएका ६० वर्षमाथिको जनसङ्ख्याले आफ्ना अनुभव नयाँ पुस्तालाई हस्तान्तरण गरेर विकासका लागि मानसिकरूपमा उत्प्रेरित गर्न सक्ने सम्भावना देखिन्छ।

तालिका-८ : विकासकालागि संभावित जनसंख्या विवरण

| क्र.सं. | उमेर समुह | जनसंख्या | जनसंख्या प्रतिशत |
|---|---|---|---|
| १ | ०-१४ वर्ष | ३७२७५ | २२.३८ |
| २ | १५-५९ वर्ष | १११७४३ | ६७.१ |
| ३ | ६० वर्षभन्दा माथी | १७५१३ | १०.५२ |
| | | १६६५३१ | १०० |

### २.४.९ अपाङ्गता भएकाको अवस्था

धरान उपमहानगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार विभिन्न प्रकारका आपाङगता भएका मानिसहरुको सख्या १२०१ रहेको छ।

तालिका ९- अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण

| क्र.सं. | अपाङ्गताको प्रकार | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शारिरीक अपाङगता | १२१ | २०५ | १५३ | ५० | ५२९ |
| २ | दृष्टि सम्बन्धी अपाङ्गता | ० | ४४ | ७ | २ | ५३ |
| ३ | सुनाई सम्बन्धी अपाङ्गता | ० | २८४ | ३५ | १ | ३२० |
| ४ | श्रवण दृष्टि सम्बन्धी अपाङ्गता | १२१ | १ | ० | ० | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्वर बोलाई सम्बन्धी सम्बन्धी अपाङ्गता | ० | २१ | ५ | १ | २७ |
| ६ | मनोसामाजिक अपाङ्गता | ११ | ५४ | १९ | २ | ८६ |
| ७ | अटिज्म अपाङ्गता | ७ | ३ | ० | ० | १० |
| ८ | बौध्दिक अपाङ्गता | १० | ४५ | १२ | ३ | ७० |
| ९ | बहु अपाङ्गता | ८८ | २३ | २ | १ | १०४ |
| | जम्मा | २३८ | ६८० | २३३ | ६० | १२०१ |

स्रोत: धरान उपमहानगरपालिका, महिला तथा बालबालिका शाखा-२०८०

### २.४.१० बसाइँसराइसम्बन्धी विवरण

सामान्य अर्थमा निश्चित समय अवधिमा, निश्चित भौगोलिक वा राजनितिक एकाइकबाट अर्को भौगोलिक वा राजनितिक एकाईमा बासस्थान परिवर्तन गरेर हुने मानिसहरूको भौगोलिक चाललाई बसाइँसराई भनिन्छ। स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहानगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार २०७८ बैशाख १ गतेदेखि २०८० चैत्र ३० सम्म ८,१६६ परिवारका २१,४५७ जना मानिस धरान सरेर आएको देखिन्छ। त्यसैगरी ४,७७१ परिवारका ११,५१० मानिस बसाई सरेर गएको देखिन्छ।

तालिका-१० : बसाइँसराइ सम्बन्धी विवरण

| क्र.सं. | मिति | | बसाइँ सरी आएको | | बसाइँ सरी जाने | |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या |
| १ | २०७८ बैशाख १ | २०७८ चैत्र १२ | २३७६ | ६६७७ | ११४७ | ३१५७ |
| २ | २०७९ बैशाख १ | २०७९ चैत्र १२ | ४०४५ | १०५०१ | २७०९ | ६३२२ |
| ३ | २०८० बैशाख १ | २०८० चैत्र १२ | १७४५ | ४२७९ | ९१५ | २०३१ |

स्रोत: स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहानगरपालिकाको प्रतिवेदन २०८०

### २.४.११ संस्थागत भवनको विवरण

धरान उपमहानगरपालिकामा ४२,३९६ परिवार संख्या रहेकोमा ३०,४८२ को मात्र व्यक्तिगत भवन रहेको देखिन्छ। बाँकि १०,२९७ परिवार भाडामा बसेका छन भने १०३४ परिवार संस्थागत घरमा रहेका छन।

तालिका-११ : संस्थागत भवन सम्बन्धी विवरण

| नगरपालिका/गाँउपालिका | जम्मा | स्वामित्वको आधार | | | |
|---|---|---|---|---|---|
| | | व्यक्तिगत | भाडा | संस्थागत | अन्य |
| धरान उपमहानगरपालिका | ४२,३९६ | ३०४८२ | १०,२९७ | १०३४ | ५८३ |

## २.५ धरान उपमहानगरपालिकाको विकास समीक्षा

### २.५.१ गार्हस्थ्य उत्पादन

नेपालको कुल गार्हस्थ उत्पादन आ.व. २०७९/८० को स्थिर मुल्यमा ५३खरव ४८ अर्व ५३ करोड रहेको छ। यसमा प्राथमिक क्षेत्र( कृषि र खानी तथा उत्खनन)को २४.४ प्रतिशत द्वतीय क्षेत्र (उद्योग, विद्युत, पानी)को १३.१,

सेवा क्षेत्रको ६२.५ प्रतिशत योगदान रहेको छ। यसै गरी कोशी प्रदेशको कुल गार्हस्थ उत्पादन ८ खर्व ४९ करोड ६५ करोड रहेको छ।

### २.५.२ मानव विकास सूचकाङ्क

UNDP को २०१७को प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकाङ्क ०.५७४ रहेको र यसका आधारमा विश्वका १८९ देशमध्ये नेपाल १४९ श्रेणीमा छ। नेपालको यो सूचकाङ्क मध्यम मानव विकास सूचकाङ्क भएका देशहरूको औसत ०.६४५ भन्दा पनि कम छ। सन् १९९० मा नेपालको यो सूचकाङ्क ०.३७८ थियो। यसैगरी कोशी प्रदेशको विकास सूचकाङ्क ०.५८ रहेको छ।

### २.५.३ अपाङ्गता परिचयपत्रको अवस्था

धरान उपमहानगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार विभिन्न प्रकारका आपाङगता भएका मानिसहरुको सख्या १२०१ रहेको छ। पहिचान भएका व्यक्रिहरुको विवरण अनलाईन अभिलेख राखि परिचयपत्र प्रदान गर्ने गरिएको छ। परिचयपत्र भएकामध्ये सबै भन्दा बढी रातो र अन्य क्रमैसँग निलो , सेतो र पहेँलो परिचयपत्र रहेको छ।

### २.५.४ व्यक्तिगत घटनासम्बन्धी विवरण

स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहानगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार २०८० सालमा १८७० बालबालिकाको जन्म दर्ता भएको छ। १०६८ मृत्य दर्ता भएको छ। यस साल १२८७ जनाको विवाह दर्ता भएको देखिन्छ भने ४८२ वटा सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिन्छ। २०७८ वैशाख १ गतेदेखि २०८० चैत्र १२ गते सम्मको व्यक्तिगत घटना सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ।

तालिका ११ : व्यक्तिगत घटना सम्बन्धी विवरण

| क्र.सं. | मिति | | जन्म | मृत्यु | विवाह | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| १ | २०७८ बैशाख १ | २०७८ चैत्र १२ | १८९६ | १२४३ | १३६४ | २१५ |
| २ | २०७९ बैशाख १ | २०७९ चैत्र १२ | २३७७ | ११९९ | २०३० | ५०३ |
| ३ | २०८० बैशाख १ | २०८० चैत्र १२ | १८७० | १०६८ | १२८७ | ४८२ |

स्रोत: स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहानगरपालिकाको प्रतिवेदन २०८०

### २.५.५ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

सरकारले आर्थिक, सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समूदायका नागरिकलाई सामाजिक शुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न खोजेको छ। यो लोककल्याणकारी राज्यको सुन्दर पक्ष हो। स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहानगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०७९/०८० मा १३,७५७ जनसंख्या सामाजिक शुरक्षा कार्यक्रमबाट लावान्वित भएको छ। विगत ३ वर्षको तथ्याङ्कलाई हेर्दा यो संख्या वार्षिक रुपमा बढ्दै गएको देखिन्छ।

तालिका १२ : सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसङ्ख्याको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | लावान्वित जनसंख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | ७७२९ | ६३४८ | ६००९ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ५९८ | ६५९ | ५८९ |
| ३ | जेष्ठ नागरिक भत्ता (एकल महिला) | १४९४ | १८५३ | १६४८ |
| ४ | विधवा भत्ता | २३४१ | २२९७ | २१५८ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | २१० | २१२ | २०४ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ६५७ | ६२४ | ५३५ |
| ७ | दलित बालबालिका | ७२८ | ७४४ | ७८८ |
| जम्मा | | १३७५७ | १२७३७ | ११९३१ |

स्रोत: स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहानगरपालिकाको प्रतिवेदन २०८०

### २.५.६ प्राविधिक सिपयुक्त तथा विशेष दक्षतासहितको मानव संसाधन

यस उपमहानगरपालिकामा बसोबास गर्ने मध्ये विभिन्न क्षेत्रमा प्राविधिक सिपयुक्त दक्षता भएका मानव संसाधन रहेको धरधुरी सङ्ख्या ९५३० रहेको छ । त्यो भनेको २२.४८ प्रतिशत हो । यसैगरी उपमहानगरपालिकामा प्राविधिक सिपयुक्त दक्षता भएका मानव संसाधनको संख्या ११,८५१ (९.८ प्रतिशत) रहेको छ । उपमहानगरपालिकाको समग्र जनसङ्ख्याको तुलनामा यो सङ्ख्या निकै न्यून हो। यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक एवम् वातावरणीय समृद्धिका लागि दक्ष जनशक्तिको वृद्धि तिव्र गतिमा हुनुपर्छ।

तालिका १३: मानव संसाधनको विवरण

| गैर संस्थागत परिवार संख्या | १८ वर्ष र माथिका परिवार | प्राविधिक तथा व्यवसायिक तालिम लिएका घर परिवार र जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | कम्तिमा एक जना तालिम प्राप्त रहेको परिवार संख्या | | जनसंख्या | |
| | | संख्या | प्रतिसत | सख्या | प्रतिसत |
| ४२३९६ | १२००६४ | ९५३० | २२.४८ | ११८५१ | ९.८ |

स्रोत: NPHC 2021

### २.५.७ विपन्नता स्तरीकरण विवरण

यहाँ विपन्नता स्तरीकरण गणना गर्दा आफ्नो उत्पादनले ३ महिना पनि खान नपुग्ने अति गरीव, आफ्नो उत्पादनले ३ देखि ६ महिना खान पुग्ने गरीव, आफ्नो उत्पादनले ७ देखि ९ महिना खान पुग्ने मध्यम र आफ्नो उत्पादनले ९ देखि १२ महिना वा खाद्यान्न बिक्री गर्नेलाई सम्पन्नको सूचीमा वर्गीकरण गरिएको छ। खाद्यान्न प्राप्तिका आधारमा अति गरीवको परिवार संख्या सङ्ख्या ५४४२ ( कुल परिवार सङ्ख्याको १२.८३ प्रतिशत रहेको छ।

### २.५.८ आवास संरचना विवरण

उपमहानगरपालिकाको समग्र सामाजिक, आर्थिक अवस्था के -कस्तो छ भनी हेर्न त्यहाँ अवस्थित घरको बनोट महत्वपूर्ण हुन्छ । छानाको प्रकारका आधारमा विश्लेषण गर्दा २२४१९ (५२.८७ प्रतिशत) घरको छाना जस्ता/च्यादरले छाइएका छन् भने १९३८८ (४५.७३ प्रतिशत) घरको आरसिसी ढलान गरिएका छन । नगन्यरूपमा ३१४ (०.७३ प्रतिशत) टायल तथा ढुङ्गा (स्लेट) ले छाइएका, फुस/खरले छाएका (०.२९ प्रतिशत) छन ।

तालिका-१५: आवास संरचनाको विवरण

| क्र.सं. | जम्मा घर दुरी | छानाको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जस्ता पाता | ढलान गरेका | खर/पराल | टाएल | ढुङ्गा/स्लेट | काठ | अन्य |
| १ | ४२३९६ | २२४१९ | १९३८८ | १२८ | ९२ | २२२ | ११६ | ३१ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

### २.५.९ गरीबीको अवस्था

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८०' ले देशको २०.२७ प्रतिशत जनसंख्या गरीबीको रेखामुनि रहेको देखाएको हो। राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार हाल नेपालको जनसंख्या दुई करोड ८९ लाख २५ हजार चार सय ८० छ। यसको २०.२७ प्रतिशत ५८ लाख ६३ हजार एक सय ९४ हुन्छ। पछिल्लो १४ वर्षमा गरीबी ५ प्रतिशत विन्दुले मात्रै घटेको छ। गरीवी दर शहरी क्षेत्रमा १८.३४ प्रतिशत रहेको छ भने ग्रामिण क्षेत्रमा २४.६६ प्रतिशत रहेको छ। यसै गरी नेपाल जीवनस्तर सर्वेक्षणले कोशी प्रदेशको गरीवीको दर १७.१९ प्रतिशत रहेको जनाएको छ। बहुआयामिक गरीवी भने १४.२ रहेको छ।

### २.५.१० औद्योगिक कच्चा पदार्थ (काठ, खोटा, जडीबुटी) उत्पादनको अवस्था

यस धरानउपमहानगरपालिका क्षेत्रमा औद्योगिक कच्चा पदार्थका रूपमा विशेषगरी जडिबुटी, काठ, ढुङ्गा, गिट्टी र बालुवालाई रहेको छ।

### २.५.११ वर्तमान भू-उपयोग

धरान उपमहानगरपालिकाको बढी भू-भाग (७६.१६ प्रतिशत) वन तथा चरण क्षेत्रले ओगटेको छ। दोस्रोमा कृषि क्षेत्र (१७.१३ प्रतिसत) र तेस्रोमा निर्माण क्षेत्र (१६.८१ प्रतिशत) भू-भाग ओगटेको छ । यस पालिकाको भू-उपयोग ऐन २०७६ र नियमावली २०८० अनुसार भू-उपयोग क्षेत्र वर्गिकरण गरिएको छैन।

तालिका-१६ : धरान उपमहानगरपालिकाको अवस्थित भूउपयोग क्षेत्र

| क्र.सं. | भूमि उपयोगको प्रकार | क्षेत्रफल (वर्ग किलोमिटरमा) | क्षेत्रफल प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | १४६.४२ | ७६.१६ |
| २ | कृषि क्षेत्र | १७.१३ | ८.९१ |
| ३ | निर्माण क्षेत्र | १६.८१ | ८.७४ |
| ४ | संस्थागत क्षेत्र | १.९० | ०.९९ |
| ५ | बुट्यान क्षेत्र | २.९३ | १.५२ |

| | | | |
|---|---|---|---|
| ६ | पहिरो तथा भुक्षय क्षेत्र | ०.६१ | ०.३२ |
| ७ | खुल्ला क्षेत्र | ०.३० | ०.१५ |
| ८ | उद्यान क्षेत्र | ०.०८ | ०.०४ |
| ९ | चट्टान क्षेत्र | ०.३९ | ०.२० |
| १० | नदी, खहेर क्षेत्र | ५.६८ | २.९५ |
| | | १९२.२५ | १००.०० |
| **स्रोत: GIS डाटा, आवधिक योजना निर्माण अध्ययन टोली, २०८०** | | | |

### २.५.१२ भू-स्वामित्व

यस उपमहानगरपालिकाको भू-स्वामित्वको तथ्याङ्क हेर्दा ७८८१ परिवारमा महिलाको घर जग्गा दुवैमा स्वामित्व रहेको प्रतिशत देखिएको छ। त्यसै गरी २७६१८ परिवारमा महिलाको घर जग्गा मा स्वामित्व नरहेको देखिन्छ।

तालिका-१७: महिलाको भुस्वामित्वको अवस्था

| क्र.सं. | जम्मा घरधुरी | घरमा मात्र स्वामित्व भएको | जमिन मात्र स्वामित्व भएको | घर जग्गा दुवैमा स्वामित्व भएको | घर जग्गा दुवैमा स्वामित्व नभएको | एकिन नभएको |
|---|---|---|---|---|---|---|
| १ | ४२३९६ | १२६६ | ५१८५ | ७८८१ | २७६१८ | ४४६ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

### २.५.१३ कृषि उत्पादन

यस उपमहानगरपालिकाको कुल क्षेत्रफलमध्ये ४५.९८ वर्ग किलो मिटर (२३.८७ प्रतिशत) जमिन खेतिको लागि योग्य रहेको छ। उपमहानगरले वडा नं. ४, ५, ६,१७ र २० लाई मुख्य कृषि क्षेत्रको रुपमा राखेर कृषि विकासको कामलाई अगाडि बढाएको छ। यस पालिकामा धान, गहु, मकै जस्ता अन्नवालि आप, लिची, भुईकटहर जस्ता फलफुल उत्पादन हुन्छन। यस पालिकामा ७५ वटा कृषि फर्म दर्ता भएका छन। यसै गरी १३ वटा कृषक समुह रहेका छन।

### २.५.१४ पशुपन्छीजन्य उत्पादनसम्बन्धी विवरण

पशुपन्छी तथा सो बाट हुने उत्पादनको अवस्था विश्ले षण गर्दा सबै भन्दा बढी मासुजन्य उत्पादन हुने देखिएको छ। कृषि अनुसन्धान केन्द्र पाख्रिवासले विकास गरेको कालो बङ्गुरले धराने कालो बङ्गुरको पहिचान बनाएको छ। यहाँ दैनिक १२ हजार ६०० केजी मासु खपत हुने गरेको छ। धरान उपमहानगरपालिका अण्डा, बोइलर कुखुरा र बङ्गुरको मासुमा आत्मनिर्भर रहेको छ।

### २.५.१५ पशुपन्छी पालनसम्बन्धी विवरण

कृषि गणना २०७८ अनुसार धरान उपमहानगरपालिकामा ६३६१ किसान परिवारलेले पशु चौपाया पालेका छन। यस्तै पाल्तु पन्छी पाल्ने किसान परिवार संख्या ५१६९ रहेको छ। यस पालिकामा ४१४ पशुपंक्षि व्यवसाय दर्ता भएका छन। यस पालिका भित्र दर्तावाल र दर्ता नभएका गरी करीब ३०० भन्दा बढी मासु व्यवसायीहरू छन्।

यस पालिकामा गाई, भैसी, बाख्रा, बङ्गुर, मौरी, खरायो  पालन पनि हुने गरेको छ । उपमहानगरपालिकामा पशुपन्छी पालनको अवस्था हेर्दा सबै भन्दा बढी पोल्ट्री फर्म (कुखरा पालन) देखिएको छ ।

### २.५.१६ सङ्कलन तथा चिस्यान केन्द्र

किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको भण्डारण गरी उचित मूल्यमा बिक्रीवितरण गर्न किसानको पहुँच पुग्ने गरी चिस्यान स्थापना हुनु पर्दछ । यसले कृषिजन्य वस्तु भण्डारणका लागि सहयोग पुग्नेछ र बजारको माग अनुसार उत्पादन बेच्दा कृषकले उचित मूल्य पाउने हुन्छ । धरान उपमहानगरपालिका-१३ मा रहेको कृषि उपज बजार स्थलमा ७५ टन  र  ९० टन क्षमताका २ वटा शीत गृह रहेका छन ।

### २.५.१७ कृषि तथा हाटबजारसम्बन्धी विवरण

धरान उपमहानगरपालिका क्षेत्रभित्र साप्तहिक हाट बजार हाट बजार लाग्ने गर्छ । पछिल्लो पटक धरान उपमहानगरपालिकाको अमान बजार परिसरमा शुद्ध अर्गानिक सागसब्जी तथा दैनिक प्रयोग हुने उपभोग्य परिकार बिक्रि बितरण गर्ने उद्धेश्यले शनिवारे अर्गानिक साप्ताहिक हाट शनिबारबाट संञ्चालनमा आएको छ ।

### २.५.१८ पर्यटकीय सेवा तथा सुविधासम्बन्धी विवरण

यस उपमहानगरपालिकामा ३० वटा आकर्षित पर्यटकीय स्थल छन् । यहाँ हालसम्म २४ वटा स्तरीकृत होटल सञ्चालनमा छन् । यसका अतिरिक्त ८ वटा ट्रेकिङ रुट र प्याराग्लाइडिङ तथा साहसिक खेल कम्पनी छन् ।

तालिका-१८: पर्यटकीय सेवा तथा सुविधा सम्बन्धि विवरण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | पर्यटकीय स्थल | ३० |
| २ | ट्रेकिङ रुट | ८ |
| ३ | होम स्टे | ५ |
| ४ | स्तरीकृत होटल | २४ |
| ५ | प्याराग्लाइडिङ तथा साहसिक खेल कम्पनी | ४ (धरान-४ देवीगाँउ, धरा-२० चिण्डेडाँडा सञ्चालनमा रहेको) |

स्रोत:पर्यटन शाखा, धरान उपमहानगरपालिका २०८०

### २.५.२० होमस्टे सम्बन्धी विवरण

धरान उपमहानगरपालिकाले पर्यटन क्षेत्रको निकै राम्रो सम्भावना बोकेको छ । पछिल्लो समय पर्यटन गन्तव्यहरु पनि थप पहिचान र विकास भईरहेका छन । ग्रामीण पर्यटनलाई प्रवर्ध्दन गर्नको लागि होमस्टे प्रभावकारी बन्दै गएको छ । ग्रामीण क्षेत्रमा पुगेका पर्यटकहरुलाई राम्रो सेवा प्रदान गर्ने मान्यताले स्थापित होमस्टे प्रति मानिसहरुको

आकर्षण बढ्दो छ। यस उपमहानगरपालिका क्षेत्रभित्र स्थानीय संस्कृति झल्काउने र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले ५ होमस्टे सञ्चालनमा रहेका छन।

### २.५.२१ औद्योगिक विकास (लघु, घरेलु, साना, मझौला, ठूला उद्योग, सरकारी, पब्लिक, निजी र सहकारी)

यस धरानउपमहानगरपालिकामा उद्योग सङ्ख्या १७० रहेकामा सबै भन्दा बढी हस्तकला सामाग्री उत्पादन गर्ने ४०, खुकुरी उद्योग ३८, प्रशोधित पिउने पानी उत्पादन गर्ने उद्योग  र इटा, टाइल तथा व्रिक उद्योग ३१ रहेका छन। धरानउपमहानगरपालिकामामा रहेका उद्योगको किसिम अनुसार संख्यात्मक रुपमा धैरै रहेका ५ वटा उद्योगको विवरण निम्नुसार रहेको छ।

तालिका-१९: उद्योगको विवरण

| क्र.सं. | उद्योगको किसिम | संख्या |
|---|---|---|
| १ | हस्तकला सामाग्री उत्पादन | ४० |
| २ | खुकुरी उद्योग | ३८ |
| ३ | प्रशोधित पिउने पानी उत्पादन गर्ने उद्योग | ३३ |
| ४ | इटा, टाइल तथा व्रिक उद्योग | ३१ |
| ५ | कपडा/घरेलु कपडा उद्योग | ९ |

स्रोत: आन्तरिक राजस्व कार्यालय धरान, २०८०

### २.५.२२ व्यापार र व्यवसाय

यस उपमहानगरपालिकाका सबै वडामा साना/ठूला व्यापार तथा व्यवसाय सञ्चालनमा छन्। यी व्यापार तथा व्यवसायले स्थानीय स्तरमा रोजगार तथा आयआर्जनका अवसर सिर्जना गरीरहेका छन्। यस नगर क्षेत्रमा सञ्चालित मुख्य १० व्यापार व्यवसायको विवरण निम्नानुसार रहेका छन।

तालिका २०: व्यापार व्यवसायको विवरण

| क्र.सं. | व्यवसायको नाम | संख्या |
|---|---|---|
| १ | खाद्यान्न तथा किरानाको खुद्रा पसल | १९६२ |
| २ | स्थानीय भवन निर्माण व्यवसायी | ५६५ |
| ३ | चिया नास्ता पसल, मोमो, थुक्पा, छाउ पसल | ५४९ |
| ४ | पशुपंक्षी पालन व्यवसाय | ४१४ |
| ५ | सुनचाँदी विकी पसल - ख श्रेणी | २६७ |
| ६ | खुद्रा औषधी पसल | २५९ |
| ७ | खाद्यान्न तथा किरानाको डिलर, थोक वा थोक तथा खुद्रा | २०१ |
| ८ | जुत्ताचप्पलको खुद्रा पसल | १५८ |
| ९ | कपडाको खुद्रा पसल | १५१ |
| १० | टेलरिङ् व्यवसाय | १४४ |

स्रोत: आन्तरिक राजस्व कार्यालय धरान, २०८०

### २.५.२३ स्थानीय बजार तथा व्यापारिक केन्द्र

यस धरानउपमहानगरपालिकाका विभिन्न वडाका विभिन्न स्थानमा विभिन्न बार हाट बजार लाग्ने गर्छ । यी हाटबजारले स्थानीय उत्पादनलाई बजारसम्म जोडेका छन् ।

### २.५.२४ बैङ्क तथा वित्तीय संस्था

यस धरानउपमहानगरपालिकामा २७ वटा बाणिज्य बैङ्कले सेवा दिईरहेका छन । लघुवित्तको सङ्ख्या ५ वटा रहेको छ । यहाँ भएका लघुवित्त तथा सहकारीहरुको क्षमता अभिवृद्धि गरेर बैङ्किङ कारोबार अभिवृद्धि  गर्न र उत्पादकत्व बढाउन सकिने देखिन्छ । (स्रोत:स्थलगत सर्वेक्षण २०८०)

### २.५.२५ सहकारीसम्बन्धी विवरण

यस धरानउपमहानगरपालिकामा दर्ता भएका सहकारीको सङ्ख्या ८७ वटा छन् । सहकारी संस् थाहरूको सवलीकरण गरे र उत्पादन तथा आर्थिक क्रियाकलाप अभिवृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

## २.६ सामाजिक अवस्था

### २.६.१ लिङ्गअनुसार बाल विवाह (अठार वर्षमुनिका)

लिङ्गअनुसार बाल विवाहको अवस्था हेर्दा नगरपालिकामा औसतमा १८ वर्षभन्दा कम उमेरमा विवाह गर्ने संख्या उल्लेख्य रहेको देखिन्छ । जसमा बालिका २८.८ प्रतिशत र बालक ९.६ प्रतिशत देखिएका छन् ।

तालिका २१- लिङ्गअनुसार बालविवाहको विवरण

| उमेर समुह | पुरुष | महिला |
|---|---|---|
| १० वर्षभन्दा कम | ०.१ | ०.३ |
| १०- १४ वर्ष | १.७ | ६.१ |
| १५-१७ वर्ष | ७.८ | २२.४ |
| १८-२० वर्ष | २१.४ | ३२.४ |
| २०-२४ वर्ष | २७.७ | २२.९ |
| २५-२९ वर्ष | २६.५ | ११.७ |
| ३०-३४ वर्ष | १०.५ | २.९ |
| ३५-३९ वर्ष | ३ | ०.८ |
| ४०-४४ वर्ष | ०.९ | ०.२ |
| ४५-४९ वर्ष | ०.२ | ०.१ |
| ५० वर्ष माथि | ०.१ | ०.०४ |

## २.७ शान्ति/सुरक्षाको अवस्थ

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चित गरिएको हुन्छ । संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ । हरेक राष्ट्रका नगारिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। धरानको शान्ति सुव्यवस्थाको लागि इलाका प्रहरी कार्यालय धरान, वडा प्रहरी कार्यालय, प्रहरी चौकी पानमारा र धरान-४ मा पत्रङ्बारीमा अस्थायी प्रहरी चौकी रहेको छ। साथै अस्थाई प्रहरी पोष्टले काम गरीरहेका छन । यस पालिका भित्र धरान-१६ को नौलो वस्तिमा अस्थाई प्रहरी पोष्ट, धरान १४ बिजयपुरमा अस्थायी प्रहरी चौकी, विष्णुपादुका धरान अस्थायी प्रहरी पोष्ट, धरान १७ रेल्वेमा अस्थाई प्रहरी पोष्ट अप्रपोष्ट, नयाँ वसपार्कमा अस्थाई प्रहरी पोष्ट, श्याम चोकमा अस्थाई प्रहरी पोष्ट, पाचकन्या अस्थाई प्रहरी पोष्ट, अमरहाट अस्थाई प्रहरी पोष्ट, घोपामा अस्थाई प्रहरी पोष्ट, बरगाछिमा अस्थाई प्रहरी पोष्ट, देरालीमा अस्थाई प्रहरी पोष्ट, तिनकुनेमा अस्थाई प्रहरी पोष्ट, रहेका छन। उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहि नगर प्रहरीको नियुक्ति र परिचालन गरिरहेको छ । यसलाई व्यवस्थापन गर्न नगरले करार नगर प्रहरी व्यवस्थापन कार्यविधी २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

## २.८ वन क्षेत्र

धरान उपमहानगरपालिकामा १४६.४२ वर्ग किलोमिटर वन क्षेत्र रहेको छ। यो धरान उपमहानगरपालिको कुल क्षेत्रफलको ७६.१६ प्रतिशत हो। यस पालिकामा जसमा ४४ प्रतिशत क्षेत्रफल चारकोसे झाडि रहेको छ भने २६.२० प्रतिशत अन्य वन क्षेत्रको रुपमा रहेको छ। सब डिभिजन वन कार्यालय पाचकन्या र विष्णुपादुकाका अनुसार यस पालिकामा २७ वटा सामुदायिक वन रहेका छन। यी सामुदायिक वनमा ९३९० परिवारका ४०९०३ आवध्द रहेका छन।

### २.८.१ वनजन्य उत्पादन

विविध किसिमका वनस्पति पाइने यी जङ्गल घाँस, दाउरा र काठका मुख्य स्रोत हुन् । उपमहानगरपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैहकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्यायोजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको थियो । यस उपमहानगरपालिकामा मुख्य रुपमा पाइने गैहकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमड्वा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि रहेका छन ।

### २.८.२ प्रमुख जलाधार र उप-जलाधारको अवस्था

यस उपमहानगरपालिकाअन्तर्गत ३ वटा (सर्दु-खर्दु-तामाखाम) जलाधार प्रणाली छन् । यी जलाधारको दिगो व्यवस्थापनले जलस्रोतको संरक्षण र नियमित जल आपूर्ति हुन्छ ।

धरानदेखि उत्तरमा पर्ने पानीढलो र भेडेटारदेखि दक्षिणका महाभारत पर्वत शृंखलालाई २०३३ सालमा नै जलाधार क्षेत्र घोषणा गरिएको थियो। २०३३ माघ २१ गते सर्दु जलाधार क्षेत्र घोषणा र राजपत्रमा प्रकाशित गरी जलाधार क्षेत्र संरक्षण सुरु गरिएको थियो। क्षेत्रफल र सीमांकन गर्ने विषयमा २०७३ मा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले एक प्रतिवेदन तयार गरेको थियो। प्रतिवेदन अनुसार सर्दु जालधारले महाभारत पर्वत शृंखलामा पर्ने भेडेटारको दक्षिण क्षेत्रदेखि चारकोसे झाडीसम्म गरी ३९ दशमलव २५ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ। र जलाधारबाट सुक्खा समयमा दैनिक ४२ एमएलटी अर्थात् ४ करोड २० लाख लिटर र वर्षायाममा ९८ एमएलटी अर्थात ९ करोड ८० लाख लिटर सतहको खानेपानी उत्पादन हुन्छ।

## २.९ नदी तथा खोला

यस उपमहानगरपालिका अन्तर्गत ठूला नदी नभए पनि प्रसस्त खोला/खहरे रहेका छन । सर्दु, खर्दु खोला यस पालिकाको लाईफलाईनको रुपमा रहेका छन। हिउदको समयमा पानी नहुने खहरेबाट किनाराका बस्ती जोखिममा रहेका छन।

तालिका-२२ : खोला/खहरेको विवरण

| क्र.सं. | खोला/खहरेको नाम |
|---|---|
| १ | मार खोला |
| २ | भालु खोला |

| | |
|---|---|
| ३ | बसन्त खोला |
| ४ | सेरा खोला |
| ५ | वाइमा खोला |
| ६ | सेउती खोला |
| ७ | गोगने खोला |
| ९ | मसाने खोला |
| १० | निसाने खोला |
| ११ | अँधेरी खोला |
| १२ | भौडी खोला |
| १३ | सर्दु खोला |
| १४ | खर्दु खोला |
| १५ | ठकुरी खोला |
| १६ | कोका खोला |

## २.१० विपद् व्यवस्थापन पूर्वतयारी

धरान नगरपालिका उच्च विपद् जोखिम क्षेत्रको रुपमा रहेको छ। यहाँका करिव १५० बस्ती बाढी पहिरोको जोखिमा रहेका छन। सुख्खा याममा वन क्षेत्रमा डढेलोको जोखिम रहेको छ। यसै गरी बन्यजन्तुको अतिक्रमण पनि धरानमा बढ्दै गएको छ। हाल धरान बजार बाँदरको आतिक्रमणबाट प्रताडित छ। स्थानीयका अनुसार धरान बजार क्षेत्रमा मात्रै करिव ७५०० बाँदर रहेका छन। यसबाट कृषि उत्पादनको क्षेति बढेको देखिन्छ।

तालिका-२३ : बाढी पहिरोको जोखिममा रहेको वस्ति विवरण

| वडा नं. | बाढी पहिरोको जोखिममा रहेको वस्ति विवरण |
|---|---|
| १ | शान्ति टोल, छाता चोक, ओम शान्ति, शिखर टोल |
| २ | शिंहदेवी पथ, त्रिभुवन पथ, देशी लाईन, रत्न रोड |
| ३ | हिरेन्द्र टोल, चन्द्रपुर बजार, सदन रोड, गिद्धे डाँडा |
| ४ | बसन्तटार, पत्राङ बारी, सारंगा, खैरैनी टार, दानावारी |
| ५ | फोक्लेन टाँपु, ठिङ्गाबारी, चेतना टोल, लालि गुराँस टोल |
| ६ | पोखरा टोल, ज्ञान ज्योति टोल, सरस्वरी टोल, सुन्दर टोल |
| ७ | हिमायती पथ, बुध्द पथ, श्री जङ्गालाइन, शुक्र पथ |
| ८ | सिध्दार्थ मार्ग, जनजागरण टोल, कविर टोल, अरुण टोल |
| ९ | बगैचा लाइन, आचार्य लाइन, दीप पथ, कलेज रोड |
| १० | बेलगाछि, पुलतीलाईन, नारायण मुनाल पथ |

| | |
|---|---|
| ११ | चौतिस घरे टोल, समर कोट, सुन्दर बस्ती, भिआरसी चोक |
| १२ | पार्वती टोल, चतरा लाईन, गीता मन्दिर |
| १३ | देवी मार्ग |
| १४ | ११०तिनघरे टोल, भताभुङ्गे दरवार क्षेत्र, हात्तिसार |
| १५ | शिव गंगा, वगरकोट, श्याम चोक र निराजन |
| १६ | जनपथ टोल, नऔलो पथ, सिमाना टोल, भगवति टोल |
| १७ | बगान टोल, असारे बस्ति, साउने टोल, क्षितिज टोल |
| १८ | देवीस्थान, क्याम्प गेट, न्युरोड, रत्न चोक, बुध्द चोक |
| १९ | चौकीबारी, दिपेन्द्र टोल, ऐलुङ टोल, जिमी टोल, |
| २० | माछामारा, भालढूगा, नवलपुर, आँपटार, स्वाँरा |

### २.११ आपत्कालीन यातायात साधन

धरान उपमहानगरपालिकाले विपद् जोखिम न्युनिकरणका लागि योजनावध्द रुपमा कामलाई अगाडि बढाएको छ । विपद् जोखिम न्युनिकरण प्रतियोजना कार्य २०८० तर्जुमा गरी कार्यान्वयनमा आएको छ । धरान नगर क्षेत्रभित्र सार्वजनिक नीजि गरी ४२ एम्बुलेन्स रहेका छन । धरान उपमहानगरपालिकासँग दमकल रहेको छ ।

### २.१२.१ सडक पूर्वाधार

धरान उपमहानगरपालिकासँग ७८६.१४१ वर्ग किलोमिटर सडक सञ्जाल रहेको छ । जसमा कच्ची/ धुले (Earthen) सडक १०५.९७४ किलोमिटर, ग्राभेल (Graveled) सडक ४५०.७५५ किलोमिटर, कालो पत्रे (Black Topped) सडक २०४.०१२ किलोमिटर ढुङ्गा छापेको/सोलिङ (Stone Soling) सडक ५.५ किलोमिटर र ढलान (RCC) सडक १९.९ किलोमिटर रहेको छ ।

तालिका-२४: सडक सतहको प्रकार

| सडक सतहको प्रकार | सडकको लम्वाई (कि.मी.) |
|---|---|
| कच्ची/ धुले (Earthen) | १०५.९७४ |
| ग्राभेल (Graveled) | ४५०.७५५ |
| कालो पत्रे (Black Topped) | २०४.०१२ |
| ढुङ्गा छापेको/सोलिङ (Stone Soling) | ५.५ |
| ढलान (RCC) | १९.९ |
| **जम्मा** | **७८६.१४१** |

# परिच्छेद ३ : धरान उपमहानगरपालिकाको योजना

## ३.१ पृष्ठभूमि

नेपालको संविधानले नेपालको अर्थव्यवस्था समाजवाद उन्मुख बनाउनको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक योगदानबाट दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्दै सामाजिक न्यायमा आधारित समातामूलक समाज निर्माणका लागि मार्ग प्रशस्त गरेको छ। राज्यको अधिकार र कार्य क्षेत्रलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारमा वाँडफाँड गरिएको छ। संविधान प्रदत्त अधिकारले प्रत्येक तहको एकल र साझा अधिकारको बाँडफाँड मार्फत आर्थिक, सामाजिक विकासमा स्थानीय जनताको सहभागिता कुनै न कुनै किसिमले गरेको छ। स्थानीय सरकारले कुनै पनि योजना तर्जुमा गर्दा स्थानीयबासीहरुको कुनै न कुनै हिसावले सहभागिता, अनुभवको आदानप्रदान र योजनाको कार्यान्वयनमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिताका लागि मार्ग प्रसस्त गरेको छ। सहभागिताको सुनिश्चितताको लागि पालिका र वडाहरुको भूमिका महत्वपूर्ण हुन्छ। जनसहभागिताले योजनाको अपनत्व र कार्यान्वयनमा प्रभावकारीता ल्याउन सहयोग गर्दछ।

उपमहानगरपालिकाले निर्माण गरेका सामाजिक, आर्थिक विकासका कार्यहरुलाई सफल कार्यान्वयन गर्नको लागि वित्तीय क्षेत्रको उचित व्यवस्थापन गर्नुपर्दछ। पालिकाको संस्थागत क्षमतो र वित्तीय क्षेत्रको प्रभावकारी परिचालनद्वारा नगर/गाँउपालिकाको दीर्घकालिन सोच, मध्यमकालिन र अल्पकालिन लक्ष्य तथा उद्देश्यहरु प्राप्त गर्न सहजता हुन्छ।

धरान उपमहानगरपालिकाका आफ्नै विशिष्ट संभावना, अवसरहरुका तथा समस्या साथै स्रोत र साधनको उपलब्धता र न्यूनता रहेको छ। उपलब्ध स्रोत साधनको उच्चतम उपयोगका लागि संस्थागत विकास र सुशासन मुख्य स्तम्भको रुपमा लिन सकिन्छ। स्थानीय राजश्व र आयका स्रोत, संघ र प्रदेशबाट प्राप्त हुने अनुदान, राजश्व वाँडफाँड र बाह्य आम्दानीका अवसरहरुको अधिकतम उपयोग गर्न सक्ने अवसर रहेका छन्। आन्तरिक र बाह्य अवसरहरुको अधिकतम उपभोग गर्दै पालिकाको आर्थिक, सामाजिक विकास, पूर्वाधार विकासका लागि संस्थागत क्षमता अभिवृद्धि तथा शुसासन कायम गर्न सकेमा यस आवधिक योजनाले राखेको दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य अनुरुप कार्यहरु गरी अपेक्षित उपलब्धी र प्रतिफल प्राप्त भई समृद्ध पालिका बनाउन यो आवधिक योजना कोशेढुङ्गा सावित हुने विश्वास गरिएको छ

## ३.२ उपमहानगरपालिकाको समग्र विकासका समस्या, सवल पक्ष, चुनौति र अवसर

धरान उपमहानगरपालिकाको समग्र वस्तुस्थितिको विश्लेषण विषयगत क्षेत्रअनुसार हालसम्म गरिएका विकास प्रक्रियाको सिकाइ, पालिकामा अवस्थित अवसरहरू र समग्र विकासका लागि सम्भावनाहरूको लेखाजोखा गरिएको छ।

**क. कृषि र खाध्य सुरक्षा**

| समस्या | सवल पक्ष |
|---|---|
| कृषिलाई व्यवसायीकरण हुन नसक्नु | कृषि उत्पादनमा जनसांख्यिक लाभ रहनु। |
| निर्वाहमुखि खेति प्रणाली हुनु | कृषि क्षेत्रको पहिचान गरी सीप तथा प्रविधी हस्तान्तरण शुरु गर्नु। |
| कृषि उत्पादनले बजार र मुल्य नपाउनु | बजार केन्द्रहरूको पहुँच बढ्दै जानु। |

| | |
|---|---|
| कुषि पेशाप्रति आकर्षण कम हुनु | सिंचाईका लागि नयाँ नयाँ प्रविधी विकास हुनु। |
| कृषिमा आधारित रोजगारी सिर्जना नहुन | कृषकहरूको समूहमा आबद्धता हुनु। |
| वन्य जन्तुको अतिक्रमण बढ्नु | जैविक विविधताको संरक्षण हुनु। |
| समयमा कृषि प्राविधि उपलब्ध नहुनु | कृषि सामग्रीहरू आपूर्ति केन्द्रहरू स्थापना हुनु |
| बाहैं महिना सिंचाई सुविधा नहुनु | सिंचाईका नयाँ नयाँ प्रविधीको विकास हुनु। |
| कृषि विमामा किसानको पहुँच नहुनु | बिमा कम्पनीहरूको उपलब्धता बढ्नु। |
| **चुनौति** | **संभावना** |
| कृषि क्षेत्रमा रहेको बढ्दो उत्पादन लागत र कमजोर प्रतिस्पर्धी क्षमताको अवस्थामा सुधार ल्याउनु। | यान्त्रिकरण गरी व्यावसायिकरूपमा उत्पादन गर्न सकिने |
| कृषि भूमिको खण्डीकरण तथा गैरकृषिमा प्रयोग न्यनिकरण गर्नु | कृषि सिप विकास केन्द्र स्थापना गर्न सकिने |
| कृषिको व्यवसायीकरण एवम् बजारीकरण गर्नु। | सबै वडामा कृषि परामर्श सेवा केन्द्र स्थापना गर्न सकिने |
| कृषिमा दक्ष तथा यूवाको आकर्षण वृद्धि गर्नु। | सामूदायिकमा आधारित कृषि सामग्री आपूर्ति केन्द्र स्थापना |
| कृषिमा सहज कर्जा तथा विमा सुविधाको सुनिश्चितता गर्नु। | सबै वडामा कृषि परामर्श सेवा केन्द्र स्थापना गर्न सकिने |
| बन्यजन्तुको बढ्दो अधिक्रमणबाट कृषि उत्पादनको संरक्षण गर्नु। | कृषि उद्यम विकास केन्द्र स्थापना गर्ने |
| शहरी कृषि फर्मको विकास गर्नु | अनुदान, सेवा तथा सहुलियत मापदण्ड निर्माण गर्ने |
| कृषि उत्पादनलाई पोषणयुक्त र विषादी रहित बनाउनु | उच्च मूल्य प्रजातिका तथा उच्च पोषण भएका बाली पहिचान गरी उत्पादन गर्न प्रोत्साहित गर्ने । |
| कृषि उत्पादन बढाउनु | कृषक सहकारीहरू विस्तार गरी उत्पादन बढादन सकिने |
| कृषि बिमालाई सहज, सर्भसुलब र विश्वसनीय बनाउनु | कृषि बिमा नीति निर्माण गरी लागु गर्ने। |

### ख. पशु विकास

| समस्या | सवल पक्ष |
|---|---|
| पशुपालनतर्फ किसानको आकर्षण कम हुनु | कृषकको पशु पालनप्रति बढ्दो उत्साह |
| पशु स्वास्थ्य सेवाको सहज पुँच नहुनु | किसान केन्द्रित योजना सञ्चालन हुनु |
| पशुजन्य उत्पादनले सहज बजार नपाउनु | बजारका लागि सडक सञ्जालमा उल्लेख्य प्रगति हुनु |
| पशुजन्य उत्पादको गुणस्तर सुनिश्चित गर्न नसक्नु | धराने कालो बङ्गुर लगायतका उत्पादनले विश्वास जित्नु |
| पशुपालनमा सहज कर्जाको सुनिश्चितता गर्नु। | स्थानीय सरकारको पशु विकास प्राथमिकतामा रहनु |
| उन्नत जात पहिचानको ज्ञान नहुनु | नगरले नस्ल सुधार कार्यक्र सञ्चालन गर्नु |
| पशु विमामा किसाको पहुछ नहुनु | विमामा पहुँच बढ्दै जानु |
| **चुनौति** | **संभावना** |

| | |
|---|---|
| नागरिकलाई पशु पंक्षि पालनतर्फ आकर्षित गर्नु | अनुदान तथा सहयोग मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने |
| पशु स्वास्थ्य सेवामा किसानको सहज पहुँच स्थापित गर्नु। | कृषकलाई व्यावसायिक योजना बनाउने |
| पशु जन्य उत्पादनको बजार र समर्थन मूल्य निर्धारण गर्नु | सवै वडामा पशु सेवा केन्द्र स्थापना गर्ने |
| नियमित पशुबधशालाको गुणस्तर र मासुको गुणस्तर जाच गर्नु | प्रशोधन केन्द्र तथा बजार केन्द्र स्थापना गर्ने |
| पशुपालनमा सहज कर्जाको सुनिश्चितता गर्नु। | पशु आहार व्यवस्थापन/घाँसबाली उत्पादन सहयोग गर्ने |
| नस्ल सुधार कार्यक्रमलाई आम रुपमा लैजानु | नश्ल सुधार केन्द्र स्थापना गर्ने |
| पशु विमालाई किसानको पहुँच पुर्याउनु | पशु बिमा कार्यक्रम लागु गर्ने |

### ग. सिंचाई

| समस्या | सवल पक्ष |
|---|---|
| वालि र आवश्यक सिंचाई बारे ज्ञान नहुन | नयाँ नयाँ सिंचाई प्रविधी विकास हुनु |
| खेती योग्य जमिनमा बाह्रै महिना सिंचाई सविधा नहुनु | सिंचाई सुविधा विस्तारमा नगरको प्राथमिकता रहनु |
| **चुनौति** | **संभावना** |
| खेती योग्य जमिनमा बाह्रै महिना सिंचाई सविधा सुबिश्चित गर्नु | वालि र आवश्यक सिंचाई सुविधाको अभिलेख तयार गर्न |
| सिंचाई तथा जल उपयोगमा किसानको दक्षता वृध्दि गर्नु | उपभोक्ता समिति गठन गरी सिँचाइ निर्माण तथा व्यवस्थापन गर्न सकिने |

### घ. पर्यटन

| समस्या | सवल पक्ष |
|---|---|
| पर्यटकीय क्षेत्रमा आधारभूत पुर्वाधार नहुनु | प्रशस्त पर्यटकीय क्षेत्र हुनु |
| प्रचार प्रसारको योजना नबन्नु | राष्ट्रिय सडक सञ्जालमा जोडिनु |
| साझेदारीमा पर्यटन उद्योग स्थापना सञ्चालन नहुनु | साहसिक खेलको हव बन्दै जानु |
| पर्यटकीय क्षेत्रमा आर्थिक गतिविधी बढाउन पर्यटक अडिने र खर्च गराउने ठोस योजना नहुनु | पर्यटकीय सहर बनाउन नगर प्रतिवध्द रहनु |
| **चुनौति** | **संभावना** |
| पर्यटकीय क्षेत्रको सेवा सुविधाको गुणस्तर सुधार गर्नु | पर्यटकीय क्षेत्रको सेवा सुविधाको आधारभूत पुर्वाधार निर्माण गर्ने |
| पर्यटकीय क्षेत्रको पुर्वाधार विकासमा नीजि क्षेत्रको लगानी आकर्शित गर्नु। | पर्यटन विकासमा साझेदारी विकास ढाँचा विकास गर्नु |

| | |
|---|---|
| पर्यटनलाई उद्यमशीलतासँग आवध्द गर्नु | सीप विकास ( गाईड, होम स्टे, फास्टफुड) तालिम सञ्चालन गरी उद्यमशीलता विकास |
| आन्तरिक पर्यटनको अर्थतन्त्रमा योगदान बढाउनु | पर्यटन विकासलाई मूलप्रवाहीकरण गर्ने |

### ङ. उद्योग वाणिज्य तथा आपुर्ति

| समस्या | सवल पक्ष |
|---|---|
| औद्योगिक क्षेत्रमा उद्योगी मैत्री वातावरण नहुनु | भौतिक पूर्वाधारको सहज व्यवस्थापन गर्न सकिने |
| कृषिजन्य उद्यमले ठोस आकार लिन नसक्नु | कृषि जन्य उद्यम विकास नगरको प्राथमिकतामा रहनु |
| स्थानीय उत्पादनको लेवलिङ र ब्राण्डिङमा ध्यान नदिनु | स्थानीय उत्पादनको लेवलिङ र ब्राण्डिङको आवश्यकता महसुस गर्नु |
| आन्तरिक रोजगारी सिर्जना गर्ने उद्योग व्यवसायको पहिचान गरी प्रवर्ध्दनको ठोस योजना नबन्नु | नगरको ठुलो जनसंख्या हस्तकला उद्योगमा आवध्द हुनु |
| वित्तिय साक्षरतामा कमी | बैङ्किङ प्रणालीमा जनताको आकर्षण वढ्नु |
| व्यवसायिक क्षेत्रमा आर्थिक गतिविधीमा कमी | वजारीकरणको बढ्दो रहेको |
| आपुर्ति व्यवस्थामा संस्थागत सहभागिता कमि हुनु | सुरक्षित तथा पहुँचयोग्य स्थान |
| **चुनौति** | **संभावना** |
| युवालाई उद्योग तर्फ आकर्षित गर्नु । | स्थानीय स्तरमा नै आकर्षक रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने |
| कृषिजन्य उद्यमको क्षमता विकास गर्नु । | उद्योगमैत्री वातावरण निर्माण गर्न सकिने |
| स्थानीय उत्पादनको लेवलिङ र ब्राण्डिङ गर्नु । | उत्पादित वस्तुहरूको सहज बजारीकरण गर्न सकिने |
| रैथाने ज्ञान, सीप र प्रविधीलाई उपयोग गरी उद्योगहरुको विकास गर्नु । | जनसहभागितमा उद्योगहरूको विकास गर्न सकिने |
| व्यावसायिक वातावरण सिर्जना गर्नु | सबै नागरिकलाई बैङ्किङ प्रणालीमा आवध्द गर्न सकिने |
| व्यवसायिक क्षेत्रमा आर्थिक गतिविधीलाई गतिशील बनाउनु | रोजगारीका अवसर बढ्न सक्ने |
| आपुर्ति व्यवस्थामा संस्थागत सहभागिता बढाउनु | सामूदायिकमा आधारित संस्थाहरू निर्माण गरी आपूर्ति प्रणाली सुचारु गर्न सकिने |

### च. श्रम तथा रोजगारी

| समस्या | सवल पक्ष |
|---|---|
| आन्तरिक रोजगारीका अवसर कम हुनु | जीविको पाजर्नका तालिमहरू सञ्चालन भएको |

| | |
|---|---|
| श्रम र श्रमिकको सम्मान गर्ने संस्कृति विकास नहुनु । | वैदशिक रोजगारीबाट फर्केकाहरूका लागि स्वरोजगारका कार्यक्रममा सहयोग |
| बजार को माग अनुरुप सीप विकास कार्यक्रमलाई आध्यावधिक गर्न नसक्नु | सीप विकास तालिम सञ्चालन भएको |
| युवाहरुमा उद्यमशीलता विकास गर्न नसक्नु | |
| कृषि र पशुपालन क्षेत्रलाई व्यवसायका रूपमा विकास गर्न नसक्नु | कृषि र पशुपालनको क्षेत्रलाई व्यावसायिक बनाउन उपकरण, बीउविजन तथा अनुदान सहयोग गरिएको |
| **चुनौति** | **संभावना** |
| आन्तरिक रोजगारीका अवसर सिर्जना गर्नु | संभावित उद्यम विकासका क्षेत्रहरू पहिचान गरी उद्यम विकासका लागि नीति निर्माण |
| श्रम र श्रमिकको सम्मान गर्ने संस्कृति विकास गरी युवालाई श्रममा आवध्द गर्नु | श्रमको सम्मानसहित पेशा तथा व्यवसाय प्रवर्द्धन |
| बजारको आवश्यकता अनुरुपको दक्ष जनशक्ति विकास गर्नु । | मागको आधारमा जनशक्ति विकास तालिम सञ्चालन |
| तालिम प्राप्त व्यक्तिहरूलाई उद्यमशील विकासका लागि उत्प्रेरित गर्नु | युवा उद्यमी कार्यक्रम सञ्चालन हुन सक्ने |
| कृषि र पशुपालन क्षेत्रलाई व्यवसायका रूपमा विकास गर्नु | कृषि र पशुपालन क्षेत्रलाई व्यवसायिक अनुदान |
| श्रमशक्ति र रोजगारीका अवसरको एकीकृत तथ्याङ्क प्रणाली विकास गर्नु | एकीकृत तथ्याङ्क प्रणाली विकास गर्न सकिने |

## छ. सामाजिक विकास

### शिक्षा

| समस्या | सवल पक्ष |
|---|---|
| निशुल्क र अनिवार्य शिक्षाको कार्यान्वयन गर्न नसक्नु | निःशुल्क पाठ्यपुस्तकको व्यवस्था |
| सुरक्षित (विपद् प्रतिरोधी) पुर्वाधार विकास ...मैत्री भौतिक संरचना नहुनु | जेहेन्दार, महिला, दलित छात्रावृत्तिको व्यवस्था |
| शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी व्यवस्थापन नहुनु | सूचना तथा प्रविधिको प्रयोग |
| स्थानीय पाठ्यक्रम लागु गर्न नसक्नु | स्थानीय विषयको पाठ्यापुस्तक लेखनको काम शुरु भएको |
| विद्यमान जनशक्तिको क्षमता विकासमा ध्यान नदिनु | शिक्षकहरु निरन्तर सिकाईप्रति प्रतिवध्द हुनु |
| बजेटमा शिक्षा प्राथमिकतामा नपर्नु | नगरपालिकाले  शिक्षा ऐन निर्माण गरी लागु गरेको |
| दिवा खाजा कार्यक्रम पूर्णरुपमा लागु गर्न नसक्नु | अधिकांश विद्यालयमा दिवा खाजा ख्वाउने गरिएको |

| | |
|---|---|
| गुणस्तर कमजोर हुनु | नियमित अनुगमन तथा मूल्याङ्कन हुने गरेको |
| प्रअको प्रशासनिक दक्षतामा कमी हुनु | नियमित वैठक हुने गरेको |
| विद्यालयमा समुदायिक सहभागिता कम हुनु | सबै विद्यालयमा विब्यास गठन भएको |
| नीजि शैक्षिक संस्थाहरुको नियमन नगर्नु | सबै नीजि विद्यालयसँग सम्बन्ध स्थापित भएको |
| विद्यालय बालबालिका मैत्री नहुनु | भर्ना दरमा वृद्धि |
| छात्रवृत्ति कार्यकरम प्रभावकारी नहुनु | छात्रवृत्ति कार्यक्रम लागु भएको |
| **चुनौति** | **संभावना** |
| निशुल्क र अनिवार्य शिक्षाको कार्यान्वयन गर्नु | निशुल्क र अनिवार्य शिक्षाको कार्यान्वयन हुने |
| सुरक्षित (विपद् प्रतिरोधी) पुर्वाधार विकास ...मैत्री भौतिक संरचना गर्नु | विद्यालयलाई विपद्को अवस्थामा शुरक्षित स्थलको रुपमा परयोग गर्न सकिने |
| शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी व्यवस्थापन गर्नु | दबन्दी मिलान भई शैक्षिक गुणस्तर बढ्ने |
| स्थानीय पाठ्यक्रम लागु गर्नु | स्थानीय पहिचान, मुल्य र नैतिक आचरण स्थापित हुने |
| विद्यमान जनशक्तिको क्षमता विकास गर्नु | नगरलाई पूर्ण विद्यार्थी भर्ना भएको पालिकाका रूपमा घोषणा गर्न सकिने। |
| प्रयाप्त बजेटको व्यवस्था गर्नु | पुर्ण विद्यालयको अवधारणा अनुरुपको विद्यालय बन्ने |
| दिवा खाजा कार्यक्रम पूर्णरुपमा लागु गर्नु | विद्यालयमा विद्यार्थी टिकाउदर बढ्ने |
| गुणस्तर सुधार गर्नु | गुणस्तर सुधार योजना निर्माण |
| प्रअको प्रशासनिक दक्षतामा विकास गर्नु | विद्यालय प्रशासन चुस्त भई गुणस्तर सुधार हुने |
| विद्यालयमा समुदायिक सहभागिता बढाउनु | विद्यालय सामूदायिकप्रति उत्तरदायी बन्ने |
| नीजि शैक्षिक संस्थाहरुको प्रभावकारी नियमन गर्नु | नीजि विद्यालय पनि देशको शैक्षिक विकास साझेदारको रुपमा स्थापित हुने |
| पूर्ण विद्यार्थी भर्ना भएको पालिकाका बनाउनु | पूर्ण विद्यार्थी भर्ना भएको पालिकाका घोषणा गर्न सकिने |
| छात्रवृत्तिलाई गुस्तरीय जीवनको आधार बनाउनु | शिक्षा मार्फत जातीय विभेद अन्त्यको आधार तयार हुने। |

ज. **स्वास्थ्य**

| समस्या | सवल पक्ष |
|---|---|
| प्रयाप्त र शुरक्षित विद्यमान भौतिक पूर्वाधार नहुनु | पूर्वाधार निर्माणको काम प्रारम्भ भएको |
| आधारभूत स्वास्थ्य सेवा निशुल्क, गुणस्तरीय, विश्वसनीय नहुनु | पालिका पूर्ण खोपयुक्त भएको। |
| स्वास्थ्य विमा कार्यक्रम सबै परिवारसम्म नपुग्नु | स्वास्थ्य विमा कार्यक्रम लागू भएको |
| स्वास्थ्य संस्थामा दक्ष जनशक्तिको अभाव हुनु | करारमा स्वास्थ्य जनशक्ति नियुक्त गरिएको, |

| | |
|---|---|
| सन्तुलित आहारको खानपानमा कमि | पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम लागु भएको। |
| **चुनौति** | **संभावना** |
| भौतिक पुर्वाधार, मेसिन उपकरण तथा सामाग्रीको व्यवस्था गर्नु | स्वास्थ्यसेवा तथा भौतिक पूर्वाधारहरूको सवलीकरण गरेर गुणस्तरीय स्वास्थ्यसेवा प्रदान गर्ने |
| आधारभुत स्वास्थ्य सेवालाई निशुल्क, गुणस्तरीय, विश्वसनीय र समतामूलक बनाउनु | गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहँच पुग्ने |
| स्वास्थ्य विमा कार्यक्रममा सबै परिवारको पहुँच स्थापित गर्नु | स्वास्थ्य बीमाको दायरा विस्तार हुने |
| स्वास्थ्य संस्थामा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु | स्वास्थ्य जनशक्ति व्यवस्थापन भई सेवाको गुणस्तर र विश्वसनीयता बढ्ने |
| पोषणको अवस्थामा सुधार ल्याउनु | पोषणजन्य वस्तुहरूबारे जानाारी गराइ त्यस्ता वस्तु उत्पादन गरी सहजतवरले पोषण आपूर्ति गर्न सकिने। |

**क. महिला, बालबालिका तथा जेष्ठनागरिक**

| उपक्षेत्र | समस्या | सवल पक्ष |
|---|---|---|
| महिला | हिंसा, बिभेद र शोषण कायमै रहनु | महिलाको समानतासम्बन्धी चेतना अभिवृद्धि भएको |
| | रोजगारीका अवसरमा पहुँच नहुनु | क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन भएको |
| | स्वास्थ्यमा पहँच नहुनु | महिला लक्षित स्वास्थ्य कार्यक्रम |
| | **चुनौति** | **संभावना** |
| | मूलप्रवाहीकरण गर्नु | आर्थिक तथा सामाजिक विकासमा मूलप्रवाहीकरण गर्न सकिने |
| | आयआर्हनमा आवध्द गर्नु | उद्योग तथा व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गर्न सकिने |
| | कुरीति एचम् कुप्रथाको अन्त्य | कुरीति एचम् कुप्रथाको विरुध्द सामाजिक जागरण ल्याउन सकिने |
| बालबालिका | **समस्या** | **सवल पक्ष** |
| | जोखिममा रहेका बालबालिकाको लगत नहुनु | बाल संगठन हुनु |
| | | वाल विकास सम्बन्धि विभिन्न गतिविधि सञ्चालन हुनु |
| | **चुनौति** | **संभावना** |
| | बाल संरक्षण | बाल संरक्षण समिति र नगर बाल क्लब सञ्जाललाई सवलीकरण गर्न सकिने |
| | बालबालिकको क्षमता विकास | सिर्जनशील र उत्प्रेरित गरेर रचनात्मक तथा सिर्जनशील र |

| | | |
|---|---|---|
| | | उत्साहित बनाउने |
| | **समस्या** | **सवल पक्ष** |
| | ज्येष्ठ नागरिकहरूको जीवनलाई सहज नहुनु | ज्येष्ठ नागरिकहरूको तथ्याङ्क सङ्कलन भएको |
| | परिवारको माया र सम्मान कम हुनु | सबै वडामा जेष्ठ नागरिक समिती गठन भएको |
| | | ज्येष्ठ नागरिकहरूको पालिकातर्फ विश्वास बढेको |
| जेष्ठ नागरिक | **चुनौति** | **संभावना** |
| | अनुभवजन्य ज्ञानलाई पुस्तान्तरण गर्न | ज्येष्ठ नागरिकले आर्जन गरेका अनुभव तथा सिपलाई नगरपालिकाको विकासमा सदुपयोग गर्न सकिने |
| | ज्येष्ठ नागरिक र युवा पुस्ताबीच निरन्तर संवादको स्थिती बनाउनु | ज्येष्ठ नागरिक र युवा पुस्ताबीच निरन्तर संवाद र अनुभव आदान-प्रदान गर्न सकिने |
| | ज्ञान केन्द्रको विकास गर्नु | स्थानीय विद्यालयहरूमा विभिन्न क्षेत्रबाट अवकास प्राप्त व्यक्तिहरूका अनुभव आदान-प्रदान गर्न सकिने |

घ. **युवा तथा खेलकुद**

| समस्या | सवल पक्ष |
|---|---|
| युवा पलायन हुनु | युवा जनशक्ति धेरै हुनु |
| स्रोतमा युवाको सहज पहुँच सुनिश्चत गर्न नसक्नु | युवा क्लबहरूको उपलब्धता हुनु |
| खेलकुद पूर्वाधारको अपर्याप्तता | खेलकुदका लागि प्रशस्त ठाँउ भएको |
| खेलकुद क्षेत्रमा न्यून लगानी | नगरले खेलकुद विकासको काम शुरू गरेको |
| खेलकुदबाट जीविकोपार्जन हुने अवस्था नरहनु | नीजि लगानीमा नै खेलाडी अभ्यासरत |
| अभिभावकमा खेलकुदप्रति आकर्षण नहुनु | खेलकुदप्रतिको आकर्षण बढ्नु |
| **चुनौति** | **संभावना** |
| युवा पलायन रोक्नु | युवा उद्यमी कार्यक्रमहरू सञ्चालन गर्ने |
| स्रोतमा युवाको सहज पहुँच सुनिश्चत गर्नु | युवा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने |
| खेलकुद पूर्वाधार विकास | कबर्ड हल, खेल मैदान, राष्ट्रिय स्तरको रङ्गशाला निर्माण गर्न सकिने |
| खेलकुद क्षेत्रमा लगानी वृध्दि | व्यावसायिक प्रशिक्षणको व्यवस्था गर्ने |
| खेलकुदबाट जीविकोपार्जन हुने अवस्था सिर्जना गर्नु | व्यावसायिक खेलाडीहरू उत्पादन गर्न सकिने |
| अभिभावकमा खेलकुदप्रति आकर्षण बढाउनु | स्वाथ्यका लागि खेल लागु गर्न सकिने |

| | |
|---|---|
| | |

## ख. कला साहित्य र संस्कृति

| समस्या | सवल पक्ष |
|---|---|
| अल्प संख्यक सामूदायिकको कला, संस्कृतिको संरक्षणमा ध्यान नपुग्नु | जातिय विविधता हुन |
| मातृभाषाको प्रयोग घट्दै जानु | आपसी सद्भाव कायम रहनु |
| कला, संस्कृति प्रवर्ध्दनको ठोस योजना नबन्नु | कला, संस्कृति प्रवर्ध्दनका कार्यक्रम तर्जुमा हुनु |
| मौलिक संस्कृतिमा बाह्य संस्कृतिको प्रभाव बढ्नु | बहु जातीय संग्रहालय निर्माण हुनु |
| आफ्नै सांस्कृतिक मूल्य र परम्पराबारे नयाँ पुस्तालाई प्रशिक्षित गर्न नसक्नु | आदीवासी विकास कार्यक्रम सञ्चालन गर्नु |
| कला, संस्कृति प्रवर्दनको ठोस योजना नबन्नु | आफ्नो सांस्कृतिक मूल्य र परम्पराबारे चासो बढ्नु |
| **चुनौति** | **संभावना** |
| विविधतामा एकता स्थापित गर्नु | विविधतामा एकता स्थापित भई बहु पहिचान स्थापित हुने |
| मातृभाषाको प्रयोग बढाउनु र संरक्षण गर्नु | मातृभाषाको प्रयोग बढेर संरक्षणमा सहज हुने |
| मौलिक संस्कृतिमा बाह्य संस्कृतिको प्रभाव रोक्नु | मौलिक संस्कृतिको जगेर्ना हुने |
| आफ्नो सांस्कृतिक मूल्य र परम्पराप्रति नागरिकलाई आकर्षित गर्नु | आफ्नो सांस्कृतिक मूल्य र परम्पराप्रति प्रतिवध्द भई कला, भाषा र संस्कृतिमा योगदान गर्ने |
| जातीय सद्भाव बढादनु | सामाजिक सद्भाव कायम हुने |
| ऐतिहासिक बाजा, ग्रन्थ र लोक श्रुतिको संकलन र संरक्षण गर्नु | बहु सास्कृतिक संग्रहालय सञ्चालन गर्ने |

## ङ. सामाजिक समावेशीकरण

| समस्या | सवल पक्ष |
|---|---|
| समाजमा छुवाछुत कायम रहनु | लैङ्गिक समानता  र सामजिक समावेशीकरण निति तर्जुमा |
| सेवा प्रवाह स्थल वा कार्यालय ....मैत्री नहुनु | लैङ्गिक हिंसा निवारण कोषको स्थापना र सञ्चालन |
| महिलाको घरेलु श्रमको मुल्याङ्कन नहुनु | लक्षित वर्ग सामूदायिक लक्षित सामाजिक सुरक्षा कार्यक्रम |

| | |
|---|---|
| सडक बालबालिका रहनु | लक्षित वर्ग सामूदायिक केन्दित सीप विकास तालिम सञ्चालन |
| बालश्रम मुक्त गर्न नसक्नु | बाल श्रमिक उद्दार तथा पुस्थापना कार्यक्रम |
| सामाजिक रुपमा हिंसा पडितको पुनस्थापना गर्न नसकिनु | समाजमा बढ्दो सचेतना |
| चुनौति | अवसर |
| सबै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य गर्नु | समाजमा सामाजिक न्याय स्थापित हुने |
| सिमान्तकृत वर्ग सामूदायिकको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु | दिगो विकास लक्षयको कसैलाई पछाडि नछाडौ भन्ने सोच कार्यन्वयन हुने |
| लक्षित वर्ग तथा समयहको आर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु | लक्षित वर्ग तथा समयहको आर्थपूर्ण सहभागिता सुनिश्चित हुने |

## ७. वातावरण तथा विपद् व्यवस्थापन

### क. वन वातावरण जैविक विविधता

| उपक्षेत्र | समस्या | सवल पक्ष |
|---|---|---|
| वन | चोरी निकासी रोक्न नसक्नु | सहभागितामूलक वन संरक्षणको अभ्यास हुनु |
| | वनको दिगो र व्यवसायिक व्यवस्थापन गर्न नसक्नु | वन क्षेत्र धेरै हुनु |
| | मानव वन्यजन्तु द्वन्द | जैविक विविधता |
| | चुनौति | संभावना |
| | आर्थिक उपार्जनमा आधारित दिगो वन व्वयस्थापन | वनबाट आर्थिक लाभ प्राप्त हुने |
| | वन्यजन्तुको अतिक्रमण रोक्नु | हरित वृद्दि हुने |
| | वन पैदावरको चोरी निकासी रोक्नु | चोरी निकासी रोकिने |
| वातावरण | समस्या | सवल पक्ष |
| | जल, वायु तथा माटोमा प्रदुषित हुनु | नविकरणीय उर्जाको पहुँच विस्तार |
| | | जलाधार क्षेत्र संरक्षणमा नागरिक स्तरको चासो |
| | चुनौति | संभावना |
| | प्रदुषण घटाउनु | वातावरण स्वच्छ बन्ने |
| | नविकरणीय उर्जाको खपत बढाउनु | |
| जैविक | समस्या | सवल पक्ष |

| | | |
|---|---|---|
| विविधता | जैविक विविधता आर्थिक उपार्जनसँग जोड्न नसक्नु | ३ वटा जलाधार क्षेत्र हुनु। |
| | वन्यजन्तुको चोरी निकासी | ठुलो वन क्षेत्र हुनु। |
| | | फरक फरक हावापानी पाईनु |
| | चुनौति | संभावना |
| | प्रदुषण घटाउनु | स्वस्थ समाज निर्माण हुने |
| | जलाधार क्षेत्रको संरक्षण | स्थानीय उत्पादनको प्रयोग प्रवर्ध्दन गर्ने। |
| | वनजन्य उत्पादनलाई उद्यमशीलतासँग जोड्नु | आयआर्जनको अवसर सृजना हुने |

फोहर मैला व्यवस्थापन

| समस्या | सवल पक्ष |
|---|---|
| अव्यवस्थित फोहरको वर्गिकरण | शहरी क्षेत्रको फोहर घरघरबाट उठ्ने गरेको |
| सिसा तथा प्लाष्टिक जन्य फोहर व्यवस्थापन | अस्थायी ल्याण्डफिल साइट रहेको |
| ल्याण्डफिल साइट | ल्याण्डफिल साइटको दिगो व्यवस्थापनको काम अगाडि बढेको |
| **चुनौति** | **संभावना** |
| सिसा तथा प्लाष्टिक जन्य फोहर व्यवस्थापन गर्नु | प्लाष्टिकजन्य वस्तुको उत्पादनमा न्युनिकरण हुने |
| फोहर व्यवस्थापनको आम्दानी खर्चमा सन्तुलन कायम गर्नु | जैविक फोहरलाई घर मै व्यवस्थापन गर्न आवश्यक सहजीकरण भई संकलन हुने फोहरको मात्रा घट्ने |
| सबै क्षेत्रको फोहर व्यवस्थापनमा वैज्ञानिक विधि लागु गर्नु | सुविधा सम्पन्न ल्याण्डफिल साइट निर्माण हुने |

**ख.जलवायु परिवर्तन र अनुकुलन**

| समस्या | सवल पक्ष |
|---|---|
| पेट्रोलियम उर्जाको खपत बढ्नु | प्रसस्त वन क्षेत्र |
| प्रदुषण | जैविक विविधताको संरक्षण |
| प्राकृतिक स्रोतको दोहन | नविकरणीय उर्जाको खपत |
| **चुनौति** | **संभावना** |
| जलवायु परिवर्तनका मुद्दाहरुको स्थानीयकरण गर्नु | मौसममा सन्तुलन कायम हुने |

| | |
|---|---|
| प्रदुर्षण नियन्त्रणको प्रभावकारिता अभिवृद्धि गर्नु | अस्वभाविक प्राकृतिक विपद् कम हुने |

विपद् जोखिम न्युनिकरण

| समस्या | सवल पक्ष |
|---|---|
| विपद्को उद्दार प्रभावकारी नहुने | सुरक्षित स्थलको पहिचान |
| उद्दार सामाग्रीको अभाव | जोखिमयुक्त पुर्बाधार  र बस्तिको पहिचान |
| तालिम प्राप्त उद्दार कर्ताको कमी | प्रति कार्ययोजना निर्माण |
| केन्द्रीकृत भण्डार कक्ष | आपत्कालिन सवारी साधनको उपलब्धता |
| चुनौति | संभावना |
| विपद् व्यवस्थापनका लागि स्रोत व्यवस्थापन | विपद् व्यवस्थापन तथा उद्दार कोष सञ्चालन हुने |
| उद्दारको लागि तालिम प्राप्त मानव संसाधन विकास | स्थानीय स्तरमा नै उद्दार कर्ता विकास हुने |
| वस्ति स्तरमा भण्डारको व्यवस्था | उद्दार सामाग्रीको सहज उपलब्धता हुने |
| विपद् प्रतिरोधी पूर्वाधार निर्माण | क्षति कम गर्न सकिने |

## ८. सुशासन तथा संस्थागत विकास

| उपक्षेत्र | समस्या | सवल पक्ष |
|---|---|---|
| तथ्याङ्क प्रणाली | संस्थागत मेमोरी नहुनु | तथ्याङ्क शाखाको जिम्मेवारी दिनु |
| | एकीकृत तथ्याङ्क प्रणाली नहुनु | भएका तथ्याङ्क वेव साइट मार्फत सार्वजनिक गर्नु |
| | प्रविधीमा लागत अनुरुपको लाभ प्रापत नहुनु | प्रविधीमैत्री सेवा प्रवाहको अभ्यास हुनु |
| | चुनौति | संभावना |
| | संस्थागत मेमोरी विकास गर्नु | कामप्रतिको जवाफदेहिता र प्रभावकारिता बढ्ने छ |
| | एकीकृत तथ्याङ्क प्रणाली निर्माण गर्नु | तथ्याङ् प्रणाली व्यवस्थित हुने। |
| | सेवा प्रवाहलाई पुर्ण प्रविधिमैत्री बनाउनु | समय र श्रमशक्ति दुबै घट्ने |
| कर्मचारीको विकास | समस्या | सवल पक्ष |
| | क्षमता विकास कार्यक्रम नहुनु | दरवन्दी अनुरुपका जनशक्ति उपलब्ध हुनु |
| | | सेवा प्रवाह गुनासो रहित हुनु |

| | चुनौति | संभावना |
|---|---|---|
| | आर्थिक श्रोत व्यवस्थापन गर्न | भएका मानव संसाधनको अधिकतम उपयोग हुने |
| | जनशक्तिलाई काम प्रति उत्तरदायी बनाउनु र उत्प्रेरित गर्नु | कार्य सम्पादन गुणस्तरीय र प्रभावकारी हुने |
| पारदर्शिता र सुशासन | समस्या | सवल पक्ष |
| | सबै संस्था र योजनाको सामाजिक परिक्षण नहुनु | वेव साइट अपडेट रहेको |
| | योजनाको मुल्याङ्कन प्रतिवेदन सार्वजनिक नहुनु | मुल्याङ्कन समिति बनेको |
| | | नागरिक वडापत्र रहेको र आंसिक कार्यान्वयन भएको |
| | चुनौति | संभावना |
| | कर्मचारीको क्षमता र कार्यबोझको सन्तुलन गर्नु | जनविस्वास बढ्ने |
| | कामको गुणस्तर प्रति जनताको विस्वास जित्नु | कामको गुणस्तर बढ्ने |
| | सेवाग्राही मैत्री कार्यालय बनाउनु | कार्य सम्पादन चुस्त हने |

### ३.३.१ धरान उपमहानगरपालिका विकासका मार्ग निर्देशक सिद्धान्तहरू

संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ ले स्थानीय तहलाई आर्थिक तथा सामाजिक विकासको अग्रपङ्तिको चालकको रुपमा परिभाषित गरेको छ । संविधानका प्रावधानहरुको अधिनमा रही स्थानीय तहले आवधिक, मध्यमकालिन एवं वार्षिक नीति, योजना, वजेट तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न सक्छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) (क देखि झ) र संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा ३ को उपदफा (१) (क देखि द) ले स्थानीय तहको जिम्मेवारी र कार्य सीमा तोकेका छन् । दिगो विकास लक्ष्य, मौलिक हक, संघीय सरकारको सोह्रौं पञ्चबर्षिय योजना र प्रादेशिक योजनाले राखेका अल्पकालिन, मध्यकालिन र दीर्घकालिन लक्ष्य प्राप्त गर्न स्थानीय तहको जिम्मेवारी महत्वपूर्ण छ ।

एउटै लक्ष्य तथा उद्देश्य भएका कार्यक्रमहरुमा कुनै एक, दुई वा तीनवटै सरकारको संलग्नता रहने व्यवस्था संविधान, कानून तथा कार्यविधिहरुले निर्दिष्ट गरेका छन् । नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४, स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७६ ले स्थानीय तहका योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन र वित्तीय व्यवस्था बारे दायरा तोकेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ र दफा ११ ले योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सरकारका तीन वटै तहका जिम्मेवारी प्रष्ट पारेका छन् ।

सबै नागरिकको आधारभूत आवश्यकताहरू परिपूर्ति, आत्मसम्मानको रक्षा, स्वतन्त्रता तथा नेपालको संविधान २०७२ ले व्यवस्था गरेका सबै मौलिक हकको सुनिश्चित गर्दै वातावरणीय सन्तुलन, सामाजिक समावेशी तथा दिगो विकास लक्ष्यहरू प्राप्तिका लागि निम्नलिखित मार्गनिर्दे शक सिद्धान्तहरू अवलम्बन गरिएको छ :

१. आर्थिक विकास, समृद्धि एवम् गुणस्तरीय जीवनयापन
२. दिगो कृषि प्रवर्ध्दन गरी उत्पादन र उत्पादकत्व वृद्धि
३. नागरिकको सिप तथा दक्षतामा अभिवृद्धि गरी ज्ञानमा आधारित अर्थतन्त्रको विकास
४. वैज्ञानिक भू-उपयोग र भूमि संरक्षण
५. गुणस्तरीय सेवा, समावेशी विकास, सुसूचित समाज तथा सुशासन
६. प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण तथा विपद् व्यवस्थापन
७. मौलिक कला, धर्म, संस्कृतिको संरक्षण, सम्वर्ध्दन र प्रवर्ध्दन
८. सूचना, विज्ञान तथा प्रविधि विकास र सदुपयोग
९. परम्परागत ज्ञान तथा बौद्धिक सम्पत्तिको संरक्षण
१०. राष्ट्रिय स्तरमा स्वीकार गरिएका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि एवं सम्झौताको पूर्ण पालना
११. विकासमा मानव अधिकारमुखी अवधारणा अवलम्बन
१२. विकास साझेदारहरूको एकीकृत प्रयास
१३. संविधान प्रदत्त अधिकारहरू प्रयोग गरी समयानुकूल नीतिगत व्यवस्थाहरूको तर्जुमा

## ३.३ सोहौं राष्ट्रिय योजनासँगको आवद्धता

सोहौं राष्ट्रिय योजनाले **"सुशासन, समाजिक न्याय र समृध्दि"** दिर्घकालिन सोंच लिएको छ। सन् २१०० सम्म अति कम विकसित देशबाट विकासशिल देशमा स्तरोन्नति हुने तथा सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दिर्घकालिन सोंच लक्षित छ।

सोहौं राष्ट्रिय योजनाको दिर्घकालिन सोंचलाई हासिल गर्न ३ वटा प्रमुख उदेश्य निर्धारण गरेको छ, भने उक्त उदेश्य प्राप्तिका लागि ४ वटा समष्टिगत रणनीति तय गरेको छ जुन यसप्रकार छन्।

१. विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरुको पहिचान, सम्बिधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृध्दि गर्ने।
२. सङ्घ, प्रदेश र स्थानीय तीने तह तथा सरकारी, नीजि, सहकारी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदार बीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउदै दिगो विकास योजना कार्यान्वयन गर्ने।
३. विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधीको प्रयोग, वातावरण संरक्षण र विपद् जोखीम न्त्यूनीकरणलाई आन्तरिकीकरण गर्ने।
४. अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् विकास कार्यक्रम कार्यान्वयन गर्ने।

## ३.४ प्रथम प्रादेशिक आवधिक योजनासँग आवद्धता

कोशी प्रदेशले प्रदेशको दिगो तथा व्यवस्थित विकासका लागि आफ्नो प्रथम आवधिक योजना (आर्थिक वर्ष२०७६/७७ - २०८०/८१) तर्जुमा गरी कार्यन्वयन सम्पन्न भएको छ। यस योजनाले राष्ट्रिय दिर्घकालिन सोंच तथा लक्ष्यसँग आवद्धहुने

गरी **“ स्वच्छ सुखी र समुन्नत प्रदेश”** दिर्घकालिन सोंच लिएको लिएको थियो । प्रथम आवधिक योजना सम्पन्न भएको अवस्थामा कोशी प्रदेशले दोस्रो आवधिक योजना अवधारणा पत्र सार्वजनिक गरेको छ । **“सुशासित, खुसी, आर्थिक रुपले गतिशित र समुन्नत प्रदेश”** दिर्घकालिन सोंच र **“शान्ति, समानता र सुशासन सहितको लगानी मैत्री समृध्द प्रदेश निर्माण”** गर्ने लक्ष्य यस योजनाले लिएको छ । यसका लागि ७ वटा समष्टिगत लक्ष्य निर्धारण गरिएको छ ।

१. अर्थतन्त्रका संरचनात्मक अवरोध पहिचान गरी त्यसलाई सम्बोधन गर्दै संरचनाहरुको क्षमता वृद्धि गर्दै रूपान्तरणमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना गर्ने क्षेत्रमा सरकारी र नीजिक्षेत्रको लगानी प्रिचालन गरी उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि हासिल गर्ने ।
२. सङ्घीय सरकार र स्थानीय तहका बीच नतिजामूलक कार्यसम्बन्ध विकास गरी स्रोत परिचालन, योजना कार्यान्वयन तथा सेवा प्रवाह क्षमता विस्तार गरी प्रदेशको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्ने ।
३. प्रदेशको भौगोलिक विविधता र विशिष्टता बीच अन्तरसम्बन्ध कायम गर्दै भौगोलिक तथा पर्यावरणीय विशिष्टताबाट लाभ लिन सक्ने गरी सहभागितामूलक तथा हरित, उत्थानशील एवम् समावेशी विकासमा जोड दिने ।
४. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरूको गुणस्तरमा सुधार, सन्तुलित, समावेशी तथा समन्यायिक वितरणमार्फत सामाजिक न्याय प्रत्याभूत गर्ने ।
५. तथ्यमा आधारित नीति निर्माणमा जोड दिने, सेवा प्रवाहमा पारदर्शिता तथा विश्वसनियता कायम गरी सुशासन अभिवृद्धि गर्ने ।
६. बजारको माग बमोजिम क्षमतावान श्रमशक्तिको बिकास गर्ने ।
७. उत्तर दक्षिण कोरिडोरको १ कि।मि। दायाँ बायाँको क्षेत्रलाई प्राङ्गारिक खेति एकिकृत कार्यक्रममार्फत आर्थिक गतिविधि चलायमान गर्ने ।

**धरान उपमहानगरपालिकाको विकासका मुख्य चालकहरु**

१. गुणस्तरीय ग्रामिण तथा सहरी पूर्वाधार (खानेपानी, सरसफाई, सडक सञ्जाल, विद्युत, सूचना प्रविधी र सञ्चार)
२. सिपमूलक तालिम अभिवृद्दि र आन्तरिक रोजगारी
३. श्रम सचेतना र मानव पुँजिको विकास
४. उद्योग (ठूला, मझौला, साना)
५. बहु क्षेत्रिय पर्यटन
६. सामाजिक साँस्कृतिक विकास

## ३.५. धरान उपमहानगरपालिकाको विकासका अग्रणी क्षेत्र

प्रत्येक नगरपालिकाको आ-आफ्नो महत्व र विशेषता रहेको हुन्छ । साधन र स्रोतको हिसाबले हरेक नगरपालिका एक अर्काबाट फरक हुन्छ । उपलब्ध साधन तथा श्रोत फरक हुनाका कारणले विकासका संभावनाहरु समेत फरक फरक रहेका हुन्छन् । नगरपालिकाले आफ्नो क्षेत्रका विधमान विकासका संभावना (Potentiality) लाई पहिचान गरी सही परिचालन गरेमा विकासको गति तीव्र हुन गई यसबाट दीर्घकालीन सोच हासिल गर्न मद्दत पुग्ने हुन्छ । विकासका लागि पहिचान गरिने यस्ता क्षेत्र एक वा एकभन्दा बढी पनि हुन सक्छन् जसलाई अग्रणी क्षेत्र (Lead Sector) भनिन्छ ।

अग्रणी क्षेत्रको पहिचान प्रत्यक्ष रुपमा सम्भावनासँग सम्बन्धित रहने हुनाले यसको निर्धारणका लागि नगरपालिकाको आर्थिक अवस्था, विकासको गति, विकासका संभावना आदि पक्षको विस्तृत विश्लेषण गरेर कुन क्षेत्रले के कस्तो भूमिका निर्वाह गरीराखेको छ र भविष्यमा यी मध्ये कुन क्षेत्रले अग्रणी भूमिका खेल्न सक्छ, त्यसको निक्यौल गर्न धरान उपमहानगरपालिकाले सरोकारवालाहरुको व्यापक सहभागितामा कार्यशाला आयोजना गरेको थियो । सो कार्यक्रममा धरान उपमहानगरपालिकाका लागि अग्रणी क्षेत्रको पहिचान गर्न सहभागीहरुलाई चार समूहमा विभाजन गरिएको थियो। सहभागीहरुबाट शिक्षा, व्यवसायिक कृषि, उद्यम, पर्यटन, प्रशासनिक ईकाइ, स्वास्थ्य जस्ता क्षेत्रहरुको प्रस्ताव गरिएको थियो। प्राप्त सुझावका आधारमा योजना टोलीको बैठकद्वारा धरान उपमहानगरपालिकाका अग्रणी क्षेत्रहरुका रुपमा कुनै श्रेणीक्रममा नराखीकन शिक्षा (Education)**,** स्वास्थ्य (Health)**, रैथाने सीप (Local Skill),** श्रम सस्कृति (Labor Culture), पर्यटन (Tourism), व्यापारिक पूर्वाधार (Trade InfrastructuRes), बहु-साँस्कृतिक (Multi-cultural) आवासिय(residential) लाई आत्मसात् गर्ने निर्णय गरिएको छ।

उपमहानगरपालिका भन्नासाथ आर्थिक क्रियाकलापहरु बढी हुने, गैर कृषि व्यवसायहरु सक्रिय हुने, जनघनत्व उच्च हुने एवं कर (Tax) को दायरा फराकिलो पार्न सकिने बसोबास क्षेत्र भन्ने बुझिन्छ। उपमहानगरपालिकालाई आर्थिक रुपले सक्षम बनाई आर्थिक-सामाजिक विकासको मूल फुटाउन उद्यम (व्यवसाय, उद्योग, रोजगारी आदि) को सबैभन्दा ठूलो हात हुने तथ्यमा दुईमत नहोला। यसै परिप्रेक्ष्यमा धरान उपमहानगरपालिकाको अग्रणी क्षेत्र भनेर पहिचान गरिएका ८ वटा क्षेत्र ( शिक्षा, स्वास्थ्य, रैथाने सीप, श्रम सस्कृति, पर्यटन, व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक र आवासियलाई धरान उपमहानगरपालिकाको आर्थिक विकास हुने परिकल्पना गरिएको छ। यसकालागि शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक र आवासिय क्षेत्रलाई नगर विकासका प्राथमिक क्षेत्रका रुपमा विकसित गर्दै लैजाने सोचाइ धरान उपमहानगरपालिकाले राखेको छ जसका आधारहरु निम्नानुसार छन् :

**(क) शिक्षा :** धरान उपमहानगरपालिका शैक्षिक संस्थाहरुका लागि उपयुक्त स्थल हो। समुचित पूर्वाधार उपलब्ध गराउन सके दार्जिलिङ्ग, देहरादूनकै जस्तो प्राकृतिक वातावरण एवं हावापानीमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने धरानलाई शैक्षिक गन्तव्य (Education Hub)को रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ। धरान नगरपालिका शिक्षा क्षेत्रमा निकै अग्रस्थानमा रहेको देखिन्छ। किनकी ग्रामीण भेग र छिमेकी पालिका र जिल्ला मात्र नभई नेपाल र विदेशबाट समेत शिक्षा आर्जन गर्ने अवसर प्रदान गर्ने शहरको रुपमा परिचित छ। डाक्टर, ईन्जिनियर जस्तो जनशक्ति उत्पादन गर्ने थलोको रुपमा लिन सकिन्छ। तर यसकोलागि सरकारी वा धरान उपमहानगरपालिकाको प्रयास मात्र पर्याप्त नभई निजी लगानीकर्ताहरुको भूमिका पनि महत्वपूर्ण रहन्छ । शैक्षिक क्षेत्रको विकासले यस धरान उपमहानगरपालिकामा अन्य आर्थिक गतिविधिहरुलाई उर्जा प्राप्त हुने निश्चित छ।

**(ख) स्वास्थ्य**: पुर्वाञ्चल विकास क्षेत्रको स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा दिन सफल विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठनको भुमिका महत्वपूर्ण रहेको छ। स्वास्थ्य उपचार सेवा मात्र नभई दक्ष स्वास्थ्य प्राविधिक उत्पादन गर्नमा समेत ठूलो योगदान दिदै आएको छ । त्यसैले धरान उपमहानगरपालिकाको परिचय स्वास्थ्यसंग पनि घनिष्ट रहेको देखिन्छ।

**(ग) रैथाने सीप:** धरान बहुजातीय तथा बहु साँस्कृतिक शहर हो । सामूदायिकले आफ्नै अनुभवले आर्जन तथा संरक्षण गरेका अति महत्वपूर्ण ज्ञान, सीप र प्रविधि हाम्रा सामूदायिकमा पर्याप्त छन्। आरनमा भाँडा बनाउने,

जुत्ता, स्थानीय पोसाक, माटाका भाँडा निर्माण गर्ने, डाला, नाङ्ला, सुपा, भकारी, डोका, नाम्ला बुन्ने, विभिन्न भाँडा र आकार निर्माण गर्ने, कलाकृतिहरू निर्माण गर्ने लगायतका सीपमा आधारित स्थानीय उत्पादन यहाँको आर्थिक विकासको मेरुदण्ड बन्न सक्ने संभावना रहेको छ।

**(घ) श्रम संस्कृति :** धरानले आफुलाई श्रमदानमा आधारित विकास मोडलको अभ्यास गर्दै आएको छ। पछिल्लो समय यसले अभियानको रुप लिईरहेको छ। यसले धरानको विकासमा सामुदायिकलाई उत्तरदायी बनाउनका साथै समृध्द धरानको आधार बन्ने देखिन्छ।

**(ङ) पर्यटन :** स्वच्छ हावापानी, डाँडाकाँडा, साना तर सुन्दर बस्तीहरु, यातायातको सुगमता, ठूला शहरहरु ( इटहरी र बिराटनगर) सँगको सामिप्यता आदि नै धरान उपमहानगरपालिकाका पर्यटकीय आकर्षण हुन् । धर्मावलम्बी पर्यटककालागि केही धार्मिक स्थलहरु समेत रहेको यो धरान उपमहानगरपालिकाराई र लिम्वु सामूदायिकको उद्गम स्थल र एकमात्र बसोबास स्थल हुनाले सामाजिक अध्ययनको लागि पनि आकर्षणको स्थल बनेको छ। गर्मी याममा तराई र मधेशको सट्टा धरानमा आई सभा, सेमिनार आदि गर्न, प्रोत्साहन गर्न सकिन्छ। स्वस्थ हावापानी सुन्दर भौगोलिक वनावट, तराई र पहाडको संगम स्थलका साथै धार्मिक तिर्थस्थल समेतको सामान्यस्थता भएको शहरको रुपमा धरान उपमहानगरपालिकालाई लिन सकिन्छ।

**(च) व्यापारिक पूर्वाधार:** धरानको ऐतिहासिक विकास क्रमदेखी आजको वर्तमान अवस्थासम्म हेर्दा यो शहर व्यापारीक केन्द्रको रुपमा रहदै आएको बुझिन्छ। स्वदेशी ठूला शहरहरु र भारतीय व्यापारीक केन्द्रहरु यो शहरबाट नजिक रहेको छ। ठुला शहर र ग्रामीण क्षेत्रको समेत संगम स्थल भएकोले पनि अनुकुल व्यापारीक पूर्वाधार युक्त शहर भन्न सकिन्छ।

**(छ) वहुसांस्कृतिकः** धरान उपमहानगरपालिकाभित्र धेरै जात जातिहरुको बसोबास रहेको छ। जाति अनुसार धर्म, भाषा, भेषभुसा धार्मिक तथा सांस्कृतिक परम्परा र रीतिरिवाज पनि विविध प्रकारको रही आएको देखिन्छ। नेपाली ग्रामीण भेगका मात्र नभई तराईका आदीबासी र भारतीय मुलका मानिसहरु समेत रहदै आएका छन्। यसरी विविध प्रकारका जाति अनुसारका धार्मिक मुल्य र मान्यता रीतिरिवाज र संस्कारको संगम स्थल रहेकोले पनि वहुसांस्कृतिक परिचय दिने शहरको रुपमा रहेको छ।

**(ज) आवासीयः** धरान उपमहानगरपालिका पहाडी ग्रामीण भेग र तराईको संगम स्थलको रुपमा रहेको छ। यहाँको भौगोलिक वनावट, हावापानी, गुणस्तरीय, स्वास्थ्य शिक्षाको प्रसस्त अवसर, यातायात, संञ्चार, विद्युतको शुलभता यस शहरमा रहेको छ। आधुनिक किसिमको सुविधा युक्त वस्तिहरु यहाँका आकर्षणका केन्द्र हुन्। धार्मिक र पर्यटकीय स्थलहरु रहेकोले पनि यो शहरलाई आवासीय शहरको रुपमा स्थापित भएको र अझ विकसीत आवास योग्य शहरको रुपमा विकास गर्न सकिन्छ।

## ३.६. विकासका साझेदार क्षेत्र र तिनको भूमिका

### क. सार्वजनिक क्षेत्र

मुख्यतया आधारभुत सेवा सुबिधाको व्यवस्थापनमा सार्वजनिक क्षेत्रको अग्रणी भूमिका रहन्छ। आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकास गर्ने, नीतिगत तथा कानुनी व्यवस्था गर्ने, प्रक्रियागत सुधार तथा नियामक निकायको भूमिका निर्वाह गर्ने, विकासका अन्य साझेदारसँग सहकार्य गर्दै लगानीको वातावरण सिर्जना गर्ने तथा उनीहरुको कार्यमा

सहजीकरण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्दछ । सामाजिक न्याय कायम गर्न, उच्च दिगो र समावेशी आर्थिक वृद्धि गर्ने तथा सुशासन कायम गर्ने कुरामा सार्वजनिक क्षेत्र केन्द्रित रहन्छ ।

**ख. सहकारी क्षेत्र**

नेपालको संविधानले अंगिकार गरेका नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरे अनुरुप सहकारी क्षेत्रले सहकारी मूल्य मान्यता र सिद्धान्तको अनुसरण गर्दै समग्र विकास प्रक्रियामा सहयोगी भूमिका निर्वाह गर्दछ ।

सरकारको प्रत्यक्ष संग्लग्नता नहुने तथा निजि क्षेत्र आकर्षित नहुने क्षेत्रमा सहकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ । स्थानीय स्रोत साधन, श्रम, सिप र पुँजीलाई व्व्यक रुपमा परिचालन गरी रोजगारी तथा आय वृद्धि गर्न सहकारी क्षेत्रको अहम भुमिका रहन्छ । विशेषगरी जनसामूदायिकलाई संगठित गरी आर्थिक तथा सामाजिक विकासका लागि सहकारीले भूमिका खेल्न सक्छ । कृषि, उद्यम विकास, रोजगारी सिर्जना, सामूदायिकको विकासमा सामुहिक रुपमा स्थानीयलाई संग्लग्न गराउन सकिन्छ ।

**ग. निजि क्षेत्र**

समग्र विकासको प्रक्रियामा निजि क्षेत्रले अहम भूमिका निर्वाह गर्दछ । नेपाल सरकार तथा नगरपालिकाको कानुनको अधिनमा रही निजि क्षेत्रले कार्य गर्दछ । निजि क्षेत्रले प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक - निजि साझेदारीको अवधारणा अनुरुप जोखिमको न्यायोचित बाँडफाँड गरी विकास निर्माण कार्यमा साझेदार गर्दछ । विषेश गरी नाफामुखी क्षेत्रमा निजि क्षेत्रको संग्लग्नता मार्फत सरकार र निजि क्षेत्रको सहकार्य हुन्छ । सरकारले निजि क्षेत्रलाई लगानीको उपयुक्त वातावरण सिर्जना गर्ने तथा लगानीको सुरक्षाको प्रत्याभूति गराई लगानीका लागि प्रोत्साहन गर्नेछ । निजि क्षेत्रमा रहेको नवीनतम सोंच, आधुनिक प्रविधि र पुँजीको सदुपयोग गरी रोजगारीको सिर्जना तथा उत्पादकत्व वृद्धि गर्न सकिन्छ ।

**घ. गैरसरकारी संस्था, नागरिक समाज सामुदायिक क्षेत्र**

गैरसरकारी संस्था, नागरिक समाज सामुदायिक संस्थाले समग्र विकासको प्रयासमा सकारात्मक तथा रचनात्मक भूमिका खेली सहयोग पुर्याउछन । सामूदायिक लक्षित कार्यक्रम संचालनमा सामूदायिक तथा उपभोक्ताको भूमिका उल्लेखनीय रहन्छ । समुह परिचालन, जनाचेतनामा वृद्धि, लैंगिक समानता, शसक्तिकरण, आधारभूत सेवा प्रवाह, स-साना पूर्वाधार निर्माण स्थानीय स्रोत साधनको परिचालन लगायतका क्षेत्रमा गैरसरकारी क्षेत्रको परिचालन गर्न सकिन्छ । साथै पछाडी परेको क्षेत्र तथा सामूदायिकको विकास, उत्पादकत्व वृद्धि र सेवा प्रवाहमा सहयोग गरी पारदर्शिता, जवाफदेहिता, मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ यस क्षेत्रको भूमिका महत्वपुर्ण रहन्छ ।

## ३.७. धरान उपमहानगरपालिकाको दूरदृष्टि

नेपालको राष्ट्रिय दिर्घकालिन सोंच तथा लक्ष्य, १६ औं राष्ट्रिय आवधिक योजनाको दिर्घकालिन सोंच र लक्ष्य र कोशी प्रदेशको प्रथम आवधिक योजनाको दिर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्यलाई आत्मसाथ गर्दै धरान नगरपालिकाको समग्र विकासका लागि दिर्घकालिन सोंच निर्धारण गरिएको छ । नगरपालिकामा उपलब्ध साधन, स्रोत, आवश्यकता, संभावना र अवसरहरुको आधारमा धरान उपमहानगरपालिकाको दिर्घकालिन सोचको निर्धारण गरिएको छ ।

**स्वास्थ्य, शिक्षा, रैथाने सीप, श्रम सस्कृति र आन्तरिक पर्यटन !**

**व्यापारिक पूर्वाधार सहितको बहु सास्कृतिक हराभरा आवासीय सहर धरान !!**

### ३.७.१ दीर्घकालीन सोचको विशेषता

१. १. धरान उपमहानगरपालिकामा विविध संस्कृति जाति, धर्म, भाषा, पेशा भएता पनि सांस्कृतिक रुपले आफ्नो नगरको पहिचान अनुकरणिय रुपमा प्रस्तुत गर्नै अभिलाष बोकेका छन् । यि तिनै शाब्दिक अर्थसंग उदेश्य प्राप्ति गर्ने तिब्र भिलाषका साथ यो शब्द चयन गरिएको छ । दीर्घकालिन सोचको आधारमा परिकल्पना गर्न खोजिएको शहर ( माथिका ) विभिन्न क्षेत्रमा आशातित उपलव्धी हासिल गरे पश्चात एउटा "समृद्ध शहरको" रुपमा देख्न सकिने परिकल्पना गरिएको छ ।

२. जीवनस्तर (Quality of life) उकास्न आवश्यक तीन पक्षहरुः वातावरण (Environment) बसोबासकोलागि उपयुक्तता (Liveability) एवं आर्थिक सबलता (Economic Strrength) लाई सम्बोधन गरिएको छ ।

३. सरोकारवालाहरुसँगको व्यापक छलफलबाट तयार पारिएको यो सोच सरल भईकन पनि सबैको भावना समेट्न सफल छ ।

दीर्घकालीन सोचले परिकल्पना गरेको शहर शिक्षित, स्वस्थ्य, पर्यटकिय, व्यापारिक पूर्वाधार युक्त वहु-सांस्कृतिक र आवासीय शहर भन्ने अर्थ राख्दछ ।

### ३.८. धरान उपमहानगरपालिकाको लक्ष्य

उपलब्ध स्रोत र साधनको विवेकपूर्ण उपयोग बाट धरान उपमहानगरपालिलाई सामाजिक, आर्थिक तथा संस्थागत रूपमा समृद्ध नगरको रुपमा स्थापित गर्ने ।

### ३.९. धरान उपमहानगरपालिकाको उद्देश्य

**क. आर्थिक विकासको उद्देश्य**

धरान उपमहानगरपालिकाको आत्मनिर्भर अर्थतन्त्र विकासको लागि स्थानीय स्रोत साधनको दिगो उपयोग र प्रभावकारी व्यवस्थापन मार्फत कृषि, पशु, पर्यटन क्षेत्रको उत्पादकत्व वृद्धि गर्दै उद्यमशिलता र रोजगारीका अवसरहरु सृजना गरी सामाजिक न्याय सहितको समतामूलक आर्थिक विकास गर्नु ।

**ख. सामाजिक विकासको उद्देश्य**

शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवालाई गुणस्तरीय, सर्वसुलभ र निःशुल्क बनाउँदै सबै वर्ग एवं सामूदायिकको सहज पहुँचमा जोड दिदै समानता तथा समावेशीकरणका आधारमा समतामूलक समाजको आधार निर्माण गर्नु ।

**ग. भौतिक पूर्वाधार विकासको उद्देश्य**

गुणस्तरिय, आधुनिक, दिगो र वातावरण मैत्री पूर्वाधारको विकास गरी नगरपालिकाको सन्तुलित विकास गर्नु ।

**घ. वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य**

वन, वातावरण, जलाधार तथा जैविक विविधताको संरक्षण गर्नु साथै प्राकृतिक तथा मन सृजित विपद प्रतिकार्यको तयारी गरी विपद् बाट हुने क्षति कम गर्नु ।

**ङ. संस्थागत विकास तथा शासकीय सुधारको उदेश्य**

सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम उपयोग मार्फत संस्थागत सम्झनायुक्त संयन्त्रको विकास गरी संस्थागत सहकार्य र समन्वय मार्फत छिटो छरितो, प्रभावकारिता, जवाफदेहिता, पारदर्शिता सेवा प्रवाह मार्फत सुशासन कायम गर्नु ।

## ३.१०. समष्टिगत रणनीति

१. दीर्घकालिन सोचको मर्मलाई हृदयंगम गर्दै निम्न रणनीति तय गरिएको छ :

२. आगामि ५ वर्षको योजना अवधिका लागि दीर्घकालिन भौतिक बिकासको अवधिका लागि दीर्घकालिन भौतिक बिकासको अवधारणा प्रतिपादन गरी योजना ढाँचा (Planning FFamewoRk) तयार गर्ने ।

३. आगामि २० वर्षको योजना अवधिमा वृद्धिहुने जनसंख्याको जनजीवनमा गुणात्मक सुधार ल्याई जीवन स्तर वृद्धि गर्नको लागि न्यूनतम आवश्यकताहरुः आवास, रोजगारी, सार्वजनिक सेवा/सुविधाहरु तथा अन्य भौतिक पूर्वाधारहरुको आपूर्ति तर्फ प्रयत्नशील हुने ।

४. शहरीकरणको प्रभावहरुबाट उपमहानगरपालिकाको स्वच्छ वातावरणलाई बिग्रन नदिई प्राकृतिक र मानव निर्मित वातावरण विचको सन्तुलन ल्याई सवै प्रकारका मानविय गतिविधिको लागि स्वच्छ एवं रमणीय भौतिक वातावरणको श्रृजना गरी दिगो विकास तर्फ उन्मुख हुने ।

५. पालिकालाई; आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनैतिक रुपले समतामूलक र समावेशी शहरको रुपमा विकास गर्ने ।

६. व्यापारिक तथा औद्योगिक कृयाकलापहरु अभिवृद्धि गर्ने वातावरणको श्रृजनागरी नगरको आर्थिक विकासमा टेवा दिने ।

७. भौतिक विकास मात्र समग्र विकास नभई सामाजिक विकासको दायरालाई समेत फराकिलो बनाई महिला,अपाङ्ग, एकल महिला, बालबच्चा, वृद्धका साथै सिमान्तकृत वर्गलाई समेटी समावेशी सामाजिक विकास गर्ने ।

८. भौगोलिक, राजनैतिक र साँस्कृतिक रुपमा धरान उपमहानगरपालिकाको आफ्नो मौलिक पहिचान स्थापित गर्ने ।

९. कृषि तथा पशुजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउन आधुनिकीकरण र व्यावसायिकीकरणमा जोड दिने ।

१०. कृषि तथा वनमा आधारित उद्यम विकास गरी पालिकाको उत्पादन, आय तथा रोजगारी वृद्धिमा जोड दिने ।

११. स्थानीय सीप, प्रविधि र पूँजीको उच्चतम उपयोग एवं संरक्षण गर्दै रोजगारी सिर्जना र स्वरोजगार प्रवर्द्धनमा जोड दिने ।

१२. शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवा सुबिधा निःशुल्क र सर्वसुलभ गर्दै समतामूलक समाज निर्माण गर्ने ।

१३. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको सिद्धान्त सबै क्षेत्रमा लागु गर्ने ।

१४. स्थानीय भाषा, धर्म, संस्कति, कला तथा साहित्यको संरक्षण, प्रवर्द्धन र विकासमा जोड दिने।

१५. स्थानीय भाषा, धर्म, संस्कति, कला तथा साहित्यको संरक्षण, प्रवर्द्धन र विकासमा जोड दिने ।

१६. पर्यटन गन्तब्य, वस्तु र सेवाको विकास तथा विविधिकरण गर्ने ।

१७. सुरक्षित र व्यवस्थित आवासको हकलाई आत्मसात गर्दै विपद जोखिम न्यूनिकरण हुने गरी सुरक्षित बसोबासको प्रवन्धमा जोड दिने ।

१८. सन्तुलित र दिगो विकासका लागि सार्वजनिक, निजी, सहकारी तथा निजि क्षेत्र बीच सहकार्य र समन्वयलाई प्राथमिकतामा राख्ने ।
१९. प्रविधिमैत्री सार्वजनिक प्रशासन मार्फत जवाफदेहिता, पारदर्शिता, नमुनायोग्य र परिणाममुखी शासन व्यवस्था सञ्चालन गर्दै नतिजामुखी प्रणालीको विकास गर्ने ।
२०. स्थानीयस्तरमा योजना छनौटदेखि कार्यान्वयन तहसम्म नागरिकसँग सहकार्य, समन्वय र साझेदारीमा जोड दिने ।
२१. अध्ययन तथा अनुसन्धानलाई प्राथमिकतामा राख्नe .

## ३. ११ नगर विकासका सिद्धान्तहरु

दीर्घकालीन सोचको आधारमा धरान उपमहानगरपालिका क्षेत्रको विकासको प्रतिवद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्तितर्फ विकास प्रयासलाई डो¥याउने गरी विकासका सिद्धान्तहरु तय गरिएका छन् :

**(क) जनसहभागितात्मक विकास कार्यहरुको संचालन**

- ❖ उपभोक्ता समूहको सुढृढीकरण
- ❖ सामूदायिकमा आधारित संगठनहरुको विकास
- ❖ स्थानीय गैरसरकारी संस्था र निजी क्षेत्रको परिचालन
- ❖ सरकारी तथा निजी साझेदारी

**(ख) जनसवलीकरण एवं समावेशी विकास**

- ❖ सेवा र सुविधामाथि सबैको समान पहुँच
- ❖ दलित, उपेक्षित तथा जनजाति उत्थान
- ❖ मानवीय विकास

**(ग) प्राकृतिक श्रोतको दिगो उपयोग**

**(घ) वातावरण मैत्री विकास**

**(ङ) आर्थिक गतिविधिमा अभिवृद्धि**

- ❖ स्थानीय श्रोत, साधन र सीपको उपयोग
- ❖ रोजगारीको अवसरमा अभिवृद्धि
- ❖ गरीबी न्यूनीकरण

## ३.१२. धरान उपमहानगरपालिकाको सन्दर्भमा दिगो विकास लक्ष्यहरूको स्थानीयकरण, परिणामात्मक लक्ष्य र सूचकहरू

यस आवधिक योजनाले दिगो विकास लक्ष्य २०३० लाई धरान उपमहानगरपालिकाको सन्दर्भमा स्थानीयकरण गरी नगरपालिकाको विकास कार्यक्रमहरूमा आत्मसाथ गदै यसका सूचाङ्कहरूलाई आधार मानेर स्थानीय तहको योजनामा आत्मासातिकरण गर्नुपर्छ । यस प्रक्रियाले दिगो विकास लक्ष्यहरूले निर्दिष्ट गरे बमोजिम राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिवध्दता हाँसिल गर्नु सहयोगी भूमिका खेल्नेछ ।

| दिगो विकास लक्ष्य १: सबै स्थानहरूबाट सबैखाले गरीवीको अन्त्य | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगर पालिका<br>२०८६ (सन् २०२९) |
| परिलक्ष्य १.१ सन् २०३० सम्ममा सबै स्थानको अति गरीवीको (हालको मापनमा अमेरिकी डलर १.२५ प्रतिदिन भन्दा कम आयमा जीउने मानिसहरू) अवस्थाको अन्त्य गर्ने | दैनिक १.२५ डलर भन्दा कम आम्दानी भएको जनसङ्ख्या न्युनिकरण गर्ने | | ० मा झार्ने |
| १.१.२ प्रतिव्यक्ति आम्दानी राष्ट्रिय स्तरमा | प्रतिव्यक्ति आय अमेरिकी डलरमा | २६४ | २७० |
| परिलक्ष्य १.३: राष्ट्रिय रूपमा उपयुक्त सामाजिक संरक्षण प्रणाली लागू गर्ने तथा आधारसहितका सबै मापदण्डहरू अपनाउने, र सन् २०३० सम्म गरीवी र विपन्निामा उल्लेख्य सुधार हाँसिल गर्ने | १. जातीय विभेदका औपचारिक तथा अनौपचारिक मुद्दा | हाल विभेद छ | ० मा झार्ने |
| | २. सामाजिक सुरक्षा नीति तयार गरी सबै वडामा लागू गर्ने | हाल छैन | कार्यान्वयन भएको हुने |
| | ३. 'समान ज्याला : समान काम' नीति निर्माण गरी लागू गर्ने | हाल छैन | कार्यान्वयन भएको हुने |
| परिलक्ष्य १.४: सन् २०३० सम्ममा, विशेषत: सबै महिला र पुरूषहरू, गरीव र जोखिमपूर्णहरूका लागि आर्थिक स्रोतका साथै आधारभूत सेवामा पहुँच, भूमिमा स्वामित्व र नियन्त्रण तथा सम्पतिका अन्य प्रकारहरू पैतृक, प्राकृतिक स्रोतहरू, उपयुक्त नयाँ प्रविधी र लघुवित्त सहितका वित्तिय सेवामा समान अधिकार सुनिश्चित हुने, | . नगरपालिका र नागरिक सञ्चालन गर्ने कार्यक्रमा सबैको सहभागिता सुनिश्चित गर्ने | प्रयास भइरहेको छ। | नीति कार्यान्वयन भएको हुनेछ |
| | . बजार समितिहरूमा महिला र पुरुषको समान सहभागिता सुनिश्चित | हाल छैन | ५० प्रतिशत महिला |
| | . नगरपालिका र नागरिक सञ्चालन गर्ने कार्यक्रमा सबैको सहभागिता सुनिश्चित गर्ने | प्रयास भइरहेको छ। | नीति कार्यान्वयन भएको हुनेछ |
| परिलक्ष्य १.५: सन् २०३० सम्ममा, गरीवी तथा जोखिमपूर्ण स्थितीमा रहेकाहरूको विपद् तथा अन्य प्रतिकुल परिस्थितीको सामना गर्नु सक्ने क्षमता विकास गर्ने र जलवायु-सम्बन्धी अति विपत्तिजन्य घटना तथा अन्य आर्थिक, | उत्थानशील योजना तयारी गरी लागू गर्ने | हाल छैन | उत्थानशील योजनामुलाविक कार्यक्रमहरू सञ्चालन भएको |

| | | | |
|---|---|---|---|
| सामाजिक तथा वातावरणीय पराकम्प एवं विपद्हरूको असर कम गदै उनीहरूको सवलीकरण गर्ने | | | हुनेछ |

| दिगो विकास लक्ष्य २: भोकमरीको अन्त्य, खाद्य सुरक्षा र उन्नत पोषण हाँसिल गर्ने र दिगो कृषिको प्रवर्ध्दन गर्ने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य २.१: सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने तथा सम्पूर्ण मानिसहरू खासगरी शिशुलगायत गरीव एवं जोखिमपूर्ण अवस्थामा रहेका मानिसहरूको सुरक्षा, पोषणयुक्त र प्रयाप्त खानाको वर्षभरी पहुँच सुनिश्चित गर्ने, | विपन्न परिवारका महिलालाई गर्भावस्था तथा सुत्केरी समयमा तीन वर्षसम्म पोषण भत्ता उपलब्ध गराउने नीति तयार गरी कार्यान्वयन गरिनेछ | हाल छैन | कार्यान्वयन भएको हुनेछ |
| परिलक्ष्य लक्ष्य २.३ : सन् २०३०सम्म विशेषतः महिला, आदिवासी, जनजाति, पारिवारिक कृषक, वस्तुभाउ पाल्ने व्यक्ति र मछुवाहरूको कृषि उत्पादकत्व, जमिन, अन्य उत्पादनशील साधन तथा लगानी ज्ञान, वित्तीय सेवा, बजारका साथै मूल्य अभिवृद्धि र गैरकृषि रोजगारी जस् ता अवसरमा सुरक्षित र समान पहुँचको माध्यमबाट समानस् तरका खाद्यान्न उत्पादकको कृषि उत्पादकत्व तथा आम्दानी दोब्बर गर्ने | . सबै किसानले बाली उत्पादन पात्रो तयारी गरी सोहीमुताविक उत्पादन गर्नेछन् | हाल छैन | ९५ प्रतिशतभन्दा बढी किसानले वार्षिक उत्पादन पात्रो तयार गरेका हुनेछन् |
| | २. जनताको सहभागितामा बजार केन्द्रहरु स्थापना भई सञ्चालनमा रहेका हुनेछन् | हाल छैन | प्रत्येक वडामा कम्तिमा १ बजार केन्द्र रहेका हुनेछन् |
| | ३. जनताको सहभागितामा कृषि आपूर्ति केन्द्र स्थापना | हाल छैन | २ वटा |
| | ४. जनताको सहभागितामा पालिकाले उद्योगहरू सञ्चालन गरेको हुनेछ | हाल छैन | ३ वटा उद्योग |

| दिगो विकास लक्ष्य ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चित गदै समृध्द जीवनस्तर प्रवद्धन गर्ने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य ३.१: सन् २०३० सम्ममा विश्वव्यापी मातृ मृत्युदर अनुपात प्रति १ लाख जीवित जन्ममा ७० भन्दा कम | १. संस्थागत सुत्केरी सुविधा | . | प्रतिशत |
| | २. मातृ मृत्यु दर प्रति १ लाख जीवित बच्चामा | | |

| | | | |
|---|---|---|---|
| गर्ने | | | |
| परिलक्ष्य ३.४: सन् २०३० सम्मा उपचार र रोकथामबाट नसर्ने रोगबाट हुने असामयिक मृत्युदर एक-तिहाईमा घटाउने तथा मानसिक स्वास्थ्य र स्वस्थ जीवनको प्रवर्ध्दन गर्ने | १. धरान स्वास्थ्य चौकीको स्तरोन्नती गरी सुविधा सम्पन्न नगर अस्पिताललाई बनाउने | हाल छैन | १ सुविधा सम्पन्न १५ शैयाको नगर अस्पताल |
| | २. नसर्ने रोगबाट हुने मृत्यु | | ५ प्रतिशतम झार्ने |
| | . सबै पालिकावासीको स्वास्थ्य बिमा कार्यक्रम निरन्तर हुनेछ। | | सबै नागरिकले स्वास्थ्य विमा गरेका हुनेछन। |
| | . पालिकावासीको स्वास्थ्य प्रोफाइल तयार भएको हुनेछ | हाल छैन | ८० प्रतिशतभन्दा वढी नागरिकको स्वास्थ्य प्रोफाइल तयार भएको हुनेछ। |
| लक्ष्य ३.५: लागूपदार्थ दुर्व्यसन तथा मध्यपानको कुलत/हानीकारक प्रयोगसमेतको उपचार तथा निदानमा सुदृढीकरण गर्ने | १. मादक पदार्थ सदुपयोग आचारसंहिता निर्माण तथा कार्यान्वयन | हाल छैन | १ वटा |
| परिलक्ष्य ३.६: सन् २०२० सम्ममा सडक सवारी दुर्घटनाबाट हुने विश्वव्यापी मृत्यु र घाइते हुने दर ५० मा % झार्ने | .नगरपालिकाभित्र सुरक्षित सडक | | ८० प्रतिशत पुर्याउने |
| | १. प्रजनन स्वास्थ्य कार्यक्रम | | लागु भएको हुने |
| | . स्वास्थ्य बिमा कार्यक्रममा जनता सहभागी भएका हुनेछन् | | सतप्रतिशत |

| दिगो विकास लक्ष्य ४: सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सिनिश्चित गर्ने र जीवनपर्यन्त सिकाई अवसरहरूको प्रवर्ध्दन गर्ने। | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य ४.१: सन् २०३० सम्ममा सबै छात्र/छात्रालाई सान्दर्भिक साथै सिकाइका सकारात्मक उपलब्धितिर डोहोर्याउनका लागि उनीहरूका निम्ति निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चित गर्ने | १. १.प्राथमिक विद्यालयमा खुद भर्ना दर | १२१.६९ | |
| | २. प्राथमिक तह पूरा गर्ने दर | | |
| | ३. ३देखि २४ वर्षको साक्षरता दर | | |
| | ४. ४माध्यमिक विद्यालयमा खुद भर्ना दर | | |
| परिलक्ष्य ४.३: सन् २०३० सम्ममा सबै महिला र पुरूषहरूमा सर्भसुलभ र | १. आइ.सी.टी. ल्याव सुविधा भएका विद्यालय | | |
| | २. विद्यालयका भौतिक | ० | नयाँ बन्ने संरचनामा १०० |

| | | | |
|---|---|---|---|
| गुणस्तरीय प्राविधिक, व्यवसायिक तथा विश्वविद्यालयलगायत उच्च शिक्षामा समान पहुँचको सुनिश्चित गर्ने। | पूर्वाधारहरू समावेशी र अपाङ्गमैत्री भएको हुने | | प्रतिशत |

| दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हाँसिल गर्ने र सबै महिला तथा किशोरीहरूलाई सशक्त लनाउने। | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य ५.१ : महिला, किशोरी तथा बालबालिकाविरुद्ध हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने | . समान काममा समान ज्याला नीति | हाल छैन | तर्जुमा भई कार्यान्वयनमा आउने |
| | नेपालको संविधान र ऐन /कानुनसँगसम्बन्धीत महिला, कोशोरी तथा बालबालिका सम्बन्धी प्रावधानहरू बारे जानकारीमूलक कार्यक्रम | हाल छैन | २० वटै वडामा |
| परिलक्ष्य ५.३ : बाल विवाह, कम उमेर र जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्ने जस्ता सबै घातक व्यवहार अन्त गने | १. बाल विवाह उल्मुलन<br>२. बुहारी उद्यम विकास शिक्षा | छैन<br><br>० | १ प्रतिशतमा झार्ने<br><br>२० वटै प्रतिशतमा पुर्याउने<br>३० जनाको दरले |
| परिलक्ष्य ५.४: सार्वजनिक सेवा, पूर्वाधार र सामाजिक सुरक्षा नीतिहरू तथा घरपरिवार भित्रको साझा जिम्मेवारी प्रवर्ध्दन गरी हरेक देशअनुसार आफू अनुकुल अवैतनिक तथा घरेलू श्रमको मुल्य पहिचान गर्ने | १. महिला सुरक्षा तथा शसक्तिकरण नीति | | कार्यान्वयन भएको हुने |
| | .२. घरायसी कामलाई व्यावसायिक कामका रूपमा मान्यता दिने वातावरण निर्माण | हाल छैन | मान्यता पाएको हुने |
| परिलक्ष्य ५.४: राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरूको पहुँच एवं प्रभावकारी नेतृत्व, सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने | १. प्राविधिक शिक्षामा महिलाको सहभागिता सुनिश्चित गर्ने | ० | ५० प्रतिशत महिला सहभागिता |
| | .२. सबै प्रकारका उपभोक्ता समितिमा महिलाको भूमिका सुनिश्चित गर्ने | | ५० प्रतिशत महिला सहभागिता |
| परिलक्ष्य ३.७: सन् २०२० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य | . समान काममा समान ज्याला नीति | हाल छैन | तर्जुमा भई कार्यान्वयनमा आउने |

| | | | |
|---|---|---|---|
| सेवाका साथै परिवार नियोजन, सूचना र शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रम एकीकरण गर्ने | | | |

| दिगो विकास लक्ष्य ६: सबैका लागि स्वच्छ पिउनेपानी र सरसफाइको दिगो व्यवस्थापन र उपलब्धता सुनिश्चित गर्ने । | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका |
| | | | २०८६ (सन् २०२९) |
| परिलक्ष्य ६.१: सन् २०३० सम्ममा सबैका लागि सुरक्षित र सुपथ मूल्मा पिउने पानीको सर्वव्यापी तथा समतामूलक पहुँच पुयाउने, | १. सुरक्षित पिउने पानीको व्यवस्था गर्ने | | शतप्रतिशत घरमा शुध्द पिउने पानीको पहुँच सुनिश्चित हुने |
| | शौचालयको उपलब्धता | | सतप्रतिशत घरमा |
| | सार्वजनिक शौचालयको उपलब्धता | | हाट बजार, पार्क , मुख्य चोक र शतप्रतिशत सरकारी कार्यालयहरू भएका ठाँउमा |
| परिलक्ष्य ६.३: सन् २०३० सम्ममा प्रदूषण घटाउने , हानिकारक रसायन वस्तुको विसर्जन अन्त्य गर्ने र निष्काशन कार्यलाई न्यूनीकरण गर्ने , प्रशोधन नगरिएको फोहोर पानीको हिस्सा आधा घटाउने र खेर गएका वस्तुको पुनः प्रयोगका लागि प्रशोधन गर्ने साथै सुरक्षित प्रयोग बढाएर पिउने पानीको गुणस्तर सुधार गर्ने | . फोहोर प्रशोधन केन्द्रको सञ्चालन | ० | १ |
| | २. पालिकामा हानिकारक रसायन वस्तुहरूको प्रतिबन्ध लगाउने | ० | नीति निर्माण गरी कार्यान्वयन भएको हुने |
| | ३. पालिकालाई प्लास्टिक झोला मुक्त पालिका घोषणा गर्ने | ० | नीति निर्माण गरी कार्यान्वयन भएको हुने |

| दिगो विकास लक्ष्य ७: सन् २०३० सम्ममा बेहोर्न सकिने भरपर्दो दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका |
| | | | २०८६ (सन् २०२९) |
| परिलक्ष्य ७.२: सन् २०३० सम्ममा विश्वव्यापी उर्जा सेवामा नवीकरणीय उर्जाको संख्या उल्लेखनीय रूपमा वृध्दि गर्ने | १. खाना पकाउन विद्युतको प्रयोग वृध्दि गर्ने | | ८० प्रतिशत धरमा पुर्याउने |

| दिगो विकास लक्ष्य ८: भरपर्दो, समावेशी र दिगो आर्थिक वृध्दि तथा सबैका लागि पूर्ण उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका<br>२०८६ (सन् २०२९) |
| परिलक्ष्य ८.१: राष्ट्रिय अवस्था अनुसार प्रतिव्यक्ति आर्थिक आय वृध्दि कायम राख्ने र खासगरी अलि कम विकसित देशहरूमा कन्तिमा वार्षिक ७ प्रतिशत वार्षिक कूल ग्राहस्थ उत्पादन वृध्दि गर्ने | १. प्रतिव्यक्ति कुल गाहुस्थ्य उत्पादनमा वृध्दि | | ५ प्रतिशत |
| परिलक्ष्य ८.२ : उच्च मूल्य अभिवृद्धि र श्रममूलक क्षेत्रहरूमा केन्द्रित गर्दै विविधीकरण, प्रविधिको स्तरोन्नति र नवप्रवर्तनको माध्यमबाट उच्चस्तरको आर्थिक उत्पादकत्व हासिल गर्ने | १. कृषिक्षेत्रको वृध्दि दर | | १० प्रतिशत |
| परिलक्ष्यः ८.३ : उत्पादनशील गतिविधि, मर्यादित रोजगार सिर्जना, उद्यमशीलता, सिर्जनशीलता र नवप्रवर्तनलाई सहयोग गर्ने खालका विकासमुखी नीति प्रवर्ध्दन गर्ने र वित्तीय सेवामा पहुँचलगायत लघु, साना र मझौला उद्यमको वैधानिकीकरण र वृद्धिलाई प्रोत्साहन गर्ने | . पालिका र नागरिकहरूको लागत साझेदारीमा कम्पनी स्थापना गरेर आयआर्जन तथा रोजगारी सिर्जनाका अवसर सिर्जना गने | | खाद्या प्रशोधन उद्योग<br><br>जलडबुटी उद्योग |
| परिलक्ष्य ८.६ : सन् २०२० सम्म रोजगारी, शिक्षा वा तालिम नपाएका युवाहरूको अनुपात उल्लेख्यरूपमा घटाउने | १. युवाहरूलाई पालिकास्तरमा नै प्राविधिक सिप सिकाउने | | सुविधा सम्पन्न बहुउद्देश्यीय प्राविधिक सिप विकास केन्द्र स्थापना गर्ने |
| परिलक्ष्य ८.७ : निकृष्ट स्वरूपको बालश्रम निषेध र अन्त्य गर्न बाध्यकारी श्रम उन्मूलन गर्ने र सन् २०२५ सम्ममा बाल सैनिकको भर्ती र प्रयोगलगायतका सबै स्वरूपका | १. पालिकालाई बालश्रम मुक्त घोषणा गर्ने | | नीति निर्माण गरी कार्यान्वयन गर्ने |

| | | | |
|---|---|---|---|
| बालश्रम अन्त्य गर्न तत्काल र प्रभावकारी उपायहरू अपनाइने | | | |
| परिलक्ष्य ८.९ : दिगो पर्यटन, जसले रोजगारी सिर्जना गर्छ र स्थानीय संस्कृति र उत्पादन प्रवर्धदन गर्छ, त्यसलाई प्रवर्ध्दन गर्न नीति तर्जुमा गरी कार्यान्वयन गर्ने | १. नागरिक र पालिकाको साझेदारीमा पर्यटन उद्योग सञ्चालन गर्ने | छैन | ४ वटा |
| | २. पर्यटन प्रवर्द्धनलाई लक्षित गरेर सांस्कृतिक सग्रहालय स्थापना गर्ने | छैन | १ |
| | ३. योजनाबद्धरूपमा पर्यटन प्रवर्ध्दन गर्ने पर्यटन नीति र योजना तुर्जमा गरी कार्यान्वयन गर्ने | | नीति बनेर कार्यान्वयन भएको हुनेछ , |
| परिलक्ष्य ८.१०: बैंलकङ, बिमा र वित्तिय सेवामा सबैको पहुँचमा प्रोत्साहन र विस्तार गर्नुका लागि आन्तरिक वित्तिय संस्थाको क्षमता सुदृढ गर्ने | १. १६ वर्षमाथिका नागरिकहरूको बैंक खाला | छैन | ९० प्रतिशत पुर्याउने |
| | . व्यापार तथा व्यवसायको कारोबार बैंकमार्फत गर्ने | | ७५ प्रतिशत |
| | . बैंक तथा वित्तिय संस्थाहरूको उपलब्धता | | २० वटै वडामा |

| दिगो विकास लक्ष्य ९: उत्थानशील पूर्वाधारको निर्माण, दिगो र समावेशी औद्योतगीकरणको प्रवर्ध्दन र नविन खोजको प्रोत्साहन गर्ने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य ९.१: आर्थिक विकास र मानव समृन्ति हाँसिल गर्नु सबैका लागि सुपथ र समतामूलक पहुँच पुग्नसक्नेगरी गुणस्तरीय, दिगो, उत्थानशील पूर्वाधारको विकास गर्ने | १. १२ महिना सञ्चालन हुने स्तरीय सडक सञ्जालको विकास गर्ने | पिच | पिच |
| परिलक्ष्य ९.२: समावेशी र दिगोरूपको औद्योलगक प्रवर्ध्दन गर्नु र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थिती अनुसार हुनेगरी रोजगारी र कूल ग्राहस्थ उत्पादनमा उद्योगको संख्या उल्लेख्य त्रामा बढाउने, र अलि कम विकसित मुलुकहरूमा यसको संख्या दोब्बर पुयाउने। | . वातावरण मैत्री उद्योगहरू स्थापना | | |
| परिलक्ष्य ९.३: वित्तिय | १. उद्यम विकासका लागि क्षमता | | १६०० जना |

| | | | |
|---|---|---|---|
| सेवा, सहुलियिपूर्ण (लान्न सक्ने) कर्जा खासगरी विकासोन्मुख मुलुकहरूका साना-क्षमताको औद्योलगक तथा अन्य उद्यमको पहुँच अभिवृध्दि गर्ने र बजार तथा मुल्य सृङ् खिाका सबै तहहरूमा लिनको समायोजन गर्ने | अभिवृध्दि गर्ने | | |
| | २. पालिकास्तरमा उद्यम विकास सूचना केन्द्र स्थापना गर्ने | छैन | १ |
| परिलक्ष्य ९.५: सबै राष्ट्रहरू विषेशगरी विकासोन्मुख राष्ट्रहरूमा वैज्ञानिक अनुसन्धान अभिवृध्दि गर्ने तथा उद्योग क्षेत्रहरूको प्राविधिक क्षमता सुदृढ गदै सन् २०३० सम्ममा नविन खोजहरूमा उत्प्रेरणा जगाउदै अनुसन्धान र विकासमा श्रमिकहरू प्रति १० लाखमा ७५ प्रतिशतमा बढाउने तथा नीजि र सार्वजनिक दुवै क्षेत्रमा अनुसन्धान र विकासको खर्च वृध्दि गर्ने | १. नगरपालिकामा सूचना तथा अनुसन्धान शाखा खोल्ने | ० | १ |
| | २. सबै टोलमा र इन्टरनेट सुविधाको पहुँच सुनिश्चित गर्ने | | भरपदो सेवा सबै वडामा |

| दिगो विकास लक्ष्य १० देशभित्र र देशहरुवीचको असमानता हटाउने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य १०.४: नीतिहरू विषेश गरेर वित्त, ज्याला र सामाजिक सुरक्षा नीति अङ्गीकार गर्ने र बृहत्तर समानता प्रगतिशील रुपमा हाँसिल गर्ने। | १. नीतिहरू निर्माण गरी कार्यान्वयन गर्ने | | वित्तिय नीति<br>समान ज्याला नीति<br>सामाजिक सुरक्षा नीति |

| दिगो विकास लक्ष्य ११: शहर र मानव बसोबासलाई समाबेशी, सुरक्षित, उथ्थानशील र दिगो बनाउने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य ११.१: सन् २०३० सम्ममा सबैका लागि प्रयाप्त, सुरक्षित र सुपथ आवास र आधारभूत सेवा सुनिश्चित गदै अब्यवस्थित बसोबासको | १. बाढी तथा पलहरोको जोखिममा रहेका बस्तीहरू सुरक्षित स्थानमा स्थान्तरण गरेर एकीकृ ल बस्ती निर्माण गर्ने | ० | १ वटा |

| | | | |
|---|---|---|---|
| स्तरोन्नलि गर्ने | | | |
| परिलक्ष्य ११.२ : सन् २०३० सम्ममा सङ्कटग्रस्त अवस्थामा रहेका व्यक्ति, महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति र प्रौढको आवश्यकतालाई विशेष ध्यान दिँदै सडक सुरक्षामा सुधार र त्यसमा पनि विशेषगरी सार्वजनिक यातायातको विस्तारद्वारा सबैका लागि सुरक्षित, बेहोर्न सक्ने , पहुँचयोग्य र दिगो यातायात प्रणालीमा पहुँच पुर्याउने | सार्वजनिक यातायातको विस्तार गर्ने | | २० वडाका केन्द्र र वस्तिमा १२ महिना यातायात पुर्याउने |
| | अपाङ्ग र ज्येष्ठ नागरिकलाई सार्वजनिक छुट दिने व्यवस्था गर्ने। | | |
| | ३. ३. पालिकाको मुख्य सडक कालोपत्रे भएको हुने | | |
| परिलक्ष्य ११.७ : सन्२०३० सम्ममा विशेषत: महिला बालबालिका, वृध्दवृध्दा तथा अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैको लागि सुरक्षित, समावेशी र सुगम्य हरियाली तथा सार्वजनिक खुल्ला ठाँउहरुको पहुँच सर्भसुलभ बनाउने | १.१. पार्क तथा उद्यानहरू स्तरोन्ती गर्ने | | ५ वटा |
| | २. सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने | | ५ लाख विरुवा रोप्ने |
| | ३. विद्यालय, सरकारी कार्यालय , संघ/संस्था तथा सडक किनाराहरूमा वृक्षारोपण गर्ने | | १२८ स्थान |

| दिगो विकास लक्ष्य १२: दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य १२.१ : विकासोन्मुख देशको विकासलाई दृष्टिगत गर्दै सबै देशले दिगो उपभोग र उत्पादन कार्यक्रमको १० वर्षे खाका कार्यान्वयन गर्ने साथै यस कार्यमा विकसित देशले नेतृत्व लिने | . पालिकाले १० वर्षे उत्पादन तथा उपयोग खाका तयार गरी लागू गर्ने | | १ |
| | २. घरले वार्षिक व्यवसायिक योजना तयारी गरी सोहीमुताविक कार्य गर्ने | | ८० प्रतिशत घर परिवार सहभागि |
| परिलक्ष्य १२ :२.सन् २०३० सम्ममा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन र किफायतिपूर्ण प्रयोग हाँसिल गर्ने | १. जलस्रोत तथा उर्जा व्यवस्थापन नीति निर्माण तथा कार्यान्वयन गर्ने | | नीति निर्माण भई कार्यान्वयन भएको हुने |
| | . भूउपयोग क्षेत्र वर्गिकरण गरी कार्यान्वयन गर्ने | हाल छैन | वर्गिकरण गरी कार्यान्वयन भएको हुनेछ |

| दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य १३.२ : जलवायु परिवर्तन मापनहरूलाई राष्ट्रिय नीति, रणनीति र योजनासँग एकीकरण गर्ने | १. पालिकाको जलवायु अनुकूलन योजना बनाएर लागू गर्ने | हाल छैन | लागू भएको हुनेछ |
| | २. जलवायु अनुकूलन नगरका रूपमा विकास गर्न नीति तथा कार्यक्रमहरू तयार गरी लागू गर्नु | हाल छैन | नीति तयार भई लागू भएको हुनेछ |
| | ३. जलवायु स्मार्ट खेती प्रणाली विकास गर्नु नीति तथा कार्यक्रमहरू तर्जुमा गरी लागू गर्ने | हाल छैन | नीति निर्माण भई कार्यान्वयन भएको हुने |
| परिलक्ष्य १३.२: जलवायु परिवर्तन न्युनिकरण, अनुकुलन, असर पूर्वसतर्कता सूचनासम्बन्धी शिक्षामा सुधार गर्ने, सचेलना जगाउने, र सो सम्बन्धी मानवीय र संस्थागत क्षमता वृध्दि गर्ने | १. जनचेलनाका कामहरूलाई नियमित रुपमा सञ्चालन गर्ने | | प्रत्येक वडामा |
| | २. जलवायु परिवर्तन न्युनिकरण तथा अनुकूलन समूहहरू गठन गरी सवलीकरण गर्ने | | प्रत्येक वडामा |

| दिगो विकास लक्ष्य १५. स्थलीय पारिस्थितिक प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्ध्दन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय-रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य १५.२ : सन् २०२० सम्म सबै प्रकारका वनको दिगो व्यवस् थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने , वन फँडानी रो क्ने , ह्रास भएको वनको पुनस् र्थापना गर्ने साथै वृक्षारो पण र विनाश भएको वनमा पुनः बिरुवा लगाउन | १. वनको दिगो व्यवस्थापन | | |
| परिलक्ष्य १५.९ : परिस्थितिकीय प्रणाली र जैविक विविधताका मूल्य/मान्यतालाई सन् २०२० सम्म राष्ट्रिय र स्थानीय योजना, | १. पालिकाको परिस्थितीलकय प्रणाली र जैविक विधतालाई समेटेर प्रोफाइल तयार गर्ने | | प्रोफाइल तयार भएको हुनेछ |

| | | | |
|---|---|---|---|
| विकास प्रक्रिया, गरीबी न्यूनीकरण रणनीति र लेखामा एकीकृत गरीसक्ने | | | |

| दिगो विकास लक्ष्य १६ : दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायिक पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने | | | |
|---|---|---|---|
| परिलक्ष्यका सूचकहरु | धरान उपमहानगरपालिकाको परिणात्मक लक्ष्य | आधार वर्ष | धरान उपमहानगरपालिका २०८६ (सन् २०२९) |
| परिलक्ष्य १६.१: हिंसाका सबै स्वरूपहरूको उल्लेख्य न्युनिकरण गर्ने तथा सबै ठाँउबाट सोसम्वध्द मृत्युदर घटाउने | १. पालिकालाई हिंसा मुक्त पालिकाका रूपमा विकास गर्नु। घरस्तरीय प्रतिप्रवध्दता पत्र वडा कार्यलयमा पेश गर्नु लगाउने | हाल प्रतिवध्द ता पत्र जारी भएको छैन | ९५ प्रतिशत नागरिकले कुनै पनि प्रकारको हिंसा नगर्ने प्रतिवध्दता पत्र वार्षिकरूपमा पालिकामा पेश गरेका हुनेछन् |
| | २. बुहारी उद्यमशीलता<br>३. कार्यक्रम अन्तर्गत २१ देखि ५० वर्षसम्मका बुहारीहरू उद्यमशील हुनेछन। | ० | २०० जना बुहारी |
| परिलक्ष्य १६.२: दुरूपयोग, शोषण, बेचविखन तथा बालबालिकाहरूमाथि हुने सबै स्वरूपका हिंसा र यातना अन्त्य गर्ने | १. पालिकालाई बालमैत्री पालिकाका रूपमा विकास गरी घोषणा गर्ने | | घोषणापत्र सार्वजनिक गरिएको हुनेछ |
| परिलक्ष्य १६.६: सबैका लागि प्रभावकारी, जबाफदेही र पारदर्शी संस्थाको विकास | १. पालिका वडा कार्यालय र , सबैखाले कार्यालयमा नागरिक वडापत्र अनिवार्य राख्ने | | नागरिक वडापत्र |
| | २. सबै कार्यालयमा सहायताकक्ष अनिवार्यरूपमा राख्ने | | सहायता कक्षको मुल्याङ्कन प्रतिवेदन |
| | ३. पालिकाभित्रका सबै सरकारी निकाय गैरसरकारी , सहकारीहरू, संस्थाहरू विद्यालयहरू सबैले मासिक प्रगति प्रतिवेदन सम्बन्धीत वडा कार्यालयमा अनिवार्य बुझाउने | | पालिकामा प्राप्त प्रगति प्रतिवेदनहरू |

| | | | |
|---|---|---|---|
| परिलक्षय १६.१०: राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्झौता अनुरूप सूचनामा सर्वसाधरणको पहुँच सुनिश्चित गर्ने र मौलिक स्वतन्त्रताको रक्षा गर्ने | पालिकाका गतिविधीहरू मासिकरूपमा सामूदायिक रेडियो र वेभसाइटमार्फत जानकारी गराउने | | प्रोफाइल तयार भएको हुनेछ |

## ३.१३ धरान उपमहानगरपालिकाको विकास नीति

### १. कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण

४. नगरवासीहरूको सिप र दक्षता अभिवृद्धि गरी कृषि तथा पशुपन्छी पालन क्षेत्रको आमूल रूपान्तरण गर्न कृषिको व्यसायीकरण, यान्त्रिकीकरण गरिने छ।
५. सूचना तथा प्रविधि उपयोग गरेर कृषि उद्योगधन्दा विकास तथा बजारीकरण गरिने छ।
६. कृषि तथा पशुपन्छीलाई उत्पादनको मूल आधार बनाइ उत्पादकत्व वृध्दि गरिने छ।
७. व्यावसायिक किसानलाई परिचयपत्र व्यवस्था गर्ने र उत्पादन प्रक्रियामा सहयोग गरिने छ।
८. प्रत्येक किसानलाई व्यावसायिक यो जना, बाली उत्पादन पात्रो तयार गराएर योजनाबद्धरूपमा उत्पादन गर्न लगाइने छ।
९. कृषि भूमिको संरक्षण एवम् समुचित उपयोग गरी बाँझो तथा गैरकृषि प्रयोजनलाई निरुत्साहित गरिने छ।
१०.स्प्रिङ्कल सिँचाइ, थोपा सिंचाई योजना र प्लास्टिक पोखरी आदिको माध्यमबाट सामुदायिक सिँचाइ सुविधाको व्यवस्थापन गरिने छ।
११.रासायनिक मल तथा विषादिको प्रयोगलाई कम गर्दै प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरिने छ।
१२.सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गरिने छ।
१३.कृषि तथा पशुपन्छी बिमा कार्यक्रमहरू लागु गरिने छ।
१४.चिस्यान केन्द्र स्थापना गरी कृषि उपजको सुरक्षा सुनिश्चित गरिने छ।
१५.पशुको उत्पादकत्व बढादन नस्ल सुधार कार्यक्रम सञ्चालन गरिने छ।
१६.व्यावसायिक पशुपन्छी पालन तथा खेती प्रणालीको विकास गरिने छ।
१७.कृषि प्रदर्शनी तथा अनुसन्धान केन्द्र स्थापना गरी कृषि अनुसन्धान हबका रूपमा विकास गरिने छ।
१८.स्थानीय पशुपन्छीमा उच्च गुणस्तरको नश्लको बीउ प्रयोग गरी स्थानीय पशुको गुणस्तरमा सुधार ल्याउन कृत्रिम र प्राकृतिक गर्भाधान सेवा विस्तार गरिने छ।
१९.सामुदायिक वन, नदी कटान क्षेत्रतथा खाली जमिनमा सामूहिकरूपमा डाले घाँस तथा भुइँ घाँस खेतीका लागि घाँसको बीउ वितरण गरिने छ।
२०.पशु अस्पतालको स्थापना गरिने छ।
२१.पशु शिविर सञ्चालन गरिने छ।

### २. गुणस्तरीय तथा प्राविधिक शिक्षा, जनशक्ति उत्पादन

क. उपमहानगरपालिकाभित्रका विद्यालयहरू तथा शिक्षण संस्थाहरू प्रविधिमैत्री बनाइने

ख. सार्वजनिक विद्यालयहरूलाई सबै का लागि पहुँचयुक्तसहित समावेशी विद्यालयको स्तरोन्नती गरिने छ ।

ग. अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम पूर्ण रुपमा लागू गरिने छ ।

घ. प्रत्येक विद्यार्थीले वर्षमा एकपटक अनिवार्यरूपमा विद्याल स्वास्य शिविरमार्फत स्वास्थ्य जाँच गराउने कुरा सुनिश्चित गरिने छ ।

ङ. नीतिगत व्यवस्था अनुसारका निःशुल्क पाठ्यपुस्तकहरू नियमितरूपमा आपूर्ति गरिने छ ।

च. सम्पन्नता स्तरीकरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, सामाजिक आदि सूचकहरू) गरेर सम्पन्नताका आधारमा विपन्न, दलित परिवारका सदस्यहरूलाई प्राविधिक शिक्षामा सहुलियत दिइने छ ।

छ. बाल बिकास केन्द्रको भौतिक सुधार गरिने छ ।

ज. शिक्षाको प्रभावकारी अनुगमन/मूल्याङ्कन गरी गुणस्तरमा सुधार ल्याइने छ ।

झ. शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन शिक्षण पेशामा आबद्ध कर्मचारी तथा शिक्षक/शिक्षिकालाई प्रोत्साहन गर्दै लगिने छ ।

ञ. दरबन्दीविहीन विद्यालयहरूमा क्रमशः दरबन्दी मिलानको व्यवस्था गर्दै लगिने छ ।

ट. स्थानीय विषयको पाठ्यक्रम लागु गरिने छ ।

ठ. औपचारिक तथा अनौपचारिक शिक्षाको प्रवर्ध्दन र क्षमता अभिवृद्धि गरिने छ ।

ड. पुस्तकालयको सवलीकरण गरिने छ ।

**३. स्वास्थ्य तथा सरसफाई**

क. धरान स्वास्थ्य चौकीलाई  नगर अस्पतालमा स्तरोन्नती गरिने छ ।

ख. स्वास्थ्य संस्थाहरूमा सबैका लागि पहुँचयुक्तता सुनिश्चित गरिने छ ।

ग. सबै नागरिकका लागि सहज गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।

घ. स्वास्थ्य बिमा कार्यक्रममा आवध्द हुन प्रोत्साहन गरिने छ ।

ङ. नीतिगत व्यवस्थाअनुसारका निःशुल्क औषधिहरू आपूर्ति नियमितरूपमा गरिने छ ।

च. नारासहित सबै वडामा स्वास्थ्य संस्था स्थापना, विकास र विस्तार गरिने

छ. सुरक्षित गर्भ पतन सेवा व्यवस्थित गर्दै लगिने छ ।

ज. धरान स्वास्थ्य चौकीलाई १५ शैयाको नगर अस्पालमा स्तरोन्नती गरिने छ ।

झ. सुरक्षित मातृत्व तथा परिवार योजना कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गरिने छ ।

ञ. भिटामिन ए सम्बन्धी कार्यक्रम, एकीकृत स्वास्थ्य कार्यक्रम जस्ता मानवीय हितमा प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

ट. पूर्ण खोपको दिगोपना, गाँउघर क्लिनिक सञ्चालन, आमा सुरक्षा जस्ता कार्यक्रम व्यवस्थित गरिने छ ।

ठ. सर्ने तथा नसर्ने रोगहरूको न्यूनीकरणसहित सामाजिक सरोकारका रोगहरू विहीन, जस्तै : कुष्ठरोग, क्षयरोगविहीन नगरपालिका घोषणा गरिने छ ।

ड. धरान उपमहानगरपालिकालाई तोकिएको मापदण्ड पुरा गरी  स्वच्छ क्षेत्र एवं पूर्ण स्वस्थ शहर घोषणा गरिने छ ।

**४. गरीबी निवारण, पोषण तथा खाद्य सुरक्षा**

क. खाद्य सुरक्षा खाद्य अधिकार र खाद्य सम्प्रभुतासम्बन्धी नीति बनाएर लागु गरिने छ।

ख. पोषणयुक्त वस्तुहरू उत्पादनका लागि प्रोत्साहित गरिने छ।

ग. नगरपालिकाको सम्पन्नता स्तरीकरण गरी गरीबीको रेखामुनि रहेका घर/परिवार पहिचान गरी परिचयपत्र वितरण गर्ने र प्रत्येक २ वर्षमा परिचयपत्र प्राप्तहरूको अवस्था मूल्याङ्कन गरी अद्यावधिक गरिने छ।

घ. परिचयपत्र प्राप्त गरीबीको रेखामुनि रहेका परिवारलाई समूहमा आबद्ध गराई आयमूलक तथा उद्यम विकास कार्यक्रमहरूमा आबद्ध गराईने छ।

ङ. सामूदायिकलाई बुद्धिजीवीकरण गर्न गरीबीको रेखामुनि रहेका परिवारका सदस्यलाई उच्च शिक्षा आर्जनमा विशेष सहयोग प्रदान गरिने छ।

च. गरीबीको रेखामुनि रहेका घरका गर्भवती महिला तथा बालबालिकालाई पोषण सहयोग गरिने छ।

छ. रोजगार तथा स्वरोजगार कार्यक्रमहरू लागु र प्रवर्ध्दन गरिने छ।

५. **भू-उपयो ग तथा भूमि व्यवस्थापन**

क. नगरपालिकाको भू-उपयोग नीति निर्माण गरी लागु गरिने छ।

ख. राष्ट्रिय भू-उपयोग तथा भूमि नीतिको अधीनमा रहेर उपलब्ध भूमिको सदुपयोग गर्दै उपमहानपालिकाद्वारा निर्मित एकीकृत विकास योजना (एकिकृत बस्ती, खेल परिसर, आवास, शहरीकरण, पूर्वाधार विकास) लागु गरिने छ।

ग. बसोवासका दृष्टिकोणले पालिकाभित्रका सुरक्षित र जोखिमयुक्त ठाँउहरू नक्साङ्कन गरिने छ।

घ. जमिनको लागत विद्युतीय प्रणालीमा राखे र भूमि व्यवस्थापनलाई पारदर्शी बनाइने

ङ. अनौपचारिक भू-स्वामित्व अन्त्य गरी जमिनको स्वामित्व हस्तान्तरण गरिने छ।

च. भूमिहीनहरूका लागि आधारभूतरूपमा बसोबासको व्यवस्थासहित जीविकोपार्जनमा सहयोग गर्ने

**६. भौतिक पूर्वाधार**

क. नगरपालिकाले भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागु गरिनेछ।

ख. अब बन्ने सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरू समावेशी बनाइने छ।

ग. उपमहानपाद्वारा नगर सडक गुरुयोजना (MTMP) निर्माण गरी लागु गरिने छ।

घ. ऊर्जा तथा वैकल्पिक ऊर्जाको विकास, विस्तार र प्रवर्ध्दन गरिने छ।

ङ. निजी, सार्वजनिक तथा सरकारी साझेदारी अवधारणअनुसार परियोजनानिर्माण तथा सञ्चालन गरिने छ।

च. सडकलाई स्तरोन्नति गर्दै लगिने छ।

छ. यातायात सेवालाई व्यवस्थित र भरपर्दो बनाउन नियमित अनुगमनको व्यवस्था मिलाईने छ।

ज. नगरलाई आवश्यक पर्ने मेसिन औजारहरूको व्यवस्थापन र प्रभावकारी प्रयोग गरिने छ।

झ. आवश्यकता अनुसार पिउने पानी आयोजनाहरू सञ्चालन गरिने छ।

ञ. कृषि बजार, खेल मैदान, औद्योगिक ग्राम, सङ्कलन केन्द्रहरू, कबर्ड हल, तालिम केन्द्र तथा सभा हलहरूको निर्माण र व्यवस्थापन गरिने छ।

ट. आवश्यकताअनुसार झोलुङ्गे पुल, पर्यटन पूर्वाधार आदिको विस्तार र व्यवस्थापन गरिने छ।

७. समावेशी विकास

क. वडागत विनियोजन बजेटमा महिला, दलित, अपाङ्गता, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न तथा एकल महिला, आदिबासी जनजाति, अल्पसङ्ख्यक तथा सीमान्तकृत सामूदायिकको सिप विकास, क्षमता विकास र आयआर्जनका कार्यक्रम समावेश गरी कार्यान्वयनमा ल्याइने छ।

ख. विभेद र हिंसा अन्त्यसहित लैङ्गिक समानताको लक्ष्य प्राप्त गर्न लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गरिने छ।

ग. नगरपालिका क्षेत्रभित्र रहेका किशोर/किशोरीलाई मध्यनजर गरी प्रजनन स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।

घ. आर्थिकरूपमा गरीब र सामाजिक तथा सांस्कृतिकरूपमा सीमान्तकृत सामूदायिक पहिचान गरी उनिहरूको क्षमता अभिवृद्धि गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक सशक्तीकरण गरिने छ।

ङ. सबैका लागि खेलकुद तथा मनोरञ्जनका अवसरहरू सिर्जना गरिने छ।

च. समान कामको समान ज्यालासहित सम्मानित रोजगारीको व्यवस्था गरिने छ।

छ. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रवर्ध्दन गरिने छ।

ज. पुनस्र्थापना केन्द्र तथा सुरक्षा बासहरू आवश्यकताका आधारमा व्यवस्थापन गरिने सीमान्तकृत वर्गहरू, जस्- अपाङ्गता भएका महिला आदिले गर्ने व्यवसायमा कर छूट व्यवस्था गरिने छ।

## ८. उद्यम विकास तथा पर्यटन प्रवर्धन

क. पर्यटनलाई उपमहानगरपालिकाको आर्थिक विकासको खम्बाको रूपमा विकास गरिने छ।

ख. नगरपालिकाभित्रका पर्यटकीय गन्तव्यहरूको सुदृढीकरण गर्दै नयाँ नयाँ गन्तव्यहरू विकास गर्दै लगिने छ।

ग. उपमहानगरपालिकाको विस्तृत पर्यटन परियोजना प्रस्ताव तयार गरी कोशी प्रदेशको विशेष पर्यटकीय स्थलका रूपमा विकास गरिने छ।

घ. घर बस्तीको सौन्दर्यकरण गर्ने , बाटोको दायाँ/बायाँ बिरुवा रोपण, खोलाको किनारामा बाँस एवम् वृक्ष रोपण, व्यवस्थित सार्वजनिक शौचालय आदिको व्यवस्थापन गरिने छ।

ङ. कला, संस्कृति, साहित्य, भाषा, धर्म तथा सांस्कृतिक धरोहरहरूको संरक्षण सम्वर्धदन र प्रवर्ध्दन गर्न नेतृत्वदायी भूमिका खेल्ने पर्या-पर्यटनको विकास र सम्वद्र्धन गरिने छ।

च. पर्यटन महोत्सव तथा साहसिक खेलकुदहरू आयोजना गरिने छ।

छ. लोपोन्मुख जनावरहरू तथा पशुपन्छीको संरक्षण र सम्वद्र्धनका लागि अतिरिक्त व्यवस्थापन गरिने छ।

ज. पर्यटकीय स्थलहरूको प्रचारप्रसारमा जोड दिइने छ।

झ. बहु जातीय सङ्ग्रहालयहरूको सञ्चालन गरिने छ।

## ९. जलवायु परिवर्तन तथा वातावरणीय सन्तुलन

क. वनको उत्पादकत्व वृद्धि गर्न र सामुदायिक वनहरू, निजी तथा पारिवारिक वनहरूको दिगो व्यवस्थापन गरिने छ।

ख. जलाधार संरक्षण, जैविक विधिताको प्रवर्ध्दन तथा पर्या-पर्यटन विकासका लागि जनसहभागितामा आधारित संरक्षण कार्यक्रमहरू लागु गरिने छ।

ग. राष्ट्रिय, सामुदायिक, पारिवारिक वनहरूको दिगो व्यवस्थापन गरी पर्या-पर्यटन क्षेत्रका रूपमा प्रवर्ध्दन गरिने छ।

घ. जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन गरिने छ।

ङ. बिरुवा उत्पादन गरी सडक किनार, नदी किनार र सार्वजनिक स्थलहरूमा वृक्ष रोपण गर्ने गरी हराभरा धरान आभियानलाई प्रवर्ध्दन गरिने छ।

च. विपद् व्यवस्थानका लागि प्रतियोजना कार्य २०८० कार्यान्वयन गरिने छ।

छ. जलवायु परिवर्तन उत्थानशील योजना कार्यान्वयन गरिने छ।

ज. विपद्बाट प्रभावितहरूका लागि, राहत, उद्धार तथा पुनस्थापना गरिने छ।

झ. विपद् व्यवस्थापनका लागि ज्ञान केन्द्र व्यवस्थापन गरिने छ।

ञ. नदीजन्य तथा वनजन्य पदार्थहरूको व्यवस्थापन गरिने छ।

ट. मानव-वन्यजन्तु अन्तर्सङ्घर्ष न्यूनीकरन गरिने छ।

**१०. आन्तरिक राजस्व वृद्धि तथा सुशासन**

क. हरेक घर/परिवारलाई पारिवारिक वार्षिक व्यावसायिक योजनातयार गरी प्रोफाइल प्रत्येक वर्ष चैत मसान्तभित्र वडा कार्यालयमा पेश गर्न प्रोत्साहित गरिने छ भने व्यावसायीक योजनामुताविक उत्पादित वस्तुको वजारीकरण सुनिश्चित गरिने छ।

ख. वार्षिक यो जनामुताविक लक्ष्यभन्दा बढी कृषि, पशु तथा औद्योगिक उत्पादन तथा बिक्री गरेर आय वृद्धि गर्ने घर/परिवारलाई विशेषरूपमा सम्मान गरिने छ।

ग. उद्योग, होटल व्यवसाय आदि सञ्चालन गरे र पालिकाभित्रका न्यूनतम १० जनालाई नियमित रोजगारी दिने रोजगारदातालाई करमा सहुलियत दिइने छ भने ५० जनाभन्दा वढी रोजगारी दिने लाई विशेष सहुलियत प्रदान गर्ने छ।

घ. सबै प्रकारका भौतिक पूर्वाधारहरूको योजना तर्जुमा प्रक्रियादेखि सम्पन्न भएर हस्तान्तरण प्रक्रियासम्म सार्वजनिक सुनुवाइ, जनसम्पादन जस्ता प्रक्रियामार्फत अनुगमन तथा मूल्याङ्कन गरिने छ।

ङ. योजना अवधिको २ वर्षभित्र प्रत्येक घरको अनिवार्य बैङ्क तथा सहकारीमा आबद्ध गरी उत्पादन बिक्री, रोजगारी आदिको कारोबार बैङ्क तथा वित्तीय संस्थामार्फत गर्नुपर्ने नियम बनाइने छ।

च. योजनाअवधिमा स्थानीय स्रोत तथा साधनमा आधारित सबै घरको अनिवार्य सहभागिता रहने गरी मझौला र ठूला उद्योग स्थापना गरी आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गरिने छ।

छ. करको दायरा फराकिलो बनाइने छ र कर तिर्न प्रोत्साहित गरिने छ

ज. सार्वजनिक खर्चमा मितव्ययिता अपनाइने छ

झ. उपमहानगरपालिकाको सेवा प्रवाहलाई प्रविधीमैत्री बनाईने छ।

ञ. पारदर्शिता र जवाहदेहिताका औजारहरूको प्रयोग क्रमशः बढाउँदै गरिने

ट. सूचना प्रविधिहरूको उच्चतम प्रयोग तथा उपयोग गरिने छ।

ठ. विकास साझेदारमैत्री नीति तथा वातावरण निर्माण गरिने छ।

## ३.१४ समष्टिगत आर्थिक लक्ष्य र खाका

### ३.१४.१ आर्थिक वृद्धि दर

धरानन उपमहागरपालिकाले वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेटमार्फत आर्थिक तथा सामाजिक विकासका आधारशीला तयार गरे को छ। आ.व. २०८०।२०८१ लाई आधार वर्ष मानेर याजना अवधिभर १० प्रतिशतका दरले आर्थिक वृद्धि हुने अनुमान गरिएको छ। विशेषतः यहाँको मुख्य आम्दानी कृषि क्षेत्र, पशु पालन, व्यापार, उद्यम विकास, वैदेशिक रोजगार रहेका छन् भने वन पैदावर, पर्यटन, उद्योग सम्भावित क्षेत्र हुन्। आर्थिक वर्ष २०८३।२०८४ देखि पालिका र निजी क्षेत्रको सहकार्यमा उद्योग स्थापना गरिने छ।

### ३.१४.२ लगानीको आवश्यकता र स्रोत

यस योजना अवधिमा कुल रु. १२ अरव खर्च हुने अनुमान गरीन्छ। तत्काल ठूला परियोजनामा लगानी गर्दा प्रतिफल प्राप्त गर्न समय लाग्ने हुँदा तुरुन्त उत्पादन दिने क्षेत्रमा लगानी केन्द्रित गर्नुपर्छ। ठूला भौतिक पूर्वाधारका क्षेत्रहरूमा सङ्घीय सरकार र प्रदेश सरकारसँग पनि सहकार्य गरिने छ। विषयगत लगानी बाँडफाँट गर्दा कृषि, उद्योग, शिक्षा, भौतिक पूर्वाधार, स्वास्थ्य क्षेत्रमा लगानी उल्लेख्य वृद्धि हुन्छ।

### ३.१४.३ सार्वजनिक स्रोत व्यवस्थापन

सहकारी, गैरसरकारी, निजी क्षेत्रहरूलाई लगानीमैत्री वातावरण निर्माण गर्न र आधारभूत सेवा प्रवाह गर्न पालिकाको बजेटको महत्वपूर्ण भूमिका हुन्छ।

### ३.१४.४ अन्तरसरकारी वित्त

यस यो जनाले निर्दिष्ट गरेका नीति तथा कार्यक्रम सञ्चालनका लागि उपमहानगरपालिकाले स्थानीय तहको अधिकार प्रयोग गर्दै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ मुताविक आर्थिक स्रोतहरू व्यवस्थापन गर्ने छ।

### ३.१४.५ स्रोत/साधनको बाँडफाँट तथा परिचालनका आधार

सार्वजनिक, सहकारी, निजी र गैरसरकारी क्षेत्रको सहभागितालाई नगरपालिकाको दूरदृष्टि, लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नका लागि एकअर्काको परिपूरकका रूपमा काम गर्ने वातावरण निर्माण गरिने छ। नगरपालिकाको लगानीलाई संवैधानिक तथा कानुनी दायित्वहरू पूरा गर्ने, आर्थिक वृद्धि हासिल गर्न आवश्यक भौतिक पूर्वाधार तथा सामाजिक विकासतर्फ केन्द्रित गरिएको छ। नगरपालिकामा लगानीमैत्री वातावरण निर्माण गरी व्यावसायिक वातावरण तयार गरी लगानीलाई उद्योग सञ्चालन, रोजगार सिर्जना तथा आर्थिक विकासतर्फ अभिप्रेरित गरिने छ। सहकारीहरूलाई कृषि, पशु, बजारीकरण जस् ता क्षेत्रमा लगानी गरी आय उत्पादन वृद्धि तथा आयआर्जन र रोजगार वृद्धिका क्षेत्रमा लगानी गर्न अभिप्रेरित गरिने छ। नागरिक र नगरपालिकाको संयुक्त लागत साझेदारिमा पब्लिक कम्पनी स्थापना गरी मझौला तथा ठूला उद्योग सञ्चालन गरिने छ।

### ३.१४.६ धरान उपममहानगरपालिकाको वजेट विनियोजनका आधार

१. नागरिकका मौलिक हक प्राप्तिमा सहयोग पुग्ने क्षेत्रहरू
२. आर्थिक विकासका लागि सहयोग पुग्ने भौ तिक परियोजनानिर्माणका क्षेत्रहरु
३. रोजगारी तथा उत्पादन वृद्धि हुने क्षेत्रहरू
४. नागरिकको सिप तथा दक्षता अभिवृद्धि गर्ने क्षेत्रहरू
५. सुशासन तथा सामाजिक विकासका क्षेत्रहरु
६. भौतिक निर्माणका क्षेत्रहरु

७. वातावरणीय सन्तुलन तथा दिगो विकास लक्ष्य प्राप्तिका क्षेत्रहरु
८. सङ्घ तथा प्रदेश योजनाहरूसँग सहकार्य हुने क्षेत्रहरु
९. तुलनात्मक लाभका क्षेत्रहरु
१०. विकास साझेदारहरूसँग साझे दारी गर्न सकिने क्षेत्रहरु
११. कम लगानीमा छिटो आम्दानी हुने क्षेत्रहरु
१२. स्थानीयका सिप, क्षमता र अभ्यासमा आधारित क्षेत्रहरु
१३. उत्पादित सामग्री सजिलै बजारीकरण हुने क्षेत्रहरु

### ३.१४.७ प्रस्तावित लगानीबाट समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव

धरान उपमहानगरपालिकाले स्थानीयस्तरका आर्थिक गतिविधि प्रवर्ध्दन गर्न नीतिगत तथा संरचनागत प्रयास भइरहे गरीरहेको छ । स्थानीयस्तरमा गरिएका आर्थिक तथा भौतिक विकासका कार्यक्रमले आयआर्जन तथा रोजगारी सिर्जनाका आधार निर्माण भएका छन् । यस योजनाले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमले सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुलाई आयमुलक तथा रो जगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित हुने छ । यस योजनाले कृषिको उत्पादकत्व वृद्धि, उद्योग स्थापना तथा सञ्चालन, पशु पालनमा प्रोत्साहन, वन व्यवस्थापनद्वारा वनको उत्पादकत्व वृद्धि, सिप विकास कार्यक्रमहरूद्वारा जनताको क्षमता अभिवृद्धि, पर्यटन प्रवर्ध्दन, भौतिक पूर्वाधारहरूको निर्माण, शैक्षिक गुणस्तरमा सुधार, विभेद अन्त जस्ता वातावरण निर्माण हुन्छन् । यो योजनाअवधिमा चालु खर्चमा मितव्ययिता कायम गर्ने र पुँजीगत खर्च, पुँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्न केन्द्रित हुने छ । राजस्व प्रशासनमा सुधार, पुँजीगत खर्च क्षमताको अभिवृद्धि, आयआर्जन तथा रोजगारी सिर्जनामार्फत पालिकाले आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार सिर्जना गर्ने छ ।

## परिच्छेद ४: समष्टिगत आर्थिक नीति

कुल गार्हस्थ्य बचत वृद्धि हुँदा पुँजी निर्माणका लागि वातावरण तयार हुन जान्छ र समृद्ध पालिकाको आधारशीला तयार हुन्छ। अनि आर्थिक विकासले गति लिन्छ। उत्पादनमा वृद्धि, नयाँ प्रविधि आविष्कार र विकास, रोजगारी सिर्जना, बजारयोग्य वस्तु उत्पादन र बिक्री, नागरिकबीच सहभागिता र वित्तीय संस्थाहरूको उपलब्धता, उपमहानगरपालिकाको बजेट सदुपयोग र निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण निर्माणले पुँजी निर्माणको आधार तयार हुन्छ।

### ४.१ सार्वजनिक वित्त

#### ४.१.१ सार्वजनिक खर्च

उपमहानगरपालिकाले गर्ने सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेहीपूर्ण, विश्वसनीय र औचित्यपूर्ण बनाइने छ। चालु खर्चको तुलनामा पुँजीगत खर्च वृद्धि गरिने छ। सूचना प्रणाली प्रयोग गरी बजेटलाई नतिजामूलक बनाइने छ। विकास आयोजनाहरूलाई प्राथमिकताका आधारमा मात्रै बजेट विनियोजन गरेर आर्थिक तथा सामाजिक विकास, भौतिक पूर्वाधार निर्माण, वातावरणीय सन्तुलन तथा दिगो विकास लक्ष्यहरू हासिल गर्न यो गदान पुग्ने गरी विनियोजन गरिने छ।

#### ४.१.२ दूरदृष्टि

सार्वजनिक वित्तको समुचित सदुपयोग गरी उपमहानगरपालिकाभित्र नागरिकका मौलिक हक सुनिश्चित गरी सुशासन कायम गर्ने।

#### ४.१.३ लक्ष्य

सामाजिक न्यायसहितको उत्पादनमूलक क्षेत्रहरू वृद्धि हुने गरी पारदर्शी र न्यायोचितरूपमा सार्वजनिक वित्त परिचालन गर्ने।

#### ४.१.४ उद्देश्य

सार्वजनिक वित्तको सदुपयोगमार्फत सबै क्षेत्रमा सकारात्मक परिणाम प्राप्त गरेर सुशासन, जवाफदेहिता र सामाजिक न्यायसहितको आत्मनिर्भर अर्थतन्त्र विकास गर्न पालिकाको क्षमता अभिवृद्धि गर्ने।

#### ४.१.५ रणनीतिहरू

१. मौलिक हक, भौतिक, सामाजिक तथा सांस्कृतिक सुरक्षा सुनिश्चित गर्ने।
२. विकास प्राथमिकताका आधारमा सार्वजनिक खर्च विनियोजन गर्ने।
३. पारदर्शिता, सुशासन र जवाफदेहिता प्रवर्ध्दन गर्ने।
४. कर भारबहन क्षमताका आधारमा वर्गीकृत कर प्रणाली अवलम्बन गरिने छ।
५. एकीकृत सम्पत्ति कर (घर, जग्गा) प्रणाली लागु गरिने छ।
६. राजस्व परामर्श समितिको प्रतिवेदनका आधारमा कर अवलम्बन गरिने छ।
७. करको निश्चित दरका आधारमा करको दायरा फराकिलो बनाइने छ।
८. विज्ञको परामर्शबाट राजस्व संभाव्यता अध्ययन गरी तयार गरिएको राजस्व सुधार योजना कार्यान्वयन गरिने छ।
९. आन्तरिक आयलाई औचित्य र संभाव्यताका आधारमा वृद्धि गर्रिँदै लगिने छ।

१०. करदाता सचेतना शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

### ४.१.६ नगरपालिकाको आर्थिक कार्यनीति

१. सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदानहरूको विकास प्राथमिकताका आधारमा लगानी गर्ने।

२. पर्यटन विकास, भौतिक पूर्वाधार जनशक्ति विकास, सामाजिक विकास, प्राकृतिक स्रोत र साधनको व्यवस्थापन, पुँजी निर्माण, प्रविधि विकास र सुशासन प्रवर्द्धनका लागि सामूदायिकमा आधारित सङ्गठनहरू, सहकारी संस्थाहरू, गैरसरकारी क्षेत्रतथा निजी क्षेत्रसँग सहकार्य गर्ने।

३. सबै नागरिकले अनिवार्यरूपमा सहकारीको सदस्यता लिएर मासिकरूपमा न्यूनतम बचत गर्न उत्प्रेरित गर्ने र बचत रकम उत्पादनमूलक काममा लगानी गर्न प्रोत्साहित गर्ने ।

४. सबै नागरिकलाई बैङ्क वा वित्तीय संस्थामा खाता खोल्न अभिप्रेरित गर्ने।

५. सबै नागरिकले पारिवारिक/व्यावसायिक तथा उत्पादन योजना बनाएर निजी उत्पादन तथा कारोबार गर्ने।

६. वैदेशिक रोजगारीमा भएका व्यक्तिहरूलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

७. सहकारी तथा पब्लिक कम्पनीहरूमार्फत सामुदायिक उद्यमशीलता स्थापना तथा प्रवर्द्धन गर्न उत्प्रेरित गर्ने।

८. पालिकामा कार्यरत निजी व्यावसायिक कम्पनीहरूलाई व्यावसायिक सामाजिक उत्तरदायित्व बहन गर्नका लागि उत्तरदायी बनाउँदै उपलब्ध स्रोतलाई विकास प्राथमिकताका आधारमा सदुपयोग गर्ने।

## ४.२ राजस्व

धरान उपमहानगरपालिकाको आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न संविधान तथा कानुनहरूको परिधिभित्र रहेर पालिकाको आन्तरिक स्रोतहरू पहिचान गरी सो को परिचालन गरेर राजस्वका दायरा फराकिलो बनाइने छ। यसरी वित्त संरचना सुदृढ बनाउन पालिकाको आर्थिक नीति तयार गरी लागु गरिने छ । आर्थिक वर्ष २०७९/०८० लाई आधार वर्ष मानेर प्रत्येक वर्ष १० प्रतिशतका दरले वार्षिक वृद्धि हुने गरी राजस्व अनुमान गरिएको छ।

तालिका : राजस्व अनुमान

| शिर्षक | आधार वर्ष (आ.व. २०८१/०८२) को बजेट | पहिलो वर्षको आम्दानी अनुमान | दोस्रो वर्षको आम्दानी अनुमान | तेस्रो वर्षको आम्दानी अनुमान | चौथो वर्षको आम्दानी अनुमान | पाचौ वर्षको आम्दानी अनुमान |
|---|---|---|---|---|---|---|
| कुल आय | १३०५४०४०६९ | १५७९५३८९२३ | १९११२४२०९७ | २३१२६०२९३८ | २७९८२४९५५५ | ३३८५८८१९६१ |
| संघीय सरकारबाट प्राप्त आय | ८३६५८८६२८ | ९२०२४७४९१ | १०१२२७२२४० | १११३४९९४६४ | १२२४८४९४१० | १३४७३३४३५१ |
| प्रदेश सरकारबाट प्राप्त आय | ३४३९२२९० | ३७८३१५१९ | ४१६१४६७१ | ४५७७६१३८ | ५०३५३७५२ | ५५३८९१२७ |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६१०८०८३५ | ६७१८८९१९ | ७३९०७८१० | ८१२९८५९१ | ८९४२८४५१ | ९८३७१२९६ |
| बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृध्दि कर | ९८४७७३०१ | १०८३२५०३१ | ११९१५७५३४ | १३१०७३२८८ | १४४१८०६१६ | १५८५९८६७८ |
| बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ४६७००३३२ | ५१३७०३६५ | ५६५०७४०२ | ६२१५८१४२ | ६८३७३९५६ | ७५२११३५२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | १६२५१९२९ | १७८७७१२२ | १९६६४८३४ | २१६३१३१७ | २३७९४४४९ | २६१७३८९४ |
| बाँडफाँड भई प्राप्त हुने विज्ञापन कर | ० | ० | ० | ० | ० | ० |
| बाँडफाँड भई प्राप्त हुने वन रोयल्टी | २१८२३८७ | २४००६२६ | २६४०६८८ | २९०४७५७ | ३१९५२३३ | ३५१४७५६ |
| बाँडफाँड भई प्राप्त हुने दहत्तर बहत्तर विक्रि | ० | ० | ० | ० | ० | ० |
| आन्तरिक श्रोत सम्पति कर | २७४०९२९८ | ३०१५०२२८ | ३३१६५२५१ | ३६४८१७७६ | ४०१२९९५३ | ४४१४२९४९ |
| आन्तरिक श्रोत भूमिकर/मालपोत | ६४१३९२३ | ७०५५३१५ | ७७६०८४७ | ८५३६९३२ | ९३९०६२५ | १०३२९६८७ |
| आन्तरिक श्रोत बहाल कर | ३७८०९९८१ | ४१५९०९७९ | ४५७५००७७ | ५०३२५०८५ | ५५३५७५९३ | ६०८९३३५३ |
| आन्तरिक श्रोत वहाल विटौरी कर | ७१०१४१४ | ७८११५५५ | ८५९२७११ | ९४५१९८२ | १०३९७१८० | ११४३६८९८ |
| आन्तरिक श्रोत साना सवारी साधन कर | २४२०० | २६६२० | २९२८२ | ३२२१० | ३५४३१ | ३८९७४ |
| आन्तरिक श्रोत पूर्वाधार सेवा उपयोग कर | ५२५६११५ | ५७८१७२७ | ६३५९८९९ | ६९९५८८९ | ७६९५४७८ | ८४६५०२६ |
| आन्तरिक श्रोत मनोरञ्जन कर | २०९५०० | २३०४५० | २५३४९५ | २७८८४५ | ३०६७२९ | ३३७४०२ |
| आन्तरिक श्रोत अखेटोपहारमा लाग्ने कर | ० | ० | ० | ० | ० | ० |
| संस्थागत आब्तरिक अनुदान | ९०४१०४७ | ९९४५१५२ | १०९३९६६७ | १२०३३६३४ | १३२३६९९७ | १४५६०६९७ |
| सरकारी सम्पतीको वहालबाट प्राप्त आय | ६२७८१२९ | ६९०५९४२ | ७५९६५३६ | ८३५६१९० | ९१९१८०९ | १०११०९९० |
| सरकारी सम्पती विक्रिबाट प्राप्त रकम | १५७४५४ | १७३१९९ | १९०५१९ | २०९५७१ | २३०५२८ | २५३५८१ |
| विद्युत सेवा शुल्क | १३३९९४ | १४७३९३ | १६२१३३ | १७८३४६ | १९६१८१ | २१५७९९ |
| अन्य सेवा शुल्क तथा विक्रि | १३३८८१२७ | १४७२६९४० | १६१९९६३४ | १७८१९५९७ | १९६०१५५७ | २१५६१७१२ |
| न्यायिक दस्तुर | ४४५७१८ | ४९०२९० | ५३९३१९ | ५९३२५१ | ६५२५७६ | ७१७८३३ |
| शिक्षा क्षेत्रको आम्दानी | १२७६७०० | १४०४३७० | १५४४८०७ | १६९९२८८ | १८६९२१६ | २०५६१३८ |
| परिक्षा शुल्क | ७०५०० | ७७५५० | ८५३०५ | ९३८३६ | १०३२१९ | ११३५४१ |
| अन्य प्रशासनिक सेवा | २७२९९०७ | ३००२८९८ | ३३०३१८७ | ३६३३५०६ | ३९९६८५७ | ४३९६५४३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शुक | | | | | | |
| पार्किङ शुल्क | १२६९५८० | १३९६५३८ | १५३६१९२ | १६८९८११ | १८५८७९२ | २०४४६७१ |
| नक्सापास दस्तुर | २४२१३७५८ | २६६३५१३४ | २९२९८६४७ | ३२२२८५१२ | ३५४५१३६३ | ३८९९६४९९ |
| सिफारिस दस्तुर | १९४१७३६५ | २१३५९१०२ | २३४९५०१२ | २५८४४५१३ | २८४२८९६४ | ३१२७१८६१ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २२५५०७५ | २४८०५८३ | २७२८६४१ | ३००१५०५ | ३३०१६५५ | ३६३१८२१ |
| नाता प्रमाणित दस्तुर | १७८६७०० | १९६५३७० | २१६१९०७ | २३७८०९८ | २६१५९०७ | २८७७४९८ |
| अन्य दसतुर | ६६६९२३३ | ७३३६१५६ | ८०६९७७२ | ८८७६७४९ | ९७६४४२४ | १०७४०८६६ |
| प्रशासनिक दण्ड जरिवना र जफत | ३८५७१६४ | ४२४२८८० | ४६६७१६८ | ५१३३८८५ | ५६४७२७४ | ६२१२००१ |
| अन्य राजस्व | ६५५ | ७२१ | ७९३ | ८७२ | ९५९ | १०५५ |
| व्यवसाय कर | ३२५१४८३० | ३५७६६३१३ | ३९३४२९४४ | ४३२७७२३९ | ४७६०४९६३ | ५२३६५४५९ |

## ४.३ सार्वजनिक, निजी र सहकारी साझेदारी

### ४.३.१ सङ्घीय सरकार

धरान उपमहानगरपालिका पर्यटन, हस्तकलाको प्रचुर सम्भावना बोकेको, उष्ण तथा उपोष्ण क्षेत्रका सांस्कृतिक तथा महत्वपूर्ण जैविक पारिस्थितिकीय प्रणाली भएको क्षेत्र हो । यस क्षेत्रको समग्र भौतिक, सामाजिक तथा आर्थिक विकासका लागि सङ्घीय सरकारसँगको सहकार्य अपरिहार्य छ । यो क्षेत्रजलवायु परिवर्तन तथा प्राकृतिक विपद्को उच्च जोखिम क्षेत्रसमेत भएको हुँदा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिमन्यूनीकरणका लागि प्रभावकारी नीति निर्माण तथा कार्यान्वयनका लागि सङ्घीय सरकारसँग सहकार्य गरिने छ । पालिकाभित्र दातृनिकाय, बहुउद्देश्यीय कम्पनीहरू, अन्तर्राष्ट्रिय स्तरका शैक्षिक तथा अनुसन्धान केन्द्रहरू सञ्चालन गर्न पनि सङ्घीय सरकारसँग सहकार्य गरिने छ । आर्थिक वर्ष २०८१।२०८२ लाई आधार माने र प्रत्येक वर्ष १० प्रतिशत वृद्धि हुने अनुमान गरी सङ्घीय सरकारबाट प्राप्त हुने बजेट अनुमान गरिएको छ ।

तालिका: सङ्घीय सरकारबाट प्राप्त हुने बजेट अनुमान

| शिर्षक | आधार वर्ष (आ.व. २०८१/०८२) को बजेट | पहिलो वर्षको आम्दानी अनुमान | दोस्रो वर्षको आम्दानी अनुमान | तेस्रो वर्षको आम्दानी अनुमान | चौथो वर्षको आम्दानी अनुमान | पाचौ वर्षको आम्दानी अनुमान | ज म्मा |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकारबाट प्राप्त अनुदान | ८३६५८८६२८ | ९२०२४७४९१ | १०१२२७२२४० | १११३४९९४६४ | १२२४८४९४१० | १३४७३३४३५१ | |
| समानिकरण अनुदान | २८४९८८१३० | ३१३४८६९४३ | ३४४८३५६३७ | ३७९३१९२०१ | ४१७२५११२१ | ४५८९७६२३३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शसर्त अनुदान चालु | ४७२५०३००० | ५१९७५३३०० | ५७१७२८६३० | ६२८९०१४९३ | ६९१७९१६४२ | ७६०९७०८०७ | |
| शसर्त अनुदान पुँजीगत | २७६०००००० | ३०३६००००० | ३३३९६००० | ३६७३५६०० | ४०४०९१६० | ४४४५००७६ | |
| समपुरक अनुदान पुँजीगत | ३६००००००० | ३९६००००० | ४३५६०००० | ४७९१६००० | ५२७०७६०० | ५७९७८३६० | |
| विषेश अनुदान पुँजीगत | १५४९७४९८ | १७०४७२४८ | १८७५१९७३ | २०६२७१७० | २२६८९८८७ | २४९५८८७६ | |

### ४.३.२ प्रदेश सरकार

उपमहानगरपालिकाभित्रका ठूला तथा मझौला र प्रदेश सरकारको छनोटमा परेका योजना तथा नगरपालिकाले प्रदेश सरकारको सहयोगमा सम्पन्न गर्ने योजनाहरू प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारसँग सहकार्य गरिने छ। आर्थिक वर्ष २०७९।२०८० लाई आधार माने र प्रत्येक वर्ष १० प्रतिशत वृद्धि हुने अनुमान गरी प्रदेश सरकारबाट प्राप्त हुने बजेट अनुमान गरिएको छ।

तालिका : प्रदेश सरकारबाट प्राप्त हुने बजेट अनुमान

प्रदेशबाट प्राप्त हुने आम्दानी अनुमान

| शिर्षक | आधार वर्ष (आ.व. २०८१/०८२) को बजेट | पहिलो वर्षको आम्दानी अनुमान | दोस्रो वर्षको आम्दानी अनुमान | तेस्रो वर्षको आम्दानी अनुमान | चौथो वर्षको आम्दानी अनुमान | पाचौ वर्षको आम्दानी अनुमान | जम्मा |
|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकारबाट प्राप्त अनुदान | ३४३९२२९० | ३७८३१५१९ | ४१६१४६७१ | ४५७७६१३८ | ५०३५३७५२ | ५५३८९१२७ | |
| समानिकरण अनुदान | २०१९२००० | २२२११२०० | २४४३२३२० | २६८७५५५२ | २९५६३१०७ | ३२५१९४१८ | |
| शसर्त अनुदान चालु | ६३२५००० | ६९५७५०० | ७६५३२५० | ८४१८५७५ | ९२६०४३३ | १०१८६४७६ | |
| शसर्त अनुदान पुँजीगत | ४३००००० | ४७३०००० | ५२०३००० | ५७२३३०० | ६२९५६३० | ६९२५१९३ | |
| समपुरक अनुदान पुजीगत | ३५७५२९० | ३९३२८१९ | ४३२६१०१ | ४७५८७११ | ५२३४५८२ | ५७५८०४० | |

### ४.३.३ धरान उपमहानगरपालिका

उपमहानगरपालिकाले समग्र आर्थिक तथा सामाजिक विकासका लागि नेतृत्वदायी भूमिका खेल्ने छ । सामाजिक, आर्थिक एवम् रणनीतिक महत्वका दृष्टिकोणले आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको निर्माण तथा गैरसरकारी व्यवसायीहरूसँग सहकार्य, लगानीमैत्री वातावरण, कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, सुशासन, शान्ति, सद्भाव, सामाजिक न्याय कायम गर्न नेतृत्वदायी भूमिका खेल्ने छ ।

### ४.३.४ निजी क्षे त्र

धरान नगरपालिकाले आह्वान गरे अनुसार क्षेत्रका सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय उत्तरदायित्व पूरा गर्दै रोजगारी तथा आय आर्जनका क्षेत्र बढाउने , उन्नत प्रविधिहरू आयात तथा प्रवर्ध्दन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने । जनताको सहकार्यमा निजी क्षेत्रको विकास गरी उपमहानगरपालिकासँग सहकार्य तथा साझेदारी गरी उद्यम विकास गरिने छ ।

### ४.३.५ सहकारी क्षे त्र

धरान उपमहानगरपालिकाभित्र छरिएर रहेका स्रोत तथा साधनको सङ्गठित संस्थामार्फत परिचालन गरी सामाजिक समावे शी आर्थिक वृद्धि र सामूदायिकको सशक्तीकरण गर्न सहकारीको प्रवर्ध्दन गरिने छ । सहकारीले पालिका र निजी क्षेत्रको प्रत्यक्ष प्रभाव पुग्न नसकेका क्षेत्रहरूमा समेत सेवा विस्तार गर्न सक्छ । छरिएका श्रम, सिप, प्रविधि र पुँजीलाई सहकारीमार्फत एकत्रित गरी उत्पादन, उत्पादकत्व वृद्धि गर्दै रोजगारी तथा आयआर्जनका

अवसर वृद्धि गरिने छ ।

### ४.३.६ गैरसरकारी तथा सामूदायिकमा आधारित संस्थाहरू

सबै प्रकारका कुरीति तथा सामाजिक विभेद अन्त, जनचेतना वृद्धि, वातावरण संरक्षणलगायतका कार्य प्रभावकारी सञ्चालन गर्न गै रसरकारी तथा सामूदायिकमा आधारित संस्थाहरूसँग सहकार्य गरिने छ । नगरपालिकाको दूरदृष्टिमुताविक लक्ष्य तथा उद्देश्यहरू पूर्ति गर्न सहकार्य गरिने छ ।

### ४.३.७ वैदेशिक लगानी

नयाँ प्रविधि, ज्ञान, सिप भित्र्याइ उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सङ्घीय सरकारको अनुमति लिएर वैदेशिक लगानी भित्र्याउने नीति अवलम्बन गरिने छ ।

### ४.३.८ पालिकामा कार्यरत विकास साझेदारहरू

यस आवधिक योजना कार्यान्वयनका लागि उपमानगरपालिकाभित्र निम्नलिखित सरोकारवालाको भूमिका महत्वपूर्ण रहने छ ।

**१. धरान उपमहानगरपालिका**

यस आवधिक योजना कार्यान्वयनको नेतृत्वदायी भूमिका उपमहानगरपालिकले लिने छ । आवश्यक स्रोत र साधन व्यवस्थापनमा नेतृत्वदायी भूमिका खेल्दै जनपरिचालनमार्फत सुशासनको प्रत्याभूति गराइँदै कार्यान्वयन गरिने छ ।

**२. राजनीतिक दलहरू**

यस आवधिक योजना कार्यान्वयनका लागि सबै राजनीतिक दलको भूमिका अपरिहार्य छ । आवधिक योजनाका कार्यक्रमबारे पालिकावासीलाई सुसूचित गराउन, उनीहरूको सकारात्मक धारणा निर्माण गर्न

कार्यक्रमहरू कार्यान्वयनका लागि जनसहभागिता वृद्धि गर्न र स्रोतहरू सङ्कलनमा महत्वपूर्ण भूमिका रहने छ।

**३. सहकारी संस्थाहरू**

यस आवधिक योजना कार्यान्वयनका लागि सहकारीहरूको सक्रिय भूमिका रहने छ। त्यसैले कार्यक्रमहरू कार्यान्वयनका लागि सहकारीहरूसँग साझेदारी गरिने छ।

**४. सामूदायिकमा आधारित सङ्गठनहरू (समूह तथा स्थानीय गैरसरकारी संस्थाहरू, युवा क्लबहरू, उपभोक्ता समूहहरू, आमा समूहहरू)**

यस आवधिक योजनाले अवलम्बन गरेका अभियान तथा जनतामा आधारित कार्यक्रमहरू कार्यान्वयन गर्न एवम् अनुगमन गर्न सामूदायिकमा आधारित सङ्गठनहरूको भूमिकालाई सक्रिय गराइने छ।

**५. गैरसरकारी संस्थाहरू तथा आयोजनाहरू**

जनचेतना, क्षमता अभिवृद्धि तथा अभियानहरू सञ्चालनका लागि गैरसरकारी व्यवसायीहरूसँग साझेदारी एवम् सहकार्य गरिने छ।

**६. निजी व्यापारिक प्रतिष्ठानहरू**

व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत निजी तथा व्यापारिक प्रतिष्ठानहरूसँग सहकार्य गरेर जनचेतना तथा क्षमता अभिवृद्धि, पुस्तकालय, सूचना केन्द्र, प्रतीक्षालय, सामुदायिक भवन जस्ता कार्यक्रमहरू सञ्चालन गर्न सहकार्य तथा साझेदारी गरिने छ।

**७. प्रादेशिक सरकार**

उपमहानगरपालिकाले निर्दिष्ट गरेका कार्यक्रमहरू सञ्चालन गर्न तथा प्रदेश सरकारका कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि सहकार्य तथा समन्वय गरिने छ।

**८. सङ्घीय सरकार**

राष्ट्रिय महत्वका कार्यक्रमहरू सञ्चालनका लागि तथा नगरपालिकाभित्र सङ्घीय सरकारको सहयोग प्राप्त गर्नुपर्ने आयोजनाहरू कार्यान्वयन गर्न सङ्घीय सरकारसँग सहकार्य गरिने छ।

**९. विद्यालय तथा शैक्षिक प्रतिष्ठानहरू**

यस आवधिक योजनाले निर्दिष्ट गरेका हरित क्लब, सरसफाइका कार्यक्रम, वृक्षरोपण, विज्ञान तथा प्रविधि एवं नयाँ विषयकाबारेमा नगरवासीलाई जानकारी गराउने कार्यक्रमहरू विद्यालयको नेतृत्वमा कार्यान्वयन गर्न उत्प्रेरित गरिने छ।

**१०. सञ्चार संस्थाहरू**

यस आवधिक योजनाले निर्दिष्ट गरेका कार्यक्रम र योजना छनोटदेखि सम्पन्न नहुन्जेलसम्म उपभोक्तालाई सुसूचित गराउन र नगरपालिकामा सूचनाको हक प्रत्याभूत गराउन सञ्चार माध्यमहरूको भूमिका प्रभावकारी रहने छ।

**११. अन्तर्राष्ट्रिय गैरसरकारी व्यावसायिकहरू**

यस उपमहानगरपालिकाभित्र सामाजिक अभियानका कार्यक्रमहरू सञ्चालन गर्न, ठूला परियोजना सञ्चालन गर्न र विभिन्न विषयका अनुसन्धानात्मक परियोजना सञ्चालन गर्न अन्तर्राष्ट्रिय गैरसरकारी व्यावसायिहरूसँग साझेदारी तथा सहकार्य गरिने छ।

## परिच्छेद ५ : आर्थिक क्षेत्र

## ५.१ कृषि तथा पशुपालन

### ५.१.१. राष्ट्रिय सन्दर्भ

नेपालको संबिधान २०७२ को धारा ३६ ले खाद्य अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ भने खाद्य सम्बन्धी मौलिक हक अन्तर्गत खाद्यका तीनैवटा अधिकारको कार्यन्वयनको लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ समेत जारी भैसकेको अवस्था छ।

नेपालको भोकमरी र गरीवीको अवस्था अन्य दुद्दिन एशियाली देशहरुको तुलनामा कमजोर छ। नेपालमा करिब १८.७५ जनसंख्या निरपेक्ष गरीवीको रेखा मुनि रहेका छन् भने बहुआयामिक गरीवी २८.६५ रहेको छ।

सन् २०१५ सेप्टेम्बर २५ मा संयुक्त राष्ट्र संघ महासभाले २०३० सम्मको दिगो विकास लक्ष्य अनुमोदन गरेको छ जस अनुसार सन् २०३० सम्ममा विश्वव्यापी रुपमा भोकमरी र गरीवी लाई अन्त्य गर्ने घोषणा गरेको छ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत रहेको छ भने कुल जनसंख्याको ६०.४ प्रतिशत यसमा आवद्ध छ। सङ्घीय सरकारले बि|स| २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा एवम् पाँच वर्ष भित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ। उक्त लक्ष्य हासिल गर्न नेपालको १५ औं पन्च वर्षीय योजनाको कृषि क्षेत्रको दुरदृष्टि, लक्ष्य तथा उद्देश्य निम्न अनुसार निर्धारण गरेको छ।

**दुरदृष्टि**

खाद्य र पोषण सुरक्षा तथा खाद्य सम्प्रभुता सहितको दिगो, प्रतिस्पर्धी एवम् संमृद्ध कृषि अर्थतन्त्र।

**लक्ष्य**

प्रतिस्पर्धी, जलवायु अनुकूल, आत्मनिर्भर एवम् निर्यातमुखी उद्योग को रुपमा कृषि क्षेत्रलाई रुपान्तरण गर्दै समाबेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने।

**उद्देश्य**

क. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु।

ख. कृषिमा आधारित उद्द्योग् को विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु।

ग. व्यवसायिक तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु।

### ५.१.२ कोशी प्रदेश सन्दर्भ

**पृष्ठभूमि**

प्रदेश आर्थिक विकासको मेरुदण्डको रूपमा कृषि क्षेत्र रहेको छ। संविधानले भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन गर्ने, कृषिको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्नेस कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्त्वपूर्ण कृषि सम्बन्धी नीति निर्धारण गरेको छ। यसका लागि कृषिवालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरण, पशुपक्षी तथा मत्स्य प्रजनन एवम् नस्ल सुधार, आहार तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धनमा प्रदेश सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने हुन्छ।

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाई भन्दा वढी (३६.७५ प्रतिशत० रहेको छ। कृषि क्षेत्रमा उपयोग भएको औसत कृषि जमिन ०.६६ हेक्टर रहेको छ। कृषि जमिनको खण्डीकरणले यो अनुपात

घट्दो क्रममा छ । राष्ट्रिय कृषिको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान २१.५ प्रतिशत रहेको छ । देशको कुल ३० लाख ९१ हजार हेक्टर खेती गरिएको जग्गा मध्ये ७ लाख १५ हजार ४२७ हेक्टर (करिव २३.११ प्रतिशत० जग्गा यसै प्रदेशमा पर्दछ । यस प्रदेशको राष्ट्रिय खाद्यान्न उपलब्धतामा २३.११ प्रतिशत योगदान रहेको छ । कृषि भूमिको उत्पादकत्व ३।०३ मे।टा प्रति हेक्टर रहेको छ । प्रदेशको अर्थतन्त्रमा व्यावसायिक कृषिको हिस्सा ८ प्रतिशत रहेको छ । कृषि मजदुरको उत्पादकत्व ८३५ अमेरिकी डलर रहेको छ । प्रदेशको उत्पादन मध्ये आन्तरिक खपत गरी बाँकी ३ लाख ३४ हजार २१५ मे.ट. खाद्यान्न बचत देखिन्छ । धान, मकै, गहुँ, आलु, अलैची, अदुवा, चिया आदि यस प्रदेशका मुख्य बालीनाली हुन् । प्रदेशको प्रमुख बाली यस प्रकार रहेका छन् ।

**क्षेत्रगत दुरदृष्टि**

समुन्नत कृषि, सम्पन्न किसान : समृद्ध प्रदेश ।

**लक्ष्य**

कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन वृद्धि हुने ।

**उद्देश्य**

कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

तुलनात्मक लाभ भएका बाली तथा पशुपक्षीजन्य उत्पादनको विकास एवम् बिस्तार

कृषि तथा पशुसेवा प्रसारको पहुँचमा वृद्धि गर्नु ।

### ५.१.३. उपमहानगरपालिकाको सन्दर्भ

यस पालिकामा कृषिले रोजगारीको दोस्रो ठूलो हिस्सा ओगटेको छ । यस उपमहानगरपालिकाको कुल क्षेत्रफलमध्ये १७.१३ वर्ग किलो मिटर (८.९१प्रतिशत) जमिन खेतिको लागि योग्य रहेको छ । उपमहानगरले वडा नं. ४, ५, ६,१७ र २० लाई मुख्य कृषि क्षेत्रको रुपमा राखेर कृषि विकासको कामलाई अगाडि बढाएको छ । यस पालिकामा धान, गहु, मकै जस्ता अन्नवालि आप, लिची, भुईकटहर जस्ता फलफुल उत्पादन हुन्छन । यस पालिकामा ७५ वटा कृषि फर्म दर्ता भएका छन । यसै गरी १३ वटा कृषक समुह रहेका छन ।

पशुपन्छी तथा सो बाट हुने उत्पादनको अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी मासुजन्य उत्पादन हुने देखिएको छ । कृषि अनुसन्धान केन्द्र पाख्रिवासले विकास गरेको कालो बङ्गुरले धराने कालो बङ्गुरको पहिचान बनाएको छ । धरान उपमहानगरपालिकामा ४ सय १४ पशुपंक्षि व्यवसाय दर्ता भएका छन । यस पालिका भित्र दर्तावाल र दर्ता नभएका गरी करीब ३ सय भन्दा बढी मासु व्यवसायीहरू छन् । यहाँ दैनिक १२ हजार ६ सय केजी मासु खपत हुने गरेको छ ।

### .५.३.१ पक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**५.३.१.१ लक्ष्य**

स्थानीय सीप, अनुभव, स्रोत र साधनको अधिक्तम् वैज्ञानिक परिचालन गरी नागरिकको आर्थिक सुदृढीकरण

**५.३.१.२ उद्देश्यहरू** :

क. सभाब्य सबै बाली (खाद्यान्न, तरकारी, फलफूल, मासु आदि० लाई व्यवसायिक र प्रविधि मंत्री गरी उत्पादन वृद्धि गर्नु ।

ख. प्राङ्गारिक मल प्रयोग गरी जमिनको उत्पादकत्व वृद्धि तथा प्राङ्गारिक खेती प्रवर्ध्दन गर्ने ।

ग. कृषकको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका तरकारी, अन्नबाली तथा फलफूल, जडीबुटी, फूल आदिको व्यावसायिक खेती प्रवर्ध्दन गर्ने

घ. कृषिमा युवा आकर्षण गर्ने।

ङ. बाँझो खेतीयोग्य ऊर्वर भूमिमा खेती गर्न जग्गा धनीलाई प्रोत्साहित गर्ने

च. कृषि उपजहरूको प्रशोधन केन्द्र, उद्योग विकास तथा संस्थागत बजारीकरण गर्ने।

छ. पशुपन्छीजन्य उत्पादन वृद्धि गरी दुग्ध तथा मासुजन्य पदार्थहरू निर्यात गरेर आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्ने

ज. पशु बिमा लागु गरी पशु तथा पन्छी पालन व्यवसायलाई सुरक्षित र आकर्षक बनाउने

झ. परीक्षण तथा अनुसन्धान गरी नयाँ प्रजातिका पशु तथा पन्छीहरू भित्र्याउने

ञ. बाह्रै महिना सिंचाईको सुबिधा उपलब्ध हुने व्यवस्था गर्नु।

### ५.१.४.४. रणनीति

१. व्यावसायिक कृषकहरू पहिचान गरी संस्थागत विकास गर्ने।

२. आधारभूत खाध्यबस्तुहरुमा आत्मनिर्भरता अभिवृध्दि गर्ने

३. कृषि क्षेत्रप्रति आकर्षण अभिवृध्दि गर्ने

४. कृषिको आधुनीकरण तथा व्यवसायीकरण गर्ने

५. खेती योग्य जमिनमा सिंचाई सुविधाको पहँच विस्तार गर्ने

६. विउ विजन विकास तथा संरक्षण गर्ने

७. शहरी खेती (Urban farming) प्रवर्ध्दन गर्ने

८. कृषिजन्य क्षेति न्युनिकरणका उपाय अवलम्वन गर्ने

९. वन्यजन्तुको अतिक्रमण कम गर्ने उपाय अवलम्वन गर्ने

### ५.१.४.५. कार्यक्रम तथा योजना

**क. कृषि** तथा **पशु**

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/ ०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | जम्मा | |
| **क.** | **कृषि तथा पशु** | | | | | | | | | |
| १ | स्थानीय तथा रैथाने बिउ संरक्षणको लागि बिजवृध्दि कार्यक्रम | संख्या | ३ | १००० | | १००० | | १००० | ३००० | ३००० |
| २ | नियमित माटो परीक्षण ल्यावको स्थापना | संख्या | १ | | ५००० | ५००० | ५००० | | १५००० | १५००० |
| ३ | कृषिमा सहज कर्जा तथा विमा सहजीकरण कार्यक्रम | संख्या | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०००० |
| ४ | माटोको नियमित परिक्षण गरी माटोको गुणस्तर सुधार कार्यक्रम | संख्या | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ५ | साना सिंचाई मर्मत कार्यक्रम | संख्या | ५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १२५०० |
| ६ | धाराको पानी संकलन तथा थोपा सिंचाई कार्यक्रम | संख्या | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ७ | स्थानीय उत्पादनको बजारीकरण | वटा | ४ | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | ४२५०० | ४२५०० |
| ५ | उत्पादनमा आधारित किसान अनुदानको कार्यक्रम | संख्या | १०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ९ | कृषिमा दक्ष तथा यूवाको आकर्षण वृद्धि गर्न नविनतम् प्रविधि प्रविधी प्रवर्ध्दन र हस्तान्तरण कार्यक्रम | संख्या | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| १० | वेमौसमी तरकारी खेती प्रवर्ध्दन कार्यक्रम | वटा | ४ | १०००० | १०००० | १०००० | १०००० | | ४०००० | ४०००० |
| ११ | कृषि उत्पादन प्रदर्शनी मेला | वटा | २ | | २५०० | | २५०० | | ५००० | ५००० |
| १२ | कृषि उपज संकलन केन्द्र तथा गोदाम घर निर्माण | वटा | २ | | ३०००० | | २०००० | | ५०००० | ५०००० |
| १३ | बिउबीजन तरकारी अनुदान | संख्या | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| १४ | कृषकको क्षमता विकासको लागि तालिम कार्यक्रम | कृषक संख्या | १०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १५ | सिकाईका लागि कृषक भ्रमण कार्यक्रम | कृषक संख्या | १२५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | १२५० |
| १६ | कृषि जन्य उद्योग प्रवर्ध्दन कार्यक्रम अनुदान | उद्योग संख्या | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| १७ | कृषि प्राविधिक र दक्ष जनशक्तिको व्यवस्थापन | संख्या | २५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | सहरी कृषि प्रवर्धन र अनुदान | घरधुरी | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| १९ | कृषि पात्रो निर्माण तथा कृषक सम्मान कार्यक्रम | पटक | ३ | | १०० | | १०० | १०० | ३०० | ३०० |
| २० | कृषक र कृषिसेवा प्रदायक संस्थाहरुको क्षमता बिकास र सशक्तीकरण | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| २१ | महिला दलित तथा अति विपन्न वर्गलाई कृषि व्यवसाय सहयोग | संख्या | ५० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २२ | पशुपंक्षीपालन व्यवसायिक क्षमता विकास, पशु व्यवसाय अभिमुखिकरण तथा प्राविधिक सहयोग | संख्या | १०० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २३ | पशुपंक्षीको वजार विकास एवं प्रवर्धन | संख्या | २ | | ५००० | | ५००० | | १०००० | १०००० |
| २४ | उन्नत जातका गाई, वाख्रा, वङ्गुर, कुखुरापालन प्रवर्धन कार्यक्रम (पशु नस्ल सुधार कार्यक्रम) | संख्या | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २५ | विपन्न महिला, दलितलाई व्यवसाय स्थापना र सञ्चालन सहयोग | संख्या | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २६ | पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २७ | पशु आहारका लागि सामुदायिक वन कार्यक्रम | पटक | २० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २८ | पशु स्वास्थ्य सेवा केन्दको स्तरोन्नती | संख्या | २ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०००० |
| २९ | पशु स्वास्थ्य सिविर सञ्चालन | पटक | २ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| ३० | स्थानीय पशु उत्पादनको गुणस्तर सुनिश्चितता सहित ब्राण्डिङ | पटक | २० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ३१ | पशु किसान तालिम कार्यक्रम | पटक | २० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ३२ | उत्पादनका आधारमा पशु किसान अनुदान कार्यक्रम | पटक | १० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ३३ | पशु उत्पादन संकलन तथा चिस्यान केन्द्र निर्माण | संख्या | २ | | १५००० | १५००० | १०००० | १०००० | ५०००० | ५०००० |
| ३४ | पशु बधशाला निर्माण | संख्या | ४ | | १०००० | १०००० | १०००० | १०००० | ४०००० | ४०००० |
| ३५ | पशु गोठरखोर सुधार कार्यक्रम | पटक | १० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| | जम्मा | | | ४५,३५० | ११४,९५० | ७५,३५० | ९९,९५० | ५५,४५० | ४००,०५० | ४००,०५० |

## ५.२. सिँचाइ तथा जलस्रोत

### ५.२.१ पृष्ठभूमि

उपमहानगरपालिकाको कुल क्षेत्रफलमध्ये ४५.९८ वर्ग किलो मिटर (२३.८७ प्रतिशत) जमिन खेतिको लागि योग्य रहेको छ । कुल खेतीयोग्य जमिनको ७ प्रतिशतमा मात्र सिंचाई सुविधा रहेको छ , उपमहानगरले वडा नं. ४, ५, ६,१७ र २० लाई मुख्य कृषि क्षेत्रको रुपमा राखेर कृषि विकासको कामलाई अगाडि बढाएको छ। अधिकांस सहरी क्षेत्र भएको धरानमा सिँचाईको राम्रो सुविधा छैन । खोलाहरुबाट सामान्य कुलो बनाएर पानी ल्याउने र पाइपको प्रयोग गरी सिँचाई गर्ने गरेकोदेखिन्छ। सिँचाईको अभावमा हिउदे तथा वालिनाली गर्न सकिएको छैन।

### ५.२.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.२.१.१. लक्ष्य

नगरपालिकाभित्र भएका जलस्रोतको संरक्षण, संवर्धन, व्यवस्थापन र सदुपयोग गर्दै नगर र नागरिकको सहभागितामा अधिकतम् प्रतिफल दिने परियोजना निर्माण गरी सिँचाइको उपलब्धता वृद्धि गर्ने तथा जलाधार र मुहानहरू संरक्षण गर्ने।

#### ५.२.१.२. उद्देश्यहरू

१. नगरपालिकाको जलस्रोत नीति निर्माण गरी कार्यान्वयन गर्ने।

२. खेतीयोग्य जमिनमा १२ महिना सिंचाई सुविधा सुनिश्चित गर्ने।

३. जलस्रोत संरक्षण तथा सदुपयोगका लागि जनसहभागिता सुनिश्चित गर्ने।

#### ५.२.१.३. रणनीति

१. अधिकतम प्रतिफल दिने परियोजनाहरू सञ्चालन गर्न सङ्घ तथा प्रदेश सरकारसँग साझेदारी गर्ने।

२. सामूदायिकमा आधारित संस्था तथा समूहहरूमार्फत साना सिँचाइ कार्यक्रमहरू सञ्चालन गर्ने।

३. जलस्रोत संरक्षण तथा व्यवस्थापन गर्न सामूदायिकमा आधारित संस्थाहरू गठन गरी सवलीकरण गर्ने।

### ५.२.१.४ कार्यक्रम तथा योजना

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ग | सिंचाई | | | | | | | | | |
| १ | सिंचाइ कुलोको मर्मत सम्भार र स्तरोन्नति / कुलो संरक्षण तथा सिंचाइ सेवा विस्तार कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| २ | आकाशेपानी सङ्कलन कार्यक्रम / साना सिंचाई मर्मत कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ३ | बैकल्पिक तथा आधुनिक सिंचाइ प्रविधिमा सहयोग | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ४ | जलाधार क्षेत्र मुल एवम् पोखरी, ताल तलैयाहरुको संरक्षण कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ५ | वर्षातको पानी संकलनका लागि पोखरी निर्माण तथा ट्याङ्की वितरण कार्यक्रम | वटा | ५ | | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० |
| ६ | नगर भित्र परम्परा देखि रहेका सिंचाइ कुलो, राजकुलोहरूको पुनः निर्माण गर्ने र क्रमिक रूपमा मर्मत गर्ने। | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ७ | कुलोबाट सिँचाइ हुन नसक्ने स्थानमा सम्भाव्यता अध्ययन गरी डिप बोरीङ राख्न तथा संचालन गर्ने | पटक | ५ | १००० | २००० | ३००० | ४००० | ५००० | १५००० | १५००० |
| ८ | सिंचाइको श्रोतहरूको अध्ययन गर्ने / पहाडी तथा नदी मुहान क्षेत्रमा पानीका पोखरीहरू निर्माण गर्ने | वटा | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ९ | किसानहरुलाई थोपा सिंचाइ प्रविधिबारे तालिम दिई कार्यान्वयनमा ल्याउने | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| | **जम्मा** | | | **५,०००** | **११,०००** | **१२,०००** | **१३,०००** | **१४,०००** | **५५,०००** | **५५,०००** |

## ५.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ५.३.१ राष्ट्रिय सन्दर्भ

पर्यटन क्षेत्रको विकासबाट रोजगारका अवसरहरु प्रशस्त मात्रामा सिर्जना हुने भएको हुनाले देशमा विद्यमान गरीवी निवारण गर्न यस क्षेत्रबाट ठूलो योगदान गर्न सक्दछ । नेपाल राष्ट्र प्राकृतिक हिसाबले अति सुन्दर मात्र होइन एतिहासिक, सांस्कृतिक एवम् धार्मिक हिसाबले पनि त्यत्तिकै धनी छ। विश्वको सर्बोच्च शिखर सगरमाथा लगायत अन्य थुप्रै ठूला हिमालहरु नेपालमा हुनु, शान्तिका दूत गौतम बुद्धको जन्म स्थल लुम्बिनी नेपालमा हुनु, जैविक विविधताले देश भरिपूर्ण हुनु, सांस्कृतिक सम्पदाले धनी हुनु आदि विशेषताले गर्दा नेपालमा पर्यटन क्षेत्रको विकासको ज्यादै ठूलो सम्भावना रहेको छ।

यहाँ शाहशिक पर्यटन, धार्मिक पर्यटन, मनोरंजन पर्यटन आदिको प्रशस्त गुन्जायस एवंम सम्भावना रहेको छ। तर आवश्यक मात्रामा पूर्वाधारको विकास अझै सम्म पनि देशमा हुन नसक्नु, विश्व समक्ष प्रचार प्रसारको कमी, नयां गन्तब्य क्षेत्रको पहिचान र विकास हुन नसक्नु आदि कारणहरुले गर्दा नेपालले पर्यटन क्षेत्रबाट जति आर्थिक लाभ लिन सक्नु पर्ने हो त्यति लिन सकिरहेको अवस्था छैन। यस माथि २०७२ को भूकम्प पश्चात विस्तारै माथि उकालो लाग्न लागेको यस क्षेत्रलाई फेरी एक पटक संसार भर फैलिएको बिगत ३/४ वर्ष देखिको कोभिडका कारणले गर्दा ज्यादै प्रभावित हुन पुगेको छ। छिमेकी मुलुक भारत र चीनमा भैरहेको आर्थिक विकासको कारणले गर्दा यी देशका पर्यटकको संख्या अहिले नेपालमा बढदो छ। नेपालले यी देशमा भैरहेको आर्थिक विकासको फाइदा लिन सक्षम हुनु पर्दछ । नेपालमा गरिएको नेपाल भ्रमण वर्ष १९९८,२०११ र २०२० ले आशा गरिए जस्तै देशमा पर्यटक भित्र्याउन सकेको देखिदैन। नेपाल भ्रमण वर्ष २०२० ले देशमा २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको भएता पनि पूरा हुन सकेन। आ.व. २०७२/०७३ मा जम्मा ७,१०,००० पर्यटक देशमा आएका छन् र तिनीहरुको औशत बसाइ १२.४ दिन रहेको र विदेशी मुद्रा आम्दानी अमेरिकी डलर ४९.८ करोड रहेको थियो।

**दुरदृष्टि**

नेपाल एक आकर्षक, सुरछित र मनोरम पर्यटकीय गन्तब्य।

**लक्ष्य**

विश्व पर्यटकीय बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने।

**उद्देश्य**

क. नेपाललाई सुरछित, गुणस्तरीय प्रयटन मैत्री बनाई आकर्षक पर्यटन केन्द्रको रुपमा विकास गर्नु।
ख. पर्यटकीय गन्तब्य स्थल र उपजमा विविधीकरण गरी पर्यटन क्षेत्रको अर्थतन्त्रमा योगदान वृद्धि गर्नु।
ग. पर्यटकीय क्षेत्रबाट प्राप्त लाभलाई समन्यायिक रुपले जनस्तरसम्म पुर्याउनु।

योजनाको अन्तिम वर्षमा विदेशी पर्यटकको आगमन संख्या ३५ लाख पुगेको हुनेछ । विदेशी पर्यटकको सरदर बसाइ अवधि १५ दिन हुनेछ र सरदार दैनिक खर्च १०० अमेरिकी डलर पुगेको हुनेछ। योजना अवधिमा ३ लाख ८२ हजार प्रत्यक्ष थप रोजगारीका अवसर सिर्जना भएको हुने र कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान १० प्रतिशत पुगेको हुनेछ।

### ५.३.२ कोशी प्रदेश सन्दर्भ

**पृष्ठभूमि**

पर्यटन राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधार हो । सर्वोच्च शिखर सगरमाथा लगायत विश्वका अग्ला ५ हिमश्रृंखलाको अवस्थिति यस प्रदेशमा रहेको छ । पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, नेपालको विविध सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै लाभ वितरणमा स्थानीयलाई प्राथमिकता दिने राज्यको पर्यटन सम्बन्धी नीति रहेको छ । पर्यटन क्षेत्र संघ, प्रदेश र स्थानीय गरी तीनै तहको अधिकार सूचीमा समेटिएको छ ।

मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्र (होटेल तथा रेस्टुरा) को योगदान २.०५ प्रतिशत रहेको छ । पर्यटन क्षेत्रको आयमध्ये आन्तरिक पर्यटन र अन्तर्राष्ट्रिय पर्यटनको योगदान क्रमशः ५७ प्रतिशत र ४३ प्रतिशत रहेको छ । नेपालमा सन् २०१७ मा भित्रिएका कुल पर्यटक ११,७३,०७२ मध्ये ४८,४३८ (५.१ प्रतिशत) ले यो प्रदेशको भ्रमण गरेका छन् । प्रदेशमा भ्रमण गरेका पर्यटक मध्ये खुम्बु क्षेत्रमा ९३.१५ प्रतिशत, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा कञ्चनजङ्डा संरक्षण क्षेत्रमा ६ प्रतिशत, र कोशी टप्पु वन्यजन्तु आरक्षणमा ७९ प्रतिशतंले भ्रमण गरेको देखिन्छ । यस प्रदेशको काँकडभिट्टा नाका हुँदै वि।सं। २०७२ मा १,७७,४११ र २०७४ मा २,१९,५७१ भारतीय पर्यटक नेपाल भित्रिएको देखिन्छ । तेस्रो मुलुकका ४८ हजार पर्यटक काँकडभिट्टा नाका भई नेपाल प्रवेश गर्ने गरेको देखिन्छ ।

पर्यटनबाट प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १.९३ प्रतिशत योगदान रहेको छ । यस क्षेत्रमा करिव ३२ हजार जनाले रोजगार प्राप्त गरेको देखिन्छ । प्रदेशमा १३ वटा पर्यटन गन्तव्य रहेका छन् ।

नेपाल सरकारले प्रमुख पर्यटकीय गन्तव्य स्थलको लागि पहिचान गरेका १०० वटामध्ये १६ वटा यस प्रदेशमा पर्दछन् । बराहक्षेत्र, पाथीभरा, हलेसी महादेव, कन्याम, तिनजुरे मिल्के जलजले, गुफा पोखरी जस्ता धार्मिक तथा रमणीय स्थलमा आन्तरिक पर्यटन साथै तीर्थयात्री बढ्दो क्रममा रहेका छन् ।

**क्षेत्रगत दुरदृष्टि**

पर्यटन क्षेत्रको दिगो विकास : प्रदेश समृद्धिको आधार ।

**लक्ष्य**

पर्यटन क्षेत्रको दिगो विकासद्वारा आय र रोजगारीका अवसर वृद्धि गर्ने ।

**उद्देश्य**

क. प्रदेशलाई मुलुकको पर्यावरण अनुकूल प्रमुख पर्यटन गन्तव्यको रूपमा विकास गर्नु ।

ख. पर्यटकको संख्या, बसाइँ र क्रय दर वृद्धि गर्नु ।

ग. पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्नु ।

### ५.३.३ नगरपालिका सन्दर्भ

एतिहासिक, सांस्कृतिक एवम् धार्मिक हिसाबले धरान उपमहानगरपालिकाको आफ्नै छुट्टै महत्व रहेको छ । पर्यटन प्रवर्धनको लागि आवश्यक सम्पदाहरु नगरपालिकामा यथेष्ट मात्रामा रहेका छन्। वास्तवमा भन्ने हो भने यहाँ भएका सम्पदाहरुबाट अहिलेसम्म खासै फाईदा नगरपालिकाले लिन सकेको छैन ।

उपयुक्त भौतिक पूर्वाधारको विकास हुन नसक्नु, प्रचार प्रसारको कमी आदि कारणले गर्दा यहाँ पर्यटन क्षेत्रको विकास भईरहेको देखिदैन । धरान उपमहानगरपालिकामा स्तरीकृत होटेल, रिसोर्ट आदिको संख्या जम्मा २४ रहेको देखिन्छ । धार्मिक कार्यको बुढासुब्बा, दन्तकाली, पिण्डेश्वर लगायतका मन्दिरमा विभिन्न ठाउंहरुबाट भक्तजनहरु आउने गर्दछन् ।

### ५.३.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.३.३.४.१ लक्ष्य

सम्पदा संरक्षण र प्रचार प्रसारबाट पर्यटन क्षेत्रको विकास गर्ने ।

#### ५.३.३.४.२. उद्देश्य

- ❖ आन्तरिक, वाह्य तथा छिमेकी पर्यटकहरु आकर्षित गर्नु ।
- ❖ पर्यटन क्षेत्रको विकासको लागि पूर्वाधारको विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- ❖ प्राचीन ऐतिहासिक, पुरातात्विक सांस्कृतिक सम्पदाको संरक्षण गर्नु ।
- ❖ पर्यटकहरु आकर्षित गर्न नयाँ गतव्य विकास गर्नु ।
- ❖ पर्यटन क्षेत्रको विकासको लागि निजी क्षेत्रलाई आकर्षित गर्नु ।
- ❖ पर्यटन उद्योगको लागि आवश्यक जनशक्ति तयार गर्नु ।
- ❖ पर्यटन क्षेत्रको विकासको लागि नीति निर्माण गर्नु ।

#### ५.३.३.४.३. रणनीति

१. पर्यटन विकास योजना खाका तयार गर्नु
२. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्ध्दन गर्ने
३. पर्यटनसम्बन्धी पूर्वाधार र सेवाहरू विकास/अभिवृद्धि गर्ने
४. पर्यटकीय आकर्षण विस्तार गर्ने  र सहज पहुँच बढाउने
५. पर्यटन जनशक्ति उत्पादन योजना तयार गरी कार्यान्वयन गर्नु
६. पर्यटन पूर्वाधार विकासमा साझेदरी नीति अवलम्वन गर्ने

### ३.३.३.४.४. कार्यक्रम तथा योजना

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८२/०८३ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| क. आथिक विकास क्षेत्र | | | | | | | | | | |
| ख | पर्यटन | | | | | | | | | |
| १ | उपमहानगरपालिकाको पर्यटन गुरु योजना तर्जुमा तथा कार्यान्व्यन गर्ने । | पटक | १ | ५००० | | | | | ५००० | ५००० |
| २ | उपमहानगरपालिकाको एकीकृत (स्वास्थ्य, शिक्षा, खेलकुद र धार्मिक सम्पदा) पर्यटन विकास ढाँचा निर्माण गर्ने । | पटक | १ | १००० | | | | | १००० | १००० |
| ३ | संभावीत पर्यटन व्यवसायहरूको पहिचान, प्रविधि मैत्री प्रचार प्रसार र प्रवर्ध्दन गर्ने । | पटक | १ | | २००० | | | | २००० | २००० |
| ४ | पर्यटकीय क्षेत्रमा मानव निर्मित पर्यटकीय संरचना निर्माण गर्ने । | संख्या | ५ | | २००० | ३००० | | | ५००० | ५००० |
| ५ | सर्दु खोलावारी पार्क निर्माण गर्ने । | संख्या | १ | २०००० | १०००० | ५००० | | | ३५००० | ३५००० |
| ६ | पर्यटन विकास गन आन्तरिक पर्यटनको क्षेत्रमा आवश्यक जनशक्ति (गाइड लगायत) विकास गर्ने । | संख्या | १०० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ७ | हिन्दी, अङ्ग्रेजी र चाइनीज भाषामा स्थानीय पर्यटकीय स्थलहरुको बुक लेट, ब्रोसर, पर्चा विकास तथा प्रकाशन गर्ने । | पटक | १ | | २०० | २०० | १०० | | ५०० | ५०० |
| ५ | भानु चोकमा पर्यटन सूचना केन्द्रको स्थापना | भवन | १ | २००० | ३००० | | | | ५००० | ५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने । | | | | | | | | | |
| 9 | पर्यटकीय तथा धार्मीक स्थलमा आधारभूत पूर्वाधार ( शौचालय, खानेपानी, विश्राम स्थाल) निर्माण गर्ने । | संख्या | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ७५०० |
| १० | पुराना तथा जिर्ण भएका धार्मिक तथा साँस्कृतिक स्थलको जिणोद्धार (पिंडेश्वर, दन्तकाली, बुढासुब्बा) गर्ने । | संख्या | ३ | २०००० | २०००० | २०००० | | | ६०००० | ६०००० |
| ११ | पर्यटन पदमार्ग व्यवस्थापन गर्ने । | | ६० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ३०००० |
| १२ | एक वडा एक बाल एद्यान निर्माण । | वटा | २० | १२००० | १२००० | १२००० | १२००० | १२००० | ६०००० | ६०००० |
| १३ | होम स्टे प्रवर्ध्दनका तथा क्षमता विकास | पटक | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| १४ | सप्तरङ्गी पार्क निर्माण | संख्या | १ | २०००० | २०००० | १०००० | | | ५०००० | ५०००० |
| १५ | हरियाली सामुदायिक वन क्षेत्रको सडकलाई भाइरल रोडको रुपमा विकास गर्ने | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १६ | रक गार्डेन स्तरोन्नती | संख्या | २ | | | १०००० | १०००० | १०००० | ३०००० | ३०००० |
| १७ | सप्तरङ्गी पार्कमा पर्यटन पुर्वाधार निर्माण | संख्या | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| १५ | चारकोसेमा मिनी जु व्यवस्थापन गर्ने । | संख्या | १ | | | २०००० | २०००० | २०००० | ६०००० | ६०००० |
| १९ | पिंडेश्वर, दन्तकाली, बुढासुब्बामा पर्यटकीय पूर्वाधार निर्माण गर्ने । | संख्या | ३ | | | २०००० | २०००० | २०००० | ६०००० | ६०००० |
| २० | पर्यटकीय उत्पादनहरु - पदमार्ग, होम स्टे, क्युरियो पसल, हस्तकला उत्पादनको बिकास | संख्या | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २१ | धार्मिक महोत्सव तथा मेला प्रदर्शनी कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| २२ | साँस्कृतिक सङ्ग्रहालय | संख्या | १ | २०००० | २०००० | १०००० | | | ५०००० | ५०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | | | |
| | जम्मा | | | १२३,३०० | ११२,५०० | १५३,५०० | ९५,४०० | ९५,३०० | ५५०,००० | ५५०,००० |

**ख. संस्कृति संमपदा**

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ख. | संस्कृति संमपदा | | | | | | | | | |
| १ | बहु साँस्कृतिक संग्रालय स्थापना, सास्कृतिक संपदाको संरक्षण र सञ्चालन | संख्या | २ | १०००० | २०००० | ३०००० | १०००० | १०००० | ५०,००० | ५०,००० |
| २ | संस्कृति संरक्षण, स्थानीय जात्रा, साँस्कृतिक पर्व व्यवस्थापन कोष स्थापना | संख्या | १ | १००० | २००० | ३००० | ४००० | ५००० | १५,००० | १५,००० |
| ३ | कला, संस्कृति प्रवर्द्धनका लागि महोत्सवहरु सञ्चालन। | वटा | २० | १००० | २००० | ३००० | ४००० | ५००० | १५,००० | १५,००० |
| ४ | प्राचीन गुम्वा, मठ मन्दिर, सम्पदाहरुको अभिलेखन, मर्मत सम्भार तथा सवलीकरण | वटा | २० | १००० | २००० | ३००० | ४००० | ५००० | १५,००० | १५,००० |
| ५ | च्याबुरुङ (लिम्बु) को स्तरोन्नती | पटक | २ | १००० | | २००० | | | ३,००० | ३,००० |
| ६ | साकेला पार्क स्तरोन्नती | संख्या | २ | १०००० | २०००० | ३०००० | १०००० | १०००० | ५०,००० | ५०,००० |
| ७ | तामाङ घेदुङ सांस्कृतिक क्षेत्र स्तरोन्नती | संख्या | १ | १००० | २००० | ३००० | | | ६,००० | ६,००० |
| ८ | जातीय कला, संस्कृति सम्वर्धन। | वटा | २० | १००० | २००० | ३००० | ४००० | ५००० | १५,००० | १५,००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | पछिल्लो पुस्तामा कला, संस्कृति हस्तान्तरण गर्न कला, संस्कृति सम्बन्धी गोष्ठी। | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| | जम्मा | | | **३६२००** | **७५२००** | **१४७२००** | **१२१२००** | **१४५२००** | **५२५०००** | **५२५०००** |

### ५.३.३.१.५. अपेक्षित उपलब्धि

योजनाको अन्तिम सम्ममा पर्यटकहरुको आगमन बढेको, पर्यटन क्षेत्रबाट थप रोजगारी र आय सिर्जना भएको, नगरपालिकाको गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदानमा वृद्धि भएको हुनेछ । साथै सरदर बसाइ अवधि लम्बिएको र प्रति पर्यटकको प्रति दिन खर्च बढेको, पर्यटनको पर्यटकीय वस्तुको विविधीकरण भएको, आंतरिक पर्यटक र छिमेकी पर्यटकको आगमन बढेको हुनेछ।

## ५.४ उद्योग, वाणिज्य तथा आपूर्ति

### ५.४.१ पृष्ठभुमि

**राष्ट्रिय सन्दर्भ**

उद्योग क्षेत्रलाई राष्ट्र विकासको प्रमुख आधार स्तम्भको रुपमा लिन सकिन्छ। तीब्र ओद्योगिक करणले मुलुकको आर्थिक उन्नति गर्न मद्दत गर्दछ। नेपालको संबिधानले पनि राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र निर्यात प्रबर्धन क्षेत्रमा विदेशी लगानी आकर्षित गर्ने तर्फ जोड दिएको छ। औद्योगिक नीतिले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवं बृहत आधार सहितको औद्योगिक विकासको माध्यमवाट अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्याउने लक्ष्य लिएको छ। आ.ब. २०७५ र ०७६ मा कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान १४.६ प्रतिशत र उत्पादनमूलक उद्योग क्षेत्रको योगदान ५.६ प्रतिशत रहेको छ।

उद्योग क्षेत्रको विकास बिना यथेस्ट मात्रमा देशमा रोजगारीका अवसहरु सिर्जना र आर्थिक विकास गर्न सम्भव प्रायः हुँदैन। नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.५ छ भने राष्ट्रिय रोजगारीमा ६.६ प्रतिशत रहेको छ। आ.ब. २०७४/७५ सम्ममा देशमा बिभिन्न किसिमका उद्योग गरी जम्मा ७ हजार ५सय २९ रहेका छन् भने लगानी कुल रु.१६ खर्ब ८१ अर्ब भएको देखिन्छ। कुल उद्योग मध्ये दुई तिहाइ ५०९८ (६७.७१) उद्योग यस प्रदेशमा रहेका छन्। नेपालमा रहेका ११ औद्योगिक क्षेत्रहरु मध्ये चार वटा यस प्रदेशमा रहेका छन्। यस प्रदेशमा स्थापित उद्योगहरु मध्ये विराटनगर र अन्य शहर उपत्यकामा अत्यधिक छन्। लगानी मैत्री वातावरण नहुनु, औद्योगिक पूर्वाधारको कमी हुनु, दक्ष जनशक्ति नहुनु आदि जस्ता यस क्षेत्रका प्रमुख समस्याहरु हुन्।

**दुरदृष्टि**

आर्थिक संमृद्धिको लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास।

**लक्ष्य**

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने।

**उद्देश्य**

क. औद्योगिक उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु।

ख. उद्योगको उत्पादन एवं प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरी निर्यात प्रबर्धन र आयात व्यवस्थापन गर्नु।

ग. लगानीमैत्री वातावरण सिर्जना गरी उदद्र्योग क्षेत्रमा स्वदेशी र विदेशी लगानी बढाउदै रोजगारीका थप अवसर सिर्जना गर्नु।

कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ६.५ प्रतिशत पुगेको हुनेछ। ओद्योगिक पूर्वाधार विकास सहित ३५१ उद्योग ग्राम, १५ औद्योग क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना भई उद्योग संचालनमा आएका हुनेछन्।

### ५.४.२ प्रदेश सन्दर्भ

पृष्ठभूमि

उद्योग क्षेत्र अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्ने सम्भाव्य क्षेत्रको रूपमा रहेको छ। संविधानले औद्योगीकरणलाई प्रदेशको एकल अधिकार तथा संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ। दिगो विकासको लक्ष्यमा समावेशी एवम् दिगो औद्योगिकीकरण तथा साना उद्योग एवम् अन्य व्यवसाय विस्तार गर्ने कुरा उल्लेख गरेको छ। सो लक्ष्य प्राप्त गर्नका सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशत र उत्पादनमूलक उद्योगले कुल रोजगारीमा १३ प्रतिशत योगदान दिनुपर्ने हुन्छ। प्रदेशमा कुल १ लाख ६८ हजार ५१८ उद्योग रहेका छन्। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १९.०६ प्रतिशत रहेको छ। उद्योग क्षेत्रको वार्षिक उत्पादन रु. ८२ अर्ब २७ करोड रहनका साथै यस क्षेत्रले १,०१,२७९ जनालाई रोजगार प्रदान गरेको छ।

**क्षेत्रगत दुरदृष्टि**

आर्थिक रूपान्तरणका लागि औद्योगीकरण : समृद्धिका लागि रोजगारी प्रवर्द्धन।

**लक्ष्य**

प्रदेश गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वृद्धि हुने।

**उद्देश्य**

औद्योगिक लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

स्थानीय स्रोत, सीप र साधनमा आधारित उद्योग प्रवर्द्धन गर्दै रोजगारीका अवसर सृजना गर्नु।

### ५.४.३ उपमहानगर नगरपालिकाको सन्दर्भ

यस नगरपालिकामा ठूला उद्योगहरु भएको देखिदैन । परम्परागत हस्तकलाका सामग्रीहरु केहि मात्रामा यहाँ उत्पादन गर्ने गरेको देखिन्छ। पानी प्रशोधन, तयारी पोसाकका साना उद्योग छन। यस धरानउपमहानगरपालिकामा उद्योग सङ्ख्या १७० रहेकामा सबै भन्दा बढी हस्तकला सामाग्री उत्पादन गर्ने ४०, खुकुरी उद्योग ३८, प्रशोधित पिउने पानी उत्पादन गर्ने उद्योग  र इटा, टाइल तथा व्रिक उद्योग ३१ रहेका छन।

उद्योगको समस्याहरुमा तालिमको अभाव, परम्परागत हस्तकलाका सीपको संरक्षणको अभावमा लोप हुँदै गैराखेको, जनचेतनाको कमी, बजार, दक्ष प्राविधिकको समस्या, कच्चा पदार्थको अभाव वा कमी, प्रस्तावित औद्योगिक ग्राम हाल सम्म स्थापना नहुनु आदि रहेका छन्।

### ५.४.४.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.४.४.१.१. लक्ष्य

औद्योगिकरणबाट आम्दानी वृद्धि गरी गरीवी निवारण र बेरोजगारीको समस्या समाधान गर्ने।

### ५.४.३.१.२ उद्देश्य

क. औद्योगिक रणको लागि निजी क्षेत्रलाई अधिकतम रुपमा परिचालन गर्नु।

ख. स्थानीय कच्चा पदार्थमा (कृषि, जडिबुटी, वन आदि) आधारित उद्योग संचालन गर्नु।

ग. औद्योगिकिकरणबाट रोजगारीका अवसरहरु सिर्जना गर्नु।

घ. उद्योगको विकास गर्न पूर्वाधारको निर्माण गर्नु।

ङ. उद्योगलाई चाहिने जनशक्ति स्थानीय स्तरमा नै उत्पादन गर्नु।

च. औद्योगिक ग्रामको लगानीको लागि प्रदेश वा संघीय सरकारको सहयोग माग्नु।

छ. उद्योग नीति निर्माण गरी औद्योगिक लगानी मैत्री वातावरण सिर्जना गर्नु।

### ५.४.४.३.१.३ रणनीति

१. पालिकाको उद्योग, वाणिज्य तथा आपूर्ति नीति निर्माण गरी लागु गर्ने

२. उद्योग विकासमैत्री वातावरण निर्माण गर्न पालिकावासीलाई उद्यम विकासतर्फ उत्प्रेरित गर्ने

३. नीजि क्षेत्रको लगानी प्रोत्साहित गर्न प्रभावकारी कर प्रोत्साहन नीति लागु गर्ने

४. औद्योगिक पूर्वाधार निर्माण गर्ने

५. स्थानीय कच्चा पदार्थ र आधुनिक प्रविधिमा आधारित उद्योग स्थापनामा जोड दिने।

६. विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम सञ्चालन गर्ने

७. विक्रेता र क्रेताको अधिकार सुनिश्चित गर्दै उत्पादनको गुणस्तर प्रति उत्तरदायी बनाउने

### ५.४.४.३.१.४. कार्यक्रम योजना

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| १ | स्थानीय श्रम सीप बिकास तथा उद्यमशीलता बिकास कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| २ | कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन | वटा | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ३ | हस्तकला उद्योग विकास तथा वजार प्रवर्द्धन | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ४ | व्यापार मेला सञ्चालन | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ५ | विपन्न महिला, दलित तथा युवा स्वरोजगारी प्रवर्द्धन | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ६ | सहकारी सचेतना, सवलीकरण तथा | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन तालिम | | | | | | | | | |
| ७ | सहकारी संस्थासंगको समन्वयमा वजार प्रवर्ध्दन कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ८ | सहकारी तथा वित्त संस्थाहरुको क्षमता वृद्धि कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ९ | गन्तव्य राष्ट्र वारे अभिमुखीकरण तथा क्षमता अभिवृद्धि र नि शुल्क कानुनी सहायता कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| १० | गृहणी क्षमता विकास - माला, अचार , हात्ते पंखा, झोला लगायत तालिम कार्यक्रम_ | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ११ | निर्माणाधिन औद्योगीक ग्रामलाई सम्पन्न गरी सञ्चालनमा ल्याउने | संख्या | १ | | | २०००० | १०००० | १०००० | ४०००० | ४०००० |
| १३ | सबै वडामा विक्री तथा प्रदर्शन स्थल स्थापना गर्ने | वटा | २० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | २०००० |
| १४ | पराम्परागत पेशा व्यवसायलाई नयाँ प्रविधीसँग आवध्द गर्न प्रोत्साहान कार्यक्रम तथा उद्यागीलाई पुरस्कृत गर्ने। | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| | जम्मा | | | **१२३,३००** | **११२,५००** | **१५३,५००** | ९५४०० | ९५३०० | **५५०,०००** | **५५०,०००** |

### ५.४.३.१. ५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

उद्योग सम्बन्धी सम्पूर्ण अध्ययन सम्पन्न भई सम्भाव्य उद्योगको पहिचान भएको हुने, ओद्योगिक ग्राम स्थापना भई संचालन भएको हुनेछ । औद्योगिक पूर्वाधारको उचित व्यवस्था भएको हुनेछ, औद्योगिक उत्पादनको लागि बजारको व्यवस्था हुने, निजी क्षेत्रलाई आकर्षित गर्न उपयुक्त नीति तर्जुमा भई कार्यान्वयनमा आइसकेको हुनेछ, बेरोजगार युवालाई ओद्योगिकीरणको माध्यमबाट रोजगारीका अवसर उपलब्ध हुनेछ । पूँजी अभावको समस्याको अन्त्य हुनेछ । स्थानीय तहमा उपलब्ध कच्चा पदार्थको बढी भन्दा बढी उपयोग भएको अवस्था हुनेछ ।

## ५.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ५.५.१ पृष्ठभूमि

#### ५.५.१.१ राष्ट्रिय सन्दर्भ

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसाङ्ख्यिक संरचनामा उत्पादनशील उमेर (१५-५९) समूहको जनसङ्ख्या ६७ प्रतिशत रहेको छ। वि.स. २१०३ सम्म यस्तो जनसाङ्ख्यिक लाभको अवस्था रहने छ। विगत तीन दशकदेखि आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जाने गरेको छ । आन्तरिक श्रम बजार विश्लेषणको कमी, श्रमिकको माग र आपूर्तिमा असन्तुलन, सीपयूक्त श्रम शक्तिको अपर्याप्तता, कामलाई सम्मान गर्ने संस्कृतिको कमी, आयातमूखी अर्थतन्त्र, कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गएको र स्वदेशी श्रमिक विस्थापित हुँदै गएको अवस्था छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको परिभाषा अवलम्बन गरिएको नेपाल श्रमशक्ति सर्वेक्षणकाअनुसार बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ। श्रमशक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेकों र श्रम शक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। पारिश्रमिक नपाई काम गर्ने महिलाहरू पुरुषको तुलनामा ६ गुणा बढी रहेका छन्। अनौपचारिक रोजगारी र स्याहारसम्बन्धी काम तथा अर्थतन्त्रलाई व्यवस्थित गर्ने प्रयासको थालनी गरिएको भए तापनि उल्लेखनीय उपलब्धि हासिल गर्न सकिएको छैन। बालश्रमको समग्र प्रवृत्ति घट्दो क्रममा रहेको भए तापनि समूहका लगभग ११ लाख बालबालिकाहरू घरेलु श्रममा संलग्न रहेका छन्।

#### .५.५.२. **नगरपालिका सन्दर्भ**

धरान नगरपालिकाको आर्थिक रुपमा सक्रिय जनसंख्या (१५-५९ उमेर समुह) १ लाख ४६ हजार ५ सय ८० (८८.०१ प्रतिशत) रहेको छ। यो जनसांख्यिक लाभको अधिक्तम उपयोग गरी नगर विकास गर्नु हाम्रो प्राथमिक कार्यभार हो । अझ हस्तकला उत्पादनले आर्थिक उपार्जनमा ठुलो योगदान गरीरहेको यस पालिकाका यो जनसंख्यालाई उद्यमसँग जोड्न सकिने संभावना अझ सवल छ। यस पालिकाका ९ हजार ३ सय ८६ जना बैदेशिक रोजगारीमा रहेका छन। जसमा महिला २ हजार ९ सय ९७ र पुरुषको संख्या ६ हजार ३ सय ८९ रहेको छ। यसबाट पालिकामा वार्षिक ३ अर्व २७ करोड ५९ लाख रुपैयाँ भित्रने गरेको छ। वैदेशिक रोजगारीमा रहेका व्यक्तिको प्रतिव्यक्ति औसत आय ४२ हजार १३५ रुपैयाँ रहेको छ।

### ५.५.२.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.५.२.१.१ लक्ष्य

नयाँ नयाँ श्रमका क्षेत्रहरु पहिचान गरी सम्पूर्ण श्रमशक्तिलाई नगर क्षेत्रमा नै उत्पादनशील क्षेत्रमा उपयोग गर्ने।

#### ५.५.२.१.२. उद्देश्य

क. कृषि क्षेत्रको ब्यावसायिकीकरण, यांत्रिकीकरण गरी रोजगारीका अवसरहरु वृद्धि गर्नु।

ख. औद्योगिक ग्रामको स्थापनाबाट थप रोजगारीका अवसरहरु सिर्जना गर्नु।

ग. ब्यापार क्षेत्रमा भविष्यमा हुने विकास एवम् विस्तारबाट रोजगारीका थप अवसर हरु सिर्जना गर्नु।

घ. सम्पूर्ण श्रमशक्तिको उपयोग गर्नु।

**५.५.२.१.३. रणनीति**

१. कृषि उद्योग जस्ता सवैभन्दा बढी रोजगारी सिर्जना गर्ने उद्यम प्रवर्ध्दन गर्ने।
२. जनसांख्यिक लाभको अधिक्तम उपयोग गर्ने।
३. श्रम बजारको माग अनुसार सीप तथा दक्षता युक्त श्रम शक्ति विकास गर्ने।
४. आनन्तरिक रोजगारीका अवसर सिर्जना गर्ने।
५. परम्परागत रैथाने ज्ञान सीप प्रविधी प्रवर्ध्दन कार्यक्रम सञ्चालन गर्ने।
६. वैदेशिक रोजगारीबाट भित्रने पुजीलाई उद्यम विकासमा लगाउन प्रेतित गर्ने।

**५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

वैदेशिक रोजगारीमा जाने युवाको संख्यामा उल्लेख्य रुपमा कमी आंएको अवस्था हुनेछ, कृषि क्षेत्रको औद्योगिकीकरणबाट थप रोजगारीका अवसरहरु सिर्जना गरेको हुनेछ। ओद्योगिक ग्रामको संचालनबाट धैरै युवाहरुले रोजगारी पाइसकेको अवस्था हुनेछ, ब्यापार क्षेत्रमा हुने विस्तारले स्वरोजगार प्रवर्धन भई बेरोजगारीको समस्या धैरै हद सम्म हल भई सकेको अवस्था हुनेछ।

## परिच्छेद ६ : सामाजिक क्षेत्र
## ६.१ जनसङ्ख्या तथा बसाइँ सराइ

### ६.१.१ धरान उपमहानगरपालिको सन्दर्भ

राष्ट्रिय जनगणना २०७८ अनुसार धरान उपमहानगरपालिको जनसङ्ख्या १ लाख ६६ हजार ५३१ रहेको छ। दश वर्ष अघि (राष्ट्रिय जनगणना २०६८ मा० यहाँको जनसङ्ख्या १ लाख ३७ हजार ७०५ थियो। जनसङ्ख्या वृद्धिमा पहिले र अहिले महिलाको सङ्ख्या बढी देखिएको छ। २०६८ को जनगणनामा महिलाको सङ्ख्या ७३ हजार ३४ जना थियो थियो भने २०७८ को जनगणनामा त्यो सङ्ख्या बढेर ८८ हजार १२१ पुगेको छ।

पालिको जनसङ्ख्या वृद्धिदर १ दशमलव ८६ प्रतिशत रहेको छ। यो प्रतिशत २०६८ मा ३ दशमलव ८१ प्रतिशत प्रतिशत रहेको थियो।

जनसङ्ख्याको वृद्धिसँगै धरान उपमहानगरपालिकाको जनघनत्व पनि बढेर गएको छ। २०६८ को जनगणनामा प्रति १ किलोमिटर बराबर ७१५ जनघनत्व रहेकोमा २०७८ मा ८६६ पुगेको छ।

यसैगरी स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहानगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार २०७८ बैशाख १ गतेदेखि २०८० चैत्र ३० सम्म ८,१६६ परिवारका २१,४५७ जना मानिस धरान सरेर आएको देखिन्छ। त्यसैगरी ४,७७१ परिवारका ११,५१० मानिस बसाई सरेर गएको देखिन्छ। यो तथ्याङ्कलाई हेर्दा धरानमा बसाई सरेर जाने भन्दा बसाई सरेर आउने संख्या बढी छ। यसले सहरीकरण र बसोबासको तीव्रता बढेको देखाएको छ। विगतको जनसखंख्या वृध्दिलाई हेर्दा २०२६ सम्म धरान उपमहानगरपालिको जनसंख्या १,८०,६९९ पुग्ने अनुमान गरिएको छ।

तालिका नं. : धरान उपमहानगरपालिकाको जनसंख्या प्रक्षेपण

| जनसंख्या | | | वृद्धि दर प्रतिशत | जनसंख्या प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| २००१ | २०११ | २०२१ | | २०२६ | २०३१ | २०३६ | २०४१ |
| १,१४,५७१ | १,४१,४३९ | १,६६,५३१ | १.६% | १,८०,६९९ | १,९६,०७४ | २,१२,७५७ | २,३०,८५९ |

### ६.१.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.१.२.१ लक्ष्य

नगरपालिकको जनसङ्ख्यालाई व्यवस्थित, स्वस्थ र प्रतिस्पर्धी बनाउन जनसङ्ख्या व्यवस्थापन तथा प्रजनन स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गरी जनसङ्ख्या व्यवस्थापन तथा सामाजिक विकासबीच सन्तुलन कायम गर्ने।

#### ६.१.२.२ उद्देश्य

१. नगरपालिकाको जनसङ्ख्याको वृद्धि दर सन्तुलित राख्ने।
२. नगरपालिकाभित्र पञ्जिका दर्ता अभिलेख विद्युतीय अभिलेखमा राख्ने।
३. जीविको पार्जन र वृत्ति विकासका आधुनिक अवसरहरू सिर्जना गरी गुणस्तरीय जीवन सुनिश्चित गर्ने।

#### ६.१.२.३ रणनीति

१. आन्तरिक तथा बाह्य बसाइँ सराइलाई व्यवस्थित गर्ने
२. विवाह, प्रजनन उमेर तथा जन्मान्तरका बारेमा जनचेतना अभियान सञ्चालन गर्ने
३. बालविवाह, बहुविवाह जस्ता कुप्रथाहरू अन्त गर्ने
४. मातृ शिशु संरक्षण कार्यक्रम सञ्चालन गर्ने

#### ६.१.२.४ कार्यक्रम

१. जनसंख्या नीति तर्जुमा
२. व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन
३. हरेक परिवारको डिजिटल प्रोफाइल निर्माण
४. विवाह योग्य उमेर र प्रजनन क्षमताबारे सचेतना कार्यक्रम सञ्चालन
५. किशोरी संरक्षण कार्यक्रम
६. बसाई सरेर आउने व्यक्ति वा परिवारलाई पालिकाको नीति र अभ्यासबारे अभिमुखिकरण कार्यक्रम सञ्चालन

## ६.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ६.२.१ पृष्ठभूमि

शिक्षा आधुनिक समाज निर्माण, मर्यादित जीवन तथा सम्मानजनक रोजगारीको महत्वपुर्ण आधार हो। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यामिक तह सम्मको शिक्षा निःशुल्क गरेको छ । संबिधानतः शिक्षा संघ, प्रदेश तथा स्थानीय तहको साझा दायित्वको रुपमा रहेको छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन २०७४ ले आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको विकास, संचालन तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षालाई समसापेक्ष, व्यवसायिक, सिपमुलक तथा व्यवहारिक बनाउन नगरपालिकामा विभिन्न नीति नियम तथा योजना बनाई कार्यान्वयन पनि भईरहेका छन् ।

त्यसैगरी दिगो विकास लक्ष्य २०३० ले शिक्षालाई प्राथमिकता दिदै चौथो लक्ष्यका रुपमा गुणस्तरीय शिक्षालाई राखेको छ ।

यस उपमहानगरपालिकामा सामुदायिक तर्फ ६८ वटा बाल विकास केन्द्र छन् । त्यसमा ७८३ बालक र ७१६ बालिका गरी १४९९ जना भर्ना भएका छन् । (स्रोत:शिक्षा शाखा, धरान उपमहानगरपालिका, २०८०) यसैगरी आधारभूत विद्यालय (सामुदायिक)को सङ्ख्या २५ वटा छ । त्यसै गरी माध्यमिक विद्यालय २२ वटा (सामुदायिक० रहेको छ ।

यस उपमहानगरपालिका अन्तर्गतका शिक्षण संस्थामा अध्ययन गर्ने ४७,८३९ जना बालबालिकामध्ये १६,५०१ (३४.४९ प्रतिशत) सामुदायिक विद्यालयमा पढ्न जाने गरेका छन् । ३१,३३८ (६५.५१ प्रतिशत) बालबालिका संस्थागत विद्यालयमा पढ्न जाने गरेका छन् । शिक्षा क्षेत्रमा राज्यले उल्लेख्य मात्रामा लगानी गरी दक्ष शिक्षकहरू उत्पादन गरे तापनि गुणस्तरीय शिक्षा अभावका कारण निजी क्षेत्रमा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या उल्लेख्य रहेको छ । सामुदायिक विद्यालयहरूको क्षमता अभिवृद्धि गरे र अधिकांश विद्यार्थीलाई सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा दिन सके मा हाल संस्थागत विद्यालयमा भइरहेको खर्च प्रत्यक्षरूपमा बचत हुन गई पारिवारिक आयमा सहयोग पुग्न जाने देखिन्छ ।

### ६.२.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.२.२.१ लक्ष्य

गुणस्तरीय, प्रविधिमैत्री तथा रोजगारमूलक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।

#### ५.२.२.२ उद्देश्य

१. शिक्षाका सबै तहलाई गुणस्तरीय बनाई सबैको पहुँच सुनिश्चित गर्नु ।
२. प्राविधिक, व्यवसायिक एवं रोजगारमूलक शिक्षाको विकास एवं विस्तार गर्नु ।
३. शैक्षिक संस्थाहरुलाई आधारभूत भौतिक पूर्वाधार तथा स्रोत साधन सम्पन्न बनाउनु ।
४. शिक्षा क्षेत्रमा समय सापेक्ष दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।
५. शैक्षिक क्षेत्रको संस्थागत सुधार गर्नु ।

#### ६.२.२.३ रणनीति

१. नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गरिनेछ ।

२. सुरक्षित (विपद् प्रतिरोधी) भौतिक तथा शैक्षिक पुर्वाधारको व्यवस्था गरिनेछ।
३. प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने। केन्द्रको स्तरोन्ती गरिनेछ।
४. गुणस्तर सुनिश्चित गरिनेछ।
५. प्रशासनिक दक्षतामा विकास गरिनेछ।
६. विद्यालय ल्याउने र टिकाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
७. जनशक्ति व्यवस्थापन गरिनेछ।
८. शिक्षकको तालिम र पेशागत विकास गरिनेछ।
९. शैक्षिक विकासमा समुदायिक सहभागिता सुनिश्चित गरिनेछ।
१०. शिक्षाका लागि लगानी विस्तार गर्ने गरिनेछ।
११. शिक्षामा लगानी बढाउनदै लगिने छ।
१२. शैक्षिक प्रणालीको सुदृढीकरण गरिनेछ।
१३. शिक्षणसंस्थालाइ वातावरणीय शुरक्षामा परिचालन गरिनेछ।

६.२.२.४ कार्यक्रम तथा योजना

| क्र. सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | जम्मा | प्रति एकाई लागत रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/२०८६ | | |
| **ख.** | **सामाजिक विकास** | | | | | | | | | |
| **क.** | **शिक्षा** | | | | | | | | | |
| १ | १० वर्षे नगर शिक्षा विकास योजना निर्माण गर्ने। | पटक | १ | ५००० | ० | ० | ० | ० | १,००० | १,००० |
| २ | निशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन ढाँचा निर्माण | पटक | १ | ० | ३००० | ० | ० | ० | ३,००० | ३,००० |
| ३ | विद्यालयका प्रधानाध्यापक नियुक्ति सम्बन्धि मापदण्ड निर्माण | पटक | १ | ० | २००० | ० | ० | ० | २,००० | २,००० |
| ४ | विद्यालय अनुगमन निर्देशिका निर्माण गर्ने। | पटक | १ | ० | २००० | ० | ० | ० | २,००० | २,००० |
| ५ | विद्यालय बाहिर रहेका बालबालिकाको लगत संकलन र विश्लेषण | पटक | ५ | २००० | ० | ० | ० | ० | २,००० | २,००० |
| ६ | तहगत नमुना विद्यालय सञ्चालन अनुदान कार्यक्रम गर्ने। | पटक | ५ | ५०००० | ० | ० | ० | ० | ५०,००० | ५०,००० |
| ७ | आधारभुत तह (कक्षा १-८) स्थानीय विषयको पाठ्यपुस्तक लेखन | पटक | ३ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०,००० | ५०,००० |
| ८ | स्थानीय विषयको पठन पाठन सञ्चालन गर्ने। | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यार्थी, शिक्षक र अभिभावक बीच समन्वय हुने प्रविधिमैत्री सूचना तथा सञ्चार प्रणाली (Mobile Application) विकास | पटक | ५ | ५०० | | ५०० | | ५०० | १५०० | १५०० |
| १० | प्र.अ. को क्षमता विकास कार्यक्रम गर्ने । | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| ११ | विद्यालय कर्मचारीको क्षमता विकास कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| १२ | स्वयंसेवी शिक्षक नियुक्ति | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| १३ | विद्यालयमा सामुदायिक सहभागिता अभिवृध्दि कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| १४ | उत्कृष्ट विद्यालय भ्रमण ( शिक्षकरविव्यास) कार्यक्रम | k6s | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| १५ | उत्कृष्ट शिक्षक, विद्यार्थी, विद्यालय प्रोत्साहन कार्यक्रम | k6s | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| १६ | दिवा खाजा कार्यक्रममा थप बजेट अनुदान | वार्षिक | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०००० |
| १७ | पालिका स्तरमा विद्यालय तहको विज्ञान तथा गणित प्रदर्शनी | वार्षिक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| १८ | पठन मेला सञ्चालन | वार्षिक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| १९ | आधारभुत तह (कक्षा १-३) निरन्तर मुल्याङ्कन तालिम | वार्षिक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | कक्षा कोठा | संख्या | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| २१ | खानेपानी | संख्या | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| २२ | शौचालय | संख्या | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| २३ | घेरावेरा | संख्या | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| २४ | पुस्तकालय | संख्या | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २००० |
| २५ | विज्ञान प्रयोगशाला | संख्या | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| २६ | ICT ल्याब | संख्या | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| २७ | फर्निचर | संख्या | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| २८ | उपमहापालिकाको शैक्षिक क्यालेण्डर निर्माण | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| २९ | विद्यालयमा खेलकुद विकास अनुदान | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ३० | अध्ययन अनुसन्धानमा क्याम्पसहरुसँग सहकार्य | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ३१ | सामुदायक विधालयहरुको पूर्वाधार विकास | | | | | | | | | |
| ३२ | भवन निर्माण | | | | | | | | | |
| | १. चण्डिका भवानी आ.वि. धरान-२० | संख्या | १ | ५०० | ५०० | ० | ० | ० | १००० | १००० |
| | २. सूर्योदय आ.वि. धरान-२० | संख्या | १ | ५०० | ५०० | ० | ० | ० | १००० | १००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३. निसान देवि आ.वि. धरान-५ | संख्या | १ | ० | ० | ५०० | ५०० | ० | १००० | १००० |
| | ४. जनता आ.वि. धरान-१५ | संख्या | १ | ० | ० | ५०० | ५०० | ० | १००० | १००० |
| | ५. अनन्त शिक्षाज्योती आ.वि. धरान-११ | संख्या | १ | ० | ० | ० | ५०० | ५०० | १००० | १००० |
| | ६. पञ्चकन्या आ.वि. धरान-४ | संख्या | १ | ० | ० | ० | ५०० | ५०० | १००० | १००० |
| | ७. कालिका आ.वि. धरान-४ | संख्या | १ | ५०० | ५०० | ० | ० | ० | १००० | १००० |
| | ८. शिक्षाज्योती आ.वि. धरान-४ | संख्या | १ | ५०० | ५०० | ० | ० | ० | १००० | १००० |
| ३३ | कम्पाउण्डवाल निर्माण | | | | | | | | | |
| | १. पञ्चकन्या आ.वि. धरान-४ | संख्या | १ | १५०० | ० | ० | ० | ० | १५०० | १५०० |
| | २. जनता आ.वि. धरान-१५ | संख्या | १ | १५०० | ० | ० | ० | ० | १५०० | १५०० |
| | ३. अनन्त शिक्षाज्योती आ.वि. धरान-११ | संख्या | १ | १५०० | ० | ० | ० | ० | १५०० | १५०० |
| | ४. चण्डिका भवानी आ.वि. धरान-२० | संख्या | १ | १५०० | ० | ० | ० | ० | १५०० | १५०० |
| | ५. सूर्योदय आ.वि. धरान-२० | संख्या | १ | ० | १५०० | ० | ० | ० | १५०० | १५०० |
| | ६. उदय आ.वि. धरान-२० | संख्या | १ | ० | १५०० | ० | ० | ० | १५०० | १५०० |
| | ७. रणदेवी आ.वि. धरान-६ | संख्या | १ | ० | १५०० | ० | ० | ० | १५०० | १५०० |
| | ८.जनता आ.वि. धरान-५ | संख्या | १ | ० | १५०० | ० | ० | ० | १५०० | १५०० |
| | ९. शिक्षाज्योती आ.वि. धरान-४ | संख्या | १ | ० | १५०० | ० | ० | ० | १५०० | १५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | सामुदायिक विद्यालयहरुमा फर्निचर व्यवस्थापन प्रतिवर्षे ५०० जोडिका दरले | संख्या | ५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ७५०० |
| ३५ | पहिला २० वटा सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन कम्पूटर र प्रिन्टर १/१ वटा व्यवस्थापन गर्ने। | संख्या | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| ३६ | पहिला २० वटा सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन स्मार्टवोर्डको व्यवस्थापन (मा.वि.तहका) विद्यालयहरुमा गर्ने। | संख्या | २० वटा | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ३७ | २० वटा विद्यालयहरु अपाङ्गमैत्री वनाउने | संख्या | २० वटा | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १२५०० |
| ३८ | विद्यालयहरुमा शौचालयको व्यवस्थापन | | | | | | | | - | - |
| | १. निशासन देवि आ.वि. धरान-५ | संख्या | २ वटा | २५०० | २५०० | | | | ५००० | ५००० |
| | २. आ.वि. हर्दिया-४ | संख्या | २ वटा | २५०० | २५०० | ० | ० | ० | ५००० | ५००० |
| | ३. चण्डिका भवानी आ.वि. धरान-२० | संख्या | २ वटा | २५०० | २५०० | ० | ० | ० | ५००० | ५००० |
| | ४. सूर्योदय आ.वि. धरान-२० | संख्या | २ वटा | ० | ० | २५०० | २५०० | ० | ५००० | ५००० |
| | ५. शिक्षाज्योती आ.वि. धरान-४, | संख्या | २ वटा | ० | ० | २५०० | २५०० | ० | ५००० | ५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३९ | वालविकास केन्द्रको व्यवस्थापन(सामुदायाक) वालविकास केन्द्रहरुको घेरावार | संख्या | १० वटा | १००० | १००० | ० | ० | ० | २००० | २००० |
| ४० | वालविकास केन्द्रको व्यवस्थापन(सामुदायाक) वालविकास केन्द्रहरुको खाजा ख्वाउन भान्सा कोटा निर्माण | संख्या | १० वटा | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ४१ | वालविकास केन्दहरूरको स्तर उन्नती | संख्या | २० वटा | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| ४२ | दरबन्दी मिलान तथा विषयगत दरबन्दी व्यवस्थापन | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| ४३ | सार्वजनिक पुस्तकालयको स्तरोन्नती र सञ्चालन कार्यक्रम | संख्या | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ४४ | विद्यालयमा घेरावेरा र हरित विद्यालय कार्यक्रम | संख्या | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| ४५ | धार्मिक विद्यालय क्षमता विकास अनुदान | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| ४६ | माध्यमिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम | संख्या | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ४७ | समुदामा आधारित बाल विकासको स्तरोन्नती | संख्या | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ४००० |
| ४८ | अनौपचारिक शिक्षा सञ्चालन | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| ४९ | पूर्ण साक्षर उपमहानगरपालिका अभियान | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | संख्या | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ५१ | विद्यालय भर्ना अभियान, छात्रवृत्ति, निःशुल्क शिक्षा | पटक | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० |
| ५२ | विद्यालय पूर्वाधार विकास कार्यक्रम | पटक | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ५३ | वालवालिका स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, स्यानिटरी प्याड व्यवस्था | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| | जम्मा शिक्षा | | | **१२४,७०० ०** | **७५,७००** | **५७,७००** | **५७,७००** | **५२२००** | **३६३५० ०** | **३६३५० ०** |

### ६.२.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजना अवधिमा साक्षरता दर सत प्रतिशत पुगेको हुनेछ। प्राथमिक र माध्यामिक तहको खुद भर्नादर १०० प्रतिशत र माध्यामिक तहको खुद भर्नादर ९० प्रतिशत पुगेको हुनेछ । सबै माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक विषयको पठन पाठन भएको हुने, विद्यालयमा भूकम्प प्रतिरोधी भवन, घेराबार, पुस्तकालय, उपयुक्त खेल मैदान, खानेपानी जस्ता पूर्वाधारको व्यवस्थापन भएको हुने, शिक्षकहरु समय सापेक्ष तालिम प्राप्त गरी शिक्षाको गुणस्तरीमा बढोत्तरी भएको हुने । सामुदायिक विद्यालयमा तहगत तथा विषयगत शिक्षक व्यवस्थापन भएको हुने, विद्यालयमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भई प्रयोगात्मक शिक्षा हासिल गर्न सक्ने वातावरण तयार भएको हुनेछ शिक्षण सिकाई क्रियाकलाप बालमैत्री तथा प्रविधि मैत्री हुने, शिक्षण सिकाई क्रियाकलाप बालमैत्री तथा प्रविधि मैत्री भएको हुने। सबै विद्यालयमा तहगत तथा विषयगत शिक्षकको व्यवस्था भएको हुने, अनुगमन तथा मूल्यांकनको माध्यमबाट विद्यालयको गुणस्तरमा वृद्धि भएको हुनेछ।

## ६.३. स्वास्थ्य तथा पोषण

### ६.३.१ पृष्ठभूमि

स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। संविधानमा पनि प्रत्येक नेपालीले आधारभूत स्वास्थ्य सेवा र सुविधा निःशुल्क पाउने व्यवस्था गरेको छ। संविधानको व्यवस्थाअनुसार सरकारले आफ्ना स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रमा आधारभूत स्वास्थ्य सेवा र सुविधा निःशुल्क गरेको छ।

पोषणयुक्त खानपान, स्वच्छ खानेपानी एवं सरसफाइ स्वस्थ जीवनको लागि अपरिहार्य छ। स्वस्थ जीवनको लागि पोषणयुक्त खाद्यवस्तुको उपलब्धता हुनु आवश्यक हुन्छ। नगरपालिकामा उत्पादित कृषि उपजले सबै घरधुरीलाई वर्षभर खान पुग्ने अवस्था छैन। रासयनिक मलको प्रयोगले पनि स्वास्थ्यवर्द्धक खाद्य पदार्थको उत्पादनमा चुनौती सिर्जना गरेको छ। यद्यपि नगरपालिकाका स्वास्थ्य सूचकहरु सुधारका क्रममा रहेका छन्। लैङ्गिक आधारमा हेर्दा अधिकांश महिलाले स्वास्थ्य सेवासुविधाको उपभोग गरेका छन्।

धरान नगरपालिकामा यस धरान उपमहानगरपालिकामा वी.पी. कोइराला स्वास्थय विज्ञान प्रतिष्ठानले विशषज्ञ सेवा दिदै आएको छ। यहाँ ३ वटा स्वास्थ्य चौकी, १० वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ सहरी स्वास्थ्य प्रवर्ध्दन केन्द्र बाट नौ वटा वडा समेट्ने गरी स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। साथै उपमहानगरपालिमा १ वटा आयुर्वेद औषधालय र २ शहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छन्। (स्रोत: स्वास्थ्य शाखा, धरान उपमहानगरपालिका, २०८०)

स्वास्थ्य क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र सेवामा एकरूपता कायम गर्न नसक्नु, जनस्वास्थ्यप्रति उत्तरदायी तथा पर्याप्त जनशक्ति विकास गर्न नसक्नु, स्वास्थ्य सेवामा लगानी अनुसारको प्रतिफल प्राप्त नहुनु,

सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकहरूको अभाव हुनु, कुपोषण, विश्वव्यापीकरणसँगै खानपान तथा जीवनशैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक स्वास्थ्य समस्याहरू बढ्दै जानु प्रमुख समस्या हुन् । यसै गरी यस गाँउपालिकामा रहेका स्वास्थ्य क्षेत्रका प्रमुख समस्याहरू निम्न प्रकारका छन् ।

### ६.३.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.३.२.१ लक्ष्य

स्वास्थ्य क्षेत्रको व्यवस्थित विकास गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

#### ६.३.२.२ उद्देश्य

१ उपमहानगरपालिकामा सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउनु ।

२ स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।

३ स्वास्थ्य सेवामा आवश्यक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नती गर्नु ।

४ स्वास्थ्य सेवालाई सूचना मुलक तथा प्रविधि मैत्री बनाउनु ।

५ स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँचको वृद्धि गर्नु ।

६ वैकल्पीक चिकित्साको माध्यमबाट स्वास्थ्य सेवा प्रवर्द्धन गर्नु ।

#### ६.३.२.३. रणनीति

१. निशुल्क स्वास्थ्य कार्यक्रमलाई गुणस्तरीय, विश्वसनीय र समतामुलक आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।
२. सबै उपमहानगरपालिकावासीलाई वार्षिकरूपमा स्थानीय स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराइ प्रोफाइल बनाउन प्रोत्साहित गरिने छ ।
३. १५ शैयाको नगर अस्पताल स्थापना गर्ने
४. निश्चित मापदण्डका आधारमा स्वास्थ्य पुर्वाधार निर्माण गरिने छ ।
५. स्वास्थ्य संस्थामा आवश्यक दक्ष जनशक्ति सुनिश्चित गरिने छ ।
६. परम्परागत स्वास्थ्य प्रणालको विकास र विस्तार गरिने छ ।
७. स्वस्थ सहर घोषणा गरिने छ ।
८. स्वास्थ्यसम्बन्धी आधारभूत सूचनाहरू उपमहानगरपालिकाका सबै नागरिकलाई उपलब्ध गराईने छ ।
९. आयुर्वेद अस्पतालको स्तरोन्नती गरिने छ ।

## ६.३.२.४. कार्यक्रम तथा योजना

| क्र. सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| | **सामाजिक विकास** | | | | | | | | | |
| | **स्वास्थ्य** | | | | | | | | | |
| १ | आधारभूत स्वास्थ स्वास्थ्य सेवामा पहुँच अभिवृध्दि कार्यक्रम | वटा | ५ | १००० | १००० | १००० | १००० | १००० | ५,००० | ५,००० |
| २ | धरान स्वास्थ्य चौकीलाई १५ शैयाको नगर अस्पतालमा स्तरोन्नती गर्ने | संख्या | १ | ५०००० | ५०००० | ५०००० | | | १५०,००० | १५०,००० |
| ३ | स्वास्थ चौकी निर्माण गर्नुपर्ने | वटा | २ | | १०००० | ३०००० | ३०००० | ३०००० | १००,००० | १००,००० |
| ४ | स्वास्थ चौकीमा दरबन्दी थप | संख्या | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ५ | वडा नं. ५ को स्वास्थ चौकीलाई स्थानान्तरण ठिङवारीबाट देउराली स्थान्तरण गर्ने | संख्या | १ | १०००० | १०००० | | | | २०,००० | २०,००० |
| ६ | जनशक्तिको लागि दरबन्दी दिनुपर्ने | | | | | | | | | |
| ७ | औषधीको माग पूरा गरिने | | | | | | | | | |
| ५ | औषधी नियमित बनाउने | | | | | | | | | |
| 9 | स्वास्थ चौकीमा सहयोगी, सुरक्षा गार्ड, घेराबाराको व्यवस्था गर्ने | वटा | ३ | | ३००० | ३००० | ३००० | | 9,००० | 9,००० |
| १० | आधारभूत स्वास्थ केन्द्रको आफ्नै भवन निर्माण | संख्या | २ | | ५००० | ५००० | | | १६,००० | १६,००० |
| ११ | ल्याब सहित ल्याबको कर्मचारी व्यवस्थापन | संख्या | २ | | | | | | | |
| १२ | स्वास्थ्य संस्थाको ल्याबको स्तरोन्नती | संख्या | २ | १०००० | १०००० | १०००० | | | ३०,०० | ३०,००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | ० | |
| १३ | विशिष्ट चिकित्सक ल्याई आवधिक स्वास्थ्य सिवीर | पटक | १० | १००० | १००० | १००० | १००० | १००० | ५,००० | ५,००० |
| १४ | एक्सरे मेसिन र सोको जनशक्तिसहित ल्याब टेक्नेसियनको व्यवस्था | संख्या | २ | | १००० | १००० | १००० | १००० | ४,००० | ४,००० |
| १५ | बाल पोषण सचेतना कार्यक्रम | वटा | २० | १००० | १००० | १००० | १००० | १००० | ५,००० | ५,००० |
| १६ | सुरक्षित सुत्केरी सेवारमातृत्व कार्यक्रम | वटा | २० | १००० | १००० | १००० | १००० | १००० | ५,००० | ५,००० |
| १७ | जन स्वास्थ्य प्रवर्धन कार्यक्रम | वटा | २० | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| १५ | स्वस्थ सहर (Healthy city) निर्माण कार्यक्रम | वटा | २० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०,००० | २५०,००० |
| १९ | नगर अस्पतालको निर्माण तथा संचालन | संख्या | १ | ५०००० | ५०००० | ५०००० | | | १५०,००० | १५०,००० |
| २० | जनस्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम | वटा | २० | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| २१ | स्वास्थ्य संस्था मर्मत सम्भार तथा स्तरोन्नति | संख्या | २ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०,००० | ५०,००० |
| २३ | अस्पताल सुविधा सहितको एम्वुलेन्स सेवा | संख्या | २ | ५००० | ५००० | | | | १०,००० | १०,००० |
| २४ | स्वास्थ्य वीमा कार्यक्रम | घरधुरी | १०००० | ३५००० | ३५००० | ३५००० | ३५००० | ३५००० | १७५,००० | १७५,००० |
| २६ | अतिविपन्न, दलित, महिला, ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्योपचार | संख्या | २० | १००० | १००० | १००० | १००० | १००० | ५,००० | ५,००० |
| २७ | आयुर्वेदिक उपचार, योग, ध्यान जस्ता प्राकृतिक उपचार विधि प्रवर्धन | पटक | १० | १००० | १००० | १००० | १००० | १००० | ५,००० | ५,००० |
| २५ | नसार्ने तथा प्राणघातक रोगको स्वास्थ्य परीक्षण | पटक | १० | १००० | १००० | १००० | १००० | १००० | ५,००० | ५,००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २9 | विद्यालय घुम्ति स्वास्थ्यकर्मी नर्स सेवा कार्यक्रम | पटक | ४० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २,००० | २,००० |
| | जम्मा | | | **२२७५००** | **२४9५००** | **२५४५००** | **१३६५००** | **१३३५००** | **१,०२५,०००** | **१,०२५,०००** |

### ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजना अवधिमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ रूपमा प्राप्त भएको हुने, नगरपालिकाको अस्पताल अन्तराष्ट्रिय स्तरको सुविधा युक्त हुने, स्वास्थ्य संस्थामा प्रसूतिकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपातमा वृद्धि, मातृ मृत्युदरमा उल्लेखनिय कमी, नवजात शिशु मृत्युदरमा कमी, सबै बालबालिकाले आवश्यक खोप लिएको हुने साथै दिगो विकासका लक्ष्य पूरा गर्न निर्धिरत सूचकहरूमा महत्वपूर्ण सुधार आएको हुनेछ।

## ६.४ संस्कृति तथा सम्पदा संरक्षण

### ६.४.१. पृष्ठभूमि

धरान जातिय विवधताले भरिपूर्ण शहर हो । यहाँ मेन्याङबो, लिङ्देन, चेम्जोङ, योङगाङ, कन्दङवा, आङ्देम्बे, तुम्बाहाङफे, वेघाहाङ० मुख्यगरी राई (बान्तवा, चाम्लिङ, साम्पाङ, कुलुङ, लगायत०, लिम्बु (मेन्याङबो, लिङ्देन, चेम्जोङ, योङगाङ, कन्दङवा, आङ्देम्बे, तुम्बाहाङफे, वेघाहाङ लगायत), नेवार, क्षेत्री, तामाङ, पहाडे ब्राम्हण, कामी, मगर, दमाई/ढोली, गुरुङ लगायतको बसोवास रहेको छ ।

यस उपमहानगरपालिकाका प्रायः जसो सामूदायकका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ । यद्यपि राई सामूदायिकको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ । पहाडी सामूदायकहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरीन्छ । यो सामूदायकको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो ।

उपमहानगरपालिकामा विभिन्न सामूदायिकका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आ-आफ्नै चाडपर्वहरु छन् । जस्तै, हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सङ्क्रान्ति, मागी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मानउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद आदि र क्रिश्चियनहरुले क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे आदि मनाउने गर्दछन् । पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाँउछन् भने मधेसी मूलकाले कमेज, धोती आदि लगाँउछन् । तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् । साँस्कृतिक विविधता धरान उप-महानगरपालिकाको विशिष्टता हो ।

यस पालिकामा बुढासुब्बा मन्दिर, गिता मन्दिर, निशान देवी मन्दिर, बालाजी मन्दिर, राधेश्याम मन्दिर, दन्तकाली मन्दिर, दन्तकालि मन्दिर, गणेश मन्दिर, हनुमान मन्दिर, लक्ष्मी नारायाण मन्दिर, पिण्डेश्वरधाम, हिमालयन महायान देछिङ्ग छयेलिङ्ग गेन्पा, नागेश्वर अमरनाथ शिव, चर्च र मस्जिदहरु रहेका छन ।

### ६.४.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.४.२.१. लक्ष्य

उपमहानगरपालिकामा रहेका सबै भाषा, धर्म, कला, संस्कृति तथा सम्पदाहरुको संरक्षण तथा सम्बर्धन गर्ने ।

#### ६.४.२.२. उद्देश्य

१. सबै जाती र सामूदायिकहरुको भाषा, मौलिक कला, संस्कृति तथा परम्पराको जगेर्ना गरी सांस्कृतिक पहिचानको सम्बर्धन गर्नु ।

२. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका सम्पदाको व्यवस्थापन गर्नु ।

६.४.२.३. योजना कार्यक्रम

| क्र. सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| | संस्कृति संमपदा | | | | | | | | | |
| १ | बहु साँस्कृतिक संग्रालय स्थापना, सास्कृतिक संपदाको संरक्षण र सञ्चालन | संख्या | २ | १०००० | २०००० | ३०००० | १०००० | १०००० | ५०,००० | ५०,००० |
| २ | संस्कृति संरक्षण, स्थानीय जात्रा, साँस्कृतिक पर्व व्यवस्थापन कोष स्थापना | संख्या | १ | १००० | २००० | ३००० | ४००० | ५००० | १५,००० | १५,००० |
| ३ | कला, संस्कृति प्रवर्ध्दनका लागि महोत्सवहरु सञ्चालन गर्नुपर्ने | वटा | २० | १००० | २००० | ३००० | ४००० | ५००० | १५,००० | १५,००० |
| ४ | प्राचीन गुम्वा, मठ मन्दिर, सम्पदाहरुको अभिलेखन, मर्मत सम्भार तथा सवलीकरण | वटा | २० | १००० | २००० | ३००० | ४००० | ५००० | १५,००० | १५,००० |
| ५ | च्याबुरुङ (लिम्बु) को स्तरोन्नती | पटक | २ | १००० | | २००० | | | ३,००० | ३,००० |
| ६ | साकेला पार्क स्तरोन्नती | संख्या | २ | १०००० | २०००० | ३०००० | १०००० | १०००० | ५०,००० | ५०,००० |
| ७ | तामाङ घोधुङ सांस्कृतिक क्षेत्र स्तरोन्नती | संख्या | १ | १००० | २००० | ३००० | | | ६,००० | ६,००० |
| ८ | जातीय कला, संस्कृति सम्वर्धन गर्न वडाले समन्वय गर्ने। | | २० | १००० | २००० | ३००० | ४००० | ५००० | १५,००० | १५,००० |
| ९ | पछिल्लो पुस्तामा कला, संस्कृति हस्तान्तरण गर्न कला, संस्कृति सम्बन्धी गोष्ठी गर्नुपर्ने। | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| | **जम्मा** | | | ३६२०० | ७५२०० | १४७२०० | १२१२०० | १४५२०० | ५२५००० | ५२५००० |

### ६.४.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस योजनाको अन्त्य सम्ममा यस पालिकामा रहेका सबै जातजातिका मौलिक भाषा, कला संस्कृतिको पहिचान तथा संरक्षण हुनेछ, पुराना मठ मन्दिर, गुम्बा लगायतको पुनरुत्थान हुनेछ, यस क्षेत्रको मौलिक भाषा, कला, संस्कृति तथा धार्मिक तथा संस्कृतिक तथा ऐतिहासिक महत्वक स्थलहरुलाई पर्यटन सँग जोडी यस क्षेत्रको आर्थिक उपार्जनमा टेवा पुगेको हुनेछ।

## ६.५ युवा तथा खेलकुद

### ६.५.१ पृष्ठभूमि

युवाशक्ति विकासका संवाहक हुन् । युवाशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास र परिचालनबाट नै विकास सम्भव छ । संविधानले पनि युवाहरूको विकास गरी उनीहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा परिचालन गर्ने नीति लिएको छ । धरान उपमहानगरपालिकाको कुल जनसंख्याको ४४.९९ प्रतिशत (७४९३८जना) हिस्सा युवा (१५-३९ वर्ष) को रहेको छ । नगरपालिकाले युवालाई पालिकाको अहम हिस्साको रुपमा स्वीकार गर्दै युवा स्वोरोजगार तथा युवा व्यवसायीलाई प्रोत्साहन गर्ने नीति लिएको छ ।

युवा शक्तिलाई शारीरिक, मानसिक, वौद्धिक र संवेगात्मक रूपमा सबल र नैतिकवान् बनाई अनुशासित र मर्यादित समाज निर्माण गर्दै विकास तथा समृद्धिमा रूपान्तिरत गर्न खेलकुदको महत्त्वपूर्ण भूमिका रहन्छ । धरान उपमहानगरपालिकाले धरानलाई स्पोर्टस् सिटि बनाउने निति अनुसार कामलाई अगाडि बढाएको छ । धरानमा आयोजना हुने बुढा सुब्बा गोल्डकप प्रतियोगिताले राष्ट्रिय पहिचान बनाएको छ । पछिल्लो समय धरान साहसिक खेल (साइक्लिङ, प्याराग्लाइडिङ, रक क्लाम्बिङ) को केन्द्रको रुपमा विकास भईरहेको छ । नगरपालिकाले खेलकुद क्षेत्रको विकासलाई विशेष प्राथमिकतामा राखेको छ । नगरपालिकाले नगरपालिका स्तरीय खेलकुद प्रतियोगिताको आयोजना साथै यस्ता खेल प्रतियोगितामा सहभागिता जनाउदै आएको छ, भने खेल पूर्वाधारको निर्माणमा विशेष ध्यान दिँदै एक वडा एक खेल मैदानको नीति समेत लिएको छ । धरानमा हाल धरान रङ्गशाला, एन्फा कम्प्लेक्स, कभर्ड हल धरान-९, कभर्ड हल धरान-१३, कभर्ड हल धरान-१६ रहेका छन । भक्तराज कन्दङ्वा स्मृति क्रिकेट स्टेडियम निर्माणाधिन अवस्थामा रहेको छ ।

### ६.५.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.५.२.१. लक्ष्य

खेलकुदको माध्यमबाद शारिरीक र मानसिक तन्दुरूस्ती सहित आपसी सम्बन्ध र अनुशासनको मजबुतीकरणका
खेलकुदको माध्यमबाट शारिरीक र मानसिक तन्दुरूस्ती सहित आपसी सम्बन्ध र अनुशासनको मजवुतीकरणका साथै युवाहरूको सर्वाङ्गिण पक्षको विकासबाट नगरपालिकाको सम्वृद्धिमा युवाको भुमिका सुनिश्चित गर्ने ।

#### ६.५.२.२. उद्देश्य

खेलकुद मार्फत आपसी अन्तक्रिया र सम्बन्धको विस्तार गर्नु।

आत्म अनुशासन र शारीरिक तथा मानसिक तन्दुरूस्ती सहित स्वस्थ

#### ६.५.२..३. रणनीति

१. खेलकुद पर्यटनलाई प्रोत्साहन गर्ने ।
२. खेलकुद पूर्वाधारको विकास र स्तरोन्नती गर्ने गर्ने ।
३. स्वास्थ्यका लागि खेल भन्ने नारालाई आत्मासात गर्दै खेल प्रशिक्षकको व्यवस्था गर्ने ।
४. खेलकुद प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडीको पहिचान र विकास गर्ने

### ६.५.२.४. कार्यक्रम तथा योजना

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ३. | युवा तथा खेलकुद | | | | | | | | | |
| १ | लक्षित वर्गको सामाजिक, आर्थिक, राजनीति क्षेत्रका विविध विषयमा क्षमता बिकास, जनचेतना र अभिमुखीकरण कार्यक्रम | पटक | १० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २,००० | २,००० |
| २ | लक्षित वर्ग कानुनी परामर्श तथा सहायता केन्द्र स्थापना | संख्या | १ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २,००० | २,००० |
| ३ | पुर्नस्थापना केन्द्र, महिला तथा ज्येष्ठ नागरिक सामुदायिक भवन निर्माण | संख्या | १ | | | | ४०००० | ४०००० | ५०,००० | ५०,००० |
| ४ | हिंसा पीडित र एकल महिला सहयोग कार्यक्रम र कोष स्थापना | संख्या | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २,५०० | २,५०० |
| ५ | महिला सहकारी सञ्चालनका लागि तालिम र वीउ पूँजी कोषको व्यवस्था | संख्या | १ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २,००० | २,००० |
| ६ | किशोरीहरुका लागि सीप बिकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २,००० | २,००० |
| ७ | ज्येष्ठ नागरिक, विपन्न दलितहरुको स्वास्थ्य परीक्षण, पोषण, स्वास्थ्य वीमा कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २,५०० | २,५०० |
| ५ | लक्षित वर्ग सम्वन्धी नीति, रणनीति र सेवा सुविधाको मापदण्ड निर्धारण | पटक | १ | ५००० | | | | | ५,००० | ५,००० |
| 9 | संस्कृति तथा सम्पदाको संरक्षण सम्वद्र्घन गुरुयोजना तर्जुमा | पटक | १ | | | ५००० | | | ५,००० | ५,००० |
| १० | युवा स्वरोजगार कार्यक्रम | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २,५०० | २,५०० |
| ११ | युवा समूह, क्लब सञ्जालको सशक्तीकरण | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २,५०० | २,५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | **लागु पदार्थ दुर्व्यसन पुनस्थापना कोष स्थापना** | **संख्या** | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २,५०० | २,५०० |
| १३ | **युवा खेलमैदान, कर्वडहल र रङ्गशाला निमार्ण** | **संख्या** | ३ | | २०००० | ३०००० | २०००० | ३०००० | १००,००० | १००,००० |
| १४ | **उपमहानगरपालिका स्तरीय, अन्तर विद्यालय खेलकुद प्रतियोगिता** | **पटक** | १० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २,००० | २,००० |
| १५ | **युवा खेलाडी सम्मान तथा महिला खेलाडी प्रवर्ध्दन कार्यक्रम** | **पटक** | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २,५०० | २,५०० |
| १६ | **भक्तराज क्रिकेट ग्राउण्डको निर्माण सम्पन्न** | **संख्या** | १ | | | ३०००० | २०००० | ३०००० | ५०,००० | ५०,००० |

**६.५.२..४ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

युवाहरूको क्षमता अभिवृद्धि भएको हुने, अन्तरपालिका तथा प्रादेशिक खेलकुद प्रतियोगिताहरूमा प्रतिस्पर्धात्मक क्षमता बढेको हुने, व्यवसायिक खेलकुदहरू सुरू भएकामो हुने, पालिकास्तरीय खेलमैदान निर्माण भएकामो हुने विद्यालय तहमा खेलकुदमैदान निर्माण भएको हुनेछ ।

## ६.६ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक सुरक्षा

### ६.६.१ पृष्ठभूमि

सामाजिक विकासका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकार अन्त्रतगतको महत्वपूर्ण पक्ष हो । संविधानको प्रस्तावना नै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तमा आधारित छ । समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र हिंसा तथा सबे प्रकारका जातीय छुवाछुत एवम् विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चित गर्ने संकल्प गरिएको छ ।

### ६.६.२ उपमहानगरपालिकाको सन्दर्भ

उपमहानगरपालिकाको कुल जनसंख्या मध्ये ८८,१२१ (५२.१५० प्रतिशत महिला रहेको छ । यस पालिकामा महिलाको साक्षरता ८२.९ प्रतिशत रहेको छ । यस पालिकामा उमेर नपुगि विवाह गर्ने महिलाको संख्या १२ प्रतिशतको वरिपरि रहेको छ । त्यसैगरी नगरपालिकामा महिलाहरु आमा समूह, महिला समूह जस्ता समूहमा आवद्ध रहेर विभिन्न सामाजिक क्रियाकलापमा संग्लग्न रहदै आएका छन् । नगरपालिकामा संचालन हुने विभिन्न योजना, कार्यक्रम तथा परियोजनाको निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कामका लागि गठन हुने उपभोक्ता समितिमा पनि रहेर महिलाको उपस्थिति राम्रो छ । पालिकाको विकास निर्माणका कार्यमा पनि महिलाको सक्रिय सहभागिता रहेको देखिन्छ । यस पालिकामा सबै वडामा महिला समिति, अपाङगता भएका व्यक्तिहरुको मिलिजुलि समुह, HIV पोजेटिभ समुह, वडा बाल सञ्लाज रहेको छ ।

नगरस्तरीय ज्येक्ष नागरिक संजाल गठन, नगर वाल संजाल गठन, दलित महिला संजाल गठन, सबै वडामा टोल विकास संस्था गठन तथा परिचालन र टोल विकास संस्थामा आवद्ध महिलाहरुको समूह/समिति गठन भएको । पालिकाभित्र सड़कमा रहेका सड़क बालवालिका तथा सड़क मानकहरुलाई स्थायी रूपमा व्यवस्थापन गर्न सड़क मानव सम्बन्धी कार्य गर्ने संस्थाहरुसंग समन्वय/सहकार्य गरी तत्काल उद्धार तथा व्यवस्थापनको कार्य भईरहेको ।

उपमहानगरपालिकाले लैङ्गिक समनता तथा सामजिक समावेशीकरण नीति तर्जुमा गरको छ । तर कार्यपालिबाट स्वीकृत भई कार्यान्वयनमा जान सकेको देखिदैन । यसैगरी लैंगिक बजेट परिक्षणको काले निरन्तरता पाउन सकेको छैन ।

#### ६.६.२.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**६.६.२.१.१ सोच**

अधिकार र सहभागिता सहित लक्षित वर्ग, समुदायको हित, महिला बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको समतामूलक अधिकार सुनिश्चित गर्ने ।

**६.६.२.१.२ लक्ष्य**

महिला, बालबालिका र असहाय र अपाङ्गहरूलाई क्षमता विकास सहित न्यायपूर्ण र समतामुलक अवस्थाको सिर्जना गर्ने ।

**६.६.२.१.३ उद्देश्य**

१. सबै खालका भौगोलिक जातिय, भाषिक, धार्मिक, साम्प्रदायिक, आर्थिक अवस्थाका बालबालिकालाई दवाव रहित, वालमंत्री र भय रहित वातवरमा शिक्षा हासिल गर्ने व्यवस्था मिलाउने ।
२. महिला, वालयातिका र अपाङ्ताहरुलाई क्षमता विकास, संरक्षण र सहभागिताको सुनिश्चित गर्नें ।
३. पारिवारिक र सामाजिक निर्णय प्रक्रिया, स्रोत र सम्पतीमा महिलाको पहुँच अभिवृद्धि गर्दे जाने
४. अपाङगता भएका व्यक्ति र महिलालाई रोजगारीको अवसर र आयआर्जनका क्षेत्रमा सीप विकासको माध्यमवाट कमश सबल बनाउदै लैजाने ।
५. ज्येष्ठ नागरिकहरुलाई परिवार र समुदायमा सम्मानजनक जीवन व्यतीत गर्न सहज वातावरण सिर्जना गर्ने ।
६. सड़क बालबालिका तथा सड़क मानवहरुको तत्काल उद्धार गरि परिवारमा पुनर्मिलन, पुनस्थापना गरि सड़क मानव मुक्त नगर घोषणाको गर्दे जाने
७. वड़ाहरु रहेका टोल विकास संस्थाहरुलाई सामाजिक परिचालनको माध्यमबाट परिचालन गर्ने ।

**६.६.२.१.४ रणनीति**

१. लैङ्गिक समनता तथा सामजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
२. महिला, बालबालिका र अपाङ्गहरूको विकास, संरक्षण र सहभागिताको सुनिश्चित गर्ने ।
३. पारिवारिक र सामाजिक निर्णय प्रक्रिया, स्रोत र सम्पतीमा महिलाको पहुँच अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।
४. अपाङ्ग र महिलालाई आयआर्जनका क्षेत्रमा क्रमश सवल बनाउँदै लैजाने ।
५. जेष्ठ नागरिकहरूलाई सम्मानजनक जीवन व्यतीत गर्न सहज वातावरण सिर्जना गर्ने ।

६.६.४.४ कार्यक्रम र योजना

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| | महिला | | | | | | | | | |
| १ | **लैंगिक हिंसामुक्त पालिका निर्माण** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| २ | **कानुनी सचेतना जातिय विभेद्विरुद्धको कार्यक्रम** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| ३ | **पाठ्यक्रममा हिंसा अन्त्य गर्ने विषय समावेश गर्नुपर्ने ।** | | | | | | | | | |
| ४ | **लैङ्गिक हिंसा पीडित सहायता कोष स्थापना** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| ५ | **लैङ्गिक हिंसा विरुद्ध काम गर्ने संस्थाहरु र मनोसामाजिक कार्यकर्ताबिच चौमासिक अन्तरक्रिया** | **पटक** | १० | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| ६ | **किशोरी सूचना तथा परामर्श केन्द्र स्थापना** | **संख्या** | १ | | | ५०० | ५०० | ५०० | १,५०० | १,५०० |
| ७ | **विद्यालय लक्षित किशोर/कशोरी स्वास्थ्य कार्यक्रम** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| ५ | **अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप विकास तालिम** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| ११ | **दलित समूदाय लक्षित रैथाने सीप हस्तान्तरण तथा पेशा स्तरोन्नती कार्यक्रम** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| १२ | **मानव सडक मुक्त नगर घोषणा कार्यक्रम** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| १३ | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बजेट परिक्षण** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | लक्षित समुह परिचय पत्र छपाईको लागि पूर्वाधार निर्माण | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| १५ | बाल श्रम मुक्त नगर घोषणा कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| १६ | महिला समितिको छाता संगठनको रुपमा नगर महिला सञ्जाल गठन | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| १७ | HIV Possitive समुहको क्षमता विकास | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १,००० | १,००० |
| | जम्मा | | | २,६०० | २,६०० | ३,१०० | ३,१०० | ३,१०० | १४,५०० | १४,५०० |

### ६.६.२.१.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

एकीकृत लक्षित कार्यक्रमका प्रभावकारी कार्यान्वयन, कारण लक्षित समूहको आर्थिक तथा सामाजिक विकासको सूचाङ्कमा प्रगति हुने, दुर्गम एवम् विकट क्षेत्रमा सेवा सुविधाको पहुँच उपलब्ध हुने, लेङ्गिक हिंसापीडितहरूको उचित संरक्षण तथा सेवाको व्यवस्था हुनेछ। लैङ्गिक समता तथा महिला एवम् बालिकाहरूको सशक्तीकरण सम्बोधन हुने, जोखिम अवस्थाका बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिकहरूको उचित संरक्षण हुने, सामाजिक सुरक्षाका सेवाग्राहीहरूको एकीकृत अभिलेख व्यवस्थित भएको हुनेछ।

# परिच्छेद ७ : पूर्वाधार क्षेत्र

## ७.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ७.१.१ पृष्ठभूमि

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ अनुसार काठमाण्डौं महानगरपालिकाको तुलनामा अन्य शहरहरूको आधारभूत पूर्वाधार (जस्तै सडक, खानेपानी, सरसफाइ, फोहोरमैला व्यवस्थापन, आवास र बिजुली) को पहुँचको स्तरमा निकै भिन्नता रहेको छ ।

निजी आवास परिवार आफैले जग्गा खरीद गरी क्रमिक रूपमा निर्माण गर्ने र बाटो, यसको स्तर र अन्य सुविधाहरू क्रमशः थप्दै जाने गरेको देखिन्छ। यस्ता आवासहरूमा योजना तथा भवनसम्बन्धी मापदण्ड र संहितामा व्यापक कमी हुने गरेको देखिन्छ ।

### ७.१.२ समस्या तथा चुनौती

दक्ष जनशक्तिको कमि

अनाधिकृत रूपमा जग्गा प्लटिङ रोक्नु

जग्गाको वर्गिकरण नभएको

भौगोलिक कठिनाई

प्राकृतिक प्रकोप (बाढी पहिरो)

### ७.१.३ संभावना तथा अवसर

स्थानीय स्तरमानै निर्माण सामाग्रीहरूको उपलब्धता ९गिटी, बालुवा, ढुङ्गा०

पर्याप्त जनशक्ति उपलब्ध हुनु

एकिकृत वस्ति विकास

जोखिममा रहेका वस्तिलाई सुरक्षित स्थानमा स्तानान्तरण गर्ने

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.१.४.१. सोच

सुन्दर, सुरक्षित, सर्वसुलभ र गुणस्तरीय आवास तथा वस्तिको व्यापकता, प्रविधिमैत्री आधारभूत पूर्वाधारयुक्त धरान निर्माणको सुनिश्चता

#### ७.१.४. २. लक्ष्य

सुन्दर, सर्वसुलभ समृद्ध र दिगो विकास गर्नुका साथै ग्रामीण अर्थतन्ल र सामाजिक विकासमा सघाउ पुत्र गरी ग्रामीण पूर्वाधार निर्माण एवम विकास गर्ने ।

**७.१.४.३. उद्देश्य**

१. सुरक्षित, सुन्दर, सफा र व्यवस्थित नगर निर्माण गर्नु ।

२. सार्वजनिक जग्गाको संरक्षण तथा सदुपयोग गर्नु ।

**७.१.४.४ रणनीति**

१.१ नगरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा विस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र सुरक्षित पूर्वाधारको विकास गर्नु ।

१.२ पूर्वाधार निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ, सुलभ र किफायती भवनहरुको निर्माण गर्नु ।

१.३ एकीकृत आवास तथा वस्ति विकास गरी अनधिकृत, अव्यवस्थित र ५रिएर रहेका विपन्न र सीमान्तकृत ३र परिवारलाई उपयुक्त, सुरक्षित, वातावरमैत्री र सुलभ आवास निर्माण तथा स्तरोन्नति गर्नु ।

१.४ विपदको उच्च जोखिमयुक्त स्थानमा रहेका वस्तिहरुलाई निरुत्साहित गर्ने ।

२.१ सार्वजनिक जग्गाको समुचित उपयोग गर्नु ।

**७.१.४.५ कार्यनीति**

१.१.१ आधारभतू भौतिक पूर्वाधारहरू क्रमिक रूपमा विकास गरिने छ ।साथै आवश्यक आयोजनाहरूको डि.पि.आर तयार गरेर मात्र कार्य अगाडि बढाइनेछ ।

१.१.२ भौतिक पूर्वाधार निर्माणमा दक्ष प्राविधिकको संलग्ता अनिवार्य गरिने छ ।

१.१.३ नगरस्तरीय वस्ति विकासको मापदण्ड निर्माण र नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्मा संहिता मापदण्ड २०७२ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरति गरिने छ ।

१.१.४ उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण गरिने भौतिक पूर्वाधारहरूको कार्यमा अनावश्यक ढिलासुस्ती गर्ने, गुणस्तरहीन काम गर्ने कार्यहरुलाई दण्डनीय बनाउने, कालो सूचीमा राख्ने वा भविष्यमा पूनः यस्तो कार्य गर्न अयोग्य ठहर्याउने, जमानत जफत गर्ने जस्ता कार्यहरू मार्फत नियन्त्रण तथा नियमनको व्यवस्था मिलाइनेछ ।

१.२.१ भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधिको प्रयोग गरिने छ ।

१.२.२ पूर्वाधार तथा भवन निर्माणमा स्थानीय निर्माण सामाग्रीको प्रयोगलाई प्रोत्साहन गरिने छ ।

१.२.३ पूर्वाधार निर्माणमा तालिम प्राप्त जनशक्तिको मात्र प्रयोग गरिने छ ।

१.३.१ आवास तथा पूर्वाधार सेवाको विकास र विस्तारमा निजी क्षेत्र तथा स्थानीय जनसहभागितलिाई प्रोत्साहित गरी एकीकृत रूपमा कार्यक्रम सञ्चालन गरिने छ ।।

१.३.२ अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाति र समुदायको लागि सुरक्षित आवास उपलब्ध गराइनेछ ।

१.४.१ जोखिमयुक्त स्थानमा वस्तिहरुलाई निरूत्साहित गर्नुका साथै संभावित जोखिम निराकरणका उपाय अविम्वन गरिने छ ।।

१.४.२ उच्च जोखिमयुक्त स्थानमा रहेका वस्तिहरुलाई स्थानान्तरण गर्न प्रोत्साहन गरिने छ ।।

१.४.३ धनत्व र जनसंख्याका आधारमा आधारभूत सेवा-सुविधा सहितको एकीकृत वस्ति विकास गरिने छ ।।

२.१.१ उपमहानगरपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाको अभिलेख तयार गरिने छ। साथै अतिक्रमित सार्वजनिक जग्गा खाली गराईनेछ।

२.१.२ सार्वजनिक जग्गालाई सामुदायिक उपयोगमा ल्याइनेछ।

### ७.१.४.५ योजना तथा कार्यक्रमहरु

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| क्षेत्र | पूर्वाधार विकास | | | | | | | | | |
| क. | सडक तथा यातायात | | | | | | | | | |
| १ | सडक मर्मत सम्भार तथा स्तरोन्नति कोष स्थापना गर्ने | पटक | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| २ | वि.स. २०८०मा तयार भएको नगर सडक तथा यातायात गुरुयोजना कार्यान्वयन गर्ने | संख्या | १ | २१९,१५४ | २६२,९५४ | ३१५,५५१ | ३७५,६९७ | ४५४,४३७ | १,६३०,५५३ | १,६३०,५५३ |
| ३ | १० वटा डिपिआर तयार भएका योजनाहरु कार्यान्वयन गर्ने | संख्या | १० | २००,००० | २००,००० | २००,००० | २००,००० | २००,००० | १,०००,००० | १,०००,००० |
| ४ | सडक फर्निसिङ एवं ट्राफिक चिन्ह व्यवस्था | संख्या | १० | १०,००० | १०,००० | १०,००० | १०,००० | १०,००० | ५०,००० | ५०,००० |
| ५ | यात्रु विश्राम निर्माण | संख्या | ५ | २,५०० | २,५०० | २,५०० | २,५०० | २,५०० | १२,५०० | १२,५०० |
| ६ | सडक नाली तथा ढल निर्माणको गुरुयोजना तयारी कार्यान्वयन गर्ने | संख्या | १ | | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | २००,००० | २००,००० |
| ७ | सडक युटिलिटि कोरिडर निर्माण(कोशी राजमार्ग, मदनभण्डारी राजमार्ग) | कि.मी. | ३० | | | | ५०,००० | ५०,००० | १००,००० | १००,००० |
| ८ | नदी तथा खोला किनारा कोरिडर निर्माण गर्ने | कि.मी. | २० | | | १०,००० | १०,००० | १०,००० | ३०,००० | ३०,००० |
| ९ | GIS/GPS, मेट्रिक प्रणालीमा आधारित यातायात गुरुयोजना अध्यावधिक | संख्या | १ | | | | १०,००० | १०,००० | २०,००० | २०,००० |
| | जम्मा | | | ४३६६५३.६ | ५३०४५४.३२ | ५९३०५१.१५४ | ७१६११७.४२१ | ७९११३६.९०५ | ३,०६५,३५३ | ३,०६५,३५३ |

**६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

नगरपालिकामा वस्ति विकासका कार्यहरू भौतिक विकास योजना अनुरूप भएका हुनेछन्, पूर्वाधार निर्माण कार्य निर्माण संहिता अनुरूप भएको, पूर्वाधार निर्माणमा स्थानीय निर्माण सामाग्रीको प्रयोग भएको, स्थानीय युवाहरूले प्रविधि मैत्री सिप सिकेको, विपन्न र सीमान्तकृत घर परिवारको सुरक्षित आवासको व्यवस्था भएको, उच्च जोखिमका वस्तिहरू स्थानान्तरण भएको र सावर्जनिक जग्गाको समुचित सदुपयोग भएको हुनेछ ।

## ७.२ सडक, पुल तथा यातायात

### ७.२.१ पृष्ठभूमि

धरान उपमहानगरपालिका भित्र ७०७.१४ कि.मि. सडक र बाटो रहेको छ जसमध्ये कोशी राजमार्ग २७.९ कि.मि.र मधुमल्ला धरान चतरा १४.६ कि.मि. कालोपत्रे सडक रहेको छ । सहरी सडकमा मुल सडक १२३.८८ कि.मि., सहायक सडक २६३.०१ कि.मि.र मार्गहरु ६१.३१ कि.मि. वाटोको रहेको छ । साथसाथै पहाडी सडक २१६.४४ कि.मि.रहेको देखिन्छ । सहायक सडक र पहाडी सडकहरु प्राय कच्ची तथा ग्राभेल अवस्थामा छन भने सडक छेउका नाला नभएको देखिन्छ । उपमहानगरपालिकाको भानुचौकमा एक आन्तरीक यातायात संचालन गर्न वसपार्क र टयाम्पो पार्क रहेको जहावाट पुर्वमा झापादेखि पश्चिम महेन्दनगरसम्म यात्रा गर्ने सुविधा रहेको छ । हाल निर्माण भएको नयाँ वसपार्क संचालनमा रहेको देखिन्छ ।

### ७.२.२ समस्या तथा चुनौती

१. मौसमी तथा धुले सडक
२. क्रस ड्रेनेज, ग्याबियन पर्खाल, Masonary Wall, कल्भर्ट, पुल आदि जस्ता सहयोगी संरचनाहरूलाई कम प्राथमिकता दिइएको
३. बाटो निर्माण मापदण्ड अनुसार नहुनु
४. सडकको अधिकार क्षेत्र (Road Right of way) अतिक्रमण
५. वर्षाको समयमा पहिरो, वर्षाको पानीले क्षतिग्रस्त सडक
६. आर्थिक अभावका कारणले पर्याप्त बजेट चुत्तौना नसकिनु
७. स्थानीय दबाबका कारण प्राविधिक सर्भेक्षण अनुसार सडक निर्माण नहुनु
८. दक्ष जनशक्तिको कमि
९. बाटोमा आइसकेको जग्गाको लगत कट्टा नभएको
१०. भौगोलिक कठिर्नाइ (भौगोलिक वनावट र अवस्थिती)
११. पहिरो, भुक्षय नियन्त्रण
१२. यातायात गुरु योजना अनुसार सडकको निर्माण गर्नु
१३. पर्याप्त बजेटको व्यवस्थापन गर्नु
१४. सडकको स्तरोन्नति गरी बाह्रै महिना यातायात संचालन गर्नु

### ६.२.३ संभावना तथा अवसर

१. सडक स्तरोन्नती (सरसफाई, ग्राभेल, कालो पत्रे)
२. सहलगानीको परिपाटीको विकास

३. बजारीकरण विस्तार
४. नियमित रूपमा अनुगमन गर्न सकिने
५. सबै वडाहरू सडक संजाल मार्फत जोडिएका
६. सडक संजालको स्तरोन्नति
७. सार्वजनिक सवारी साधन संचालनमा रहेको

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.२.४. १. सोच

आधुनिक बैज्ञानिक ढंगबाट सडक तथा यातायातको विस्तार, धरान नगरपालिकाको सहज पँहुच तथा विकासको आधार

#### ७.२.४. २. लक्ष्य

सहज तथा सरल यातायात सञ्जालको विकास गरी बाह्रै महिना यातायात संचालन हुने प्रमुख सडक सञ्जालको विकास गर्नु ।

#### ७.२.४. ३. उद्देश्य

१ टोलटोल देखि नगरपालिकाको प्रमुख सेवासुविधा समाहित तहगत सडक सञ्जालको विकास गर्ने ।

२ प्रमुख सडकहरुमा बसपार्क तथा बस बिसौनि सहितको यातायात सुबिधा पुर्याउने ।

#### ७.२.४. ३ रणनीति

१.१ सडक बिस्तार तथा स्तरोन्नति मार्फत  व्यवसायिक क्रियाकलाप वृद्वि गर्ने

१.२ उपमहानगरपालिकाको प्रशासनिक निकायसम्म पहुँच पुर्याउन वडा कार्यालय र वस्ति जोड्ने सडक निर्माणलाई प्राथमिकिता दिने ।

१.३ सडक मर्मत तथा निर्माण कार्य गर्दा यातायात गूरूयोजना (MTMP) को निर्देशनलाई अविम्बन गर्ने ।

२.१ स्थानीयको आवत जावतलाई सहज गर्न यातायातको विस्तार गर्ने ।

#### ७.२.४. ४ कार्यनीति/ कार्यक्रम

१.१.१ टोल-टोलमा सडकको विस्तार तथा स्तरोन्नति गरी व्यावसायिक क्रियाक्लापको व्यवस्थित रूपमा विकास गरिने छ ।

१.१.२ कृषि सडकको निर्माण गरी कृषि बजारको विकास गरिने छ ।

१.२.१ उपमहानगरपालिका केन्द्र र वडा कार्यालय जोड्ने सडकलाई प्राथमिकतामा राखि व्यवस्थित गर्दै लगिनेछ ।

१.२.२ स्थानीय वस्ति वरपर सडक निर्माणमा अग्रसर रही आवश्यक सहयोग गरिने छ ।

१.३.१ सडकहरूको निर्माण तथा स्तरोन्नती गर्दा अनिवार्य रूपमा नाली निर्माण गर्नपर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

१.३.२ उपमहानगरपालिका भित्रका सडकहरुलाई मापदण्ड अनुसारको स्तरोन्नतीको कार्यलाई प्रभावकारी बनाइने छ।

२.१.१ अत्यलिक मात्रामा आवत जावत हुने क्षेत्रमा यातायातको पूर्वाधार निर्माण गरिने छ।

२.१.२ आवश्यक खालोहरूमा पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

## ७.२.४.५ योजना तथा कार्यक्रम

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ७ | पुर्वाधार विकास | | | | | | | | | |
| ख | बस्ति विकास | | | | | | | | | |
| १ | धरान उपमहानगरपालिकाकोको भौतिक विकास योजना तयार  गरी कार्यान्वयन गर्ने | संख्या | १ | | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० |
| २ | पुरानो बजार क्षेत्र भित्र ढुङ्गा/इटा सोलिङ कार्य गर्ने | कि.मी. | १० | | १०००० | १०००० | १०००० | १०००० | ४०००० | ४०००० |
| ३ | दक्ष प्राविधिकलाई समयाकुल तालिम प्रदान गर्ने | पटक | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ७५०० |
| ४ | उपमहानगरपालिकाकोभित्रका नक्शापास भएका तथा नभएका घरहरुको लगत तयार गर्ने | पटक | १ | १५०० | १५०० | | | | ३००० | ३००० |
| ५ | उपमहानगरपालिका भित्रका नक्सापास नभएका घरहरुलाई नक्सा पासको दायरा भित्र ल्याउन प्राविधिक सहयोग प्रदान गर्ने । स्फुर्त रूपमा नक्सा पास गराउन आउने प्रत्येक पुराना घरधुरीलाई निश्चित समयसम्म् नक्सा पास दस्तुरमा सहुलियि प्रदान गर्ने | पटक | १ | | १००० | १५०० | | | २५०० | २५०० |
| ६ | नक्सा पासको प्रकृयालाई सहजिकरण र व्यवस्थित गर्ने | पटक | १ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ७५०० |
| ७ | भवन निर्माणसंग सम्बन्धित आधुनिक प्रविधिको तालिम प्रदान गर्ने | पटक | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ७५०० |
| ८ | वस्ति विकासमा निजी क्षेत्र र स्थानीयलाई सहभागी गराई वडा नं. ६ को पानमारे क्षेत्रमा एकिकृत शहरी वस्ति विकास कार्यक्रम अन्तर्गत जग्गा विकास कार्यक्रमको डि.पि.आर. तयार गरी | संख्या | १ | | | ९००० | १००००० | १००००० | २०९००० | २०९००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने । | | | | | | | | | |
| ९ | विपन्न र सीमाकृत घर परिवारलाई उपयुक्त, सुरक्षित आवास निर्माण गर्ने | संख्या | ५ | | | १५००० | १५००० | १५००० | ४५००० | ४५००० |
| १० | विपन्् र सीमान्तकृत घर परिवारको आवास स्तरोन्नति गर्ने | संख्या | ५ | | | २०००० | २०००० | २०००० | ६०००० | ६०००० |
| ११ | उच्च जोखिमयुक्त स्थानमा रहेका वस्तिहरुको नक्साङकन गर्ने | संख्या | १ | | ५००० | | | | ५००० | ५००० |
| १२ | सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र मालपोत कार्यालयबाट सहकारी तथा सार्वजनिक जग्गाको कि.नं, क्षेत्रफल, किसिम, अवस्थिति लगायतका विवरणको साथै फिल्ड बुक उतारको लगत संकलन गर्ने | पटक | १ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ७५०० |
| १३ | उपमहानगरपालिकाको योजना अन्तरगत रहेका बाटो मठ मन्दिर, कूलो, खोला लगायका सार्वजनिक जंगलको अवलोकन तथा सिमांकन गरी स्थायी पिल्लर तथा तार बार साथै समिति गठन गरी जग्गा संरक्षरण गर्ने | पटक | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| १४ | उपमहानगरपालिका अन्तरगत रहेका सम्पुण सरकारी र सार्वजनिक जग्गाको लगतलाई Compurtized गर्ने | पटक | १ | | | ५०० | ५०० | ५०० | १५०० | १५०० |
| १५ | ५ रोपनी सम्मका पर्ति जग्गा Manual रूपमा र सो भन्दा बढी क्षेत्रफल रहेका जग्गाहरू डिजिटल प्रविधिद्वारा मापन तथा सिमांकन गर्ने | पटक | १ | | | ५०० | ५०० | ५०० | १५०० | १५०० |
| १६ | प्रत्येक वडामा खेलकुद मैदान, बाल उद्यान, योग अभ्यास तथा जेष्ठ नागरिक आश्रम स्थल निर्माणका लागि आवश्यक जग्गा व्यवस्था गर्न एक अध्ययन गर्ने | पटक | १ | | ५००० | | | | ५००० | ५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सार्वजनिक निजी सहकारी साझेदारी प्रवर्ध्दन गर्दै वडा नं. ७ पुर्वाञ्चल ई.कलेजको लागि एक होस्टल कम्पलेक्स निर्माण कार्यक्रमको डि.पि.आर. तयार गरी कार्यान्वयन गर्ने। | संख्या | १ | २५०० | ५००० | १०००० | १५००० | | ३५५०० | ३५५०० |
| १८ | वस्ति विकासको लागी वडा नं. २० को वाङखोप क्षेत्रमा १० विघा क्षेत्रफलमा जग्गा विकास कार्यक्रमको डि.पि.आर. तयार गरी कार्यान्वयन गर्ने । | विघा | १० | २५०० | ५००० | १०००० | १०००० | | २७५०० | २७५०० |
| १९ | वडा कार्यालय भवन निर्माण गर्ने। | संख्या | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| २० | भवन निर्माण आचार संहिता तथा न्यूनतम मापदण्ड कार्यान्वयन तथा अनुगमन | संख्या | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २१ | जीर्ण भवनहरुको मर्मत सम्भार एवं अत्यावश्यक सेवा सुविधाको उपलव्धता | संख्या | १ | | | ५००० | ५००० | ५००० | १५००० | १५००० |
| २२ | भूउपयोग नीति तथा योजना तर्जुमा | पटक | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| २३ | वहुउपयोगी सामुदायिक भवन निर्माण | संख्या | १ | | | | १५००० | १५००० | ३०००० | ३०००० |
| २४ | आश्रय गृह, पार्क उद्यान बिकास, खुल्ला व्यायमशाला निर्माण | संख्या | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| २५ | राष्ट्रिय खेलमैदान पूर्वाधार आयोजना | संख्या | १ | | ५०००० | ५०००० | ५०००० | ५०००० | २००००० | २००००० |
| २६ | मेयर कार्यक्रम श्रम पार्क निर्माण | संख्या | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | २५०००० |
| २७ | धरान सभा गृह निर्माण कार्य सम्मपन्न गर्ने | संख्या | १ | ६६०६५ | ६६०६५ | ६६०६५ | | | १९५१९५ | १९५१९५ |
| २८ | औधोगिक ग्राम (औद्योगिक गाँउ), धरान-०६, | संख्या | १ | | ५००३३ | ५००३३ | ५००३३ | ५००३३ | ३२०१३२ | ३२०१३२ |
| २९ | साइन्स सिटी पार्क, धरान-१३ | संख्या | १ | ३२०२५ | ३२०२५ | ३२०२५ | | | ९६०५४ | ९६०५४ |
| ३० | सप्तरंगी पार्क, धरान-१७ | संख्या | १ | ४५७९७ | ४५७९७ | ४५७९७ | ४५७९७ | ४५७९७ | २४३९५५ | २४३९५५ |
| २८ | प्याराग्लयाडिङ, पदमार्ग र साइकलिङ्ग मार्गको निर्माण | संख्या | १ | | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० |
| | दलित सङ्ग्रहालय (दलित सांस्कृतिक कला केन्द्र तथा सङ्ग्रहालय), धरान-२० | | | २५५३०.६५ | २५५३०.६५ | २५५३०.६५ | २५५३० | २५५३० | १४४१५३ | १४४,१५३ |
| | जम्मा | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २५५,४२१ | ४३०,४५४ | ४७३,४५४ | ४५४,५६१ | ४५९,५६१ | २,१०७,०४९ | २,१०७,०४९ |

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

उपमहानगरपालिकामा यातायात गरुयोजना तथा मापदण्ड अनुरूप सडक विस्तार तथा स्तरोन्नती, कृषि सडकको निर्माण, वडाका केन्द्रहरू जोड्ने सडक स्तरोन्नती, सडक निर्माण सँग सँगै नाली निर्माण, उपयुक्त ठाँउमा बसपार्क तथा बसबिसौनिहरू निर्माणका साथै यातायात सेवा विस्तार तथा सहज पँहुचको लागि आवश्यक ठाँउमा पुल निर्माण भएको हुनेछ।

## ७.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

### ७.३.१ पृष्ठभूमि

धरान उपमहानगरपालिकामा करिव ९९ प्रतिशत ( ४१,९२९ परिवार) परिवारमा विद्युत पहुँच पुगेका छ। विद्युत पहुँच पुगे पनि मुलत बत्ति बाल्न मात्र विद्युतको प्रयोग गरिदै आएको छ। खाना पकाउन विद्युतीय उर्जाजो प्रयोग गर्ने परिवार ०.०३ प्रतिशत मात्र रहेको छ।

### ७.३.२ समस्या तथा चुनौती

उपमहानगरपालिका विभिन्न क्षेत्रमा ट्रान्सफर्मर क्षमता कमजोर रहेको, अव्यवस्थित पोल र तारहरू, विद्युत नियमित नहुने, ट्रान्सफर्मर क्षमता कम भएका कारणले विद्युतीय मेसिनरी प्रयोग गर्न समस्या, साना तथा लघु उद्यम संचालनका लागि विद्युत क्षमता अपुग जस्ता प्रमुख समस्या रहेका छन्। पालिकाका सबै क्षेत्रमा पर्याप्त क्षमताको विद्युत पहुँच विस्तार गर्नु चुनौतिका रुपमा रहेको छ।

### ७.३.३ संभावना तथा अवसर

राष्ट्रिय प्रसारण लाईनबाट विद्युत वितरण भईरहेको, ठुला जलविद्युत आयोजनाहरु संचालनमा रहेको, विद्युतीय उर्जाको प्रयोग गरी उद्योग व्यवसाय संचालन गर्न सकिने सम्भावना, विद्युत सेवा नपुगेका क्षेत्रमा वैकल्पिक उर्जाका माध्यमबाट विद्युत विस्तार गर्न सकिने, साना जलविद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी कार्य गर्न सकिने प्रमुख अवसर हुन्।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**७.३.४.१. सोंच**

उपमहानगरपालिकामा सत प्रतिशत विद्युत पुर्याउने

**७.३.४.२. लक्ष्य**

दिगो, भरपर्दो र नियमित उर्जाको पहुँच सुनिश्चित गर्ने

**७.३.४.३. उद्देश्य**

१. राष्ट्रिय प्रसारण लाईनको सुदृढीकरण गरी उत्पादनशील क्षेत्रमा खपत गर्नु,
२. वातावरण मैत्री वैकल्पिक उर्जाको पहुँच बढाई जिवनस्तरमा सुधार ल्याउनु,
३. दक्ष जनशक्तीको उत्पादन तथा व्यवस्थापन गर्नु,

**७.३.४.४. रणनीति**

१.१. उपमहानगरपालिकामा विद्युत वितरण प्रणालीलाई प्रभावकारी बनाउने।

१.२ उत्पादनशील क्षेत्रमा विद्युत उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।

२.१. वैकल्पिक उर्जाको उत्पादन तथा प्रर्वधन गर्ने।

२.२ स्वच्च तथा दिगो उर्जाको प्रयोगलाई बढावा दिने।

३.१. वितभन्न प्राविधिक तालिम संचालन गर्ने।

### ७.३.४.४. कार्यनीति

१.१.१ विद्युत वितरण भरपर्दो तथा नियमित बनाउन पूर्वाधारको विकास गरिने छ ।।

१.१.२ विद्युत वितरण नियमित तथा व्यस्थित गर्न अनुगमन तथा नियमन गरिने छ।

१.२.१घरेलु उद्यम, लिफ्ट सिंचाई, खानेपानी, लगायतको क्षेत्रमा खपत हुने विद्युतमा सहुलियतको व्यवस्था मिलाईनेछ।

२.१.१ वैकल्पिक उर्जा सम्बन्धी कानुनी आधार तयार गरिने छ।

२.१.२ साना तथा लघु जलविद्युत उत्पादलाई प्रोत्साहन गरिने छ।

२.१.१ सबै सार्वजनिक क्षेत्रमा सौयु उर्जाको प्रयोगलाई विस्तार गरिने छ।

२.१.२ बायोग्मासको प्रयोगलाई प्रर्वधन गरिने छ।

२.१.३ सुधारिएको चुलो प्रयोगमा प्रोत्साहन गरिने छ।

३.१.१ विद्युत वितरण मर्मत सम्भार सम्बन्धि तालिम संचालन गरिने छ।

३.१.२ वैकल्पिक उर्जा सम्बन्धि विभिन्न तालिम संचालन गरिने छ।

## ७.३.४.५ योजना तथा कार्यक्रम

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ग | पुर्वाधार विकास | | | | | | | | | |
| ३ | विद्युत तथा उर्जा | | | | | | | | | |
| १ | उपमहानगरपालिकाका मुख्य सडक छेउ बिद्युत तार व्यवस्थापन | कि.मी. | ५ | | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० |
| २ | उपमहानगरपालिकाका मुख्य सडक छेउ तथा सार्वजनिक स्थलमा सौर्य ऊर्जा व्यवस्थापन | कि.मी. | ५ | | २००० | २००० | २००० | २००० | ५००० | ५००० |
| ३ | अति विपन्न घरपरिवारमा विद्युत सेवा व्यवस्था | घरधुरी | ५० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ४ | बिद्युत खपत अभिबृद्धिका लागि प्रवर्द्धनात्मक कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ५ | अपुग क्षेत्रमा ट्रान्सफर्मरहरुको क्षमता बढाउने, विद्युत वितरणका जिर्ण तार भएका स्थानमा गुणस्तरीय तार र पोल राख्ने | संख्या | ५० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ६ | विद्युतको नियमित आपूर्तिको तथा अनाधिकृ प्रयोग रोक्न नियमित अनुगमन तथा नियमन गर्ने | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ७ | सबै वडा कार्यालय प्राङगणमा सोलार बत्तिको व्यवस्था गर्ने | संख्या | २० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ८ | भान्सामा स्वच्छ उर्जाको प्रवर्धन गर्न सुधारिएको चुलो कार्यक्रम संचालन गर्ने | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ९ | सबै स्वास्थ्य संस्थाको प्राङगणमा सोलार बत्तिको व्यवस्था गर्ने | संख्या | २० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| १० | सबै आधारभुत विद्यालयमा उर्जाकालागि सोलार प्यानल जडान गर्ने। | संख्या | ५० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ११ | स्वच्च उर्जाको प्रयोग सम्बन्धित सचेतनामुलक कार्यक्रम संचालन गर्ने | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | **विद्युत जडान तथा मर्मत सम्बन्धि तालिम संचालन गर्ने** | **पटक** | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| | **जम्मा** | | | **६,५००** | **१३,५००** | **१३,५००** | **१३,५००** | **१३,५००** | **६२,०००** | **६२,०००** |

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस योजनाको अन्त्य सम्ममा उपमहानगरपालिकाको सबै धुरीमा विद्युत सेवा पुगेको हुनेछ। पर्याप्त विद्युतीय क्षमता पुगी उद्योग धन्दा संचालन भएका हुनेछन। आवश्यक स्थानमा सडक बत्ति को व्यवस्था हुनेछ। वैकल्पिक उर्जाको रुपमा सोलार वत्तिको प्रवर्द्धन भएको हुनेछ भने सबै सार्वजनिक कार्यालयमा सोलार व्वात्तिको व्यवस्था भएको हुनेछ। बायोग्यासको प्रयोग तथा सुधारिएको चुलोको प्रयोगबाट घरधुरीमा स्वच्छ उर्जाको प्रवर्द्धन भएको हुनेछ।

## ७.४ सूचना, सञ्चार तथा प्रविधि

### ७.४.१ पृष्ठभूमि

सूचना प्रविधी विकासको रक्त सञ्चार हो। नगरपालिकाको विकासलाई जीवन्त र दिगो बनाउने सूचना प्रविधिको क्षेत्रमा फड्को मार्नु पर्ने देखिन्छ। सूचना, प्रविधि र सञ्चारलाई सामाजिक, आर्थिक, राजनीतिक र उत्पादनका क्षेत्रमा समायोजन गर्न सकेमा मात्र दिगो नगरको लक्ष्य पुरा हुने देखिन्छ। नेपालको संविधान (२०७२० को धारा १९ ले सञ्चार र धारा २७ ले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवम् सूचनाको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। सूचना तथा सञ्चारसँग सम्बन्धित विश्वव्यापी विकास एवम् उपलब्धि अनुरूप सेवा पुर्याउँदै आर्थिक विकासका समग्र पक्षमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन प्रदेश अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रूपमा यसलाई विकास गर्न आवश्यक छ।

### ७.४.२ समस्या तथा चुनौती

उपमहानगरपालिकाको केहि स्थानमा नेटवर्क राम्रो नभएको, पत्रपत्रिकाको पहुँच कम भएको, ईन्टरनेट सेवा सबै क्षेत्रमा समान गुणस्तरको नरहेको, ईन्टरनेट सेवाको शिक्षा, स्वास्थ्य, तथा सार्वजनिक सेवा प्रवाहमा यथेष्ट सदुपयोग गर्न नसकिनु प्रमुख समस्याका रुपमा रहेका छन्।

### ७.४.३ संभावना तथा अवसर

NTC, NCELL लगायत मोबाईल नेटवर्क राम्रो रहेको, विभिन्न कम्पनीका नेटर्वक केबल रहेको,, आधुनिक सूचना तथा संचार प्रविधिको विस्तार गरी सार्वजनिक सेवामा जोड्न सकिने जस्ता सम्भावना तथा अवसर रहेको छ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**७.४.४.१. लक्ष्य**

उपमहानगरपालिकामा सूचना, सञ्चार तथा प्रविधिको सर्वसुलभ पँहुच विस्तार गर्नु।

**७.४.४.२. उद्धेश्य**

समग्र नगरपालिकामा सूचना, सञ्चार तथा प्रविधिको सहज तथा सर्वसुलभ पँहुच पुर्याउनु।

### ७.४.४.४ योजना तथा कार्यक्रम

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ग | पुर्वाधार विकास | | | | | | | | | |
| ङ | सुचना तथा सञ्चार प्रविधी | | | | | | | | | |
| १ | सञ्चार सेवा विस्तार तथा पूर्वाधार बिकास कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| २ | विद्यालय लगायत सार्वजनिक कार्यालयहरुमा आइसिटि व्यवस्था / फ्रि वाइफाई क्षेत्र प्रवर्ध्दन कार्यक्रम | संख्या | २० | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ३ | सडक, सार्वजनिक कार्यालय एवं मुख्य वजार क्षेत्रहरुमा सिसिटिभि जडान गर्ने | संख्या | २० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०००० |
| ४ | विद्युतीय अपराध सम्वन्धी जनचेतना कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| | जम्मा | | | १०,६०० | १०,६०० | १०,६०० | १०,६०० | १०,६०० | ५३,००० | ५३,००० |

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

उपमहानगरपालिकाको सबै क्षेत्रमा सूचना प्रविधि पूर्वाधारहरूको निर्माण तथा विकासका भएको हुने, गुणस्तरीय ईन्टरनेट सेवाको विस्तार भई सार्वजनिक सेवा प्रवाहमा समेत सूचना प्रविधिको प्रयोग भएको हुनेछ । नगरपालिकाका सबै सूचना तथा तथ्यांकहरु वेबसाईट मार्फत सार्वजनिक गरी पारदर्शिता कायम हुनेछ ।

## ७.५ खानेपानी तथा सरसफाई

### ७.५.१ पृष्ठभूमि

खानेपानी व्यवस्थापन बोर्डका अनुसार यस धरानउपमहानगरपालिकामा दैनिक ३ करोड लिटर पिउने पानीको माग रहेको छ। हाल सर्दु-खर्दु लगायत विभिन्न मुहानबाट हिउँदमा दैनिक करिब ४० लाख लिटर र डेढ करोड लिटर चारकोसे जंगलका १० वटा वेलबाट दैनिक १ करोड ६० हजार लिटर पानी वितरण हुदै आएको छ। यस पालिकामा ३० हजार धारा जडान भएको छ। यस पालिकामा खानेपानी व्यवस्थापन बोर्डका अतिरिक्त ८० वटा खानेपानी उपभोक्ता समितिले खाने पानि व्यवस्थापनको काम गरीरहेका छन। धरान उपमाहनगर भित्र ३३ वटा प्रशोधित पिउने पानी उत्पादन गर्ने उद्योग रहेका छन। धरानको खानेपानी समस्यालाई सहज बनाउन कोकाह खोलाबाट पानी ल्याई वडा नं. ११ र १७ मा वितरण भइरहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकामा रहे का कुल घर/परिवारमध्ये ३४ हजार ५ सय ११ परिवार (८१.४० प्रतिशले आफ्नै घर परिसर भित्र रहेको धारा/पाइपबाट पिउने पानी प्राप्त गर्दछन। अहिले पनि १९० परिवार (०.४४ प्रतिशत) परिवार नदी खोलाको पानी पिउन बाध्य छ।

### ७.५.२ समस्या तथा चुनौती

१. भौगोलिक विकटता (घर घरको दुरी टाढा)
२. आधुनिक यन्त्रको उपलब्धता नहुनु डिपवोरिङ गर्ने मेशिन नहुनु)
३. अव्यवस्थित खानेपानी आपूर्ति प्रणाली
४. व्यक्तिगत पाइप मार्फत सीधै स्रोतबाट पानी तान्ने प्रचलन बढी रहेको
५. खानेपानी आपूर्ति सम्बन्धी व्यवस्थापन हेर्ने संस्थागत संरचनाको अभाव
६. मर्मत सम्भार तथा व्यवस्थापनलाई कम प्राथमिकता,
७. पर्याप्त बजेटको व्यवस्थापन गर्न नसकिनु
८. दक्ष जनशक्तिको अभाव

### ७.५.३ संभावना तथा अवसर

१. प्रशस्त पानीका स्रोतहरू
२. विस्तृत परियोजना प्रतिवेदन तयार भएका
३. मणिचुड बृहत खानेपानी योजना निर्माणाधिन
४. DPR भएका खानेपानी योजनालाई निर्माण चरणमा लैजाने
५. पानीका मुल पहिचान तथा दर्ता गर्ने अवसर

६. पानीको सदुपयोग तथा व्यवस्थापन गर्न मिटर जडान गर्ने
७. खानेपानी सम्बन्धी संचालन तथा व्यवस्थापन हेर्ने संस्थागत संरचना बनाई कार्यान्वयन गर्ने
८. नगरपालिका खुला दिसामुक्त पालिका घोषणा भईसकेको

### ७.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

७.५.४.१. लक्ष्य

नगरपालिकामा आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवाको पहुँच सुनिश्चित गर्ने

७.५.४.२. उद्देश्य

१. उपमहानगरपालिकाका सबै घरधुरीमा स्वच्छ खानेपानी आपूर्ति गर्ने।
२. सरसफाई व्यवस्थापन गर्ने।

७.५.४.४ रणनीति

१.१ स्वच्छ र सफा खानेपानीलाई सवुसुलभ बनाउने

१.२ खानेपानीको मुहान संरक्षण गर्ने

२.१ पूर्ण सरसफाई अभियान संचालन गर्ने।

७.५.४.४ कार्यनीति

१.१.१ सबै बस्ती र समुदायमा एक घर एक धाराको नीति अनुरूप स्वच्छ र सफा पानी आपूर्ति प्रणाली व्यवस्थित गरिने छ।

१.१.२ खानेपानी आपूर्तिका लागि संस्थागत संरचनाको व्यवस्था गरिने छ।

१.१.३ पानीको स्वच्छ कायम गरिने छ।

१.१.४ धरान बृहत खानेपानी आयोजना व्यवस्थापन गर्न संघ, प्रदेश, गै.स.स. तथा अन्य सहयोगीहरूसँग समन्वय र सहकार्य गरिने छ।

१.२.१ पानीका मुहानहरूको अभिलेखिकरण गर्दै विस्तृत परियोजना प्रतिवेदन निर्माणमा तिव्राता दिइनेछ।

१.२.२ खानेपानीको मुहान संरक्षण तथा सुरक्षित खानेपानीको लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ।

२.१.१ वडा तथा पालिका स्तरमा सरसफाईका विभिन्न कार्यक्रम संचालन गरिने छ।

२.१.२ वातावरणीय तथा पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक नीति लिइनेछ।

२.१.३ समुदायमा आधारभतू सरसफाइ कार्यक्रम संचालन गरिने छ।

७.५.४. योजना तथा कार्यक्रम

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ग. | खानेपानी तथा सरसफाई | | | | | | | | | |
| १ | खानेपानी मुहान संरक्षण, पाइप विस्तार, मर्मत सम्भार र स्तरोन्नति | संख्या | २० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| २ | डिपवोरिङ निर्माण, प्लाष्टिक पोखरी, आकाशेपानी सङ्कलन | संख्या | १० | | २००० | २००० | २००० | २००० | ५००० | ५००० |
| ३ | फोहोर प्रशोधन एवं मल र उर्जा उत्पादन कार्यक्रम | संख्या | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | २५०००० |
| ४ | फोहोर सङ्कलन एवं विसर्जन | संख्या | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ५ | स्यानेटरी पार्क (ल्याण्डफिल्ड साइट) व्यवस्थापन | संख्या | १ | ५००० | १०००० | २०००० | २०००० | २०००० | ७५००० | ७५००० |
| ६ | नदी, खोला एवं सार्वजनिक स्थल सरसफाइ अभियान | पटक | ४० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| ७ | घुम्ती शौचालय सञ्चालन | संख्या | १० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| ८ | मुल व्यवस्थापन, दर्ता स्वीकृति तथा कार्यविधि तयार गर्ने | संख्या | १० | २०० | २०० | | | | ४०० | ४०० |
| ९ | खानेपानी वितरणलाई सहज र प्रभावकारी बनाउन कम्प्युटर प्रणाली मार्फत व्यवस्थापन गर्ने | संख्या | २० | | ७०० | ७०० | | | १,५०० | १,५०० |
| १० | उपमहानगरको सबै खानेपानी वितरण सञ्जालको निर्माण गर्ने | पटक | १ | | १००० | १००० | | | २,००० | २,००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | उपमहानगर क्षेत्र भित्रका मुहानहरूको विस्तृत परियोजना प्रतिवेदन क्रमिक रूपमा निमाण गर्ने | **पटक** | ५ | | १००० | १००० | | | २,००० | २,००० |
| १२ | प्रत्येक वडामा मुहान संरक्षण तथा सुरक्षित खानेपानीका लागि जनचेतना मुलक कार्यक्रम संचालन गर्ने | **पटक** | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २,५०० | २,५०० |
| १३ | निर्माणार्धीन खानेपानीहरुलाई एकिकृत एक बृहत खानेपानी योजना वनाएर सञ्चालन गर्ने | **संख्या** | ४ | | ५००००० | ५००००० | ५००००० | ५००००० | २,०००,००० | २,०००,००० |
| | **जम्मा** | | | **६६,७००** | **५७६,६००** | **५५६,४००** | **५५३,५००** | **५५३,५००** | **२,३९६,७००** | **२,३९६,७००** |

### ७.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आगामी ५ वर्ष भित्रमा नगरपालिकामा पानीको स्रोतको व्यवस्थापन, नियमित मर्मत संभार तथा संचालित योजनाहरू निर्माण सम्पन्न भई सबै क्षेत्रमा स्वस्छ तथा सफा खानेपानीको नियमित आपूर्ति भएको हुनेछ। साथै मुहान संरक्षण, खानेपानीका समितिहरू उत्तरदायि, सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ। त्यसैगरी सम्पूर्ण स्थानीय हरुमा सरसफाई सम्बन्धी सचेत भई व्यक्ति, परिवार तथा पुरै पालिका सफा र स्वच्छ भएको हुनेछ।

## ७.६ सिंचाई

### ७.६.१ पृष्ठभुमि

### ७.६.२ समस्या तथा चुनौती

जिर्ण कुलो तथा पूर्वाधार, बाढीले सिंचाईका पूर्वाधारमा पुर्याउने क्षति, जथाभावी भईरहेका जग्गा विकास (प्लटिङ)ले कुलो पुर्ने, भत्काउने, नियमित कुलो लाइनिङ नहुने, मर्मत सम्भारको कमि, सिंचाई सम्बन्धी व्यवस्थापनका लागि कुनै संस्थात व्यवस्था नभएको जस्ता समस्या तथा कृषि पेशामा संग्लग्न किसानको उदासीनता, सबै कृषि योग्म जमीनमा माग अनुरूपको सिंचाइ पुर्याउनु चुनौती रहेको छ।

### ७.६.३ सम्भावना तथा अवसर

सिंचाईको उचित व्यवस्थापन गरी सबै कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गरी कृषि उत्पादन बढाई नगरपालिकालाई खाद्यन्नमा आत्मनिभर बनाउन सकिने प्रशस्त सम्भावना रहेको छ।

### ७.६.४ सिंचाई योजना

**७.६.४.१ लक्ष्य**

कृषि योग्म भूमीमा सिंचाई पुर्याइ उत्पादन वृद्धि गर्ने

**७.६.४.२ उद्देश्य**

१. कृषियोग्य जमिनमा दिगो सिँचाइ सुविधा पुर्याउनु।

**७.६.४.३ रणनीति**

१.१ उपयुक्त प्रविधिमा आधारित सिँचाई प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गर्ने।

२.१ संचालनमा रहेका सिंचाई योजनाहरू नियमित रूपमा संचालन गर्ने

**७.६.४.३ कार्यनीति**

१.१.१ उपमहानगरपालिका क्षेत्रभित्र रहेको सिंचाई कुलोहरूको मर्मत संभार गरी बाहै महिना सिंचाई सुविधा पुर्याउने कार्यलाई प्राथमिक्ता दिईनेछ।

१.१.२ कृषि योग्म भूमीमा सिंचाईको लागि स्रोतको खोजी गदै नहर, कूलोबाट सिंचाई हुन नसक्ने स्थानमा डिप बोरीङ, कृतिम पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमिक रूपमा सिंचाई सुविधा पुर्याइनेछ।

१.१.३ सिंचाईका लागि वर्षाको पानी सङ्कलन, पोखरी तथा सिमसार र जाधार क्षेत्रको संरक्षण तथा सुदृढीकरण गरिने छ।

१.१.४ सम्भावित नयाँ सिंचाई आयोजनाहरू निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुर्याई कृषि उत्पादनमा बृद्धि गर्दै जाने नीति अबलम्बन गरिनेछ।

२.१.१ संचालित सिंचाई योजनाहरू दिगो रूपमा अधि बढाइनेछ।

### ७.६.४.५ योजना तथा कार्यक्रम

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| | सिंचाई | | | | | | | | | |
| १ | सिंचाइ कुलोको मर्मत सम्भार र स्तरोन्नति / कुलो संरक्षण तथा सिंचाइ सेवा विस्तार कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| २ | आकाशेपानी सङ्कलन कार्यक्रम / साना सिंचाई मर्मत कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ३ | बैकल्पिक तथा आधुनिक सिंचाइ प्रविधिमा सहयोग | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ४ | जलाधार क्षेत्र मुल एवम् पोखरी, ताल तलैयाहरुको संरक्षण कार्यक्रम | पटक | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| ५ | वर्षातको पानी संकलनका लागि पोखरी निर्माण तथा ट्याङ्की वितरण कार्यक्रम | वटा | ५ | | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० |
| ६ | नगर भित्र परम्परा देखि रहेका सिंचाई कुलो, राजकुलोहरूको पुन: निर्माण गर्ने र क्रमिक रूपमा मर्मत गर्ने । | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ७ | कुलोबाट सिँचाइ हुन नसक्ने स्थानमा सम्भाव्यता अध्ययन गरी डिप बोरीङ राख्न तथा संचालन गर्ने | पटक | ५ | १००० | २००० | ३००० | ४००० | ५००० | १५००० | १५००० |
| ८ | सिंचाइको श्रोतहरूको अध्ययन गर्ने / पहाडी तथा नदी मुहान क्षेत्रमा पानीका पोखरीहरू निर्माण गर्ने | वटा | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ९ | किसानहरुलाई थोपा सिंचाइ प्रविधिबारे तालिम दिई कार्यान्वयनमा ल्याउने | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| | जम्मा | | | ५,००० | ११,००० | १२,००० | १३,००० | १४,००० | ५५,००० | ५५,००० |

**७.६.५ अपेक्षित उपलब्धी**

उपमहानगरपालिकामा कुलोहरूको नियमित मर्मत भएको, सिंचाईको स्रोतहरूको अध्ययन भएको, पोखरी, तालतलैया, सिमसार र जलाधार क्षेत्रको संरक्षण था सुदृढीकरण भएको तथा उपयुक्त सिंचाई आयोजनाहरू दिगो रूपमा सञ्चालन भएको हुनेछ।

## ७.७ भू-उपयोग तथा भूमि व्यवस्थापन

### ७.७. १. पृष्ठभूमि:

धरान उपमहानगरपालिकाको मुख्य भूउपयोगमा सहरी क्षेत्र, आवासीय क्षेत्र, कृषि क्षेत्र, नदी र पानीले ढाकिएको क्षेत्र, वन, सडक तथा बसपार्क, पार्क तथा बगैंचा, औद्योगिक तथा शैक्षिक क्षेत्रहरू पर्दछन् । पालिकाको दक्षिणीभागमा रहेको अधिकांश समतल जमिन र पहाडी क्षेत्र जङ्गलले ढाकेको छ। धरानको कुल क्षेत्रफलको झण्डै ५० प्रतिशत भूभाग संरक्षित चारकोसे वनले ओगटेको छ। सहरी बस्ती नगरपालिकाको केन्द्रमा अवस्थित छ र पश्चिम तर्फ फैलिएको गएको छ। पछि थपिएक पूर्व र पश्चिमी क्षेत्रमा सहरी पूर्वाधारको अभाव देखिन्छ।

कुल भूभागको ६३ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ । यो महत्त्वपूर्ण वनले यस क्षेत्रमा समृद्ध जैविक विविधता र बलियो पारिस्थितिक सन्तुलनलाई विम्मित गरेको छ। खेती योग्य जमिनले ८.९१ प्रतिशत जमिन ओगटेको छ, यसले खाद्य उत्पादन र किसान सामूदायिकको जीविकोपार्जनलाई सहज बनाएको छ।

बुट्यान र घाँसे मैदानले जमिनको ३ प्रतिशत क्षेत्र ओगटेको छ, जसले वन र कृषि क्षेत्रहरू बीचको महत्त्वपूर्ण संक्रमणकालीन क्षेत्रहरू प्रदान गर्दछ, साथै वन्यजन्तु र चरनलाई सहज बनाएको छ । बालुवाले ४ प्रतिशत जमिन ओगटेको छ, यसमा नदी/ खोला किनाराका क्षेत्रहरू रहेका छन। निर्माण क्षेत्रहरूले जमिनको २ प्रतिशत भूभाग ओगटेका छ। बाँझो भूमिले क्षेत्रफलको १ प्रतिशत भू-भाग ओगटेको छ। भू-उपयोग क्षेत्र वर्गिकरणको माध्यमबाट भू-उपयोग तथा भूमि व्यवस्थापन गर्न सके पालिकाले थप आर्थिक वृद्दि प्राप्त गर्न सक्छ।

### ७.७. २. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.७. २. १ लक्ष्य

जमिनको संरक्षण गरी उत्पादकत्व वृद्धि गर्न नगरपालिकाभित्र रहेका जमिन अभिलेखीकरण गरी राष्ट्रिय भूमि नीतिअनुसार वर्गीकरण गरेर सदुपयोग गर्ने

#### ७.७. २. २ उद्देश्य

१. नगरपालिकाको भूमि नीति, ऐन र योजना निर्माण गरी लागु गर्ने

२. सम्पूर्ण घरको अधीनस्थ रहेको जमिन अभिले खीकरण गरी राष्ट्रिय नीतिअनुसार वर्गीकरण गर्ने

३. औपचारिक तथा अनौपचारिक स्वामित्वको अवस्थामा रहेका जमिन अभिलेखीकरण गरी वर्गीकरण गर्ने

#### ७.७.२.३ रणनीति

१. अनौपचारिक स्वामित्वमा रहेको भूमिको अभिले खीकरण गरे र स्वामित्व सुनिश्चित गर्ने

२. भूमिहीन तथा सुकुमवासी नागरिकलाई जमिन उपलब्ध गराउने

३. जमिनको उत्पादकत्व वृद्धि हुने गरी राष्ट्रिय नीतिअनुसार नगरपालिकाभित्रको जमिन वर्गीकरण गर्ने

**७.७.४** कार्यनीति/कार्यक्रम

१. धरान उपमहानगरपालिकाको भुमि नीति तथा ऐन तर्जुमा
२. पालिका भित्रको जमिनको लगत संकलन
३. भूमिहिन र सुकुम्वासी लगत संकलन तथा पहिचान
४. भूमिहिन र सुकुम्वासीको लागि वस्ति विकास
५. भौगोलिक अध्ययन सहितको जोखिम क्षेत्र नक्साङ्कन
६. नदी उकास जमिनहरूको उपयोग र संरक्षण

# ७. ८ वन तथा वातावरण

## ७.८. १. पृष्ठभूमिः

धरान उपमहानगरपालिकामा १४६.४२ वर्ग किलोमिटर वन क्षेत्र रहेको छ । यो धरान उपमहानगरपालिको कुल क्षेत्रफलको ७६.१६ प्रतिशत हो । यस पालिकामा जसमा ४४ प्रतिशत क्षेत्रफल चारकोसे झाडि रहेको छ भने २६.२० प्रतिशत अन्य वन क्षेत्रको रुपमा रहेको छ । सब डिभिजन वन कार्यालय पाचकन्या र विष्णुपादुकाका अनुसार यस पालिकामा २६ वटा सामुदायिक वन रहेका छन । यी सामुदायिक वनमा ९हजार तीन सय नब्बे परिवारका ४० हजार ९ सय तीन आवध्द रहेका छन ।

यस उपमहानगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, अुसरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि रहेका छन । यसलाई हेर्दा वनको दिगो व्यवस्थापन गरी वन सम्पदामा आधारित उद्यमशीलता विकास गरी आय आर्जन बढाउन सकिन्छ ।

## ७.८.. २. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

७.८.१ लक्ष्य

जनसहभागिताका माध्यमले जैविक विविधता, जलाधार संरक्षण, वन्यजन्तु, वन, वनस्पति र जडीबुटीको दिगो व्यवस्थापन गरेर संरक्षण, सम्वद्र्धन गर्दै वन्य उत्पादनको व्यवसायीकरण, पर्या-पर्यटनको विकास तथा विस्तार गरी वातावरणीय सन्तुलनसहितको विकास गर्ने

७.८.२ उद्देश्य

१. सामुदायिक वन एवम् निजी वनको दिगो व्यवस्थापनमार्फत उत्पादकत्व वृद्धि गरी वनमा आधारित उद्योग सञ्चालन गर्ने
२. वनबाट प्राप्त सेवा, सुविधा, अवसर र पैदावरहरूको समानुपातिक वितरण प्रणालीको विकास गरी समाजिक न्याय प्रत्याभूत गर्ने ।
३. उत्थानशीलता विकास गरी विपद् तथा जोखिम न्यूनीकरणका लागि कार्यक्रमहरू सञ्चालन गर्ने

४. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका लागि पालिकावासीहरूको क्षमता अभिवृद्धि गर्ने

७.८.३ रणनीति

१. वनको उत्पादकत्व वृद्धि गरेर स्रोतको सदुपयोग गर्न सबै प्रकारका वनको दिगो व्यवस्थापन गर्ने

२. वनमा जनसहभागिता वृद्धि गरी दिगो व्यवस्थापन र संरक्षणमार्फत पर्या-पर्यटन प्रवर्ध्दन गर्ने

३. निजी, सामुदायिक वनको उत्पादकत्व वृद्धि गरी वन सम्पदामा आधारित उद्यमशीलता विकास गर्ने

४. उपमहानगरपालिकाको स्थानीय जलवायु परिवर्तन न्यनीकरण तथा अनुकूलन योजना बनाइ लागु गर्ने

# परिच्छेद ८ : वातावरण तथा पर्यावरणीय शुरक्षा

## ८.१ वन तथा जैविक विविधता

### ८.१.१ पृष्ठभूमि

नेपालको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ । पर्यावरणीय सन्तुलनका दृष्टिकोणले कुल जमिनको ४० प्रतिशत जमिन वन क्षेत्रले ढाकिएको हुनुपर्दछ । धरान नगरपालिकाको कुल क्षेत्रफल १९२.६० वर्ग कि.मि. मध्ये करिब १३५.२० वर्ग कि.मि. (७०.२० प्रतिशत) वन, झाडी क्षेत्रले ढाकेको छ ।

यस पालिकामा २६ सामुदायिक वनमा ९,३९० घर परिवार आवध्द रहेका छन । सामुदायिक वनहरु स्थानीय वन उपभोक्ता समुहद्वारा संरक्षण तथा व्यवस्थापन हुँदै आइरहेका छन् । यी समुहले वनको संरक्षण लागि वृक्षारोपण गर्ने तथा घाँस, दाउरा, काठ, स्याउला, पत्कर, जडिबुटी, चरिचरन आदिको प्रयोग गरीरहेका छन् ।

धरान उपमहानगरपालिकामा मौसमी विविधता हुनाले नगरपालिका जैविक विविधताका दृष्टिले धनी रहेको पाईन्छ । यहाँ विविध किसिमका वनस्पति पाइन्छन । यी जङ्गल घाँस, दाउरा र काठका मुख्य स्रोत हुन् । बिरुवाका विविध प्रजाति यी जङ्गलमा पाइन्छन् । तल्लो कम उचाइ भएका क्षेत्रमा सालदेखि लिएर उत्तरी अग्ला भू-भागमा च्युरी, हर्रो , बर्रो , अमला, चिलाउने , कटुस आदि प्रजाति प्रचुर मात्रामा पाइन्छन् ।

### ८.१.२ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ८.१.२.१. लक्ष्य

प्रभावकारी वन व्यवस्थापन गरी वनजन्य उत्पादनको उपयोगबाट आम जनताको आयस्तरमा वृद्धि साथै जैविक विविधता बारे आम जनताहरु सचेत हुनेछन्

#### ८.१.२.२. उद्देश्य

१. वनको संरक्षण, व्यवस्थापन तथा उपयोग गर्नु ।
२. जैविक विविधताको दिगो संरक्षण, व्यवस्थापन र परिचालन गर्नु ।

#### ८.१.२.३. रणनीति

१. जलवायु उत्तरदायी बजेट नीति अवलम्वन गरिने छ ।
२. मानव वन्यजन्तु द्वन्द कम गर्न विभिन्न उपायको खोजी गी कार्यान्वयन गरिने छ ।
३. जैविक विविधताको संरक्षणमा स्थानीय सामूदायिकको सहभागिता सुनिश्चित गरिने छ ।
४. भूमिगत पानीको सहत गरीरिने क्रमलाई न्युनिकरण गर्न आकासे पानीलाई जमिनमा पठाउने व्यवस्था मिलाईने छ ।

### ८.१.४.५. कार्यक्रम तथा योजना

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ३ | वन वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | |
| क | वन तथा जैविक विविधता र भू-तथा जलाधार व्यवस्थापन | | | | | | | | | |
| १ | सामुदायिक वन उपभोक्ता समूहको क्षमता र उद्यमशीलता विकास कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| २ | उच्च मूल्यका मसलाजन्य, फलफूल तथा जडीवुटीको व्यावसायिक खेती प्रवर्द्धन | संख्या | ४ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ३ | कृषि वन प्रवर्द्धन तथा गैरकाष्ठ वन पैदावर सङ्कलन तथा प्रशोधन | संख्या | ४ | | | | | | | |
| ४ | जङ्गल क्षेत्रमा वृक्षारोपण, रिचार्ज पोखरी, मिचाहा प्रजाति नियन्त्रण तथा झाडी सफाइ | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ५ | खुल्ला क्षेत्र, सडक दायाँवायाँ वृक्षारोपण र हरियाली शहर प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ६ | जैविक विविधता सूचीकरण (Bio-diversity profile) तयार गरी जैविक विविधता दिगो संरक्षण सम्वन्धी गुरुयोजना तर्जुमा | पटक | १ | | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० |
| ७ | लोपोन्मुख प्रजाति, वन्यजन्तु, चराचरुङ्गीहरुको वासस्थानको संरक्षण र सामुदायिक वनमा रहेका दुर्लभ र संकाटापन्न प्रजाति (वनस्पति तथा वन्यजन्तु) को सूची तयार गर्ने। | संख्या | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ८ | खुल्ला क्षेत्रमा वृक्षारोपण, सडक किनारमा वृक्षारोपण, कौशी खेती | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ९ | सर्दु खोलामा बाँध निर्माण गर्ने। | कि.मी. | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| १० | सर्दु खोलाको सातबोटे पहिरोमा बायो इन्जिनियरिङ गर्नु पर्ने। | कि.मी. | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| ११ | खोलामा तटबन्धन सहित वृक्षरोपण कार्यकर्म (वास, काब्रो, | कि.मी. | ५ | | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लहरे वरपिपल) | | | | | | | | | |
| १२ | हरियाली सामुदायिक वनलाई खहरे खोलाले क्षती पुर्याउने हुँदा खोला नियन्त्रणका लागि पूर्वाधार बनाउनु पर्ने। | कि.मी. | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० |
| १३ | स्थानीय अनुकुलनता न्युनिकरण कार्यक्रम | पटक | १० | १००० | १००० | २००० | २००० | २००० | ५००० | ५००० |
| १४ | जविक विविधता संरक्षणका लागि सामूदायिकको चेतना अभिवृद्धि गराउने सुचना पवाह तथा बादर नियन्त्रणको लागी वन कार्यालयसंग सहकार्य गर्ने। | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १५ | ताल, पोखरी, आहालको पुनरुत्थान, पुनिर्माण तथा संरक्षण गर्ने | संख्या | ४ | | | ५०० | ५०० | ५०० | १५०० | १५०० |
| १६ | सामुदायक वन क्षेत्रलाई चौपाया निषेधित क्षेत्र घोषणा गर्ने। | - | ४ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १७ | बाढी तथा बाढी जन्य क्षेत्रको बर्गिकरण गरी उत्खन्न गर्ने। | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १८ | फोहोर न्यूनीकरण, प्रशोधन, पुन:प्रयोग र इन्कार कार्यक्रम | पटक | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १९ | वातावरण संरक्षरण प्रवर्ध्दनात्मक तथा सचेतना कार्यक्रम | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| २० | ढल संजाल एवं सोकपिट निर्माण | संख्या | १ | १००० | १००० | २००० | २००० | २००० | ५००० | ५००० |
| २१ | सार्वजनिक शौचालय निर्माण | संख्या | ५ | १००० | १००० | २००० | २००० | २००० | ५००० | ५००० |
| २२ | स्यानिटरी पार्क निर्माण तथा व्यवस्थापन | संख्या | ५ | १००० | १००० | २००० | २००० | २००० | ५००० | ५००० |
| २३ | कम्पोष्टविन तथा गार्वेजपिट वितरण | संख्या | ५००० | | ५०० | ५००० | | | ५५०० | ५५०० |
| २४ | वातावरणमैत्री पूर्वाधार निर्माण गर्ने। वैकल्पिक उर्जा प्रवर्ध्दन (विद्धुतीय चुलो चुल्हो प्रयोगमा अनुदान) | संख्या | १ | १००० | १००० | ५००० | ५००० | | १५००० | १५००० |
| २५ | भू-क्षय तथा जोखिम क्षेत्र नक्शाङ्कन कार्यक्रम गरी जोखिम क्षेत्र संरक्ष कार्यक्रम गर्ने। | संख्या | १ | | | ५००० | ७००० | | १५००० | १५००० |
| २६ | वाढी पहिरो क्षति प्रभावित क्षेत्रमा वायो इन्जिनीयरीङ तथा वस्ति व्यवस्थापन गर्ने। | संख्या | ५ | | ६००० | ५००० | ७००० | ४००० | २५००० | २५००० |
| २७ | प्रदुर्षण नियन्त्रण तथा न्युनिकरण मापदण्ड तर्जुमा | संख्या | १ | १००० | १००० | | | | २००० | २००० |
| २८ | फोहोर मैला व्यवस्थापन संकलनका लागि सवारी साधन थप | संख्या | ५ | | १०००० | १०००० | १०००० | १०००० | ४०००० | ४०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | | **२३,५००** | **५०,३००** | **७५,३००** | **६५,३००** | **५०,३००** | **२६५,०००** | **२६५,०००** |

**८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

योजना अवधिमा वन क्षेत्र संरक्षित तथा व्यवस्थित हुने, वन तथा जैविक विविधता क्षेत्रको संरक्षणमा स्थानीयको संग्लाग्नता बढनुको साथै वन क्षेत्रबाट स्थानीयको आम्दानी गरेका हुनेछन, वनको दिगो र पर्यावरणमैत्री विकास भएको हुनेछ।

## ८.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ८.२.१ पृष्ठभूमि

धरान उपमहापालिकाको मुख्य भूउपयोगमा सहरी क्षेत्र, आवासीय क्षेत्र, कृषि क्षेत्र, नदी र पानीले ढाकिएको क्षेत्र, वन, सडक तथा बसपार्क, पार्क तथा बगैंचा, औद्योगिक तथा शैक्षिक क्षेत्रहरू पर्दछन् । पालिकाको दक्षिणीभागमा रहेको अधिकांश समतल जमिन र पहाडी क्षेत्र जङ्गलले ढाकेको छ । धरानको कुल क्षेत्रफलको झण्डै ५० प्रतिशत भूभाग संरक्षित चारकोसे वनले ओगटेको छ । सहरी बस्ती नगरपालिकाको केन्द्रमा अवस्थित छ र पश्चिम तर्फ फैलिएको गएको छ । पछि थपिएक पूर्व र पश्चिमी क्षेत्रमा सहरी पूर्वाधारको अभाव देखिन्छ ।

कुल भूभागको ६३ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ । यो महत्त्वपूर्ण वनले यस क्षेत्रमा समृद्ध जैविक विविधता र बलियो पारिस्थितिक सन्तुलनलाई विम्मित गरेको छ । खेतीले २४ प्रतिशत जमिन ओगटेको छ, यसले खाद्य उत्पादन र किसान समुदायको जीविकोपार्जनलाई सहज बनाएको छ ।

बुट्यान र घाँसे मैदानले जमिनको ३ प्रतिशत क्षेत्र ओगटेको छ, जसले वन र कृषि क्षेत्रहरू बीचको महत्त्वपूर्ण संक्रमणकालीन क्षेत्रहरू प्रदान गर्दछ, साथै वन्यजन्तु र चरनलाई सहज बनाएको छ । बालुवाले ४ प्रतिशत जमिन ओगटेको छ, यसमा नदी/ खोला किनाराका क्षेत्रहरू रहेका छन ।धरान उपमहानगरपालिकाको भुमि तथा जलाधार क्षेत्रको व्यवस्थापन तथा संरक्षण आवश्यक रहेको छ ।

### ८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**८.२.४.१. लक्ष्य**

भूमि र जलाधार क्षेत्रको संरक्षण, व्यवस्थापन तथा उच्चतम सदुपयोग गर्ने

**८.२.४.३ उद्देश्य**

१. जलाधार क्षेत्रहरुको व्यवस्थापन र सदुपयोग गर्नु,

२. संरक्षण तथा सदुपयोग गर्नु,

**८.२.४.४. रणनीति**

१. जलाधार क्षेत्रको नक्साङ्कन गरी सिमा पहिचना गरिने छ ।

२. पालिकाका ३ वटै जलधार क्षेत्रका विशेषताहरू र पारिस्थितिकीको अध्ययन गरिने छ ।

३. जलाधार क्षेत्रमा वर्षा जल संचयन र पुनर्चक्रण प्रणाली (रिचार्ज पोखरी) विकास गरिने छ ।

### ८.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस योजना अवधिमा पानीको मुहान क्षेत्र, तालतलैया खोलानाला हरुको पहिचान, संरक्षण, व्यवस्थापन तथा सदुपयोग भएको हुनेछ, साथै भु-उपयोग सम्बन्धि कानुनी आधार तयार भई यसको संरक्षण तथा वैज्ञानिक उपयोग भएको हुनेछ ।

## ८.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ८.३.१ पृष्ठभूमि

वातावरण व्यवस्थापन मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने विषय हो। नेपालको संविधानले ने नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। संविधानले वातावरण संरक्षण संघ, प्रदेश र स्थानीय तिनै तहको साझा जिम्मेवारी भित्र राखेको छ। कुल भूभाग १९२.६० वर्ग कि.मि.को करिब १३५.२० वर्ग कि.मि. (७०.२० प्रतिशत वन, तथा झाडी क्षेत्रले ढाकेको धरान नगरपालिकाको वातावरण सफा र स्वच्छ रहेको छ। वातावरण व्यवस्थापन जटिल, बहुक्षेत्रीय र बहुआयामिक विषय भएकोले यसको व्यवस्थापनमा सरकार, व्यक्ति, तथा अन्य निकायको सहकार्य तथा समन्वय आवश्यक हुन्छ।

प्रति घर परिवारले प्रतिदिन १७० ग्राम फोहोर उत्पादन गर्ने तथ्यका आधारमा पूरतपिरविार ४ संख्याका आधारमा कुल जनसंख्यालाई भाग लगाई विश्लेषण गर्दा धरान उपमहानगरपालिकामा प्रति दिन ७.०७ मेट्रिक टन फोहोर उत्सर्जन हुने देखिन्छ । उत्पादित फोहर मैलामा ६६५ जैविक फोहर रहने गर्दछ । धरान उपमहानगरपालिकाले जनघनत्व कम भएका वडाहरू ४, ५, ६ र २० मा उपमहानगरले फोहोर सङ्कलन गर्दैन ।२०४३ सालदेखि धरानले वडानम्बर १५ को बाँझगरा सामुदायिक वन उपभोक्ता समितिको वन क्षेत्रलाई अस्थायी ल्याण्डफिल्ड साइडको रूपमा प्रयोग गरीरहेको छ । फोहोर व्यवस्थापनका लागि उपमहानगरपालिकामा ७५ जना सरसफाइकर्मी (३२ फोहर संकलक, ४३ स्वीपर) र ८ ड्राईभर ( ५वटा ट्याक्टर र ३ टिपर)ले काम गरीरहेका छन।

आ.व. २०७९/०८० मा उपमहानगरपालिकाले फोहोर उठाएबापत सरसफाई सेवा शुल्क वापत वार्षिक १ करोड १० लाख ६४ हजार छ सय उनान्सत्तरी रुपैयाँ सङ्कलन गर्ने गरेको थियो भने फोहोर व्यवस्थापनका लागि ४ करोड १७ लाख ४० हजार चार सय पन्चानब्बे रुपैयाँ खर्च भएको थियो।

धरान उपमहानगरपालिकाको फोहोरलाई व्यवस्थापन गर्दै फोहोरबाट ग्यास र मल उत्पादन गर्ने लक्ष्य लिएर भेन्चर वेष्ट टू इनर्जीले धरान उपमहानगरपालिका-६ पानबारीमा प्रशोधन केन्द्र बनाएको छ। जुन नगरसँग सझौताको चरणमा रहेको छ। ( स्रोत: वातावरण शाखा, धरान उपमहानगरपालिका, २०८०)

### ८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ८.३.४.१. लक्ष्य

प्रदुषण नियन्त्रण, हरियाली प्रवर्द्धन र व्यवस्थित फोहोरमैला व्यवस्थापन गरी स्वस्छ र स्वस्थ वातावरण कायम गर्ने ।

#### ८.३.४.२. उद्देश्य

१. स्वस्छ तथा स्वस्थ वातावरण कायम गर्नु।

२. फोहोर मैलाको उचित व्यवस्थापन गरी स्वच्छता कायम गर्नु।

#### ८.३.४.३. रणनीति

१. प्रदुर्षण नियन्त्रण तथा न्युनिकरण मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२. पर्वाधार विकासमा वातावरणीय पक्षलाई आन्तकीकरण गरिने छ।

३. नदी/खोलामा फोहर विसर्जन गर्न र जलाउन पूर्णरुपमा प्रतिवन्ध लगाइने छ।

४. प्लाष्टिक झोलाको प्रयोगलाई निषेध गरिने छ।

### ८.३.४.५. कार्यक्रम तथा योजना

१. स्थानीय अनुकुलन कार्ययोजना तर्जुमा
२. वातावरण संरक्षण सम्वन्धि सचेतना कार्यक्रम सञ्चालन
३. नविकरणिय उर्जा खपत अनुदान दिने
४. सबै घरधुरीमा कुहिने र नकुहिने फोहर राख्ने छुट्टाछुट्टै डष्टविन वितरण गने
५. डम्पिङ साइट व्यवस्थापन
६. फोहोर मैला व्यवस्थापन संकलनका लागि सवारी साधन थप
७. जैविक फोहरबाट मल निर्माण तालिम सञ्चालन

### ८.३.४.६. अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस योजना कार्यान्वयनको अन्त्य सम्ममा नगरपालिकामास सफा तथा स्वच्छ वातावरण कायम भएको हुनेछ, स्रोतमानै फोहोर वर्गीकरण, नियमित सरसफाईको अभ्यास भएको हुनेछ, वातावरण संरक्षण तथा फोहोर व्यवस्थापनमा सामूदायिक, सरकारी तथा गैरसरकारी संघ, संस्था तथा सामूदायिक सचेत भएको हुनेछ ठोस फोहोर व्यवस्थापनका लागि दीर्घकालिन व्यवस्थापन भएको हुनेछ ।

## ८.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ८.४.१ पृष्ठभूमि

व्यापारिक, पर्यटकीय र शहरी क्षेत्रको वावजुद धरान उपमहानगरपालिका एक बहुप्रकोप प्रभावित उपमहानगरपालिका पनि हो। २ मुख्य खोलाहरु सर्दु र सेउतीले घेरिएको यस उपमहानगरपालिकाको भौगोलिक क्षेत्रभित्र भएर वग्ने अन्य खहरे खोलाहरु र खोलाको नजिक संकटासन्न अवस्था, अव्यवस्थित रुपमा रहेका भौतिक संरचनाले गर्दा वर्षातको समयमा विपद्को अवस्था सृजना गरेको छ। यसका साथै ४, ५, १३ र २० वडाहरु ३० डिग्री भन्दा बढी भिरालोपना भएकोले पहिरोको प्रकोप हुने गरेको र पहिरोको प्रकोप नजिकै संकटासन्न अवस्थामा रहेका वस्तिहरुको कारणले गर्दा पनि प्रत्यके वर्ष धनजनको क्षति भै विपद्को अवस्था सृजना गरेको छ। जलवायु परिवर्तनको कारणले बाढी तथा पहिरोको प्रकोप साथै हावाहुरी र चट्याङ्गको प्रकोप बढेको र धनजनको क्षति हुने १८ गरेको छ। सामूदायिकसंगको छलफलको आधारमा जलवायु परिवर्तनको महसुस हुने तरिकाले परिवर्तन भएको, पानीका मुहानहरु सुकेकाले खानेपानीको ठूलो समस्या भएको, खडेरीको समस्या भएको र अत्यधिक गर्मी बढेको पाइएको छ।

यस नगरपालिकामा प्राकृतिक प्रकोपका दृष्टीले जोखिमयुक्त स्थानहरू धैरे रहेका छन् । धरान उपमहानगरपालिकाका २० वडाका १५३ टोल/वस्तिका ६२२८ घरधुरी बाढी र पहिरोको उच्च जोखिममा रहेका छन। जसमा १०३ टोल/वस्तिका ४६८३ घरधुरी बाढीको जोखिममा र ५० टोल/वस्तिका १५५४ घरधुरी पहिरोको जोखिममा रहेका छन। नगर क्षेत्रमा रहेका २५ वटा पेट्रोल पम्प तथा ग्यास डिपोको कारण ३८०९ धरधुरी आगलागिको उच्च जोखिममा रहेका छन।

बाढी, पहिरो, आगलागी यस पालिकाका प्रमुख प्राकृतिक प्रकोपहरू हुन। यस्ता प्रकोपको नियन्त्रणको लागि कुनै ठोस कदम चालिएको पाईदैन, यद्यपी सडक छेउको पहिरो जोखिम क्षेत्रमा ग्याविन वाल बनाउने, सामुदायिक वनहरूमा अग्नी घेरा निर्माण गर्ने, सुकेका काठ तथा पत्कर सफा गर्ने, वृक्षारोपण गर्ने, नदि नियन्त्रण गर्ने जस्ता जोखिम न्यूनीकरणका केहि प्रयास हुदै आइरहेका छन्। नेपालको संविधानले विपद व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकारको रुपमा राखेको छ।

सम्पूर्ण विश्वमा टड्कारो रुपमा देखिएको जलवायु परिवर्तनको प्रभावबाट धरान उपमहानगरपालिका पनि अछुतो छैन। बेमौसमी पानी पर्ने, बालीनाली पाक्ने समयमा परिवर्तन, फुल फुल्ने समयमा परिवर्तन, पानीका मुल सुक्दै जानु, नयाँ-नयाँ प्रजातिका फल फल्ने तथा स्थानीय रैथाने जातिका विउ विजन हराउदै गएका, कृषि तथा पशुमा नयाँ रोग देखिनु जस्ता जलवायु परिवर्तनका प्रभाब देखिदै गईरहेका छन्।

### ८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ८.४.४.१. लक्ष्य

प्राकृतिक तथा मानव सृजित विपद्का घटनाबाट हुने क्षती तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्दै लाने।

#### ८.४.४.२. उद्देश्य

१. प्राकृतिक तथा मानव सृजित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्नु,
२. जलबायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्नु

### ८.४.४.४. रणनीति

१. विपद् जिखिम न्युनिकरण प्रतियोजना कार्य २०८० कार्यान्वयन गरिने छ।
२. स्थानीय स्तरमा विपद् उद्दार जनशक्ति विकास गरिने छ।

### ८.४.४.५. कार्यक्रम तथा योजना

| क्र.सं. | रणनीति कार्यक्रम तथा योजना | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | | प्रति एकाई लागत रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | |
| ४ | वन वातारण तथा विपद् व्यवस्थापन | | | | | | | | | |
| ग | विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन | | | | | | | | | |
| १ | भौगर्भिक अध्ययन सहितको जोखिम क्षेत्र नक्साङ्क (Risk Sensitive Land Use Mapping) | संख्या | १ | १०००० | | | | | १०००० | १०००० |
| २ | वस्ति वीचका खहरे किनारा व्यवस्थापन मापदण्ड निर्माण | संख्या | १ | ५००० | | | | | ५००० | ५००० |
| ३ | विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्वन्धि नियमावली तथा कार्यविधि तर्जुमा | संख्या | १ | ६००० | | | | | ६००० | ६००० |
| ४ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० कार्यान्वयन | संख्या | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०००० |
| ५ | वातावरण प्रभाव मुल्याङ्कन गरी नदी जन्य पैदावर व्यवस्थापन गर्ने | संख्या | ३ | ५००० | ३००० | | | | ५००० | ५००० |
| ६ | टोल विकास संस्थालाई विपद् व्यवस्थापनमा परिचान गर्ने | वटा | ५० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५०००० |
| ७ | विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन स्थानीय निकाय, संघ/संस्था, गैरसरकारी संस्थासँग समन्वय गर्ने | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| ८ | विपदबाट भएको क्षतिको आँकलन गर्न प्राविधिक सहितको मुल्याङ्कन समिति बनाउने | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ९ | विपद् प्रतिरोधी पूर्वाधार तथा वस्ति विकास कार्यक्रम | पटक | ५ | | | | ३०००० | २०००० | ५०००० | ५०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विपद व्यवस्थापन तथा जलवायु अनुकूलन सम्वन्धी जनचेतनामुलक कार्यक्रम सचेतना अभियान / सामुदायिक तालिम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ११ | विपद पूर्वसूचना प्रवाह उपकरण व्यवस्था | वटा | २० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १२ | आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन | वटा | २० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १३ | आपतकालीन द्रुत उद्धार टोली क्षमता बिकास तथा नमूना अभ्यास | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १४ | एक वडा एक सुरक्षित स्थल तथा खुल्ला क्षेत्र व्यवस्था | वटा | २० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| १५ | आपतकालीन उद्धार राहात कार्यक्रम | वटा | २० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १६ | विपद व्यवस्थापन कोष स्थापना | वटा | २० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |
| १७ | विपद व्यवस्थापन तथा प्रतिकार्य योजना तर्जुमा | संख्या | १ | | | | १५०० | १५०० | ३००० | ३००० |
| १८ | आगो निभाउने यन्त्र तथा उपकरणहरु (Fire Extinguisher) वितरण | संख्या | ३ | | | | ५०००० | ५०००० | १००००० | १००००० |
| | जम्मा | | | ५९,३०० | ३३,३०० | ३०,३०० | १११,५०० | १०१,५०० | ३३६,५०० | ३३६,५०० |

### ८.३.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

संवेदनशील तथा जोखिम क्षेत्र पहिचान, खुल्ला क्षेत्र पहिचान, नक्साङकन तथा व्यवस्थापन, विपद व्यवस्थापन कोषको प्रभाकारी परिचालन भएको हुने, विपद् व्यवस्थापनमा संघ संस्थाहरू क्रियाशील, विपद पूर्वतयारीका कार्यहरू सम्पन्न, आपकालिन सेवा सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन, जलवायु परिवर्तन अनुकूलन सम्बन्धी चेतना वृद्धि भई परिवर्तनको असर न्यूनीकरण सम्बन्धी कार्यक्रमहरू संचालन भएको हुनेछ।

# परिच्छेद ९ : संस्थागत विकास तथा सुशासन

## ९.१ संस्थागत विकास तथा सुशासन

### ९.१.१ पृष्ठभूमि

कुनै पनि संस्थाको संस्थागत विकास विना त्यस संस्थाले गरेका क्रियाकलापहरु र त्यसका उपलब्धीहरुको संस्थागत हुन सक्दैन । उपलब्धीहरु संस्थागत हुनको लागि सम्बन्धीतसंस्था बलियो सक्षम र पारदर्शी हुनु आवश्यक छ । नेपालको संविधानले स्थानीय तहलाई स्वायत्त सरकारको रुपमा अधिकार सम्पन्न बनाएको छ संविधानले स्थानीय सरकारका अधिकारहरु समेत स्पष्ट गरेको सन्दर्भमा स्थानीय सरकार बलियो सक्षम र पारदर्शि हुनु जरुरी छ । लोकतान्त्रिक शासन व्यवस्थालाई कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु नै सुशासनको मूल मर्म हो । संस्थागत संरचना अनुसारको अधिकार, कर्तव्य, जनशक्ति व्यवस्थापनको माग हुन्छ । संस्थागत विकासको लागि सक्षम र क्षमतावान जनशक्ति, समुह कार्य, क्षमताको उचित कदर, जनशक्तिको कार्यविभाजन र कार्य विवरण, संस्थागत मेमोरी, स्वस्च्छ प्रतिस्पर्धा र नविनतम कार्यको प्रशंसा आदि कुराहरुको विवेकपूर्ण ढंगले परिचालन गरिएको हुनु पर्दछ ।

### ९.१.२ समस्या तथा चुनौती

नेपाल सरकार तथा नगरपालिकाले सुशासनलाई प्रमुख प्राथमिकता राखेको भएता पनि योजना प्रक्रिया, कार्यान्वयन, जनसहभागिता तथा अपनत्वमा कमि रहेको । नेतृत्व तहमा जवाफदेहिता एवं पारदर्शिताको अवस्था कमजोर देखिएको । संविधानले स्थानीय सरकारलाई दिएका सबै अधिकार क्षेत्रको अधिकतम उपयोग हुन नसकेको । सुशासनका सिद्धान्त तथा आधारहरुका बारेमा जनप्रतिनिधिनै सचेत हुन नसकेको, राज्य प्रतिको कर्तब्य तथा प्राप्त हुने अधिकार तथा नगरपालिका बाट प्रवाह सेवा सुविधाका बारेमा। अनभिज्ञ रहेको, गैरसरकारी संस्था तथा नगरपालिका क्षेत्रमा कार्यरत अन्य गर्न अन्य संघ संस्थाहरु संग यथेष्ठ सहकार्य गर्न नसकेको नगरपालिकाका प्रमुख समस्या हुन् । दक्ष जनशक्तिलाई निरन्तरता गराउनु, आम नागरिकलाई नगरपालिका प्रति जनविश्वास हासिल गर्नु, अन्तरिक राजस्वको दयारा बढाउनु, जनताको बढ्दो अपेक्षालाई सम्बोधन गर्ने गरी छिटो छरितो रुपमा सेवा प्रवाह गर्नु, सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी पारदर्शिता कायम गर्नु चुनौतिपूर्ण छ ।

### ९.१.३ संभावना तथा अवसर

नगरपालिकाको कुल क्षेत्रफलको तुलनामा शहरी क्षेत्रको अनुपात कम रहेकोले सरसफाई व्यवस्थापन, पार्किङ व्यवस्थापन, लगायतका कार्यमा कम ध्यान दिए पुग्ने हुनाले अन्य कार्यमा ध्यान दिन सक्ने, नगरपालिकाको संस्थागत मुल्यांकन तथा व्यवस्थापन योजना तयार भई सकेको र शाखा तथा कर्मचारीको कार्य जिम्मेवारी तोकिसकेकोले सेवा प्रवाह प्रभावकारी हुने, आधुनिक क्षमतायुक्त दक्ष, र सिपमुलक कर्मचारीको प्रवेश हुदै जानु, सबै वडामा प्राविधिक कर्मचारीको व्यवस्था भएको, कर्मचारीलाई समय समयमा क्षमता विकासका तालिम प्रदान गरिएको, स्थानीय सरकारले स्थानीय आवश्यकता अनुसार स्रोतको बाँडफाँड गर्न पाउने, शिक्षा, स्वास्थ्य लगाएतका स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा योजना बनाई आवश्यकता अनुसार काम गर्न पाउने तथा स्थानीय स्रोतको परिचालन गर्न सक्ने, संविधानले स्थानीय सरकारलाई आफ्नो आवश्यकता अनुसारको कानून बनाई स्थानीय विकासका कार्यहरु गर्नको लागि अधिकार दिएकोले सरकारहरुले आफ्नो आवश्यकता पहिचान गरी कार्य गर्न नगरपालिका स्वतन्त्र छ ।

### ९.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ९.१.४.१. सोच

पारदर्शी, जवाफदेही, जनमुखी र परिणाममुखी सार्वजनिक प्रशासन, नगरपालिकाको विकास व्यवस्थापन

#### ९.१.४.२. लक्ष्य

शासकीय सुधार एवम् सुशासन अभिवृध्दि गरी सार्वजनिक सेवामा सबैको पहुँच अभिबृद्धि गर्ने।

#### ९.१.४.३. उद्देश्य

१. सक्षम, सरल, गुणस्तरीय, जनमुखी, पारदर्शी तथा सूचना प्रविधिमैत्री प्रशासनीक संरचनाको निर्माण गर्नु।
२. नगरपालिकाको विकासमा अन्य बहुपक्षीय साझेदारी प्रवर्धन गर्नु।

#### ९.१.४.४. रणनीति

१. समतामूलक समावेशी विकास नीति अवलम्वन गरिने छ।
२. सार्वजनिक खर्च कटौती गर्ने नीति लिइने छ।
३. कर प्रणालीका सुधार गरिने छ।
४. कर्मचारीतन्त्रको क्षमता अभिवृध्दि गरिने छ।
५. विद्युतीय सुशासनको संस्थागत विकास गरिने छ।
६. तथ्याङ्क प्रणालीको सुदृढीकरण गरिने छ।
७. योजना तर्जुमालाई प्रक्रियालाई समावेशी र पारदर्शी बनाइने छ।
८. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाईने छ।

८.१.४.५. कार्यक्रम तथा योजना

| क्र. सं. | कार्यक्रमको नाम | एकाई | कुल लक्ष्य | वार्षिक लक्ष्य रकम (रु हजारमा) | | | | | जम्मा | प्रति एकाई लागत रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | संस्थागत विकास तथा सुशासन | | | | | | | | | |
| १ | उपमहानगरको O & M पुनरावलोकन तथा अध्यावधिक गर्ने | संख्या | १ | २००० | | | | | २००० | २००० |
| २ | वार्षिक रुपमा सामाजिक तथा सार्वजनिक लेखा परिक्षण गर्ने | संख्या | १ | ५००० | | | | | ५००० | ५००० |
| ३ | कd{चारीको कार्य सम्पादन अनुगमन मुल्याङ्कन गर्न निर्देशिक निर्माण | संख्या | १ | ५००० | | | | | ५००० | ५००० |
| ४ | कार्यालय व्यवस्थापन लेखा प्रशासन सम्बन्धी तालिम | संख्या | १ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | १५००० |
| ५ | न्यायिक समितिको क्षमता विकास गर्न कानुनी व्यवस्था सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ६ | कर्मचारी तथा जनप्रतिनीधिहरुका लागि खरिद ऐन, कानुन, सफ्टवेयर, अंग्रेजी, प्रतिवेदन लेखन, , सकरात्मक सोच जस्ता तालिम सञ्चालन | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| ७ | उपमहानगर कार्यपालिकाको कार्यालयमा गुनासो सुनुवाई कक्ष साथै वडा कार्यालयमा गुनासो र उजुरी पेटिका राख्ने व्यवस्था गर्ने | वटा | २० | २००० | | | | | २००० | २००० |
| ८ | संस्थागि सम्झना (Institutional Memory) सुदृढ गर्न तथ्याङ्क प्रणाली व्यवस्थित र अध्यावधिक गर्ने | संख्या | १ | | २००० | २००० | | | ४००० | ४००० |
| ९ | भ्रष्टचार विरुध्द सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने। उजुरी व्यवस्थापनलाई अनलाइन प्रणाली | पटक | १ | | | ५००० | ५००० | ५००० | १५००० | १५००० |
| १० | सेवा प्रवाहलाई अनलाइन तथा कम्प्युटर सफ्टवेयर निर्माण | पटक | ५ | | | ५००० | ५००० | ५००० | १५००० | १५००० |
| ११ | नगरपालिकाको मोवाइल एप्स निर्माण तथा अद्यावधिक | पटक | ५ | | ५००० | ५००० | | | १०००० | १०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | सुशासन प्रवर्ध्दन कार्यक्रम - स्थानीय संघसंस्था, गैसस एवं सेवाप्रदायक निकायहरुमा _ | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १३ | समिति, उपसमिति एवं पदाधिकारीहरुको क्षमता अभिवृद्धि | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १४ | सेवाग्राही सहायता कक्ष सञ्चालन सेवाग्राही सन्तुष्टी सर्भेक्षण फारम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १५ | राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रमको कार्यान्यवन | jfl{ifs | १ | | | ५००० | ५००० | ५००० | १५००० | १५००० |
| १६ | कर शिक्षा, चेतनामूलक कार्यक्रम तथा क्षमता विकास | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १७ | आन्तरिक नियन्त्रण तर्जुमा करदाता अभिलेखीकरण तथा ठूला करदाता सम्मान | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| १८ | सार्वजनिक निजी सहकारी साझेदारी प्रवर्ध्दन -विजयपुर पर्यटकीय पूर्वाधार आयोजना_ | संख्या | १ | ५०००० | ५०००० | ५००० | | | १५०००० | १५०००० |
| १९ | बित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा | पटक | ५ | ५०० | | | | | ५०० | ५०० |
| २० | खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना निर्माण | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| | जम्मा | | | २९३०० | १५५०० | ३३५०० | २१५०० | २१५०० | १२५५०० | १२५५०० |
| ख. | संस्थागत बिकास, मानव संशाधन एवं सेवा प्रवाह | | | | | | | | | |
| १ | कर्मचारीहरुको क्षमता तथा वृत्त विकास कार्यक्रम | पटक | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| २ | कर्मचारीहरुसंगको कार्यसम्पादन करार, कार्यसम्पादन मूल्याङ्कन र सम्मान | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| ३ | घरदैलो तथा घुम्ती सेवा सञ्चालन कार्यक्रम | पटक | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| ४ | विषयक्षेत्रगत विज्ञ, वौद्धिक व्यक्तित्वको सूची तथा अभिलेखीकरण कार्यक्रम | पटक | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ५ | नगर प्रहरीको काम र कर्तव्य सम्वन्धी कार्यविधीको निर्माण | पटक | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० |
| ६ | मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यक्रम | पटक | १ | | | १५०० | | | १५०० | १५०० |
| | जम्मा | | | १५०० | १५०० | ३००० | १५०० | १५०० | ९००० | ९००० |

### ९.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजनाको अन्त्य सम्ममा नगरपालिकाको कार्य छिटो, छरितो तथा सरल बनाउन आवश्यक कानुनको निर्माण भएको हुने, संगठनात्मक पुनर्संरचनाको पुनरावलोकन भई शाखा अनुसार तह गत संरचना क्रियाशील भएको हुनेछ. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग भई छिटो छरितो रुपमा सेवा प्रवाह भएको हुने, विकासका साझेदार निकायको उच्चतम परिचालन भई नगरपालिकाको विकासले गति लिएको अवस्था हुनेछ।

# परिच्छेद १० : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

## १०.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

आयोजनामा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कार्यान्वयन कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई तोकिएको लक्ष्य र उद्देश्य प्राप्त भए नभएको निगरानी राख्ने र पृष्ठपोषण प्रदान गर्ने नियमित कार्य नै अनुगमन हो । अनुगमनले बिभिन्न प्रस्नको उत्तर खोजी बिकास कार्यक्रम÷आयोजनाको नतिजा खोज्ने र कार्यान्वयन गर्ने स्थानीतह र पदाधिकरीहरूको जबाफदेहिता बृद्धि गर्न मद्दत गर्दछ । जस्तैः आयोजनाले कत्तिको राम्रो काम गरिरहेको छ ? आयोजनाले योजना अनुसारका कार्यक्रम र कृयाकलाब कार्यन्वयन गरिरहेको छ कि छैन ? आयोजनाले आंफना कार्यक्रमहरू पुर्ब निर्धारित समय तालिका अनुसार कार्यान्वयन गरिरहेको छ कि छैन ? आयोजनाले कायक्रम कार्यान्वयन गर्दा पुर्ब निर्धारित मापदण्ड र गुणस्तर अनुसार गरेको छ कि छैन ? आयोजनको कार्यान्वयन खर्च अनुमान गरेभन्दा बढि वा घटि के छ ? आयोजनाका कृयाकलापहरू कार्यान्वयनका सबल र दुर्बल पक्ष के के हुन ? आयोजना कार्यान्वयन गर्दा के कस्ता समस्या देखिए?समस्या समधानका यपयुक्त उपाय के के हुन ? तसर्थ अनुगमनले कार्यक्रम वा आयोजना कार्यन्वयनका सबल र दुर्बल पक्ष पत्ता लगाइ दुर्बल पक्ष न्युनिकरण गर्न, प्रगतिको समिक्षा गरी कार्यक्रम वा आयोजना कार्यन्वयनमा आबस्यक समायोजन गर्न र कार्यक्रम वा आयोजना सम्बन्धी आबस्यक सूचना संकलन गरी प्रमाणमा आधारित निर्णय गर्ने पद्धतिको सुदृढिकरण गर्न मद्दत गर्दछ ।

उपमहानगरपालिकाले कार्यान्वयन गरेका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के-कति सान्दर्भिक, लाभदायी तथा प्रभावकारी छन्? तिनिहरूले लाभग्राहीका माग कुन हदसम्म सम्बोधन गरेका छन? कार्यान्वयनमा समाबेसिता र लैङ्गिक समता छ कि छैन ? तिनिहरूको कार्यदक्षता कस्तो छ? तिनिहरूवाट के-कस्ता उपलव्धि, असर तथा प्रभावहरू हासिल भएका छन ? तिनिहरूवाट प्राप्त प्रतिफल तथा नतिजाहरूको दिगोपना कस्तो छ ? भन्ने सम्वन्धमा स्थानीयतह आंफैले वा स्वतन्त्र तेस्रोपक्षका मूल्याङ्कनकर्ताबाट उद्देश्यपुर्ण र व्यवस्थित तरिकाले उपयुक्त बिधी अपनाई लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो ।

अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाउन योजनाको नतिजा खाका तयार गर्नु, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन कार्यान्वयनमा ल्याउनु आवश्यक छ । नेपालको संविधानले दिएको अधिकार प्रयोग गरी स्थानीय आर्थिक सामाजिक विकासको लागि आयोजना छनौट देखि प्रतिफल उपभोगसम्म नागरिकलाई सहभागिता गराउनु उक्तिकै जरूरी छ । स्थानीय निकायमा यस प्रकारका संस्थागत व्यवस्था गर्नु, जनशक्तिको विकास गर्नु, विकास आयोजनाहरूको प्रगति प्रतिवेदन गर्ने प्रणालीलाई सूचना प्रविधि मैत्री बनाउनु जरूरी छ । स्थानीय तहमा योजना प्रक्रिया तथा अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्नु, दिगो विकासका लक्ष्य लगायतका असर तथा प्रभावतहका सूचकहरूको खण्डीकृत एवम् सर्वेक्षणमा आधारित सूचना सिर्जना गर्नु र वडा तथा समुदाय तहमा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास गर्नु र दक्ष जनशक्तिलाई यस कार्यमा आकर्षित गरीराख्नु प्रमुख चुनौती रहेका छन् । विद्यमान चुनौतिहरूको सामना गर्दै योजनाको सफलताका लागि निरन्तर रूपमा अनुगमन र मुल्याङ्कन गर्नु पर्दछ । अनुगमनले योजनालाई बाञ्छित दिशामा डोर्याउँछ । अन्तमा विकास योजना प्रक्रियालाई नतिजामुखी बनाउन र योजना, कार्यक्रम तथा आयोजनाहरूवीच सूचकका माध्यमबाट कसिलो सम्बन्ध स्थापना गर्न, बार्षिक योजनामार्फत आबधिक योजनामा अपेक्षित नतिजा हांसिल

गर्नकोलागि यथोचित साधन स्रोतको बिनियोजन गर्न, र अनुगमन तथा मूल्यांकन पद्धतीलाई नतिजामूलक गराउन विषय क्षेत्रगत नतिजा खाका बनाई कार्यान्वयनमा लगिनेछ।

## १०.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

मुलतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी कार्यपालिकालाई दिएको छ। समयमा दक्ष जनशक्ति वा आधिकारी अधिकारीहरूले प्रभावकारी र प्रणालीगत गरिकाले गर्ने अनुगमन तथा मुल्याङ्कनले योजनाको भविष्य निर्धारण गर्दछ। योजनाको सफलता र असफलता अनुगमनको गुणस्तरियताले निर्धारण गर्दछ। आवधिक याजनाको कार्यान्वयन विधि, स्रोत बाँडफाँटको न्यायिकता र सन्तुलन, जनसहभागिता, आर्थिक सुशासन सहित योजनको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको समष्टिगत प्रक्रियालाई पहिलो दिन देखि नै अनुगमनको दायराभित्र राखिनेछ। साथै वार्षिक विकास कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदनको लागि गठित अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनमा कानुनले तोक बमोजिम देहायका निकायहरूलाई जिम्मेवारी दिइनेछ।

क. धरान उपमाहनगर कार्यपालिका,
ख. जिल्ला समन्वय समिति सुनसरी,
ग. अनुगमन तथा सुपरीवेक्षण समिति,
घ. विषयगत समितिहरू,
ङ. विषयगत महाशाखा÷शाखा, उपशाखा र एकाइ
च. नागरिक समाज,
छ. तेश्रोपक्ष आदी।

## १०.३ अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया

योजना होस् वा परियोजना, अनुगमन र मूल्याङ्कनले योजनाको गुणस्तरियता निर्धारण गर्दछ। यद्यपि यो कार्य आफैमा प्राविधिक र जटिल मान्छि। जुनसुकै परियोजनाको सवालमा अनुगमन र मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो। यो विधि कुनै हचुवामा गरिने र गर्न सकिने कार्य होइन। यो निश्चित समय, विधि, तरिका र पद्धति अँगालेर पुरा गरिन्छ। यस अवधिक योजनाले अङ्गिकार गरेको सोंच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि अनुगमन प्रक्रिया चुस्त, दुरूस्त र विश्सनिय बनाइनेछ। यस आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि देहायमा उल्लिखित औजार तथा विधि अपनाइनेछ।

१. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ।
२. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
३. अनुगमन तथा मूल्याङ्कनमा सहभागितामूलक विधिहरू अवलम्बन गर्दै लगिनेछ।
४. नीति, योजना तथा आयोजना तर्जुमालाई स्तरीय सूचनामा आधारित गराउन नगरपालिकामा तथ्याङ्कको अभिलेखीकरण गरिनेछ।

५. मूल्याङ्कनकर्ताहरूका सङ्गठनसँग समन्वय गरी मूल्याङ्कनको सहजीकरण गर्ने, मूल्याङ्कन गर्ने र यसका सुझावहरूको प्रयोग गर्ने क्षमता विकास गरिनेछ ।
६. हरेक आयोजनाको ठिक-ठिक समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ ।
७. सबै सरोकारवाला निकायसँग समन्वय गरी अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गरिनेछ ।

## परिच्छेद ११ : स्रोत र साधनको लेखाजोखा

धरान उपमहानगरपालिकाले विगत वर्षमा गरेको खर्चको आधारमा यस आवधिक योजना अवधिको आय/व्यय वित्तीय विश्लेषण र प्रक्षेपण गरिएको छ । आय/व्ययको विश्लेषण तलको तालिकामा दिइएको छ । आर्थिक वर्ष २०८०/२०८१ को आयमा प्रत्येक वर्ष १० प्रतिशतका दरले वृद्धि हुने र केही क्षेत्रमा निजी, गैरसरकारी तथा जनश्रमदान र भौतिक पूर्वाधारको क्षे त्रमा प्रदेश सरकारको उल्लेख्य योगदान हुने अनुमान गरी यो आय प्रक्षेपण गरिएको छ।

| क्र.सं. | आ.व. २०८०/२०८१ को आम्दानीको श्रोत | रकम |
|---|---|---|
| १ | संघीय सरकारवाट प्राप्त आय | ८३६५८८६२८ |
| २ | प्रदेश सरकारवाट प्राप्त आय | ३४३९२२९० |
| ३ | राजस्व बाँडफाडबाट प्राप्त आय | २२४६९२७८६ |
| ४ | जम्मा आन्तरिक आय | २६६९६४२७८ |
| | जम्मा | १३६२६३७९८२ |

### ११.१ योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण

| क्र स. | विषयगत विकास क्षेत्र | रु. (हजारमा) | प्रतिशतमा |
|---|---|---|---|
| **क** | आर्थिक विकास क्षेत्र | | |
| | कृषि तथा पशुपन्छी | ४००,०५० | |
| | पर्यटन विकास | ५८०,००० | |
| | | **९८०,०५०** | ८.७३ |
| **ख.** | सामाजिक विकास | | |
| | शिक्षा | २२४,५०० | |
| | स्वास्थ्य | १,००३,००० | |
| | खानेपानी तथा सरसफाई | २,३९६,७०० | |
| | महिला, बालबालिका, युवा, लक्षित वर्ग र संस्कृति संमपदा | ५३९,५०० | |
| | | **४,१६३,७००** | ३७.०९ |
| **ग.** | पूर्वाधार विकास | | |
| | सडक तथा यातायात | ३,०६८,३५३ | |
| | आवास, वस्ति बिकास तथा सार्वजनिक निर्माण | २,१०७,०४९ | |
| | सिंचाइ | ५५,००० | |

| | | | |
|---|---|---|---|
| | विद्युत तथा वैकल्पिक ऊर्जा | ६२,००० | |
| | सूचना तथा सञ्चार प्रविधि | ५३,००० | |
| | | **५३,४५,४०३** | ४७.६२ |
| **घ.** | वन, वातावरण तथा विपद व्यवस्थापन | | |
| | वन तथा जैविक विविधता र भू तथा जलाधार व्यवस्थापन | २६५,००० | |
| | विपद व्यवस्थापन तथा जलवायु अनुकूलन | ३३६,५०० | |
| | | **६०१,५००** | ५.३६ |
| **ङ.** | सुशासन तथा संस्थागत विकास | | |
| | सुशासन तथा संस्थागत विकास | १२५,५०० | |
| | मानव संशाधन एवं सेवा प्रवाह | ९,०० | |
| | | **१३५,५००** | १.३२ |
| | जम्मा | **११,२२५,१५३** | १००.०० |

| क्र.सं. | लगानी र खर्चका शिर्षकहरु | ५ वर्षको कुल अपेक्षित लगानी रु. (हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | ९८०,०५० | ८.७३ |
| २ | सामाजिक विकास | ४,१६३,७०० | ३७.०९ |
| ३ | पूर्वाधार विकास | ५३४५,४०३ | ४७.६२ |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ६०१,५०० | ५.३६ |
| ५ | सुशासन तथा संस्थागत विकास | १३४,५०० | १.३२ |
| | | ११,२२५,१५३ | १००.०० |

**मानवीय स्रोत**

यस गुरुयोजनाले निर्दिष्ट गरेको समृद्धिका लागि सन्तुलित विकास अभियानलाई पालिकावासीको सहभागितामा सञ्चालन गरिने छ ।

**प्राविधिक स्रोत**

यस योजनाका लागि आवश्यक पर्ने प्राविधिक स्रोतहरूको व्यवस्था उपमहानगरपालिकको आन्तरिक स्रोत, प्रादेशिक तथा सङ्घीय सरकारसँग साझेदारी, गैरसरकारी एवम् निजी क्षेत्रसँग सहकार्य गरेर प्रबन्ध गरिने छ ।